www.alukah.net إهداء من شبكة الألوكة

# इस्लाम र त्यसका सिद्धान्त एवं आधारहरू

[ नेपाली - Nepali - نيبالي ]

## लेखकः

**डा. मुहम्मद बिन अब्दुल्लाह बिन सालेह अस्सहीम**
प्रोफेसर मलिक सऊद विश्वविद्यालय
इस्लामीय विधिशास्त्र विभाग
रियाद सउदी अरब

## अनुवादकः

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**
विद्यार्थी एम.ए. उम्मुल कुरा विश्वविद्यालय
इस्लामीय विधिशास्त्र विभाग
पवित्र मक्का सउदी अरब

NEW & EXCLUSIVE

www.alukah.net إهداء من شبكة الألوكة

# الإسلام أصوله ومبادئه

« باللغة النيبالية »

تأليف:

د. محمد بن عبد الله بن صالح السحيم

بروفيسر جامعة الملك سعود الرياض

قسم الدراسات الإسلامية

الترجمة:

عتيق الرحمن محمد إدريس خان مكي

طالب جامعة أم القرى مكة المكرمة

قسم الدراسات الإسلامية بمرحلة الماجستير

www.alukah.net إهداء من شبكة الألوكة

بسم الله الرحمن الرحيم

**पुस्तक पाइने ठेगाना -:**

***इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका**
**व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)**
**सम्पर्क नं. ००९७७-९८४७०३०७८०**
**९८१४४९९१४०**

***इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया**

***डा. मुहम्मद बिन अब्दुल्लाह बिन सालेह अस्सहीम**
रियाद १३/१०/१४२० हिज्री
पोस्ट, बोक्स नं. १०३३ ,रियाद १३४२
र पोस्ट बोक्स नं. ६२४९ रियाद ६११४४२

**Email- atiqkhannp1982@yahoo.com**

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन्, हामी उसैको प्रशंसा गर्दछौं र उसैसित सहायता चाहन्छौं र उसैसित क्षमायाचना गर्दछौं, र उसैको शरण चाहन्छौं ती समस्त दुष्टताबाट जुन हाम्रा आत्माहरूमा जागृत छन् वा जसलाई हामी गर्दै आएका छौं, जसलाई अल्लाह पथप्रदर्शित गरिदेओस् त्यसलाई कोही पनि दिग्भ्रमित गर्न सक्दैन, र जसलाई दिग्भ्रमित गरिदेओस् त्यसलाई कोही मार्गदर्शन गर्न सक्दैन, र म गवाही दिन्छु कि त्यस एकलो अल्लाह बाहेक कोही सत्य पूज्य छैन त्यो एकलै छ त्यसको कोही साझीदार छैन, र म गवाही दिन्छु कि मुहम्मद त्यसका भक्त एवं सन्देष्टा हुन्, उनीमाथि अल्लाहको असीमित शान्ति अवरतरित होस् ।

तत्पश्चात: नि:सन्देह अल्लाहले आफ्ना समस्त सन्देष्टाहरूलाई समस्त संसारतर्फ पठाएको छ ताकि समस्त प्राणीहरूमाथि सन्देष्टाहरूको आगमन पश्चात अल्लाहको वाणी प्रमाणित

भइहालोस्, र अल्लाहले आफ्ना ग्रन्थहरू अवतरित गऱ्यो जुन सबैको लागि पथप्रदर्शक, दया, प्रकाश एवं स्वस्थकर हुन्, त विगतमा सन्देष्टाहरू आफ्ना विशेष समूह र जातितर्फ पठाइन्थे र उनीहरूमाथि उनीमाथि अवतरित गरिएको ग्रन्थको सुरक्षाको जिम्मेवारी पनि हुन्थ्यो, यसैकारण उनीहरूमाथि अवतरित गरिएका ग्रन्थहरू लुप्त भए, र उनीहरूका विधिशास्त्र र धर्महरू परिवर्तित गरिए किनकि ती धर्मशास्त्र र ग्रन्थ एवं धर्महरू विशेष समुदाय र विशेष अवधिका लागि मात्र थिए । अनि अल्लाहले हामीहरूको सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई विशेषरूपले मनोनीत गरी समस्त सन्देष्टाहरूको समापक बनाएर पठायो, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ مَّا كَانَ مُحَمَّدٌ أَبَآ أَحَدٍ مِّن رِّجَالِكُمْ وَلَٰكِن رَّسُولَ ٱللَّهِ وَخَاتَمَ ٱلنَّبِيِّـۧنَ ﴾ الأحزاب: ٤٠

अअर्थ : (मानिसहरू हो ! ) तिम्रा पुरुषहरूमध्ये कसैको पिता मुहम्मद(स.) होइनन्, बरु उनी

www.alukah.net إهداء من شبكة الألوكة

अल्लाहका रसूल र नबीहरूका समापक अन्तिम नबी) हुन् । ( सूरतुल् अहजाब ४० )*

र उहाँलाई सर्वव्यापक ग्रन्थद्वारा सम्मानित गरियो, र त्यो हो गरिमामय र पवित्र कुरआन, र त्यसको सुरक्षाको जिम्मेवारी अल्लाहले स्वयम् आफै लियो र आफ्नो सृष्टि मध्ये कसैलाई त्यसको सुरक्षाको जिम्मेवारीको भार दिएन, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ إِنَّا نَحْنُ نَزَّلْنَا ٱلذِّكْرَ وَإِنَّا لَهُۥ لَحَٰفِظُونَ ٩ ﴾ الحجر: ٩

अर्थ : (नि:सन्देह) हामीले नै कुरआनलाई उतारेका छौं र हामीनै यसको संरक्षक हौं । ( सूरतुल् हिज्र ९ )

र अल्लाहले आफ्नो यस विधानलाई प्रलयसम्म बाँकी रहीरहनेवाला बनाइदियो, र अल्लाहले यो पनि स्पष्ट पारिदियो कि यस धर्म र विधानलाई प्रलयसम्म बाँकी राख्ने कुराहरू मध्ये यसमाथि आस्था राख्नु पनि हो, र यसको आमन्त्रणलाई विस्तार गर्नु र यसको निमन्त्रणमा आउने

* यो पवित्र कुरआनको श्लोक हो जसलाई मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गरिएको हो, मेरो यस किताबमा यस जस्ता पंक्तिहरूलाई "अल्लाहको फर्मान छ, अल्लाहको भनाई छ, अल्लाहको कथन छ, अल्लाहको वर्णन छ" जस्ता वाक्यहरूद्वारा वर्णन गरिन्छ, र यसको परिभाषा अगाडि किताबमा वर्णन गरिन्छ ।

कष्टमाथि धैर्य धारण गर्नु पनि हो । यसैकारण मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँका अनुयायीहरूको प्रमुख कार्यहरू मध्ये सर्वप्रथम कार्य हो यस सत्य धर्मको प्रचार प्रसार प्रमाणको साथ गर्नु, जस्तोकि यस कुरालाई अल्लाहले पवित्र कुरआनमा यसरी वर्णन गरेको छ :

﴿ قُلْ هَٰذِهِۦ سَبِيلِىٓ أَدْعُوٓا۟ إِلَى ٱللَّهِ ۚ عَلَىٰ بَصِيرَةٍ أَنَا۠ وَمَنِ ٱتَّبَعَنِى ۖ وَسُبْحَٰنَ ٱللَّهِ وَمَآ أَنَا۠ مِنَ ٱلْمُشْرِكِينَ ١٠٨ ﴾ يوسف: ١٠٨

अर्थ : तपाई भनिदिनुस् ! मेरो बाटो यही छ म र मेरो आदेश पालकहरू अल्लाहतिर बोलाइरहेका छौं, पूरै विश्वास र भरोसाको साथ, र अल्लाह पवित्र छ र म बहुदेववादीहरू मध्येको होइन । ( सूरतु यूसुफ १०८ )

र अल्लाहको यो आदेश पनि छ कि त्यसको धर्मको आह्वान गर्ने क्रममा जुन सुकै कष्ट आए पनि त्यसमाथि धैर्य धारण गर्नु र सहानुभूति देखाउनु आवश्यक छ, जस्तोकि अल्लाहको कथन छ :

﴿ فَٱصْبِرْ كَمَا صَبَرَ أُو۟لُوا۟ ٱلْعَزْمِ مِنَ ٱلرُّسُلِ ﴾ الأحقاف: ٣٥

अर्थ : अतः (हे मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम !) धैर्यधारण गर, जुन किसिमले संकल्पवान रसूलहरूले धैर्य गरे। ( सूरतुल् अहकाफ ३५ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوا۟ ٱصْبِرُوا۟ وَصَابِرُوا۟ وَرَابِطُوا۟ وَٱتَّقُوا۟ ٱللَّهَ لَعَلَّكُمْ تُفْلِحُونَ ﴿٢٠٠﴾ ﴾ آل عمران: ٢٠٠

अर्थ : हे अहले ईमान ! धैर्य धारण गरिराख र कठिनाईमा दृघ रह, र धर्मयुद्धको लागि तयार रह, र अल्लाहसित डर ताकि तिमीहरू सफल हुनसक। ( सूरतु आले इम्रान २०० )

त अल्लाहको यस पद्धतिको अज्ञापालन गर्ने उद्देश्यले मैले यो किताबलाई लेखेको छु जसलाई अल्लाह र त्यसको अन्तिम सन्देष्टाको वाणीद्वारा सुसज्जित र प्रकाशित गरेको छु, र यस किताबमा संक्षेपमा ब्रह्माण्डको सृष्टि र मानवजातिको सृष्टि र त्यसलाई सम्मानित गरिने कार्य, र सन्देष्टाहरूको आगमन र अवतरणलाई स्पष्टरूपले वर्णन गरेको छु, तत्पश्चात इस्लामको अर्थ र परिभाष एवं त्यसका आधारहरूको बारेमा विस्तारले वर्णन गरेको छु, त जुन व्यक्ति पनि सत्मार्गको इच्छुक

छ त्यसको लागि प्रमाणहरू त्यस सम्मुख राखिदिएको छ, र जुन मुक्ति चाहन्छ त्यसको लागि यस किताबमा मुक्तिको मार्गलाई स्पष्ट पारिदिएको छ, त जुन मान्छे सन्देष्टाहरूको सदाचारी एवं सत्यनिष्ठहरूको मार्गको इच्छा राख्दछ त्यसको लागि यो बाटो स्पष्ट छ, र जसले यसबाटोलाई रुचाएन त त्यसले आफैमाथि अत्याचार गऱ्यो र आफ्नो आत्मालाई मूर्ख बनायो, र पथविचलितहरूको बाटोमा लाग्यो ।

निःसन्देह प्रत्येक धर्मका धर्मावलम्बीहरू आफ्नो धर्मतर्फ सबैलाई आमन्त्रण दिन्छन्, र यो आस्था राख्दछन् कि तिनको धर्म नै सबैभन्दा सत्यधर्म हो, र समस्त आस्थावानहरू आफ्नो आस्थाको अविष्कारीको अनुशरण गर्ने र त्यसलाई प्रचलित गर्ने नायकको सम्मान गर्ने कुरामाथि जोर दिन्छन् ।

तर मुसलमान आफ्नो कुनै पद्धतिको अनुशरण गर्नुतर्फ आह्वान गर्दैन किनकि त्यसको आफ्नो कुनै विशेष पद्धति छैन बरु त्यसको पद्धति र धर्म त वास्तवमा अल्लाहको पद्धति र धर्म हो जसलाई अल्लाहले आफ्नो लागि रोजेको छ, जस्तोकि अल्लाहको भनाई छः

﴿ إِنَّ ٱلدِّينَ عِندَ ٱللَّهِ ٱلۡإِسۡلَٰمُۗ ﴾ آل عمران: ١٩

अर्थ : नि:सन्देह अल्लाहको नजिक इस्लाम नै ( साँचो) धर्म हो । ( सूरतु आले इम्रान १९ )

र मुसलमान मान्छे कुनै मानवको सम्मानतर्फ बोलाउँदैन किनकि समस्त मानवजाति अल्लाहको धर्ममा एकनास छन् यदि कोही प्रधान छ भने तक्वालेगर्दा, अर्थात जुन व्यक्ति अल्लाहसित धेरै डर मान्नेवाला हुन्छ त्यो नै प्रधान छ र त्यही नै सम्मान योग्य छ । बरु मुसलमान व्यक्ति सबैलाई उनीहरूको पालनकर्ताको मार्गतर्फ बोलाउँछ र सबैलाई यस कुरातर्फ बोलाउँछ कि सबै अल्लाहका सन्देष्टाहरू माथि विश्वास गरुन् र उनीहरूले ल्याएका विधानहरूको अनुशरण गरुन् जसलाई अल्लाहले आफ्नो अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गरेको छ, र उहाँलाई यो आदेश पनि दिएको छ कि यस आमन्त्रणलाई समस्त प्राणीहरू सम्म पुऱ्याउन्, त यसैकारण म यस किताबद्वारा अल्लाहको त्यस मनोनीत धर्मको बारेमा निमन्त्रण समस्त मानवजाति सम्म पुऱ्याउने उद्देश्यले लेखेको छु जस धर्मलाई अल्लाहले आफ्नो लागि रोजेको छ, र जसलाई

आफ्नो अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई प्रदान गरेर पठाएको छ यस उद्देश्यको साथ कि यो पथप्रदर्शक हो त्यस व्यक्तिको लागि जुन सत्मार्ग चाहन्छ, र दयाको प्रतीक हो त्यसको लागि जुन शान्ति र सदभाव चाहन्छ ।

त अल्लाहको शपथ कुनै पनि मनुष्य वास्तविक शान्ति यस धर्म बाहेक कतै पनि भेट्दैन र कोही पनि वास्तविक सन्तुष्टि यस धर्म बाहेकमा प्राप्त गर्न सक्दैन, मात्र तिनी बाहेक जसले अल्लाहलाई आफ्नो पालनकर्ता स्वीकारे, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई आफ्नो प्रियतम् सन्देष्टाको रूपमा स्वीकार गरे, र धर्म इस्लाममलाई आफ्नो धर्मको रूपमा अङ्गीकार गरे ।

नि:सन्देह हजारौं व्यक्तिहरूले विगत र वर्तमानमा इस्लाममलाई स्वीकार गरे पश्चात यो गवाही दिएका छन् कि उनीहरूले वास्तविक जीवनको अर्थ मात्र इस्लाम स्वीकारे पश्चात नै थाहा पाएका हुन्, र नितांत शान्तिको रसास्वादन इस्लाम स्वीकारे पश्चात नै गरे... । र नि:सन्देह प्रत्येक प्राणी आनन्दको इच्छुक हुन्छ र सन्तुष्टिको खोजीमा रहन्छ र

वास्तविकता र सत्यतालाई मनपराउँछ, यसैकारण मैले यस किताबलाई तयार पारेको छु र अल्लाहसित याचना गर्दछु कि यस कार्यलाई मात्र आफ्नो प्रसन्नताको लागि कबूल गरोस्, र यसलाई आफ्नो सुमार्गतिर पथप्रदर्शक बनाओस्, र यसलाई लेखकको लागि लोक परलोक दुवै संसारमा लाभदायक पूंजी बनाओस् ।

र म अनुमति दिन्छु ती सबै महान पुरुषहरूलाई जुन यस किताबलाई कुनै भाषामा पनि अनुवाद गरेर वा क्यासेट वा सीडि बनाएर प्रकाशित गर्न चाहन्छन् यस शर्तको साथ कि यो कार्य पूर्ण निष्ठाको साथ गरियोस्, साथै यो निवेदन पनि गर्दछु कि जसलाई पनि मेरो यस कार्यमा कुनै प्रकारको कमी कम्जोरी वा त्रुटि देखापरेमा चाहे त्यो मूल किताबमा वा कुनै अनुवादमा किन नहोस् मलाई निम्नको ठेगानामा सचेत गर्ने सादर अनुरोध छ ।

र अल्लाहका लागि नै समस्त आरम्भिक र अन्तिम प्रशंसाहरू छन्, परोक्ष र अपारोक्षमा, र त्यसैको लागि प्रशंसा छ जाहेर र गोप्य तरिकाले, र त्यसैको लागि प्रशंसा छ आरम्भ र अन्त्यमा, र त्यसैको लागि यति प्रशंसा छ जति

आकाशहरू र धरतीलाई पूरिदेओस्, र त्यसको लागि त्यति प्रशंसा छ जति त्यो मनपराओस्, र अल्लाहको असीम शान्ति अवतरित होस् हाम्रा प्रिय सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका ती साथी र अनुयायीहरू माथि जुन उहाँको पद्धतिमा हिंडे, र उहाँमाथि प्रलयसम्म समग्र शान्ति अवतरित होस् ।

**लेखक**

**डा. मुहम्मद बिन अब्दुल्लाह बिन सालेह अस्सहीम**

रियाद १३/१०/१४२० हिज्री

पोस्ट, बोक्स नं. १०३३ ,रियाद १३४२

र पोस्ट बोक्स नं. ६२४९ रियाद ६११४४२

www.alukah.net إهداء من شبكة الألوكة

# अनुवादकको भनाई

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई सृष्टि गऱ्यो, र मानवलाई ज्ञान प्रदानगरी सर्वश्रेष्ठ जीवधारी बनायो । र अल्लाहको कृपा र शान्ति अवतरित होस्  अल्लाहका समस्त दूतहरूमाथि र विशेषगरी समस्त सन्देष्टाहरूको समापक अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जहाँको अनुयायी हनुको हामीलाई गौरव प्राप्त छ । र शान्ति होस् उहाँका घरपरिवार र उहाँका मनोनीत साथीहरू र उनी सबैहरूमाथि जुन यस इस्लामको प्रचार प्रसार गरे र इस्लामको उन्नति र प्रगतिमा सहभागी भए, र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसैमाथि कार्यरतरही आफ्नो जीवन व्यतीत गरे ।

यो किताब जुन तपाईहरूको हातमा छ यसलाई श्री डा. मुहम्मद बिन अब्दुल्लाह ज्यूले लेख्नु भएको छ जुनकि सउदीको प्रख्यात विश्वविद्यालय मलिक सऊदका प्रोफेसर हुनुहुन्छ । यस किताबका अनेकौं विशेषता छन् जस मध्ये केही तपाई समक्ष राख्दछु !

यो किताब ती समस्त भ्रम र कौतुहलता एवं शंका सन्देह र असमंजसहरूको निवारण गर्छ जुन मानवजातिका हृदयभित्र उत्पन्न हुन्छन् चाहे त्यो मुस्लिम होस् वा गैर मुस्लिम, त यस किताबमा यसखालका समस्त सन्देहजनक प्रश्नहरूको उत्तर वर्णन गरिएको छ, र यी प्रश्नहरू र शंका सन्देहहरू मानिसको लागि स्वभाविक कुरो हो जब सम्म अल्लाह त्यसको मार्गदर्शन नगरोस्, यसर्थ यो किताब जति गैर मुस्लिमको लागि उपयुक्त छ त्यति नै मुसलमानहरूको लागि पनि लाभप्रद छ ।
र आर्को कुरो के छ भने यस किताबमा समस्त कुराहरू वैज्ञानिक र साइन्टिफिक तरिकाले र क्रमवद्ध अनदाजमा वर्णन गरिएको छ, र समस्त कुराहरूलाई ईश्वरीय वाणीका श्लोकहरू एवं प्राकृतिक तथ्यहरूद्वारा प्रमाणीकरण गरिएको छ, साथै समस्त कुराहरूलाई पूर्णरूपले स्पष्टिकरण गर्ने प्रयत्न पनि गरिएको छ ।
त श्री डा. मुहम्मद बिन अब्दुल्लाह ज्यू यस महान र सराहनीय कार्यको लागि प्रशंसा योग्य छन् म उहाँको यस सराहनीय कार्यलाई कोटिकोटि प्रणाम गर्दछु र उहाँलाई यस्तो महान कार्य गरेकोमा धन्यवाद ज्ञापन गर्दछु ।
साथै मैले यस किताबको अनुवाद गर्ने अवसर पाएकोमा आफूलाई भाग्यशाली ठान्दछु कि यस्तो उच्चकोटिले परिपूण विचारधारामा आधारित

किताबको अनुवादको मलाई अल्लाहले अवसर प्रदान गऱ्यो र लेखकको माध्यमले मलाई यस कार्यको लागि रोज्यो, म अल्लाहको त्यति आभार प्रकट गर्दछु जति त्यसलाई प्रसन्न पारिदेओस् ।
साथै म अल्लाहसित विन्ती गर्दछु कि हे अल्लाह यस कार्यद्वारा लेखक, अनुवादक र ती समस्तलाई जसले यसको प्रकाशनमा कुनै प्रकारको सहयोग पुऱ्याए छन् आफ्नो स्वर्गमा स्थान प्रदान गरिदेऊ, र यस किताबलाई समस्त समुदायको लागि सर्वमान्य र स्वीकृत बनाएर हामीहरू र समस्त आस्थावानहरूको लागि आफ्नो प्रसन्नताको माध्यम बनाई स्वर्गमा आफ्नो अन्तिम सन्देष्टाको संगत प्रदान गरिदेऊ । (आमीन)

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
एम.ए. उम्मुल् कुरा विश्वविद्यालय
पवित्र मक्का सउदी अरब
मो.नं. ००९७७–९८४७०३०७८०,९८१४४९९१४०
सउदी मो. न. ००९६६५०१३७२२५४
atiqkhannp1982@yahoo.com

# मार्ग कता छ ?

जब मनुष्य ठूलो हुन् लाग्दछ र त्यसमा बुद्धि आउन थाल्छ त त्यसको मस्तिष्क र विवेकमा विभिन्न प्रकारका प्रश्नहरू उत्पन्न हुन्थाल्छन्, जसरी ! तिमी कताबाट आएका हौ ? र किन आएका हौ ? र कता जानुछ ? र मलाई कसले अविष्कार गऱ्यो ? र कसले मेरा वरिपरि भएका समस्त विश्वलाई अविष्कृत गरेको छ ? र कुनचाहिँ यस ब्रह्माण्डको स्रष्टा र स्वामी एवं प्रचालक हो ? ..... आदि । यसजस्ता अनेकौं प्रश्नहरू मान्छेको मनमा उत्पन्न हुन्छन् ।

तर यस जस्ता प्रश्नहरूको उत्तर नत मान्छे स्वयम् नै जान्दछ नत आधुनिक विज्ञान नै यसको उत्तर दिनुमा सामर्थ्यवान छ, किनकि यी यस्ता प्रश्न र समस्याहरू हुन् जुन धर्मको सीमामा आउँछन् । यसैकारण यसको बारेमा विभिन्न प्रकारका विचारधारा, दृष्टिकोण र मिथ्या कुराहरू गरिए जुन मनुष्यको हैरानी र कौतुहलतालाई अझैं वृद्धि गरिदिन्छ, र मनुष्यलाई यी प्रश्नहरूको पूर्ण वास्तविक उत्तर तबसम्म प्राप्त गर्नु सम्भव छैन जबसम्म अल्लाह त्यसलाई सत्य र साँचो धर्मतर्फ प्रवृत्त

नगरिदेओस्, जुन धर्म यसजस्ता समस्त प्रश्नहरूको परिपूर्ण रूपले उत्तर वर्णन गरोस् । किनकि यसजस्ता प्रश्न र समस्याहरू अदृश्यका कुराहरू हुन् यसर्थ सत्यधर्म नै यसबारे सत्य कुरा वर्णन गर्न सक्छ, किनकि त्यो धर्म अल्लाहद्वारा आफ्नो विशिष्ट सन्देष्टाहरू माथि अवतरित गरिएको हुन्छ, यसलेगर्दा मानवमाथि यो अनिवार्य भइहाल्छ कि त्यो सत्य धर्मको खोजी गरेर त्यसको ज्ञान प्राप्त गरोस्, र त्यसमा विश्वास गरोस् ताकि त्यसको असमंजस र हैरानी समाप्त भइहालोस् र त्यो सोझो मार्ग पाउन सकोस् ।

र अगाडिका पानाहरूमा म तपाईहरूलाई सत्य र सोझो धर्म र मार्गतर्फ आह्वान गर्नेछु र तपाई समक्ष केही अदभुत प्रमाणहरू पनि प्रस्तुत गर्ने छु, ताकि तपाई त्यसको प्रकाशमा निष्ठापूर्वक विचार र चिन्तन मनन् गरेर सत्यलाई पाउन सक ।

# पवित्र अल्लाहको अस्तित्व र त्यसको स्वामित्व एवं एकत्व र ईश्वरत्व

काफिरहरू र अनास्थावानहरू (नास्तिकहरू) सृष्टि गरिएका र निर्मित पूज्यहरूलाई पूज्दछन् जसरी रुख, ढुंगा, मनुष्य, मुर्ति... आदि, र यसैकारण यहूदी र बहुदेववादीहरूले अन्तिम रसूल (सन्देष्टा) मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमसित अल्लाहको विशेषताको बारेमा प्रश्न गरेका थिए, र यो सोधेका थिए कि त्यो अल्लाह कुन वस्तुबाट निर्मित छ त अल्लाहले यसको उत्तरमा यो सूरह अवतरित गऱ्यो !

﴿ قُلْ هُوَ ٱللَّهُ أَحَدٌ ۝١ ٱللَّهُ ٱلصَّمَدُ ۝٢ لَمْ يَلِدْ وَلَمْ يُولَدْ ۝٣ وَلَمْ يَكُن لَّهُۥ كُفُوًا أَحَدٌۢ ۝٤ ﴾ الإخلاص: ١ - ٤

अर्थ : तपाई भनिदिनुस् कि त्यो अल्लाह एक छ । अल्लाह निरपेक्ष छ । नत उसबाट कोही जन्मेको छ, न ऊ कसैबाट जन्मेको छ । र न कोही उसको समकक्ष छ । ( सूरतुल् इख्लास १-४ )

र अल्लाहले आफ्नो अस्तित्वको परिचय आफ्ना दासहरू समक्ष यसरी प्रस्तुत गरेको छः

﴿إِنَّ رَبَّكُمُ ٱللَّهُ ٱلَّذِى خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ فِى سِتَّةِ أَيَّامٍ ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ يُغْشِى ٱلَّيْلَ ٱلنَّهَارَ يَطْلُبُهُۥ حَثِيثًا وَٱلشَّمْسَ وَٱلْقَمَرَ وَٱلنُّجُومَ مُسَخَّرَٰتٍۭ بِأَمْرِهِۦٓ ۗ أَلَا لَهُ ٱلْخَلْقُ وَٱلْأَمْرُ ۗ تَبَارَكَ ٱللَّهُ رَبُّ ٱلْعَٰلَمِينَ ﴿٥٤﴾﴾ الأعراف: ٥٤

अर्थ : कुनै सन्देह छैन कि, तिम्रो पालनकर्ता अल्लाह नै हो, जसले आकाशहरू र पृथ्वीलाई, छ (६) दिनमै सृष्टि गऱ्यो र त्यस पश्चात आफ्नो अर्श (सिंहसान) माथि उच्च भयो, उसैले रातीबाट दिनलाई यसरी ढाकिदिन्छ कि दिन रातीको पछि दौडेर आउँछ । र सूर्य, चन्द्र र ताराहरूको यसरी सृष्टि गऱ्यो कि सबै उसैको आदेशको अधीनमा हुन्छन् । हेर ! सम्पूर्ण सृष्टि उसैको हो र आदेश पनि उसैको हो । यो अल्लाह सर्वगुण सम्पन्न छ जो सबै ब्रह्माण्डको पालनकर्ता हो । ( सूरतुल् अअ्राफ ५४ )

र आर्को ठाउँमा अल्लाहको कथन छ :

﴿ قُلْ مَن رَّبُّ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ قُلِ ٱللَّهُ ۚ قُلْ أَفَٱتَّخَذْتُم مِّن دُونِهِۦٓ أَوْلِيَآءَ لَا يَمْلِكُونَ لِأَنفُسِهِمْ نَفْعًا وَلَا ضَرًّا ۚ قُلْ هَلْ يَسْتَوِى ٱلْأَعْمَىٰ وَٱلْبَصِيرُ أَمْ هَلْ تَسْتَوِى ٱلظُّلُمَٰتُ وَٱلنُّورُ ۗ أَمْ جَعَلُوا۟ لِلَّهِ شُرَكَآءَ خَلَقُوا۟ كَخَلْقِهِۦ فَتَشَٰبَهَ ٱلْخَلْقُ عَلَيْهِمْ ۚ قُلِ ٱللَّهُ خَٰلِقُ كُلِّ شَىْءٍ وَهُوَ ٱلْوَٰحِدُ ٱلْقَهَّٰرُ ﴿١٦﴾ ﴾ الرعد: ١٦

अर्थ : तपाईं सोध्नुस्: “कि आकाशहरू र पृथ्वीको पालनकर्ता को हो ?”। भनि दिनुस् ! “अल्लाह” । सोध्नुस्: ! “के तिमी फेरि पनि उसबाहेक अरुलाई सहयोगी बनाइरहेका छौ ? जो स्वयं आफ्नो जीव ज्यानको राम्रो नराम्रोबारे कुनै अख्तियारी राख्दैनन्” । सोधः “के अन्धो र आँखा वाला बराबर हुन सक्छन् ? के अन्धकार र प्रकाश समान हुन सक्छन् ? के जसलाई उनी अल्लाहको साझेदार ठहऱ्याइरहेका छन, उनले पनि अल्लाह जस्तै प्राणीहरू निर्माण गरेका छन्, जसले उनको दृष्टिमा निर्माणका फर्क शंकाको घेरा भित्र आइसकेको छ”, भनि दिनुस्: “मात्र अल्लाह नै सबै प्राणीहरूको जन्मदाता हो त्यो एक मात्र एकलो छ र विशाल शक्तिशाली छ ।” ( सूरतुर्रअद १६ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ ٱللَّهُ ٱلَّذِى رَفَعَ ٱلسَّمَٰوَٰتِ بِغَيْرِ عَمَدٍ تَرَوْنَهَا ۖ ثُمَّ ٱسْتَوَىٰ عَلَى
ٱلْعَرْشِ ۖ وَسَخَّرَ ٱلشَّمْسَ وَٱلْقَمَرَ ۖ كُلٌّ يَجْرِى لِأَجَلٍ مُّسَمًّى ۚ
يُدَبِّرُ ٱلْأَمْرَ يُفَصِّلُ ٱلْءَايَٰتِ لَعَلَّكُم بِلِقَآءِ رَبِّكُمْ تُوقِنُونَ ﴿٢﴾
وَهُوَ ٱلَّذِى مَدَّ ٱلْأَرْضَ وَجَعَلَ فِيهَا رَوَٰسِىَ وَأَنْهَٰرًا ۖ وَمِن كُلِّ
ٱلثَّمَرَٰتِ جَعَلَ فِيهَا زَوْجَيْنِ ٱثْنَيْنِ ۖ يُغْشِى ٱلَّيْلَ ٱلنَّهَارَ ۚ إِنَّ فِى
ذَٰلِكَ لَءَايَٰتٍ لِّقَوْمٍ يَتَفَكَّرُونَ ﴿٣﴾ وَفِى ٱلْأَرْضِ قِطَعٌ
مُّتَجَٰوِرَٰتٌ وَجَنَّٰتٌ مِّنْ أَعْنَٰبٍ وَزَرْعٌ وَنَخِيلٌ صِنْوَانٌ وَغَيْرُ
صِنْوَانٍ يُسْقَىٰ بِمَآءٍ وَٰحِدٍ وَنُفَضِّلُ بَعْضَهَا عَلَىٰ بَعْضٍ فِى
ٱلْأُكُلِ ۚ إِنَّ فِى ذَٰلِكَ لَءَايَٰتٍ لِّقَوْمٍ يَعْقِلُونَ ﴿٤﴾
۞ وَإِن تَعْجَبْ فَعَجَبٌ قَوْلُهُمْ أَءِذَا كُنَّا تُرَٰبًا أَءِنَّا لَفِى
خَلْقٍ جَدِيدٍ ۗ أُو۟لَٰٓئِكَ ٱلَّذِينَ كَفَرُوا۟ بِرَبِّهِمْ ۖ وَأُو۟لَٰٓئِكَ
ٱلْأَغْلَٰلُ فِىٓ أَعْنَاقِهِمْ ۖ وَأُو۟لَٰٓئِكَ أَصْحَٰبُ ٱلنَّارِ ۖ هُمْ فِيهَا
خَٰلِدُونَ ﴿٥﴾ وَيَسْتَعْجِلُونَكَ بِٱلسَّيِّئَةِ قَبْلَ ٱلْحَسَنَةِ وَقَدْ

خَلَتۡ مِن قَبۡلِهِمُ ٱلۡمَثُلَٰتُۗ وَإِنَّ رَبَّكَ لَذُو مَغۡفِرَةٖ لِّلنَّاسِ
عَلَىٰ ظُلۡمِهِمۡۖ وَإِنَّ رَبَّكَ لَشَدِيدُ ٱلۡعِقَابِ ٦ وَيَقُولُ ٱلَّذِينَ
كَفَرُواْ لَوۡلَآ أُنزِلَ عَلَيۡهِ ءَايَةٞ مِّن رَّبِّهِۦٓۗ إِنَّمَآ أَنتَ مُنذِرٞۖ
وَلِكُلِّ قَوۡمٍ هَادٍ ٧ ٱللَّهُ يَعۡلَمُ مَا تَحۡمِلُ كُلُّ أُنثَىٰ وَمَا
تَغِيضُ ٱلۡأَرۡحَامُ وَمَا تَزۡدَادُۖ وَكُلُّ شَيۡءٍ عِندَهُۥ بِمِقۡدَارٍ
٨ ﴾ الرعد: ٢ - ٨

अर्थ : अल्लाह त्यो नै हो जसले आकाशहरूलाई बिना खम्बा ठड्याइ दिएको छ, जसलाई तिमी देखिरहेका छौ , फेरि ऊ अर्श (सिंहासन) माथि उच्च छ । उसैले सूर्य र चन्द्रलाई आफ्नो अधीनमा राखिराखेको छ । हरेक निश्चित प्रक्रियामा गतिशील छन्, उसैले सबै कार्यको उपाय गर्छ । उसले आफ्ना प्रमाण-प्रतीकहरू स्पष्टरूपमा बयान गरिरहेको छ, कि तिमी आफ्नो पालनहारसँगको भेटलाई विश्वास गरिहाल । उसैले धर्ती फैलाएर ओछ्याई दिएको छ, र त्यसमा पहाड़ र खोलाहरू निर्माण गरिदिएको छ, र त्यसमा किसिम किसिमका फल-फूलहरूका जोडा-जोडा दोहोरो-दोहोरो उत्पन्न गरि दिएको छ ।

उसैले रातलाई दिनबाट छिपाइदिन्छ, नि:संन्देह सोच्ने, बुभ्नेहरूका लागि यसमा धेरै (प्रतीक) चिन्हहरू छन् । र पृथ्वीमा भिन्न-भिन्न प्रकारका टुका एक अर्कासंग मिल्दा जुल्दा छन् । र अंगूरका बगैचाहरू छन्, र खेतहरू छन्, र खजूरका बोटहरू छन, हाङ्गा भएका र कुनै यस्ता छन् जसमा कुनै हाङ्गा छैनन्, सबैलाई एउटै पानी पिलाइन्छ, तैपनि म एउटालाई अर्को फलमाथि उच्चता प्रदान गर्दछु । यसमा वुद्धिमानहरूका लागि धेरै चिन्हहरू छन् । यदि तिमीलाई आश्चर्य लाग्छ भने वास्तवमा उनको यो भनाई अजीब छ कि जब हामी माटो भइहाल्छौं तब के हामी नयाँ जन्ममा हुनेछौं । यिनीहरू नै हुन् जसले आफ्नो पालनहारमाथि कुफ्र गरेका छन् यही नै हुन जसका घाँटीहरूमा पापी पट्टा हुनेछन् र यही नै हुन् जो नर्क (जहन्नम) मा रहनेवाला हुन् । जो यसमा संधै संधैका लागि रहनेछन् । र जो तिमीबाट (दण्डको प्राप्तिमा) छिटो गरिरहेका छन् राहत भन्दा अगावै नै, जब कि उहाँ भन्दा अगाडि धेरै शिक्षाप्रद उदाहरण आइसकेको छ । र तिम्रो पालनहार मुक्ति दिनेवाला छ, मान्छेहरूको नचांहिदो अपराधमा पनि र यो

पनि निश्चित कुरो छ, कि तिम्रो पालनकर्ताले भयंकर दण्ड दिने वाला छ । र काफिरहरू भन्दछन्: कि उनीमाथि उनको पालनकर्ताको तर्फबाट कुनै चमत्कार किन न उतारिएको, कुरो यो छ: कि तपाई त मात्र सावधान गर्नेवाला हुनुहुन्छ, र हरेक कौमका लागि ( एउटा) मार्गदर्शक छ। अल्लाह राम्ररी जान्दछ जे स्त्रीको गर्भमा रहन्छ र भूडी़को ठूलो सानो आकार पनि, र हर वस्तु उस निर एउटा निश्चित रूपमा छ । ( सूरतुर्रअद २-८ )

र अल्लाहले उनीहरूको लागि प्रमाणको रूपमा निम्नका श्लोकहरू अवतरित गर्‍यो :

﴿ وَمِنۡ ءَايَٰتِهِ ٱلَّيۡلُ وَٱلنَّهَارُ وَٱلشَّمۡسُ وَٱلۡقَمَرُۚ لَا
تَسۡجُدُواْ لِلشَّمۡسِ وَلَا لِلۡقَمَرِ وَٱسۡجُدُواْۤ لِلَّهِ ٱلَّذِي
خَلَقَهُنَّ إِن كُنتُمۡ إِيَّاهُ تَعۡبُدُونَ ٣٧ فَإِنِ
ٱسۡتَكۡبَرُواْ فَٱلَّذِينَ عِندَ رَبِّكَ يُسَبِّحُونَ لَهُۥ بِٱلَّيۡلِ
وَٱلنَّهَارِ وَهُمۡ لَا يَسۡـَٔمُونَ ۩ ٣٨ وَمِنۡ ءَايَٰتِهِۦٓ أَنَّكَ تَرَى
ٱلۡأَرۡضَ خَٰشِعَةٗ فَإِذَآ أَنزَلۡنَا عَلَيۡهَا ٱلۡمَآءَ ٱهۡتَزَّتۡ وَرَبَتۡۚ إِنَّ

﴿ ٱلَّذِىٓ أَحۡيَاهَا لَمُحۡىِ ٱلۡمَوۡتَىٰٓۚ إِنَّهُۥ عَلَىٰ كُلِّ شَىۡءٍ قَدِيرٌ ﴿٣٩﴾ ﴾
فصلت: ٣٧ - ٣٩

अर्थ : र रात र दिन, सूर्य र चन्द्र उसको निशानीहरू मध्येका हुन् । तिमीहरूले न सूर्यको पूजा गर नत चन्द्रको, बरु अल्लाहलाई नै ढोग, जसले यी कुराहरूलाई सृष्टि गरेको छ, यदि तिमी उसैको उपासना गर्नेवाला हौ । यदि तैपनि यिनीहरूले घमण्ड गर्दछन् त जो फरिश्ताहरू तिम्रो पालनकर्ताको पासमा छन् उनीहरूले त रात र दिन उसको गुणगान गरिराखेकै छन्, र उनीहरूलाई कहिले दिक्क लाग्दैन । र यो कुरा पनि उसका निशानीहरूमध्ये हो कि तिमीले देख्छौ कि धरती थिचिएको छ, अनि जब हामी त्यसमा पानी वर्षाउँछौं तब त्यो हराभरा भएर उठ्न्थाल्छ । निश्चय नै जसले उसलाई जीवित गर्‍यो मुर्दाहरूलाई जीवित गर्नेवाला छ । निःसन्देह उसलाई हरेक कुराहरूमाथि सामर्थ्य प्राप्त छ । ( सूरतु फुस्सिलत ३७-३९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَمِنۡ ءَايَٰتِهِۦ خَلۡقُ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ وَٱخۡتِلَٰفُ أَلۡسِنَتِكُمۡ وَأَلۡوَٰنِكُمۡۚ إِنَّ فِى ذَٰلِكَ لَأٓيَٰتٖ لِّلۡعَٰلِمِينَ ﴿٢٢﴾

وَمِنْ ءَايَٰتِهِۦ مَنَامُكُم بِٱلَّيْلِ وَٱلنَّهَارِ وَٱبْتِغَآؤُكُم مِّن فَضْلِهِۦٓ ۚ إِنَّ فِى ذَٰلِكَ لَءَايَٰتٍ لِّقَوْمٍ يَسْمَعُونَ ﴿٢٣﴾

﴾ الروم: ٢٢ - ٢٣

अर्थ : उसको क्षमताका निशानीहरूमध्ये आकाशहरू र धरतीको सृजना र तिम्रो भाषा र तिम्रा रंगहरूको विविधता पनि हो । नि:सन्देह यसमा ज्ञानी र चिन्तनशीलहरूको निम्ति धेरै निशानीहरू छन् । र उसको शक्तिको निशानीहरूमध्ये राती र दिनको निंद्रा पनि हो र उसको अनुग्रह (जीविका) लाई तिमीले तलाश गर्नु पनि हो । निश्चय नै यसमा निशानीहरू छन्, ती मानिसहरूको निम्ति जो सुन्दछन् । ( सूरतुर्रूम २२,२३ )

र अल्लाहले आफ्ना सुन्दर र परिपूर्ण विशेषताहरूलाई यसरी वर्णन गरेको छ :

﴿ ٱللَّهُ لَآ إِلَٰهَ إِلَّا هُوَ ٱلْحَىُّ ٱلْقَيُّومُ ۚ لَا تَأْخُذُهُۥ سِنَةٌ وَلَا نَوْمٌ ۚ لَّهُۥ مَا فِى ٱلسَّمَٰوَٰتِ وَمَا فِى ٱلْأَرْضِ ۗ مَن ذَا ٱلَّذِى يَشْفَعُ عِندَهُۥٓ إِلَّا بِإِذْنِهِۦ ۚ يَعْلَمُ مَا بَيْنَ أَيْدِيهِمْ وَمَا خَلْفَهُمْ ۖ وَلَا يُحِيطُونَ بِشَىْءٍ مِّنْ عِلْمِهِۦٓ إِلَّا بِمَا شَآءَ ۚ وَسِعَ كُرْسِيُّهُ ٱلسَّمَٰوَٰتِ

﴿ وَالْأَرْضَ وَلَا يَئُودُهُ حِفْظُهُمَا وَهُوَ الْعَلِيُّ الْعَظِيمُ ﴿٢٥٥﴾ ﴾
البقرة: ٢٥٥

अर्थ : अल्लाह नै वास्तवमा सत्य पूजनीय छ, उसबाहेक अरु कोही पूज्य छैन। (ऊ) सधैं जीवित रहने वाला र सबैलाई थाम्न सक्ने वाला छ। उसलाई न अल्छी लाग्छ न निद्रा आउँछ, जे जति आकाशमण्डलमा छन् र जे धरतीमा छ, सबै उसैको हो। को छ जसले उसको अनुमति बिना ऊसँग कसैको सिफारिश गर्न सकोस्। जे जति उनको अगाडि छ र जे जति तिनीहरू भन्दा अघि भइसकेको छ। उसलाई सबै थाहा छ, र तिनीहरूले उसको ज्ञानको केही अंशको पनि घेराबन्दी गर्न सक्दैनन्, हो उसले चाहेको हदसम्म मात्र। उसको कुर्सीले आकाशमण्डल र धरतीलाई घेरी राखेको छ र अल्लाहले उनको रक्षा गर्नबाट थाक्दैन र नत दिक्क मान्छ। ऊ त सर्वोच्च र सबभन्दा ठूलो हो। ( सूरतुल् बकरः २५५ )

र आर्को ठाउँमा अल्लाहको कथन छ :

﴿ غَافِرِ الذَّنْبِ وَقَابِلِ التَّوْبِ شَدِيدِ الْعِقَابِ ذِي الطَّوْلِ لَا إِلَٰهَ إِلَّا هُوَ إِلَيْهِ الْمَصِيرُ ﴿٣﴾ ﴾ غافر: ٣

अर्थ : जो गुनाह (पाप) क्षमा गर्नेवाला र तौबा (प्रायश्चित) स्वीकार गर्नेवाला, कठोर दण्ड दिनेवाला र शक्तिवाला छ। उस बाहेक कोही सत्य पूज्य छैन। उसैतिर फर्कि जानुपर्नेछ। ( सूरतु गाफिर ३ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ هُوَ ٱللَّهُ ٱلَّذِى لَآ إِلَٰهَ إِلَّا هُوَ ٱلْمَلِكُ ٱلْقُدُّوسُ ٱلسَّلَٰمُ ٱلْمُؤْمِنُ ٱلْمُهَيْمِنُ ٱلْعَزِيزُ ٱلْجَبَّارُ ٱلْمُتَكَبِّرُ ۚ سُبْحَٰنَ ٱللَّهِ عَمَّا يُشْرِكُونَ ﴿٢٣﴾ ﴾

الحشر: ٢٣

अर्थ : त्यही अल्लाह हो, जस बाहेक कोही सत्य पूजाको योग्य छैन। त्यो सम्राट हो, अत्यन्त पवित्र सबै दुर्गुणबाट मुक्त, शान्तिदाता, संरक्षक, अधिपत्यवाला र शक्तिशाली र महानतायुक्त पवित्र छ अल्लाह, त्यस शिर्कबाट जुन उनीहरूले गर्दछन्। ( सूरतुल् हश्र २३ )

यो हो सबैको पालनकर्ता, तत्वदर्शी र सर्वशक्ति सम्पन्न पूज्य जसले आफ्नो अस्तित्वको बारेमा आफ्ना भक्तहरूलाई जानकारी गरायो, र यसकुरामा उनीहरू समक्ष स्पष्टिकरण, उदाहरण एवं प्रमाण पेश गर्‍यो, र आफ्नो विशेषता वर्णन गर्दै आफ्नो परिपूर्ण गुणहरूको

बखान गऱ्यो, त्यसको अस्तित्व र स्वामित्व एवं ईश्वरत्वलाई समस्त सन्देष्टाहरूका धर्मशास्त्र र मानवविज्ञान एवं प्रकृतिले प्रमाणित गर्छ, र यसै कुरामाथि समस्त मानवजातिका समूहहरू सहमत छन्, र म यसमध्ये केहीलाई स्पष्ट पार्नेछु ।

त त्यस अल्लाहको अस्तित्व र त्यसको स्वामित्व र पालनकर्ता हुनुका केही प्रमाणहरू निम्न हुन् :

**१- यस ब्रह्माण्डको रचना र त्यसमा भएका सबै थोकहरूको संतुलित अविष्कार :**

हे मानवजाति तिमीलाई जुन विशाल ब्रह्माण्ड आफ्नो घेरामा लिएको छ र जुन आकाशमण्डल र तारामण्डल र ग्रह एवं सरिताहरूबाट सुसज्जित छ, जसका भूभागहरू भिन्न भिन्न छन् तर एकआर्कासित संलग्न पनि छन् तर उब्जनको दृष्टिकोणले भिन्न पनि छन्, जसमा प्रत्येक प्रकारका फलफूलहरू उमर्न्छन्, र तिमी प्रत्येक सृष्टिमा भाले पोथि हेर्दैछौ..., त यो विशाल संसार आफै निर्मित भएको होइन बरु निश्चितरूपले यसलाई निर्माण गर्नेवाला कुनै निर्माता हुनुपर्छ, किनकि यो सम्भव छैन कि यो ब्रह्माण्ड आफै आफूलाई

निर्माण गरेको होस् । त हे बुद्धिजीविहरू ! कसले यसको निर्माण गऱ्यो, र कसले यसलाई यस्तो सुन्दर र संतुलित ढंगले संचालन गरेर प्रचलित गरिदियो, र यसलाई बुद्धिमानहरूको लागि त्यस एकलो सर्वगुण सम्पन्न अल्लाहको लागि चिन्ह र प्रमाण बनाइदियो जसबाहेक कोही सत्य पालनहार र पूज्य छैन, अल्लाहको फर्मान छ :

﴿ أَمْ خُلِقُوا۟ مِنْ غَيْرِ شَىْءٍ أَمْ هُمُ ٱلْخَٰلِقُونَ ﴿٣٥﴾ أَمْ خَلَقُوا۟ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ ۚ بَل لَّا يُوقِنُونَ ﴿٣٦﴾ ﴾ الطور: ٣٥ - ٣٦

अर्थ : के यिनीहरूले कसैले सृष्टि नगरी आफै जन्मिहालेका हुन् वा स्वयं स्रष्टा हुन् ? के उनीहरूले नै आकाशहरू र धरतीको सृष्टि गरेका छन् ? (होइन) बरु यिनीहरू ईमान नल्याउने मानिस हुन् । ( सूरतुत्तूर ३५,३६ )

त यी दुवै श्लोकहरूमा तीन प्रस्तावतिर ध्यानाकर्षण गराइएको छ :

१- के उनीहरू शुन्यबाट सृष्टि गरिए ?

२- के उनीहरूले आफूलाई स्वयम् आफै सृष्टि गरे ?

३- के उनीहरूले धरती र आकाशलाई सृष्टि गरे ?

त जब उनीहरू नत शुन्यबाट जन्माइए, नत स्वयम् आफूलाई नै सृष्टि गरे, नत आकाश र धरतीलाई नै अविष्कार गरे, त यो कुरो सिद्ध भयो कि अवश्य नै कुनै स्रष्टा छ जसले उनीहरूलाई र आकाश र पृथ्वीलाई सृष्टि गरेको छ, र त्यो हो एकलो सर्वशक्ति सम्पन्न अल्लाह ।

**२- प्रकृति :**

समस्त सृष्टिहरूको स्वभाविक रूपले एउटा स्रष्टा हुनुपर्छ यस कुरामा सबै प्रकृतिक तौरले विश्वास गर्छन्, र यो पनि ठान्दछन् कि त्यो स्रष्टा सबैभन्दा विशाल, महामहीम, र सर्वगुण सम्पन्न एवं सर्वशक्ति सम्पन्न र सबैभन्दा उच्च र परिपूर्ण हुनुपर्छ, र योकुरो प्रकृतिक तौरले सबै सृष्टिको हृदयमा गणितीय विज्ञानको आधार भन्दा अधिक दृढतापूर्वक जागृत हुन्छ जसलाई कुनै प्रमाणको आवश्यकता हुँदैन, त्यस मान्छे बाहेक जसको प्राकृतिक दशामा विकार आइसकेको होस् र त्यसको बुद्धिविवेकलाई केही घटनाहरूले क्षति पुऱ्याइसकेको होस् जसलेगर्दा त्यो सत्यलाई अस्वीकार गरोस् ।* अल्लाहको फर्मान छ :

* मज्मूअ् फतावा शैखुल इस्लाम इब्ने तैमिया भाग,१ पे. ४१,४७,७३ ।

﴿ فَأَقِمۡ وَجۡهَكَ لِلدِّينِ حَنِيفٗاۚ فِطۡرَتَ ٱللَّهِ ٱلَّتِي فَطَرَ ٱلنَّاسَ عَلَيۡهَاۚ لَا تَبۡدِيلَ لِخَلۡقِ ٱللَّهِۚ ذَٰلِكَ ٱلدِّينُ ٱلۡقَيِّمُ ﴾ الروم: ٣٠

अर्थ : तसर्थ तपाईं दत्तचित्त भएर आफूलाई दीन (इस्लाम) तर्फ लगाउँदै गर्नुस् । अल्लाहको त्यो विशेषता जसमाथि उसले मानिसहरूको सृष्टि गरेको छ । अल्लाहले बनाएको (लाई) नबदल्नु । यही सोझो धर्म हो । ( सूरतर्रूम ३०)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : “ **समस्त नवजात शिशु अल्लाहको प्रकृतिमा नै जन्मन्छ अनि उसका माता पिताले त्यसलाई यहूदी र ईसाई एवं मजूसी बनाइदिन्छन्, जसरी कि जनावर पूर्ण र स्वस्थ एवं शुद्ध बच्चा जन्माउँछ, अनि के तिमी त्यसमा कुनै अशुद्धता हेर्दैछौ ? अनि अबू हुरैरह यस हदीसका वर्णनकर्ता भन्नुहुन्छ कि यदि तिमी पाठ गर्न चाहन्छौ भने यस श्लोकको**

**पाठ गर अर्थ : त्यो अल्लाहको प्रकृतिक रंग हो जसमाथि सबैलाई जन्माउँछ** ..."। *

र आर्को हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " **सावधान ! निःसन्देह मेरो पालनकर्ताले मलाई यो आदेश गरेको छ कि म तिमीहरूलाई त्यो कुरोको ज्ञान गराऊँ जुन तिमी बिर्सिसकेका छौ, र जसमध्ये मेरो पालनकर्ताले आज मलाई सिकाएउँदै भनेको छ किः जति पनि माल सम्पत्ति मैले आफ्ना दासहरूलाई प्रदान गरेको छु हलाल (ग्राह्य) छ र मैले आफ्ना भक्तहरूलाई सुमार्गमा जन्माएको हो, तर उनीहरूको समीपमा शैतानहरू आएर उनीहरूलाई उनीहरूको सत्यपथबाट विचलित गरिदिए र उनीमाथि त्यो कुरो वर्जित गरिदिए जुन मैले हलाल गरेको थिएँ, र उनीहरूलाई मेरो साझीदारी गर्नुको प्रेरणा दिए जसको बारेमा मैले कुनै प्रमाण पठाएकै छैन** " ।*

---

* बुखारीले यस हदीसलाई किताबुल कद्रमा अध्याय नं. ३ भित्र वर्णन गर्नु भएको छ, र मुस्लिमले किताबुल् कद्रमा हदीस नं. २६५८ मा वर्णन गर्नु भएको छ, र यस वर्णित हदीसका शब्दहरू मुस्लिमका हुन् ।

* अहमदले यस हदीसलाई आफ्नो मुस्नदमा वर्णन गर्नु भएको छ भाग ४ पे. १६२, र मुस्लिमले किताबुल् जन्नह व सिफ्तु नईमेहा वअहलेहा भित्र वर्णन गर्नु भएको छ हदीस नं. २८६५, र हदीसका शब्द यिनैका हुन् ।

## ३- समूहहरूको सहमति :

विगत र वर्तमानका समूहहरूको यस कुरामा सहमति र एकमत छ कि यस ब्रह्माण्डको स्रष्टा अवश्य छ र त्यो हो समस्त ब्रह्माण्डको स्वामी अल्लाह, जसले आकाश र धरतीलाई सृष्टि गऱ्यो, र यसको सृष्टि गर्नुमा उसको कोही सहभागी र समकक्षी छैन उस्तै जस्तै उसको स्वामित्वमा कोही साहभागी र सकक्षी छैन बरु त्यो समस्त अवगुण र समकक्षीबाट पवित्र र उच्च छ ।

र विगतका समूहहरू मध्ये कुनै एउटा समूहबाट यो धारणा वर्णित छैन कि उनीहरूका पूज्यहरू यस अल्लाहका सहभागी र साझेदार हुन् आकाश र पृथ्वीको रचनाको कार्यमा, बरु उनीहरूको धारणा चाहिँ यो रहेको थियोकि अल्लाह नै उनीहरू र उनीहरूका पूज्यहरूको जन्मदाता र अन्नदाता हो, र त्यस अल्लाह बाहेक अरु कोही अन्नदाता र जन्मदाता छैन, हानिलाभ त्यसैको वशीभूत छ अर्थात त्यसैको हातमा छ त्यो सबै अवगुणबाट पवित्र छ ।* र बहुदेववादीहरूले (मुश्रिकहरूले)

* हेर्नुस् मज्मूअ् फतावा शैखुल् इस्लाम इब्ने तैमिय भाग १४ पे.३८०,३८३ र भाग ७ पे. ७५ ।

अल्लाहको स्वामित्वमाथि गरेको विश्वासको खबर अल्लाहले पवित्र कुरआनमा यसरी चित्रण गरेको छ :

﴿ وَلَئِن سَأَلْتَهُم مَّنْ خَلَقَ السَّمَاوَاتِ وَالْأَرْضَ وَسَخَّرَ الشَّمْسَ وَالْقَمَرَ لَيَقُولُنَّ اللَّهُ ۖ فَأَنَّىٰ يُؤْفَكُونَ ﴿٦١﴾ اللَّهُ يَبْسُطُ الرِّزْقَ لِمَن يَشَاءُ مِنْ عِبَادِهِ وَيَقْدِرُ لَهُ ۚ إِنَّ اللَّهَ بِكُلِّ شَيْءٍ عَلِيمٌ ﴿٦٢﴾ وَلَئِن سَأَلْتَهُم مَّن نَّزَّلَ مِنَ السَّمَاءِ مَاءً فَأَحْيَا بِهِ الْأَرْضَ مِن بَعْدِ مَوْتِهَا لَيَقُولُنَّ اللَّهُ ۚ قُلِ الْحَمْدُ لِلَّهِ ۚ بَلْ أَكْثَرُهُمْ لَا يَعْقِلُونَ ﴿٦٣﴾ ﴾ العنكبوت: ٦١ - ٦٣

अर्थ : र यदि तपाईंले उनीहरूसँग सोध्नुहुन्छ कि आकाशहरू र धरतीलाई कसले सृष्टि गऱ्यो र सूर्य र चन्द्रलाई कसले काममा लगायो ? त उनीहरूले भनिहाल्नेछन् "कि अल्लाहले !" अनि उनीहरू कता विमुख भई जाँदैछन् ? अल्लाहले आफ्ना दासहरूमध्ये जसको निम्ति चाहन्छ जीविका विस्तृत गरिदिन्छ र जसको लागि चाहन्छ संकुचित गरिदिन्छ । नि:सन्देह अल्लाह प्रत्येक कुरा जान्दछ । र यदि तपाईंले उनीहरूसित सोध्नुहुन्छ कि आकाशबाट पानी कसले बर्षायो, अनि त्यसबाट धरतीलाई मृत्यु

पश्चात जीवित कसले गऱ्यो,? त निश्चय नै उनीहरूको जवाफ हुनेछ कि "अल्लाहले !" तपाईं भन्नुस् कि सम्पूर्ण प्रशंसा अल्लाहकै लागि छ। किन्तु उनीहरूमध्ये अधिकतरले बुद्धिले काम लिदैनन्। ( सूरतुल् अन्कबूत ६१-६३ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَلَئِن سَأَلْتَهُم مَّنْ خَلَقَ السَّمَاوَاتِ وَالْأَرْضَ لَيَقُولُنَّ خَلَقَهُنَّ الْعَزِيزُ الْعَلِيمُ ﴾ الزخرف: ٩

अर्थ : यदि तपाईंले उनीहरूसित सोध्नु हुन्छ कि "आकाशहरू र धरतीलाई कसले सृष्टि गऱ्यो ?" त उनीहरूले अवश्य नै भन्नेछन्: कि "तिनीहरूलाई अत्यन्त अधिपत्यशाली, सर्वज्ञाता (अल्लाह)ले सृष्टि गरेको छ।" ( सूरतुज्जुखरुफ ९ )

**४- मानसिक आवश्यकता :**

अकल र मनीषहरूको यो विश्वास कि यस ब्रह्माण्डको अवश्य कुनै स्रष्टा छ, यो कुनै अनोठो र विचित्र कुरो होइन किनकि अकल र विवेकलाई स्वभाविक रूपले यो ज्ञान छ कि निश्चितरूपले यो ब्रह्माण्ड कसैद्वारा निर्मित गरिएको छ, र विनाशवान पनि छ, र यो ज्ञान

पनि छ कि यस ब्रह्माण्डले आफै स्वयम्लाई निर्माण गरेको होइन, र प्रत्येक निर्मित वस्तुको निर्माता त हुनु नै पर्छ ।
र मानिसलाई पनि भलिभाँति यो थाहा छ कि जब त्यसलाई यस्तो कष्ट र संकट पुग्दछ जसलाई हटाउन त्यसमा सामर्थ्य छैन त त्यो आफ्नो निष्ठापूर्ण हृदयले आकाशतिर अनुहार गरेर आफ्नो पालनहारतिर प्रवृत्त भई आफ्नो त्यस संकट र व्याकुलतालाई हटाइदिने अनुरोध र याचना गर्दछ, अपितु त्यो आफ्नो सामान्य अवस्थामा त्यसको इन्कारी हुन्छ, र मात्र आफ्ना असत्य पूज्यहरूलाई नै पूज्दछ ।
त यो यस्तो सटीक आवश्यकता र सत्य हो जसको इन्कार असम्भव छ बरु यसको इकरार गर्नैपर्छ, बरु जब कुनै जनावरलाई पनि कष्ट पुग्दछ त त्यो पनि आफ्नो टाउको आकाशतिर गरेर आफ्नो आँखाद्वारा आकाशलाई एकटक हेरिरहन्छ । र अल्लाहले मानवजातिको बारेमा यो खबर दिएको छ कि जब उसलाई कुनै विपदा आइसमात्छ त त्यो तुरुन्तै आफ्नो सत्य पालनकर्तातिर प्रवृत्त भइहाल्छ र याचना गर्छ कि अल्लाह उसको कष्टलाई हटाइदेओस् ।

अल्लाहले पवित्र कुरआनमा यस कुरालाई यसरी वर्णन गरेको छ :

﴿ ۞ وَإِذَا مَسَّ ٱلْإِنسَٰنَ ضُرٌّ دَعَا رَبَّهُۥ مُنِيبًا إِلَيْهِ ثُمَّ إِذَا خَوَّلَهُۥ نِعْمَةً مِّنْهُ نَسِىَ مَا كَانَ يَدْعُوٓا۟ إِلَيْهِ مِن قَبْلُ وَجَعَلَ لِلَّهِ أَندَادًا لِّيُضِلَّ عَن ﴿٨﴾ ﴾ الزمر: ٨

अर्थ : र जब मानिसलाई कुनै कष्ट पुग्दछ तब राम्रो एकाग्र भएर आफ्नो पालनकर्तालाई पुकार्दछ अनि जब अल्लाहले उसमाथि आफ्नो अनुकम्पा गर्दछ, तब त्यसले त्यस कुरालाई बिर्सिहाल्दछ जसको निम्ति पहिला पुकारिराखेको थियो, र अल्लाहको समकक्षी ठहराउन थाल्दछ, ताकि यसको परिणाम स्वरूप त्यसले उसको मार्गबाट अरुलाई पनि विचलित गराइदेओस् । ( सूरतुज्जुमर ८ )

र अल्लाहले बहुदेववादीहरूको आस्थाको बारेमा खबर दिदै भनेको छ :

﴿ هُوَ ٱلَّذِى يُسَيِّرُكُمْ فِى ٱلْبَرِّ وَٱلْبَحْرِ ۖ حَتَّىٰٓ إِذَا كُنتُمْ فِى ٱلْفُلْكِ وَجَرَيْنَ بِهِم بِرِيحٍ طَيِّبَةٍ وَفَرِحُوا۟ بِهَا جَآءَتْهَا رِيحٌ عَاصِفٌ وَجَآءَهُمُ ٱلْمَوْجُ مِن كُلِّ مَكَانٍ وَظَنُّوٓا۟ أَنَّهُمْ أُحِيطَ بِهِمْ ۙ

دَعَوُاْ ٱللَّهَ مُخۡلِصِينَ لَهُ ٱلدِّينَ لَئِنۡ أَنجَيۡتَنَا مِنۡ هَٰذِهِۦ
لَنَكُونَنَّ مِنَ ٱلشَّٰكِرِينَ ﴿٢٢﴾ فَلَمَّآ أَنجَىٰهُمۡ إِذَا هُمۡ يَبۡغُونَ
فِي ٱلۡأَرۡضِ بِغَيۡرِ ٱلۡحَقِّۗ يَٰٓأَيُّهَا ٱلنَّاسُ إِنَّمَا بَغۡيُكُمۡ عَلَىٰٓ
أَنفُسِكُمۖ مَّتَٰعَ ٱلۡحَيَوٰةِ ٱلدُّنۡيَاۖ ثُمَّ إِلَيۡنَا مَرۡجِعُكُمۡ فَنُنَبِّئُكُم
بِمَا كُنتُمۡ تَعۡمَلُونَ ﴿٢٣﴾ يونس: ٢٢ - ٢٣

अर्थ : उही अल्लाह हो, जसले तिमीलाई जंगल र समुन्द्रमा हिडने योग्य बनाएको छ, यहाँसम्म कि जब तिमीहरू डुङ्गाहरूमा (सवार) हुन्छौ र ती डुङ्गाहरूले त्यसमा यात्रा गर्नेहरूलाई लिएर अनुकूल हावाको मद्दतले हिंड्न थाल्छन् र तिनीहरू त्यसबाट निकै आनन्दित हुन्छन्, अनि एउटा तूफानी हावा चल्न थाल्छ र चारैतिरबाट तरङ्गहरू उठ्न थाल्दछन् र तिनीहरूलाई लाग्दछ कि (अहिले त) तरङ्गहरूबाट नराम्रोसंग घेराइसकेका छन्, त्यतिखेर अल्लाहलाई नै शुद्ध नीयतले पुकार्दछन् कि यदि हामीलाई यसबाट मुक्त गराइदिन्छौ भने हामी धेरै आभारी हुने छौं । तर जब अल्लाहले तिनीहरूलाई बचाई दिन्छ तब तिनीहरूले तुरुन्तै पृथ्वीमा त्यसै घृष्टतापूर्वक उपद्रव गर्न थाल्छन् । मानिसहरू

हो ! तिम्रो यो उद्दण्डता तिम्रो लागि नै हानिकारक हुनेछ। सांसारिक जीवनका केही फाइदा छन् तर फेरि तिमीले हाम्रै समीपमा फर्केर आउनु पर्नेछ अनि हामीले तिमीलाई तिमीले गरेको सबै देखाउने छौं। ( सूरतु यूनुस २२, २३ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَإِذَا غَشِيَهُم مَّوْجٌ كَالظُّلَلِ دَعَوُا اللَّهَ مُخْلِصِينَ لَهُ الدِّينَ فَلَمَّا نَجَّاهُمْ إِلَى الْبَرِّ فَمِنْهُم مُّقْتَصِدٌ ۚ وَمَا يَجْحَدُ بِآيَاتِنَا إِلَّا كُلُّ خَتَّارٍ كَفُورٍ ﴿٣٢﴾ ﴾ لقمان: ٣٢

अर्थ : र जब (समुंद्रका) तरङ्गहरूले तिनीहरूलाई छाया-छत्र (पाल) जस्तै छोपी हाल्छन् तब उनले विश्वासका साथ अल्लाहलाई नै पुकार्छन्, अनि जब अल्लाहले उनीहरूलाई बचाएर स्थलसम्म पुऱ्याइदिन्छ, तब उनीहरूमध्ये केही मानिसहरू मात्र सन्तुलित मार्गमा हिंडछन्, र हाम्रा आयतहरूको इन्कार ती व्यक्तिहरूले मात्र गर्दछन् जो विश्वासघाती, र कृतघ्न हुन्छन्। ( सूरतु लुकमान ३२ )

यो पूजनीय जसले ब्रह्माण्डलाई शुन्यबाट अविष्कार गर्‍यो, र मनुष्यलाई सर्वोत्तम रूपमा सृष्टि गर्‍यो, र त्यसको आत्मा र हृदयमा प्रकृतिकरूपले आफ्नो पूजाभक्ति र स्वीकारितालाई जागृत गरिदियो, र मनीषहरू त्यसको ईश्वरत्व र स्वामित्वलाई नतमस्तक गरिहाले, र समस्त समूह र जातिहरू त्यसको स्वामित्वलाई स्वीकारे .... । त त्यो सर्वमान्य मात्र एउटै हुनु पर्‍यो त्यसको स्वामित्व र ईश्वरत्वमा जसरी त्यसको कोही साझीदार र सहयोगी छैन त्यसको सृष्टि गर्ने कार्यमा । त त्यो मात्र अल्लाह नै हो जसको कोही साझीदार छैन सृष्टि गर्ने कार्यमा उस्तै जस्तोकि उसको कोही साझीदार र समकक्षी छैन त्यसको ईश्वरत्व र स्वामित्वमा, र यसका अनेकौं प्रमाणहरू छन्, उदाहरणको लागि हेर्नुस्:

१- निश्चित र स्वभाविकरूपले यस ब्रहमाण्डको परम् पूज्य र प्रतिपालक एवं स्रष्टा एउटै छ जुन लाभ पुर्‍याउनुमा र कष्ट हटाउनुमा सामर्थ्यवान छ, तर यदि यस ब्रह्माण्डको एकभन्दा अधिक पूज्य भएको भए त्यो आर्को पूज्यको पनि आफ्नो व्यक्तिगत

गतिविधिहरू हुन्थे, र त्यसको आफ्नो सृष्टि र आदेश पनि हुन्थ्यो, र त्यो पनि एउटा आर्कोको सहभागिता कदापि स्वीकार्दैन्थ्यो ।* अनि यो आवश्यक भइहाल्थ्यो कि एउटा पूज्य आर्कोमाथि अधिपत्य प्राप्त गरी परास्त गरोस् त जुन परास्त र पराजित भयो त्यो ईश्वर हुन्सक्दैन, र जसले अधिपत्य प्राप्त गर्‍यो त्यो नै सत्य ईश्वर र पूज्य हो जसको ईश्वरत्वमा कोही त्यस्तै साझी र सहभागी छैन जसरी त्यसको स्वामित्वमा कोही साझीदार र सहभागी छैन । अल्लाहको फर्मान छ :

﴿ مَا ٱتَّخَذَ ٱللَّهُ مِن وَلَدٍ وَمَا كَانَ مَعَهُۥ مِنْ إِلَٰهٍ إِذًا لَّذَهَبَ كُلُّ إِلَٰهِۭ بِمَا خَلَقَ وَلَعَلَا بَعْضُهُمْ عَلَىٰ بَعْضٍ سُبْحَٰنَ ٱللَّهِ عَمَّا يَصِفُونَ ﴿٩١﴾ ﴾ المؤمنون: ٩١

अर्थ : अल्लाहले नत कसैलाई छोरा बनाएको छ र नत उसको साथमा अरु कोही पूज्य छ, अन्यथा प्रत्येक पूज्यले आफ्नो सृष्टिलाई लिएर अलग अलग हिड्ने थियो, र प्रत्येक एक अर्कामाथि आक्रमण गरिहाल्थ्यो । महान र उच्च छ अल्लाह ती कुराहरूबाट जुन

* विस्तृत ज्ञानको लागि अकीदा तहावीयाको पेज नं. ३९ को अध्ययन गर्नुस् ।

उनीहरूले वर्णन गर्छन। ( सूरतुल् मोमिनून ९१ )

२- अल्लाह बाहेक कोही पनि पूजा योग्य छैन किनकि त्यसको स्वामित्व र सत्ता समस्त आकाश र धरतीमाथि कायम छ, किनकि मनुष्य त्यसै पूज्यतिर प्रवृत्त हुन्छ जुन हानि लाभमाथि सामर्थ्यवान होस् र त्यसलाई अनुकम्पा प्रदान गरोस् र त्यसबाट कष्ट र संकटलाई हटाओस्, र यस कुरामा मात्र त्यो सामर्थ्यवान र सूक्ष्म हुन्सक्छ जसको सत्ता आकाश र पृथ्वीमाथि र जेजति उनी दुवै बीच छन् सबैमाथि कायम होस्। र यदि यसको कुनै साझीदार भएको भए जसरी कि बहुदेववादीहरूको दावी छ, त निश्चितरूपले भक्तहरू त्यो बाटोमा लाग्ने थिए जुन उनीहरूलाई सत्य पूज्यको उपासनामा लगोओस्, किनकि ती समस्त मिथ्या पूज्यहरू ( जसलाई यिनीहरू मध्यस्थ ठानी पूज्दछन्) स्वयम् पनि अल्लाहको नै पूजा गर्दछन् र त्यसैतर्फ प्रवृत्त हुन्छन्। त प्रष्ट यो भयो कि जो पनि यो चाहोस् कि त्यस सत्य पूज्यलाई पूजोस् जसको हातमा लाभ र हानि छ त त्यो त्यस सत्य पूज्यलाई नै पूजोस् जसको पूजा ती

सबै गर्छन् जुन आकाश र पृथ्वी र जेजति यसबीच छन् जसमध्ये ती मिथ्या पूज्यहरू पनि हुन् जसको पूजा निराधार तरिकाले गरिन्छ सबै उसै अल्लाहको स्तुतिमा मग्न छन्, अल्लाहको फर्मान छ :

﴿ قُل لَّوْ كَانَ مَعَهُۥٓ ءَالِهَةٌ كَمَا يَقُولُونَ إِذًا لَّٱبْتَغَوْا۟ إِلَىٰ ذِى ٱلْعَرْشِ سَبِيلًا ﴿٤٢﴾ ﴾ الإسراء: ٤٢

अर्थ : भनिदिनुस् कि यदि अल्लाहको साथमा अरु पूज्यहरू भएको भए, जस्तो कि उनीहरूले भन्छन्, त तिनीहरूले अहिलेसम्म अवश्य नै सिंहासनको मालिकतिर आफ्नोबाटो बनाउने थिए । ( सूतुल् इस्रा ४२ )

र जसलाई सत्यको ज्ञान गर्ने इच्छा होस् त्यो यी श्लोकलाई पनि अध्ययन गरोस् :

﴿ قُلِ ٱدْعُوا۟ ٱلَّذِينَ زَعَمْتُم مِّن دُونِ ٱللَّهِ ۖ لَا يَمْلِكُونَ مِثْقَالَ ذَرَّةٍ فِى ٱلسَّمَٰوَٰتِ وَلَا فِى ٱلْأَرْضِ وَمَا لَهُمْ فِيهِمَا مِن شِرْكٍ وَمَا لَهُۥ مِنْهُم مِّن ظَهِيرٍ ﴿٢٢﴾ وَلَا تَنفَعُ ٱلشَّفَٰعَةُ عِندَهُۥٓ إِلَّا لِمَنْ أَذِنَ لَهُۥ ﴿٢٣﴾ ﴾ سبأ: ٢٢ - ٢٣

अर्थ : भनिदिनुस् “कि अल्लाहबाहेक जस-जसलाई तिमीले (पूज्य) ठान्दछौ, तिनीहरू

सबलाई पुकारेर हेर । तिनीहरूमध्ये कसैलाई आकाशहरूमा र पृथ्वीमा एउटा कण भरी पनि कुनै कुराको अधिकार छैन र न ती दुवैमा उनको कुनै साभ्फेदारी छ र न उनीहरूमध्ये कुनै उसको सहायक छ"। उस कहाँ कसैको सिफारिश लाग्दैन, किन्तु उसको मात्र जसलाई उसले अनुमति दिएको छ। ( सूरतु सबा २२,२३ )

त यी श्लोकहरू अल्लाह बाहेक कसैको पूजा अराधनालाई चारवटा तथ्यहरूद्वारा निषेधित गरिदिन्छन् र ती निम्नि हुन् :

पहिलो : ती मिथ्या साभ्फेदारहरू अल्लाहको साथ कुनै एक कणको पनि अधिकारी छैनन्, यसर्थ जुन एक कणको पनि अधिकारी र स्वामी नहोस् त्यो नत लाभ पुऱ्याउन सक्छ नत हानि, र त्यो नत ईश्वर हुन्सक्छ नत अल्लाहको साभ्फीदार, यसर्थ त्यो एकलो अल्लाह नै उनी सबैको स्वामी हो र उनीसबैको प्रचालक पनि ।

दोस्रो : उनीहरू नत आकाश र पृथ्वीका स्वामी हुन् नत त्यसमा रत्ती बराबरको अधिकारी र साभ्फेदार ।

तोस्रो : अल्लाहको कोही पनि सहयोगी छैन त्यसको सृष्टि गर्ने कार्यमा, बरु त्यो

उनीहरूलाई सहयोग दिन्छ ती समग्र वस्तुहरूद्वारा जुन उनीहरूलाई लाभ पुऱ्याउँछन् वा जुन उनीहरूको कष्टलाई हटाउँछन्, किनकि अल्लाह निरपेक्ष छ र सबै उसको मुखापेक्षी ।

चौथो : ती मिथ्या साझेदारहरू यति पनि सामर्थ्य राख्दैनन् कि अल्लाहको हजुरमा आफ्ना अनुयायीहरूको सिफारिश पनि गर्न सकुन्, र उनीहरूलाई सिफारिशको अनुमति पनि मिल्ने छैन, र सिफारिशको अनुमति त अल्लाह आफ्ना सदाचारी मित्रहरूलाई नै दिनेगर्छ यद्यपि त्यसका मित्रहरू मत्र त्यसैको लागि सिफारिश गर्नेगर्दछन् जसका कार्य र कर्महरू एवं आस्थाबाट अल्लाह प्रसन्न भइसकेको हुनेछ ।

३- समस्त संसारको व्यापक व्यवस्थापन र संतुलन यस कुराको सर्वोत्तम प्रमाण हो कि त्यसको व्यवस्थापक र प्रचालक मात्र एउटै पूज्य हो, एउटै सम्राट हो, त्यो एउटै पालनकर्ता हो जसबाहेक समस्त सृष्टिको कोही दोस्रो पूजनीय छैन, र त्यस बाहेक उनीहरूको कोही आर्को प्रतिपालक छैन । त यसरी यस ब्रह्माण्डको दुई स्रष्टा हुनु असम्भव छ तसर्थ

दुई ईश्वर हुनु पनि असम्भव छ । अल्लाहको फर्मान छ :

﴿ لَوۡ كَانَ فِيهِمَآ ءَالِهَةٌ إِلَّا ٱللَّهُ لَفَسَدَتَاۚ ﴾ الأنبياء: ٢٢

अर्थ : यदि आकाश र धरतीमा अल्लाह बाहेक अरु कोही पूज्य भएको भए यी दुवैको व्यवस्था अस्तव्यस्त हुने थियो .. । (सूरतुल् अंबिया २२) तसर्थ यदि हामी यो कुरो मानिलिऔं कि यस आकाश र धरतीका अल्लाह बाहेक अरु पनि पूजनीय छन् त यो धरती र आकाश विनाश र क्षतविक्षत भइहाल्ने छ, र यसको विनाशको कारण यो हो कि यदि अल्लाहको साथ कुनै आर्को पूज्य पनि छ भने यो अनिवार्य भइहाल्छ कि त्यसको पनि यस संसारको प्रचालनमा अधिकार र सहभागिता होस्, अनि दुवै बीच विवाद उत्पन्न हुनु स्वभाविक कुरो हो, र यसैकारण आकाश र पृथ्वी विनाशमा पर्नेछन् । त जसरी एउटा शरीरलाई प्रचलित गर्नुको लागि दुई आत्मा हुनु असम्भव छ जुनकि एकनास पनि हुन, र यदि यस्तो हुनेछ भने त्यो शरीर अवश्य विनष्ट भइहाल्छ, बरु यस्तो हुनु दुर्लभ छ, त यस्तै यस महान र विशाल

ब्रह्माण्डको पनि दुई ईश्वर हुनुको कल्पना गर्नु पनि असम्भव र दुर्लभ छ। *

४- समस्त दूत एवं सन्देष्टाहरूको यस कुरामाथि सहमति :

समस्त समूहहरूको यस कुरामा एकमत र सहमति छ कि नबी (दूत) एवं सन्देष्टाहरू सबैभन्दा उत्कृष्ट र परिपूर्ण मनीषी र विवेकी थिए, र सबैभन्दा सर्वोत्तम आत्मनिष्ठ र आचरणवान र चरित्रवान थिए, र सबैभन्दा अधिक आफ्ना अनुयायीहरूका हितैषी थिए, र सबैभन्दा अधिक अल्लाहको अभिप्रयलाई बुझ्नेवाला थिए, र सबैभन्दा सर्वोत्तम सुमार्गी र सोझोमार्गतर्फ आह्वान गर्नेवाला थिए, किनकि उनीहरूलाई अल्लाहद्वारा प्रकाशना (वह्य) प्रदान गरिन्थ्यो, अनि त्यसलाई उनी अरु मानिसहरू सम्म पुऱ्याउँथे। र समस्त दूत एवं सन्देष्टाहरू एकमत छन् जुन मध्ये पहिला आदम अलैहिस्सलाम हुन् र अन्तिम मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम हुन् अआफ्ना समूदायलाई एक अल्लाहमाथि आस्था राख्नुको निमन्त्रण दिनुमा, र त्यस बाहेकका समस्त पूज्यहरूलाई त्याग्नुको आमन्त्रणमा, र यो

* हेर्नुस् : मिफ्ताहु दारुस्सआदा भाग १ पे. २६० ।

कुरोमा कि सत्य पूज्य मात्र एउटै अल्लाह हो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَمَآ أَرۡسَلۡنَا مِن قَبۡلِكَ مِن رَّسُولٍ إِلَّا نُوحِيٓ إِلَيۡهِ أَنَّهُۥ لَآ إِلَٰهَ إِلَّآ أَنَا۠ فَٱعۡبُدُونِ ٢٥ ﴾ الأنبياء: ٢٥

अर्थ : र जुन पैगम्बरलाई पनि हामीले तिमीभन्दा अगाडि पठायौं, तिनीहरू तिर यही ( वह्य) सन्देश पठायौं कि म बाहेक कोही सत्य पूज्य छैन, तसर्थ तिमी सबै मेरो उपासना गर । ( सूरतुल् अंबिया २५ )

र अल्लाहले हजरत नूहले आफ्नो समुदायलाई गरेको आह्वानको बखान गर्दै भनेको छ :

﴿ أَن لَّا تَعۡبُدُوٓاْ إِلَّا ٱللَّهَۖ إِنِّيٓ أَخَافُ عَلَيۡكُمۡ عَذَابَ يَوۡمٍ أَلِيمٖ ٢٦ ﴾ هود: ٢٦

अर्थ : कि तिमीहरू अल्लाह बाहेक कसैको पूजा नगर । मलाई तिम्रो बारेमा कष्टदायक सजाय हुने दिनको भय छ । ( सूरतु हूद २६ )

र अल्लाहले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको कथनलाई जुनकि उहाँले आफ्ना समुदायलाई भनेका थिए त्यसको बखान यसरी गरेको छ :

﴿ قُلْ إِنَّمَا يُوحَىٰٓ إِلَيَّ أَنَّمَآ إِلَٰهُكُمْ إِلَٰهٌ وَٰحِدٌ ۖ فَهَلْ أَنتُم مُّسْلِمُونَ ﴿١٠٨﴾ ﴾ الأنبياء: ١٠٨

अर्थ : भनिदिनुस् "मेरो पासमा "वह्य" ( अल्लाहको संदेश) आउँछ कि तिम्रो पूज्य एउटै छ त के तिमी उसको आज्ञापालन गर्नेवाला छौ ? ( सूरतुल् अंबिया १०८ )

त यो उपास्य जसले यस ब्रह्माण्डलाई परिपूर्ण रूपले व्यवस्थित अन्दाजमा शुन्यबाट अविष्कार गऱ्यो, र मनुष्यलाई परिपूर्ण तरिकाले सृष्टि गरेर त्यसलाई सम्मानित गऱ्यो, र त्यसको प्राकृतिक स्वभावमा आफ्नो स्वामित्व र ईश्वरत्वको स्वीकारितालाई जागृत गरिदियो, र त्यसको जीउ यस्तो सुसाध्य बनाइदियो कि त्यो तबसम्म सन्तुष्ट नहोस् जबसम्म आफ्नो स्रष्टालाई नतमस्तक नहोस्, र त्यसको सत्मार्गमा नहिंडोस्, र त्यसको आत्मामाथि यो अनिवार्य गरिदियो कि त्यो तबसम्म सन्तुष्ट नहोस् जबसम्म आफ्नो पालनकर्ताको शर्ण नपाओस् र आफ्नो स्रष्टाको समीप्यता नप्राप्त गरोस्, र त्यसलाई अल्लाहको सोझोमार्ग इस्लाम जसतर्फ त्यसलाई सन्देशवाहकहरू

बेलाएका थिए त्यस बाहेक अरु समस्त बाटोबाट कुनै सरोकार नरहोस् ।
र उसलाई यस्तो बुद्धि र विवेक प्रदान गऱ्यो जुन आफ्नो कार्य परिपूर्ण र शुद्धरूपले तबसम्म नगरोस् जबसम्म कि आफ्नो पालनकर्तामाथि ईमान (आस्था) नल्याओस् ।
त जब प्रकृतिक रङ्ग पूर्ण भइहाल्छ, र आत्मा सन्तुष्ट हुँदैजान्छ, र जीउ स्थिर भइहाल्छ, र मस्तिष्क आस्थावान भइहाल्छ, त फलस्वरूप त्यसको लागि लौकिक र परलौकि दुवै ठाउँमा सुख शान्ति र सन्तुष्टिको सृजना हुँदैजान्छ ...।
र यदि मान्छेले इन्कार गऱ्यो र यसबाट मुख फर्कायो त त्यो अपमानित र व्याकुल भई यस संसारको चक्रव्यूमा दिग्भ्रमित रहन्छ, र आफ्ना अनेकौं पूज्यहरू बीच विभाजित भई थाहै पाउँदैन कि को त्यसलाई लाभ पुऱ्याउन सक्दछ र को हानिलाई हटाउन सक्दछ । यसैकारण अल्लाहले उदाहरणहरू वर्णन गरेको छ ताकि मान्छेको ईमान आत्माभित्र स्थिर रहोस्, र नास्तिकताको सिफारिश स्पष्ट भइजाओस्, किनकि उदाहरणहरू अर्थलाई बुझाउने कार्य गर्छन्, यसलेगर्दा नै अल्लाहले एउटा यस्तो मान्छेको उदाहरण वर्णन गरेको

छ जसका अनेकौं उपास्यहरू छन् र एउटा यस्तो व्यक्तिको जुन मात्र आफ्नो एउटा प्रतिपालकको उपासनामा दृढ छ । अल्लाहको फर्मान छ :

﴿ ضَرَبَ ٱللَّهُ مَثَلًا رَّجُلًا فِيهِ شُرَكَآءُ مُتَشَٰكِسُونَ وَرَجُلًا سَلَمًا لِّرَجُلٍ هَلْ يَسْتَوِيَانِ مَثَلًا ۚ ٱلْحَمْدُ لِلَّهِ ۚ بَلْ أَكْثَرُهُمْ لَا يَعْلَمُونَ ﴿٢٩﴾ ﴾ الزمر: ٢٩

अर्थ : अल्लाहले (एउटा) उदाहरण प्रस्तुत गर्दछ कि एउटा व्यक्ति छ, जसको अनेक जिद्दी साझेदारहरू छन् । र एउटा अर्को व्यक्ति, त्यो हो जुन सम्पूर्ण रूपले एउटै व्यक्तिको दास हो । के विशेषताको दृष्टिकोणले दुवैको अवस्था एकसमान हुनेछ ? सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हो, किन्तु कुरा यो छ कि उनीहरूमध्ये अधिकांशले बुझ्दैनन् । ( सूरतुज्जुमर २९ )

यस श्लोकमा अल्लाहले एकेश्वरवादी र बहुदेववादी भक्तहरूको उदाहरण वर्णन गरेको छ कि एउटा यस्तो दास छ जसका अनेकौं स्वामीहरू छन् जुन त्यसको बारेमा एकआर्का सित झगडा गर्दछन् र त्यो दास ती सबैको बीच बाँडिएको छ र सबैजना त्यसलाई केही

नकेही निर्देशन दिँदैरहन्छन् अनि त्यो दास उनीहरू बीच हैरान परेशान छ जुन नत कुनै निर्देशनको पालना गर्न सक्छ नत कुनै निष्कर्ष वा कुनै बाटो एवं उपायमा नै स्थिर रहन्सक्छ बरु यस विपरीत त्यो उनीहरू मध्ये कसैको चाहनालाई पूर्ण गर्नुमा सामर्थ्यवान नै हुँदैन किनकि पूज्यहरूको सेवाका आदेशहरू एकआर्का विरुद्ध छन्, र आर्को दासको उदाहरण अल्लाहले यसरी वर्णन गरेको छ कि त्यसको मात्र एउटै स्वामी छ यसर्थ त्यसलाई त्यो सबैकुरा राम्ररी थाहा हुन्छ जुन उसलाई गर्ने आदेश दिइन्छ, अनि त्यो आफ्नो कर्तव्य पालनमा र आज्ञापालनमा अति चनाखो रहन्छ र स्थिर रहन्छ, र सबै कार्य शान्तिपूर्वक र धैर्यताको साथ सम्पन्न गर्छ, त यी दुवै दास एकनास हुन्सक्दैनन् किनकि एउटालाई त आराम छ त्यसलाई सबैकुरा थाहा छ किनकि त्यसको स्वामी मात्र एउटै छ, तर आर्को दास सदैव हैरान नै रहन्छ किनकि त्यसका अनेकौं स्वामीहरू छन् जुन एकआर्का विरोधी निर्देशनहरू जारी गर्दछन्, अनि फलस्वरूप त्यो दास एउटा स्वामीलाई पनि प्रसन्न गर्न सक्दैन

सबै स्वामीहरूलाई प्रसन्न गर्नु त नितांत टाढाको कुरो हो ।

त यस पश्चात कि मैले यस्ता प्रमाणहरूद्वारा जुन अल्लाहको अस्तित्व र स्वामित्व एवं ईश्वरत्वलाई प्रमाणित गर्छन् त्यसद्वारा स्पष्ट र सिद्ध गरें, त अब यो उत्तम देखिन्छ कि त्यस अल्लाहले अविष्कार गरेको ब्रह्माण्ड र मानवजातिमाथि र दुवैलाई अविष्कृत गर्ने तत्वदर्शितामाथि दृष्टि हालेर विचार गरौं ।

# ब्रह्माण्डको अविष्कार

यस ब्रहमाण्डलाई त्यसमा विद्यमान आकाशहरू र पृथ्वीहरू, र ग्रहमण्डलहरू र मार्गहरू, समुन्द्रहरू र रुखविरुवाहरूको साथ र ती समग्र प्राणीहरूको साथ जुन यसमा विद्यमान छन् महान र पवित्र अल्लाहले शुन्यबाट अविष्कार गरेको हो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ قُلْ أَئِنَّكُمْ لَتَكْفُرُونَ بِالَّذِي خَلَقَ الْأَرْضَ فِي يَوْمَيْنِ وَتَجْعَلُونَ لَهُ أَندَادًا ۚ ذَٰلِكَ رَبُّ الْعَالَمِينَ ﴿٩﴾ وَجَعَلَ فِيهَا رَوَاسِيَ مِن فَوْقِهَا وَبَارَكَ فِيهَا وَقَدَّرَ فِيهَا أَقْوَاتَهَا فِي أَرْبَعَةِ أَيَّامٍ سَوَاءً لِّلسَّائِلِينَ ﴿١٠﴾ ثُمَّ اسْتَوَىٰ إِلَى السَّمَاءِ وَهِيَ دُخَانٌ فَقَالَ لَهَا وَلِلْأَرْضِ ائْتِيَا طَوْعًا أَوْ كَرْهًا قَالَتَا أَتَيْنَا طَائِعِينَ ﴿١١﴾ فَقَضَاهُنَّ سَبْعَ سَمَاوَاتٍ فِي يَوْمَيْنِ وَأَوْحَىٰ فِي كُلِّ سَمَاءٍ أَمْرَهَا ۚ وَزَيَّنَّا السَّمَاءَ الدُّنْيَا بِمَصَابِيحَ وَحِفْظًا ۚ ذَٰلِكَ تَقْدِيرُ الْعَزِيزِ الْعَلِيمِ ﴿١٢﴾ ﴾ فصلت: ٩ - ١٢

अर्थ : भनिदिनुस् कि: के "तिमीले उसलाई नकारिराखेका छौ र उसको साझेदार ठहराउँछौ जसले धरतीलाई दुई दिनमा सृष्टि गर्‍यो ऊ त

सम्पूर्ण जगतको पालनकर्ता हो। र उसले धरतीमा त्यसमाथि पहाड़ बनायो र धरतीमा बरकत (खानेकुरा) राख्यो र त्यसमा बस्नेहरूको लागि जीविकाको सामग्री निश्चित गऱ्यो। यो सबै चार दिनमा सम्पन्न भयो, प्रश्नगर्नेहरूको निम्ति समान रूपले । अनि ऊ आकाशतिर उच्च भयो, त्यो धुवाँ थियो त उसले त्यससित र धरतीलाई आदेश दियो, कि दुवै आऊ (चाहे) खुशीले चाहे नाखुशीले। त उनीहरूले भने, कि हामी प्रसन्नतापूर्वक उपस्थित छौं । त्यस पश्चात दुई दिनमा सातवटा आकाशहरू बनायो र प्रत्येक आकाशमा त्यसको (काम) को आदेश पठायो, र हामीले संसारीय आकाशलाई दीपहरूले (ताराहरू) श्रृँगाऱ्यौं, तथा सुरक्षाको उद्देश्यले पनि, यो सर्वशक्ति सम्पन्न (र) सर्वज्ञले निर्धारित गरिएका उपाय हुन्। ( सूरतु फुस्सिलत ९-१२ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ أَوَلَمْ يَرَ ٱلَّذِينَ كَفَرُوٓا۟ أَنَّ ٱلسَّمَـٰوَٰتِ وَٱلْأَرْضَ كَانَتَا رَتْقًا فَفَتَقْنَـٰهُمَا ۖ وَجَعَلْنَا مِنَ ٱلْمَآءِ كُلَّ شَىْءٍ حَىٍّ ۖ أَفَلَا يُؤْمِنُونَ ﴿٣٠﴾ وَجَعَلْنَا فِى ٱلْأَرْضِ رَوَٰسِىَ أَن تَمِيدَ بِهِمْ

وَجَعَلْنَا فِيهَا فِجَاجًا سُبُلًا لَّعَلَّهُمْ يَهْتَدُونَ ﴿٣١﴾ وَجَعَلْنَا ٱلسَّمَآءَ سَقْفًا مَّحْفُوظًا ۖ وَهُمْ عَنْ ءَايَٰتِهَا مُعْرِضُونَ ﴿٣٢﴾ ﴾ الأنبياء: ٣٠ - ٣٢

अर्थ : के ती मानिसहरूले जसले इन्कार गरे, यो देखेनन् कि यी आकाश र धरती एक आपसमा जोडिएका (थिए)। अनि हामीले तिनलाई अलग-अलग गऱ्यौं। र सम्पूर्ण जानदारहरूलाई हामीले पानीबाट सृष्टि गऱ्यौं। तैपनि यी मानिसहरूले ईमान किन ल्याउँदैनन् ? र हामीले धरतीमा पहाडहरू उभ्याइदिऔं ताकि त्यसले प्राणीहरूलाई हल्लाउन नसकोस् र हामीले त्यसमा फराकिला बाटाहरू बनायौं ताकि तिनीहरूले मार्ग प्राप्त गर्न सकुन्। र हामीले आकाशलाई एउटा सुरक्षित छत बनायौं, तैपनि तिनीहरूले हाम्रा निशानीहरूबाट विमुख भइराखेका छन्। ( सूरतल् अम्बिया ३०-३२ )*

यस विशाल ब्रह्माण्डलाई अल्लाहले महत्वपूर्ण र विशाल तत्वदर्शिताको साथ अविष्कृत गरेको छ जसलाई आँकलन गर्नु असम्भव छ, त

* यस्तै सूरतुर्रअ्दका आरम्भिक श्लोकहरूलाई पनि अध्ययन गर्नुस्।

सृष्टिको प्रत्येक भाग र अंगमा विशाल तत्वदर्शिता र स्पष्ट निशानीहरू नीहित छन्, यदि तपाई मात्र एउटा निशानीमाथि विचार गर्दछौ भने त्यसमा विचित्र कुराहरू पाउने छौ, यसर्थ अल्लाहको अविष्कारको कारीगरी र सीपको विचित्रतालाई त्यस विरुवामा हेर जसका कुनै फलफूल पात एवं हाँगाहरू लाभबाट रिक्त र खाली छैनन्, जसको आँकलन र व्याख्या गर्नुबाट मनुष्यको मनीष असमर्थ छ ।

र हेर पानीको बगानलाई त्यसका हाँगाहरू भित्र भएका ससाना नसाहरूमा जुन नसाहरू अति पात्लो र कम्जोर एवं दुर्वल हुन्छन् जसलाई आँखा पनि टकटकी बाँधेर हेरेर मात्र देख्नसक्छ, तर हेर विरुवा यस्तो अवस्थामा पनि कसरी पानीलाई तलदेखि माथिसम्म सशक्त तरिकाले तानेर लैजान्छ अनि त्यसलाई सबै हाँगा र नसाहरूको आवश्यकतानुसार वितरण गर्दछ, अनि त्यसका हाँगाहरूमा यताउता फैलिन् थाल्छ र यस्तो भइहाल्छ कि त्यसलाई दृष्टिले हेर्न सकिदैन, त हेर त्यो विरुवा केकसरी रुख भइहाल्छ, र एक अवस्थादेखि आर्को अवस्थामा परिणत भइरहन्छ

यस्तै जस्तोकि गर्भाशयमा भ्रुणको अवस्था परिवर्तित हुँदैरहन्छ जुनकि अदृष्य हुन्छ । फेरि तिमी त्यसलाई (रुखलाई) दाउरोको आकारमा वस्त्रहीन हेर्दछौ जस वस्त्रलाई उसको पातको रूपमा त्यसको पालनहार र स्रष्टाले सुसज्जित गरेको थियो र विस्तारै विस्तारै त्यसको पातमा उन्नति प्रदान गर्दै रह्यो त्यसको सूरक्षा गर्ने उद्देश्यले र त्यसको फलको वस्त्र बनाउने उद्देश्यले जुन अति कोमल थियो, ताकि त्यो विपदा र गर्मी एवं ठंढीबाट सुरक्षित रहोस्, फेरि त्यस फलको आहारको व्यवस्था त्यसका नसाहरूको बगानद्वारा गऱ्यो, अनि त्यसले आफ्नो आहार प्राप्त गऱ्यो उस्तै जस्तोकि नवजात शिशु आफ्नो आमाको दूधबाट आहार प्राप्त गर्छ । फेरि त्यसलाई पोषण र उन्नति प्रदान गऱ्यो यहाँसम्म कि पूर्णरूपले परिपूर्ण भयो र ठूलो आकार अख्तियार गऱ्यो, अनि यस पश्चात अल्लाहले त्यस छरिएको कठोर दाउरोबाट त्यो स्वादिष्ट र कोमल फलहरू निकाल्दछ ।

र जब तिमी यस पृथ्वीलाई हेर्दछौ कि केकस्तो तरिकाले अविष्कृत भयो त यसमा पनि तिमी त्यसको अविष्कारी स्रष्टाका विशाल निशानीहरू



NEW & EXCLUSIVE

पउनेछौ, यसलाई पवित्र अल्लाहले ओछ्यान बनायो र आफना भक्तहरूको लागि सुसाधित र उपभोगित गरिदियो, र त्यसमा उनीहरूको जीवन व्यतीत गर्ने साधन र जीविका एवं गृहहरू प्रशस्त गरिदियो, र त्यसमा मार्गहरू स्थापित गरिदियो जसमा हिंडेर अआफ्ना अवश्यकताहरूको पूर्ति गरुन्, र त्यसलाई पर्वतद्वारा सुसज्जित गऱ्यो, अनि ती पर्वतहरूलाई त्यसलाई स्थिर राख्नेवाला मेख ( खुँटा) बनाइदियो ताकि पृथ्वी नहल्लोस्, अनि त्यसका किनाराहरूलाई फैलाइदियो र त्यसलाई फिजाउँदै विस्तार गर्दै विस्तृत गरिदियो, र त्यसलाई समावेश गर्नेवाला बनायो कि त्यसले जीवितलाई आफ्नो पिठ्युँमाथि समावेश गरिरहन्छ र मृतकलाई उनीहरूको मृत्यु पश्चात आफ्नो पेटमा समावेश गर्दछ, यसर्थ त्यसको पिठ्यु अर्थात माथिल्लो भाग जीवितहरूको लागि बासस्थान हो र त्यसको पेट अर्थात भित्री भाग मृतकहरूको बासस्थान हो । फेरि तिमी चक्ररत आकाशमण्डललाई हेर कि त्यो कसरी आफ्नो सूर्य चन्द्र ताराहरू र नक्षत्रहरूसहीत चक्ररत छ, र कसरी निरंतरताले यस संसारमाथि चक्ररत छ र

अन्तिम सीमासम्म यस्तै चक्ररत रहनेछ, त्यसको व्यवस्थापनमा कुनै विकार र बाँगोपना वा फर्क आउने छैन, र यसैको परिणामस्वरूप दिन र रात्री, ठंढी र गर्मी, र समस्त मौसमहरू आफ्नो ठीक व्यवस्थित समयमा आउँदछन्..., र यस संदर्भमा जेजति लाभहरू छन् ती सबै यस धरतीमा अवस्थित रहेका बोटविरुवा र प्राणीहरूको लागि छन् ।

फेरि आकाशको सृष्टिमाथि विचार र चिन्तन् मनन् गर र पटक पटक त्यसलाई हेर्दै गर, अनि तिमी त्यसभित्र ठूलठूला निशानी र चिन्हहरू पउनेछौं कि केकस्तो तरिकाले अल्लाहले यसलाई उच्च र विस्तार गरेको छ, र त्यसलाई बिना कुनै स्तम्भ उभियाइदिएको छ, र त्यसको माथिल्लो भागबाट पनि कुनै चीजले थामेको छैन बरु त्यसलाई थाम्नेवाला मात्र तिम्रो परम् पूज्य अल्लाह नै हुन् जसले आकाश र पृथ्वीलाई यस्तो तरिकाले थामेको छ कि तिनी अस्थिर नहोऊन् बरु स्थिर रहुन् ...।

र जब तिमी यस ब्रह्माण्ड र त्यसका अनेकौं भागतिर ध्यानाकर्षण गर्दछौ र त्यसको व्यवस्थापनमाथि दृष्टि हाल्दछौ कि केकस्तो तरिकाले अल्लाहले त्यसलाई सुसज्जित र

व्यवस्थित गरेको छ, त यसमा पनि तिमीलाई त्यसको परिपूर्ण शक्ति र ज्ञान एवं तत्वदर्शिताको दर्शन हुनेछ, र तिमी यस ब्रह्माण्डलाई त्यस घर जस्तो पाउनेछौ जसलाई त्यसका समस्त आवश्यक कुराहरूद्वारा सुसज्जित र निर्मित गरिन्छ, यसर्थ आकाश त्यसको लागि उच्च छत हो जुन संसारमाथि उभेको छ, र पृथ्वी विस्तृत ओछ्यान र बस्नेहरूको लागि बासस्थान, र चन्द्र एवं सूर्य दुई टल्किदो द्वीप हुन् जुन त्यसमा टल्कि राखेका हुन्छन्, र ताराहरू त्यो द्वीपक हुन् जुन त्यसको शोभा पनि हुन् र हिंडनेहरूको लागि पथप्रदर्शक पनि, र हिरामोती मुँगा र अरु विभिन्न प्रकारका खजानाहरू र खनिहरू त्यसमा एकत्रित गरिएका छन्, र प्रत्येकलाई यति मात्रामा राखिएको छ जुन त्यसको लागि उचित थियो, र विभिन्न प्रकारका बोटविरुवाहरू जसलाई उसको लागि ( मानिसको लागि) लाभदायक बनाइएको छ, र विभिन्न प्रकारका जीवजन्तुहरू त्यसको हितको लागि ग्रहणीय गरिएका छन् ती मध्ये केही सवारी गर्नुको लागि छन्, त केही दूध खानुको लागि र केही भोजनको लागि त केहीबाट वस्त्र

बनाइन्छ त केहीलाई चौकिदार र पाले नियुक्त गरिन्छ, अनि अल्लाहले यी समस्त कुराहरूको राजा मनुष्यलाई नियुक्त गरिदियो कि त्यो त्यस पालनहारको आदेशले यी समग्र कुराहरूलाई जसरी चाहोस् उपभोग गरोस् ।

त यदि तिमी यस ब्रह्माण्डमा वा त्यसका केही भागहरूमा चिन्तन् मनन् गर्छौ भने विचित्र कुराहरू तिम्रो सामु जाहेर हुनेछन्, र यदि तिमी यसमा नितांत विचार र पूर्ण र निस्पक्ष निसाफ गर्छौ र आफ्नो हवस र स्वार्थ एवं अन्धविशवासको पछि लाग्दैनौं भने तिमीलाई यो ज्ञात हुनेछ र तिमीलाई यो दृढ विश्वास भइजाने छ कि यो ब्रह्माण्ड सृष्टि मध्येको हो, र यसलाई कुनै तत्वज्ञानी वलशाली र सर्वज्ञले सृष्टि गरेको छ, जसले यसको अति उत्तम आँकलन र संतुलन एवं व्यवस्थापन गरेको छ, यसर्थ यो सम्भव छैन कि यसको स्रेष्टा दुई हुन्सकुन्, बरु यसको स्रेष्टा एउटै अल्लाह हो जस बाहेक कोही सत्य पूज्य छैन, र यदि यस ब्रह्माण्डमा अल्लाह बाहेक कोही अरु पनि पूज्य भएको भए यसको व्यवस्थापन यस्तो संतुलित रहन्सक्दैन्थ्यो बरु यसको यो संतुलन र व्यवस्थापन विनाशमा पर्नेथियो ।

त यदि तिमी सृष्टिलाई त्यसको स्रष्टा बाहेक अरुसित संलग्न गर्नुमा नै उत्तेजित र अडेका छौ भने तिमी त्यस पानी तान्ने मशीनमाथि के विचार गर्दछौ र त्यसको बारेमा के भन्दछौ जुन एउटा सरिताछेउ छ र सदैंव चक्ररत रहन्छ, र त्यसका समस्त पाटपुर्जाहरू अति सूक्ष्म र व्यवस्थित छन् त्यसमा कुनै प्रकारको विकार र अशुद्धता छैन बरु त्यो पूर्णरूपले परिपूर्ण छ, अनि त्यसलाई कुनै विशाल बगैचामाथि लगाइयोस् जसका रुखविरुवा र फलफूललाई त्यसको आवश्यकतानुसार पानी पुऱ्याउँछ, र त्यस बगैचामा एउटा यस्तो मान्छे पनि छ जुन त्यसको देखरेख गर्छ, र त्यसको आवश्यकतानुसार त्यस बगैचाको हितकर सबै कार्य गर्छ, यसर्थ त्यस बगैचामा नत कुनै अशुद्धता हुन्छ नत त्यसको कुनै फल खराब हुन्छ, अनि त्यसको फल टिप्ने समय त्यसबाट पाइने धनराशिबाट त्यसमा कार्यरतहरू माथि तिनका आवश्यकतानुसार बाँडिन्छ र प्रत्येक वर्गलाई त्यसको हक अनुसार दिइन्छ, र यस्तै सदैंव गरिन्छ ।

त के तिमी यो सोच्दछौ कि यो सबै व्यवस्थापन बिना कुनै व्यवस्थापक बिना कुनै

निर्माता बिना कुनै प्रतिपालक एवं प्रचालक एक्कासी उत्पनन भएको हो ? के त्यो पानी तान्ने मशीन र त्यो बगैचा बिना कुनै निर्माता र प्रचालक संयोगवश उत्पन्न भए ?
हे सर्वश्रेष्ठ जीवधारी आफ्नो मनीषसित सोध कि त्यसले तिमीलाई के उत्तर दिन्छ ? र तिमीलाई कुन बाटोमा पुऱ्याउँछ ? र कुन निष्कर्षमा लैजान्छ ?*

**यी समस्तलाई सृष्टि गर्नुको उद्देश्य र तत्वदर्शिता :**

यस ब्रह्माण्डमा यति विचार गरेपश्चात यो उचित देखिन्छ कि यसलाई सृष्टि गर्नुका केही उद्देश्य र तत्वदर्शितालाई पनि हेरौं जुन उद्देश्यको कारण अल्लाहले यस विशाल ब्रह्माण्ड र स्पष्ट प्रमाण एवं चिन्हहरूलाई उत्पन्न गरेको छ, र त्यस मध्ये केही निम्नमा वर्णन गरिन्छ :

१- मनुष्यको लागि अधीनस्थता :

जब अल्लाहले यो निर्णय गऱ्यो कि यस पृथ्वीमाथि आफ्नो उत्तराधिकारी उत्पन्न गरोस् जुन त्यसमा बसेर त्यसको पूजा अराधना

* यी समग्र ज्ञान वर्धककुराहरु कतिाब मिफ्ताहो तारुस्सआदाको भाग १ पेज २५१ देखि २६९ सम्मका विभिन्न पेजहरुबाट एकत्रित गरिएको छ ।

गरोस्, र तिनीहरूद्वारा यस धरतीलाई आबादित गरोस्, त यसैकारण अल्लाहले समस्त ब्रह्माण्डलाई र जेजति त्यसमा छन् सबैलाई सृष्टि गऱ्यो ताकि मनुष्यको जीवन सुखमय र सुसाध्य भइहालोस्, र त्यसका सबै प्रयासहरू सफल होउन् र त्यसको जीविका प्राप्त गर्ने र बास गर्ने कार्य सफलतापूर्वक सम्पन्न होस् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَسَخَّرَ لَكُم مَّا فِي ٱلسَّمَٰوَٰتِ وَمَا فِي ٱلۡأَرۡضِ جَمِيعًا ﴾ الجاثية: ١٣

अर्थ : जे-जाति कुरा आकाशहरूमा छन् र जे-जाति धरतीमा छन्, त्यसले ती सबैलाई आफ्नो तर्फबाट तिम्रो अधिकारमा लगाइराखेको छ । ( सूरतुल् जासिया १३ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ ٱللَّهُ ٱلَّذِي خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضَ وَأَنزَلَ مِنَ ٱلسَّمَآءِ مَآءً فَأَخۡرَجَ بِهِۦ مِنَ ٱلثَّمَرَٰتِ رِزۡقًا لَّكُمۡۖ وَسَخَّرَ لَكُمُ ٱلۡفُلۡكَ لِتَجۡرِيَ فِي ٱلۡبَحۡرِ بِأَمۡرِهِۦۖ وَسَخَّرَ لَكُمُ ٱلۡأَنۡهَٰرَ ٣٢ وَسَخَّرَ لَكُمُ ٱلشَّمۡسَ وَٱلۡقَمَرَ دَآئِبَيۡنِۖ وَسَخَّرَ لَكُمُ ٱلَّيۡلَ وَٱلنَّهَارَ ٣٣ وَءَاتَىٰكُم مِّن

كُلِّ مَا سَأَلْتُمُوهُ ۚ وَإِن تَعُدُّوا نِعْمَتَ ٱللَّهِ لَا تُحْصُوهَآ ۗ إِنَّ ٱلْإِنسَٰنَ لَظَلُومٌ كَفَّارٌ ﴿٣٤﴾ إبراهيم: ٣٢ - ٣٤

अर्थ : अल्लाह त्यो हो, जसले पृथ्वी र आकाशलाई निर्माण गरेको छ । र आकाशबाट वर्षा बर्साएर तिम्रो जीविकाको लागि फल निकालेको छ र, डुङ्गाहरूलाई तिम्रो अधीनमा गरिदिएको छ, कि समुद्रहरूमा उसको आदेशबाट हिलडुल गरुन् उसैले खोला र नहरहरू तिम्रो अधीनमा गरिदिएको छ । उसैले तिम्रा लागि चन्द्र र सूर्यलाई अधिनस्थ गरिदिएको छ, कि सधै नै गतिशील भइरहेका छन् र रात, दिनलाई पनि तिम्रो कार्यमा लगाई राखेको छ । उसैले तिमीलाई तिम्रो इच्छित सबै वस्तु दिइराखेको छ । यदि तिमीले अल्लाहको परोपकार गन्न चाहन्छौ भने तिमी पूरै गन्न पनि सक्तैनौ । नि:सन्देह मानिस ज्यादैनै अन्यायकारी र कृतघ्न छन् । ( सूरतु इब्राहीम ३२-३४ )

२- यसलेगर्दा पनि कि आकाशहरू र पृथ्वीहरू र ती सबै जुन यस ब्रहमाण्डमा छन् सबै अल्लाहको स्वामित्वको गवाह होउन्, र त्यसको

www.alukah.net إهداء من شبكة الألوكة

स्वामित्व र एकत्वमाथि बुद्धिजीविहरूको लागि चिन्ह पनि, किनकि यस संसारमा सर्वोत्कृष्ट कुरो त्यसको स्वामित्वमा विश्वास गर्नु र त्यसको स्वामित्वमाथि आस्था राख्नु हो, र यो ठूलो र महान एवं सर्वोत्कृष्ट कुरो हुनुको कारण नै अल्लाहले यसमाथि सर्वोत्कृष्ट गवाह र चिन्हहरू उभ्यायो, र त्यसैको माध्यमले परिपूर्ण तरिकाले प्रमाणीकरण पनि गऱ्यो, यसर्थ अल्लाहले आकाशहरू र पृथ्वी र जेजति ती दुवैको बीचमा छन् सबैलाई सृष्टि गऱ्यो ताकि समग्र उसको एकत्व र स्वामित्वमाथि साक्षी रहुन् । अल्लाहको फर्मान छ :

﴿ وَمِنْ ءَايَـٰتِهِۦ خَلْقُ ٱلسَّمَـٰوَٰتِ وَٱلْأَرْضِ وَٱخْتِلَـٰفُ
أَلْسِنَتِكُمْ وَأَلْوَٰنِكُمْ ۚ إِنَّ فِى ذَٰلِكَ لَـَٔايَـٰتٍ لِّلْعَـٰلِمِينَ ﴿٢٢﴾
وَمِنْ ءَايَـٰتِهِۦ مَنَامُكُم بِٱلَّيْلِ وَٱلنَّهَارِ وَٱبْتِغَآؤُكُم مِّن
فَضْلِهِۦٓ ۚ إِنَّ فِى ذَٰلِكَ لَـَٔايَـٰتٍ لِّقَوْمٍ يَسْمَعُونَ ﴿٢٣﴾
وَمِنْ ءَايَـٰتِهِۦ يُرِيكُمُ ٱلْبَرْقَ خَوْفًا وَطَمَعًا وَيُنَزِّلُ مِنَ
ٱلسَّمَآءِ مَآءً فَيُحْىِۦ بِهِ ٱلْأَرْضَ بَعْدَ مَوْتِهَآ ۚ إِنَّ فِى
ذَٰلِكَ لَـَٔايَـٰتٍ لِّقَوْمٍ يَعْقِلُونَ ﴿٢٤﴾ وَمِنْ ءَايَـٰتِهِۦٓ أَن تَقُومَ

ٱلسَّمَآءُ وَٱلْأَرْضُ بِأَمْرِهِۦۚ ثُمَّ إِذَا دَعَاكُمْ دَعْوَةً مِّنَ ٱلْأَرْضِ إِذَآ أَنتُمْ تَخْرُجُونَ ﴿٢٥﴾ الروم: ٢٢ - ٢٥

अर्थ : उसको क्षमताका निशानीहरूमध्ये आकाशहरू र धरतीको सृजना र तिम्रो भाषा र तिम्रा रंगहरूको विविधता पनि हो । निःसन्देह यसमा ज्ञानी र चिन्तनशीलहरूको निम्ति धेरै निशानीहरू छन् । र उसको शक्तिको निशानीहरूमध्ये राती र दिनको निंद्रा पनि हो र उसको अनुग्रह (जीविका) लाई तिमीले तलाश गर्नु पनि हो । निश्चय नै यसमा निशानीहरू छन्, ती मानिसहरूको निम्ति जो सुन्दछन् । र उसकै निशानीहरूमध्ये एक यो पनि हो कि उसले तिमीलाई बिजुलीको चमक, भय र आशा उत्पन्न गर्नको निम्ति देखाउँछ र आकाशबाट पानी वर्षाउँछ । त्यसबाट निर्जीव धरतीलाई जीवन प्रदान गर्दछ । यसमा पनि बुद्धिमानहरूका निम्ति धेरै निशानीहरू छन् । र आर्को निशानी यो पनि छ कि आकाश र धरती उसैको आदेशले कायम छन् । अनि जब उसले तिमीलाई आवाज दिनेछ, तब एउटै आवाजबाट तिमी तुरुन्तै धरतीबाट निस्किहाल्ने छौ । ( सूरतुर्रूम २२-२५ )

३- र यसकारण पनि समस्तलाई उत्पन्न गऱ्यो ताकि समग्र पुनर्जन्ममाथि साक्षी रहुन्, किनकि अल्लाहले दुई जीवन निर्धारित गरेको छ जस मध्ये एउटा सांसारिक जीवन हो र आर्को परलोकको जीवन, र परलोकको जीवन नै वास्तविक र चिरञ्जीवी जीवन हो । जस्तोकि अल्लाहको भनाई छ :

﴿ وَمَا هَٰذِهِ ٱلْحَيَوٰةُ ٱلدُّنْيَآ إِلَّا لَهْوٌ وَلَعِبٌ ۚ وَإِنَّ ٱلدَّارَ ٱلْـَٔاخِرَةَ لَهِىَ ٱلْحَيَوَانُ ۚ لَوْ كَانُوا۟ يَعْلَمُونَ ﴿٦٤﴾ ﴾

العنكبوت: ٦٤

अर्थ : र यो सांसारिक जीवन त मात्र खेल तमाशा हो । निःसन्देह आखिरतको घरको जीवन नै वास्तविक जीवन हो । उनीहरूले यो बुझ्ने भए कति राम्रो हुने थियो । ( सूरतुल् अन्कबूत ६४ )

कनिकि परलौकिक जीवनमा नै हिसाब किताब र कर्महरूको लेखाजोखा हुनेवाला छ, र यसै जीवनमा नै स्वर्गीयहरूलाई स्थायी अनुकम्पाहरूमा प्रवेश गराइन्छ, र नर्कीयहरूलाई स्थायी यातनामा प्रविष्ट गराइन्छ ।

त जब यस सदैंवको घर सम्म मनुष्य तबसम्म पुग्न सक्दैन जबसम्म त्यसको मृत्यु नहोस् अनि पुनः जीवित नगराइयोस्, यसलेगर्दा ती समस्त मनुष्यहरूले यस जीवनको इन्कारी बने जसको संलग्नता उसको प्रतिपालकबाट अवरुद्ध भयो, र त्यसको प्रकृतिक स्वभाव उल्टियो, र त्यसको मस्तिष्क र मनीष भ्रष्ट भयो, यसलेगर्दा नै अल्लाहले यस कुरामाथि महान र विशिष्ट प्रमाणहरूद्वारा प्रमाणीकरण गऱ्यो जसलेगर्दा समस्त प्राणीहरू पुनर्जन्ममाथि विश्वास गरुन्, र हृदयहरू त्यसैमा सुदृढ रहुन्, किनकि पुनः जीवन दिनु पहिलो पटक जीवन दिनुभन्दा सरल हुन्छ, बरु आकाश र पृथ्वीको सृष्टि गर्नु मनुष्यलाई पुनः जीवित गर्नुभन्दा अति महानतम् कार्य हो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَهُوَ ٱلَّذِى يَبْدَؤُاْ ٱلْخَلْقَ ثُمَّ يُعِيدُهُۥ وَهُوَ أَهْوَنُ عَلَيْهِ ﴾ الروم: ٢٧

अर्थ : र उही त हो जसले सर्व प्रथम सृष्टिको आरम्भ गर्दछ । अनि उसैले उसको पुनरावृत्ति गर्नेछ । यो उसको निम्ति धेरै सजिलो छ । ( सूरतुर्रूम २७ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ لَخَلْقُ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ أَكْبَرُ مِنْ خَلْقِ ٱلنَّاسِ ﴾ غافر: ٥٧

अर्थ : निःसन्देह आकाशहरू र धरतीहरूको सृष्टि गर्नु, मानिसहरूको सृष्टि गर्नुभन्दा धेरै ठूलो काम हो । ( सूरतु गाफिर ५७ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ ٱللَّهُ ٱلَّذِى رَفَعَ ٱلسَّمَٰوَٰتِ بِغَيْرِ عَمَدٍ تَرَوْنَهَا ۖ ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ ۖ وَسَخَّرَ ٱلشَّمْسَ وَٱلْقَمَرَ ۖ كُلٌّ يَجْرِى لِأَجَلٍ مُّسَمًّى ۚ يُدَبِّرُ ٱلْأَمْرَ يُفَصِّلُ ٱلْءَايَٰتِ لَعَلَّكُم بِلِقَآءِ رَبِّكُمْ تُوقِنُونَ ﴿٢﴾ ﴾ الرعد: ٢

अर्थ : अल्लाह त्यो नै हो जसले आकाशहरूलाई बिना खम्बा ठड्याइदिएको छ, जसलाई तिमी देखिरहेका छौ , फेरि ऊ अर्श ( सिंहासन) माथि उच्च छ । उसैले सूर्य र चन्द्रलाई आफ्नो अधीनमा राखिराखेको छ । हरेक निश्चित प्रक्रियामा गतिशील छन्, उसैले सबै कार्यको उपाय गर्छ । उसले आफ्ना प्रमाण-प्रतीकहरू स्पष्टरूपमा बयान गरिरहेको

छ, कि तिमी आफ्नो पालनहारसँगको भेटलाई विश्वास गरिहाल । ( सूरतुर्रअद २ )

**फेरि हे मानवगण !** जब समस्त ब्रह्माण्ड र जेजति त्यसमा छन् मात्र तिम्रै लागि सृष्टि गरेको छ र यसका समस्त प्रमाण एवं प्रतीकहरू तिम्रो सामु यो गवाही दिइसकेका छन् कि त्यस एक अल्लाह बाहेक कोही पनि सत्य पूज्य छैन, त्यो एक्लै छ त्यसको कोही समकक्षी र साझीदार छैन, र जब तिमीलाई यो ज्ञात भयो कि तिम्रो पुनर्जन्म तिम्रो मृत्य भए पश्चात त्यसको लागि अति सरल छ जसले आकाशहरू र पृथ्वीलाई उत्पन्न गरेको छ, र यो तय छ कि तिमी आफ्नो प्रतिपालकसित भेट्नेछौ अनि तिम्रा समस्त कमहरूको तिमीसित सोधपूछ गर्नेछ, र जब तिमीलाई यो पनि ज्ञान भयो कि यो समस्त ब्रह्माण्ड आफ्नो पालनकर्ताको स्तुतिमा व्यस्त छ र जेजति सृष्टि मध्येका छन् सबै त्यसैको स्तुति र गुणगान गरिरहेका छन् । अल्लाहको फर्मान छ :

﴿ يُسَبِّحُ لِلَّهِ مَا فِي ٱلسَّمَٰوَٰتِ وَمَا فِي ٱلۡأَرۡضِ ﴾ الجمعة: ١

www.alukah.net إهداء من شبكة الألوكة

अर्थ : आकाशहरू र धरतीमा भएका सबै कुराले अल्लाहको पवित्रताको गुणगान गर्छन् । ( सूरतुल् जुमुअः १ )

र त्यसलाई ढोग गरिराखेका छन्, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ أَلَمۡ تَرَ أَنَّ ٱللَّهَ يَسۡجُدُۤ لَهُۥ مَن فِي ٱلسَّمَٰوَٰتِ وَمَن فِي ٱلۡأَرۡضِ وَٱلشَّمۡسُ وَٱلۡقَمَرُ وَٱلنُّجُومُ وَٱلۡجِبَالُ وَٱلشَّجَرُ وَٱلدَّوَآبُّ وَكَثِيرٞ مِّنَ ٱلنَّاسِۖ وَكَثِيرٌ حَقَّ عَلَيۡهِ ٱلۡعَذَابُۗ ﴾ الحج: ١٨

अर्थ : के तिमीले देखेनौ कि आकाशहरूमा भएका र पृथ्वीमा भएकाहरू सूर्य र चन्द्र र ताराहरू र पहाडहरू र रुखहरू र चौपायाहरू र धेरै जसो मानिसहरू अल्लाहलाई ढोग्दैछन् र धेरै यस्ता छन्, जसको सम्बन्धमा यातना प्रमाणित भइसकेको छ । ( सूरतुल् हज्ज १८ )

बरु यो समस्त विश्वमा भएका सबै त्यसको पूजा अराधना यस प्रकारले गरिरहेका छन् जुन उनीहरूको लागि उपयुक्त छ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ أَلَمْ تَرَ أَنَّ ٱللَّهَ يُسَبِّحُ لَهُۥ مَن فِى ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ وَٱلطَّيْرُ صَٰٓفَّٰتٍۢ ۖ كُلٌّ قَدْ عَلِمَ صَلَاتَهُۥ وَتَسْبِيحَهُۥ ۗ وَٱللَّهُ عَلِيمٌۢ بِمَا يَفْعَلُونَ ﴾ النور: ٤١

अर्थ : के तिमीले देखेनौ, कि आकाश र पृथ्वीका सबै प्राणी र पखेटा फिंजाएर उड्ने सबै पंक्षी पनि अल्लाहको स्तुतिमा व्यस्त छन् सबैको नमाज र स्तुति उसलाई थाहा छ । र मानिसहरू जे गर्दछन् सबै अल्लाहलाई थाहा छ । ( सूरतुन्नूर ४१ )

र जब तिम्रो शरीर त्यसै व्यवस्थापनमा कार्यरत छ जुन त्यसको पालनकर्ताले त्यसको लागि निर्धारित र व्यवस्थित गरेको छ, यसर्थ हृदय, दुवै फोक्सो, मुटु, र समस्त इन्द्रियहरू आफ्नो प्रतिपालकलाई नतमस्तक हुन्छन् र आफूलाई त्यसको नियंत्रणमा दिइसकेका छन्...। त जब तिमीलाई यो अखितयारी दिइयो कि चाहे तिमी आफ्नो पालनकर्तामाथि विश्वास गर वा त्यसको इन्कारी बन, त के तिमी त्यसको अवज्ञा र इन्कार गर्नुलाई नै चयन गर्दछौ, र त्यस सुमार्गलाई छाडिदिन्छौ

जसमाथि यो ब्रह्माण्ड र स्वयम् तिम्रो शरीर पनि प्रचलित छ ।
निःसन्देह परिपूर्ण विवेकी र मनीषी त्यो मान्छे नै हो जुन यस ब्रह्माण्डको वास्तविक उपभोगकर्ता होस् र त्यसैको पदचिन्हमा हिंडेर वास्तविक आनन्द प्राप्त गर्नेवाला होस् ।

## मनुष्यको सृष्टि र त्यसको सम्मान

अल्लाहले यो निर्णय गऱ्यो कि यस संसारको बासिन्दाको रूपमा एउटा नौलो सृष्टिलाई उत्पात गरोस् र त्यो सृष्टि होः मानवजाति, र अल्लाहले आफ्नो तत्वज्ञानलेगर्दा यो निर्धारित गऱ्यो कि यस सृष्टिलाई जुन तथ्यबाट निर्माण गरिन्छ त्यो यो पृथ्वी नै हुनेछ, अनि माटोबाट त्यसको निर्माण आरम्भ गऱ्यो, अनि त्यसको यो सुन्दर र आकर्षक आकार बनायो जसमा आज मानव छ, अनि जब त्यसको आकारलाई सुग्घर र सुन्दर गरी परिपूर्ण गरिहाल्यो त त्यसमा आफ्नो आत्मा फूँक्यो, अनि त्यो सुन्दर र सर्वोत्तम रूपको सुन्ने हेर्ने, र बोल्ने एवं हिलडुल गर्नेवाला मानिस भएर उभ्यो, अनि त्यसको पालनकर्ता र स्रष्टाले त्यसलाई आफ्नो स्वर्गमा बसोबास गर्ने सौभाग्य प्रदान गऱ्यो, र त्यसलाई ती सबै कुराहरू सिकायो

जसको त्यसलाई आवश्यकता थियो, र त्यसको लागि स्वर्गमा भएका समग्र अनुकम्पाबाट लाभान्वित हुने आदेश पनि गऱ्यो तर एउटा रुखबाट मनाही गऱ्यो त्यसको परिक्षा गर्नुको उद्देश्यले, र अल्लाहले त्यसको प्रतिष्ठा र मर्यादालाई सुदर्शित गर्ने मन बनायो, अनि सबै फरिश्ता (स्वर्गदूत) हरूलाई त्यसको ढोग गर्ने आदेश सुनायो, अनि समस्त स्वर्गदूतहरूले त्यसलाई ढोग गरे तर अहंकारलेगर्दा इब्लीसले ढोग गर्नुबाट इन्कार गऱ्यो, त त्यसमाथि त्यसको पालनकर्ता अति क्रोधित भयो किनकि त्यसले आफ्नो प्रतिपालकको अवज्ञा गऱ्यो, अनि इब्लीसलाई त्यसको अहंकारको कारण आफ्नो दयाबाट वंचित गरी तिरस्कृत गरिदियो, अनि इब्लीसले आफ्नो पालनकर्तासित निवेदन गऱ्यो कि त्यसलाई प्रलय सम्मको अवकाश दिइयोस् र त्यसको उमेरलाई लामो गरियोस्, त त्यसको पालनकर्ताले त्यसलाई प्रलय सम्मको अवकाश अर्थात छूट प्रदान गऱ्यो, र त्यसको उमेरलाई प्रलय सम्मको लागि बढाइदियो, त इब्लीस आदमसित ईर्ष्या गर्न लाग्यो यस कुरामा कि अल्लाहले आदम र उहाँका सन्ततिलाई

इब्लीसमाथि श्रेष्ठता प्रदान गरिदियो, अनि इब्लीसले आफ्नो रब (पालनकर्ता) को शपथ लियो कि त्यो आदमका सन्तानहरूलाई पथभ्रमित अवश्य गर्नेछ, र उनीहरूलाई फकाउन र दिग्भ्रन्त गर्नुको लागि उनीहरूको अगाडि पछाडि दायाँ देब्रे चारैतिरबाट आउनेछ, मात्र ती मान्छेहरू बाहेक जुन अल्लाहका सदाचारी र सत्यनिष्ठ हुनेछन्, किनकि अल्लाहले यी सत्यनिष्ठहरूलाई शैतान इब्लीसको कौतुहलता र क्षलको जालबाट सुरक्षित गरिदिएको हुन्छ । र अल्लाहले आदमलाई शैतानको क्षलबाट सचेत गरिदियो, अनि शैतानले आदम र उनकी स्वास्नी हौवाको हृदयमा कौतुहलता सृजना गरिदियो ताकि उनीहरूलाई स्वर्गभित्रबाट निष्कासित गराओस्, र उनीहरूका गुप्ताङ्गहरू जुनकि अदृश्य थिए जाहेर भइहालोस्, अनि इब्लीसले दुवैसित अल्लाहको शपथ लिंदै भन्यो: म तिमीहरूको शुभचिन्तक र हितैषी हूँ, यसर्थ मैले भनेको कुरो मान, र यस रुखबाट खाइहाल, र जुन अल्लाहले तिमीहरूलाई यस रुखबाट खानुबाट मनाही गरेको छ त्यो मात्र यसकारणले हो

ताकि तिमीहरू यस स्वर्गका स्वर्गदूत नभइहाल वा सदैंवको लागि स्वर्गबासी नभइहाल ।
अनि त्यसको फकाइमा आएर दुवैले त्यस निषेधित वृक्षबाट खाइहाले, अनि अल्लाहको अवज्ञा गर्नुको कारण उनीहरूमाथि अल्लाहको पहिलो प्रकोपको रूपमा उनीहरूका गुप्ताङ्गहरू सुदर्शित भइहाले, अनि दुवैले अल्लाहको त्यस उपदेशको सम्झना गरे जसमा त्यसले उनीलाई शैतानको भ्रमजाल र क्षलबाट सावधान गरेको थियो, अनि आदम अल्लाहसित क्षमायाचना गर्नथाले, अनि अल्लाहले उहाँलाई क्षमादान दियो र उहाँलाई मनोनीत गरेर सुमार्गतिर प्रवृत्त गरिदियो, र आदेश गऱ्यो कि त्यस स्वर्गबाट जसमा तिमीहरू बसोबास गरिराखेका थियौ धरतीतर्फ भरिहाल, जुन धरती तिम्रो बासस्थान हुनेछ र त्यसमा जीवन व्यतीत गरिने समस्त साधनहरू पनि प्रशस्त छन् जुन अल्लाहले निर्धारित गरेको समयसीमा सम्मको लागि प्रयाप्त हुनेछ, र अल्लाहले आदमलाई यो पनि खबर दियो कि त्यसले आदमलाई त्यसै धरतीको माटोबाट सृष्टि गरेको छ र त्यसै धरतीमाथि उहाँलाई जीवन

व्यतीत गर्नुछ र मरणोपरान्त त्यसै धरतीभित्र जानुछ, अनि त्यसैबाट पुनः जीवित गराइनेछ । अनि आदम र उहाँकी श्रीमती हौवा दुवैजना धरतीतर्फ प्रस्थान गरे, र उनीहरूको सन्ततिमा प्रगति र उन्नति हुँदैरह्यो, र ती सबै अल्लाहको पूजा अराधना त्यसै तरिकाले गर्दै रहे जसरी अल्लाहले आदेश गरेको थियो किनकि आदम अलैहिस्सलाम स्वयम् नै एउटा सन्देष्टा थिए । र अल्लाहले यस वृतान्तलाई पवित्र कुरआनको माध्यमले हामीलाई यसरी खबर दिएको छ :

﴿ وَلَقَدۡ خَلَقۡنَٰكُمۡ ثُمَّ صَوَّرۡنَٰكُمۡ ثُمَّ قُلۡنَا لِلۡمَلَٰٓئِكَةِ
ٱسۡجُدُواْ لِأٓدَمَ فَسَجَدُوٓاْ إِلَّآ إِبۡلِيسَ لَمۡ يَكُن مِّنَ
ٱلسَّٰجِدِينَ ١١ قَالَ مَا مَنَعَكَ أَلَّا تَسۡجُدَ إِذۡ أَمَرۡتُكَۖ قَالَ أَنَا۠ خَيۡرٞ
مِّنۡهُ خَلَقۡتَنِي مِن نَّارٖ وَخَلَقۡتَهُۥ مِن طِينٖ ١٢ قَالَ فَٱهۡبِطۡ مِنۡهَا فَمَا
يَكُونُ لَكَ أَن تَتَكَبَّرَ فِيهَا فَٱخۡرُجۡ إِنَّكَ مِنَ ٱلصَّٰغِرِينَ ١٣ قَالَ
أَنظِرۡنِيٓ إِلَىٰ يَوۡمِ يُبۡعَثُونَ ١٤ قَالَ إِنَّكَ مِنَ ٱلۡمُنظَرِينَ ١٥ قَالَ
فَبِمَآ أَغۡوَيۡتَنِي لَأَقۡعُدَنَّ لَهُمۡ صِرَٰطَكَ ٱلۡمُسۡتَقِيمَ ١٦ ثُمَّ لَأٓتِيَنَّهُم

مِّنۢ بَيۡنِ أَيۡدِيهِمۡ وَمِنۡ خَلۡفِهِمۡ وَعَنۡ أَيۡمَٰنِهِمۡ وَعَن شَمَآئِلِهِمۡۖ وَلَا تَجِدُ
أَكۡثَرَهُمۡ شَٰكِرِينَ ﴿١٧﴾ قَالَ ٱخۡرُجۡ مِنۡهَا مَذۡءُومٗا مَّدۡحُورٗاۖ لَّمَن
تَبِعَكَ مِنۡهُمۡ لَأَمۡلَأَنَّ جَهَنَّمَ مِنكُمۡ أَجۡمَعِينَ ﴿١٨﴾ وَيَٰٓـَٔادَمُ ٱسۡكُنۡ
أَنتَ وَزَوۡجُكَ ٱلۡجَنَّةَ فَكُلَا مِنۡ حَيۡثُ شِئۡتُمَا وَلَا تَقۡرَبَا هَٰذِهِ ٱلشَّجَرَةَ
فَتَكُونَا مِنَ ٱلظَّٰلِمِينَ ﴿١٩﴾ فَوَسۡوَسَ لَهُمَا ٱلشَّيۡطَٰنُ لِيُبۡدِيَ لَهُمَا
مَا وُۥرِيَ عَنۡهُمَا مِن سَوۡءَٰتِهِمَا وَقَالَ مَا نَهَىٰكُمَا رَبُّكُمَا عَنۡ هَٰذِهِ
ٱلشَّجَرَةِ إِلَّآ أَن تَكُونَا مَلَكَيۡنِ أَوۡ تَكُونَا مِنَ ٱلۡخَٰلِدِينَ ﴿٢٠﴾
وَقَاسَمَهُمَآ إِنِّي لَكُمَا لَمِنَ ٱلنَّٰصِحِينَ ﴿٢١﴾ فَدَلَّىٰهُمَا بِغُرُورٖۚ
فَلَمَّا ذَاقَا ٱلشَّجَرَةَ بَدَتۡ لَهُمَا سَوۡءَٰتُهُمَا وَطَفِقَا يَخۡصِفَانِ
عَلَيۡهِمَا مِن وَرَقِ ٱلۡجَنَّةِۖ وَنَادَىٰهُمَا رَبُّهُمَآ أَلَمۡ أَنۡهَكُمَا عَن تِلۡكُمَا
ٱلشَّجَرَةِ وَأَقُل لَّكُمَآ إِنَّ ٱلشَّيۡطَٰنَ لَكُمَا عَدُوّٞ مُّبِينٞ ﴿٢٢﴾ قَالَا رَبَّنَا
ظَلَمۡنَآ أَنفُسَنَا وَإِن لَّمۡ تَغۡفِرۡ لَنَا وَتَرۡحَمۡنَا لَنَكُونَنَّ مِنَ
ٱلۡخَٰسِرِينَ ﴿٢٣﴾ قَالَ ٱهۡبِطُواْ بَعۡضُكُمۡ لِبَعۡضٍ عَدُوّٞۖ وَلَكُمۡ فِي

ٱلْأَرْضِ مُسْتَقَرٌّ وَمَتَٰعٌ إِلَىٰ حِينٍ ﴿٢٤﴾ قَالَ فِيهَا تَحْيَوْنَ

وَفِيهَا تَمُوتُونَ وَمِنْهَا تُخْرَجُونَ ﴿٢٥﴾ ﴾ الأعراف: ١١ - ٢٥

अर्थ : र हामीले तिमीलाई सृष्टि गऱ्यौं, अनि तिम्रो रूप आकार बनायौं तर त्यसपछि फरिश्ताहरूलाई आदेश गऱ्यौं कि आदमको अगाडि ढोग, र सबैले ढोगे, तर इब्लीस ( शैतानहरूका नायक) ढोग्नेहरूमा शामिल भएन । अल्लाहले भन्यो "तिमी हौ जस्ले ढोगेनौ तिमीलाई यसबाट कुन कुराले रोक्यो जब कि मैले तिमीलाई आदेश गरें ?" उसले भन्यो: कि, "म त्यसभन्दा श्रेष्ठ छु । मलाई तपाईले आगोबाट सृष्टि गर्नु भएको हो र उसलाई माटोबाट ।" अल्लाहले आदेश गऱ्यो तँ आकाशबाट तल झरिहाल तँलाई उचित छैन कि यहाँ घमण्ड गर तसर्थ गइहाल । तँ ती व्यक्तिहरूमध्येको होस् जसले स्वयं आफ्नो अपमान चाहन्छ । उसले भन्यो: कि, मलाई कयामत (प्रलय)को दिनसम्म छूट प्रदान गरिदिनुस्, अल्लाहले भन्यो: ठीक छ, "तँलाई छूट प्रदान गरिन्छ ।" अनि शैतानले भन्यो कि जस प्रकार तपाईले मलाई तिरस्कृत गर्नुभयो म शपथलिन्छु कि तिम्रो सोझो बाटोबाट

उनीहरूलाई मार्ग बिचलित गर्नको लागि घातलगाई बसिराख्ने छु । अनि तिनका अगाडि र पछाडि र दायाँ र बायाँ चारैतिरबाट उनीहरूमाथि आक्रमण गर्ने छु । र तिमीले तिनीहरूमध्ये धेरैलाई कृतज्ञ पाउँने छैनौं । अल्लाहले आदेश गर्‍यो, "निक्ली हाल" यहाँबाट, घृणित र अपमानित भएर । निःसन्देह तिनीहरूमध्ये जुन मानिसहरूले तेरो भनाई मान्ने छन् मैले तँलाई र तिनीहरूलाई नर्कमा हालेर नर्कलाई नै भरिदिनेछु ।"र हामीले आदेश दियौंकी हे आदम तिमी र तिम्रो श्रीमती दुवै यस वहिश्त (स्वर्ग) मा बसोबास गर जहाँ तिमीहरूलाई जुन कुरा खान मन पर्छ खाऊ तर त्यस रुख छेउ नजानु अन्यथा अन्यायी भइहाल्नेछौ । त्यसपछि शैतानले ती दुवैको मनमा कौतुहलको सृजन गरिदियो जसबाट तिनीहरूको गुप्ताङ्गहरू जुन एकअर्कासंग लुकाइएको थियो, तिनीहरूको अगाडि खोलिदेओस् । उसले भन्न थाल्यो कि, तिमीहरूलाई तिम्रो पालनकर्ताले यस रुखबाट मात्र यस कारणले रोकेको छ कि तिमी दुवै फरिश्ता (स्वर्गदूत) नबनिहाल वा तिमीहरूलाई शाश्वत अमरत्व प्राप्त भएर नजाओस् ।

तिनीहरूको समक्ष (शैतानले) शपथ खाएर भन्यो कि म तिम्रो हितैषी हूँ । यस प्रकार क्षल गरेर उसले ती दुवैलाई विस्तारै आफ्नो पापतिर आकृष्ट गरिहाल्यो । जब तिनीहरू दुवैले त्यस रुखको फलको स्वाद चाखे तब तिनीहरूका गुप्ताङ्गहरू एक अर्का अगाडि प्रकट भैहाले । र तिनीहरूले स्वर्गको पातबाट आफ्नो शरीर ढाँक्न थाले । त्यसपछि तिनका पालनकर्ताले तिनीहरूलाई सम्बोधन गर्दै भने कि, के मैले तिमीहरूलाई यस वृक्षबाट रोक लगाएको थिएन ? र भनेको थिएन कि, शैतान तिम्रो खुला रूपमा शत्रु हो ? दुवैले भन्न थाले कि, “हे हाम्रो रब हामीले आफ्नो लागी ठूलो नोक्सान गऱ्यौं, अब यदि तिमीले हामीलाई क्षमा गर्दैनौ र दया गर्दैनौ भने निश्चिय नै हामी घाटा पाउने मध्येका भैहाल्छौं । अल्लाहले आदेश गर्नुभयो, “तिमी सबै स्वर्गबाट तल झरिहाल । तिमीहरू एक अर्काको शत्रु भयौ र तिम्रो लागि एक निश्चित समयको लागि पृथ्वीमा बास र जीवनको लागि सामग्रीको व्यवस्था गरिएको छ ।” अरु आदेश भयो कि, “तिमीले त्यहीं जिन्दगी गुजार्नु र मर्नु पर्नेछ र

त्यसैबाट पून: (जीवित गराई) निकालिने छौं । ( सूरतुल् अअ्राफ ११-२५ )

त जब तपाई अल्लाहले सृष्टि गरेको मनुष्यको अविष्कृतीय कार्यको महानतामा ध्यान निदुहुन्छ कि केकस्तो तरिकाले त्यसलाई यस्तो सुन्दर र सर्वोत्तम आकार प्रदान गऱ्यो, र समस्त सम्मानजनक कुराहरूद्वारा सुसज्जित गऱ्यो जस मध्ये हुन्: बुद्धि, ज्ञान, बोल्ने शक्ति, व्याख्या गर्ने शक्ति, विशुद्ध आकार र सुन्दर रूप, सम्मानित र संतुलित शरीर, विज्ञानलाई विचार र प्रमाणद्वारा प्राप्त गर्ने क्षमता, सम्मानित र सर्वोत्तम शिष्टाचार एवं नैतिकता, जसरी अज्ञाकारिता सुकर्म र अनुशरण गर्ने रोजाई र त्यसलाई कार्यन्वयन गर्ने क्षमता प्रदान गऱ्यो, र त्यो मानवमाथि कैयौं आस्थाहरू गुज्रिसकका छन् जबकि त्यो भ्रुणको रूपमा आफ्नो आमाको गर्भाशयमा थियो, र यस्तो अवस्था पनि आउनेवाला छ कि त्यसमाथि स्वर्गमा स्वर्गदूत शान्तिदूत बनी प्रवेश गर्नेछ । अल्लाहको फर्मान छ :

﴿ ثُمَّ خَلَقْنَا ٱلنُّطْفَةَ عَلَقَةً فَخَلَقْنَا ٱلْعَلَقَةَ مُضْغَةً فَخَلَقْنَا ٱلْمُضْغَةَ عِظَٰمًا فَكَسَوْنَا ٱلْعِظَٰمَ لَحْمًا ثُمَّ

أَنشَأْنَٰهُ خَلْقًا ءَاخَرَ ۚ فَتَبَارَكَ ٱللَّهُ أَحْسَنُ ٱلْخَٰلِقِينَ ﴿١٤﴾

المؤمنون: ١٤

अर्थ : फेरि शुक्रको एउटा डल्लो बनायौं, फेरि डल्लोबाट भ्रुण बनायौं, अनि भ्रुणबाट हाडहरू बनायौं, अनि हाडहरूमाथि मासुको पत्र राख्यौं, अनि त्यसलाई नयाँ अकारमा बनाइदियौं तसर्थ अल्लाह साह्रै नै बर्कतवाला,(कल्याणकारी) सबभन्दा उत्तम स्रष्टा हो । ( सूरतुल् मोमनिून १४ )

यसर्थ यो संसार नगर हो र मनुष्य त्यसको नागरिक, र प्रत्येक वस्तु त्यसैको हितको लागि कार्यरत छ, र यस संसारका प्रत्येक वस्तुहरू त्यसैको सेवा सत्कारमा लागेका छन् । यसर्थ यी फरिश्ताहरू यस कार्यमा लगाइएका छन् कि मनुष्यको सुरक्षा पूर्ण दिनरातीमा गर्दै रहुन्, त केही स्वर्गदूतहरू यस कार्यमा खटाइएका छन् कि वर्षा र अन्न एवं बोटविरुवाद्वारा त्यसको जीविकाको उपाय गरुन्, र समस्त ग्रहहरू त्यसैको सेवामा लागेका छन्, र सूर्य चन्द्र र ताराहरूको एउटा समयसीमा र मार्ग निर्धारित छ जसमा यिनी अआफ्ना सीमामा रही कर्यरत छन् र मानवको जीविकाको सुरक्षा गरिरहेका छन्, र वायुमण्डल आफ्नो हवा र

हरीद्वारा र बादल एवं चराचुँगीद्वारा त्यसै मानवको सेवामा लागेको छ, र धरती पनि पूर्णरूपले मनुष्यको अधीनस्थ छ चाहे त्यसको जमिन होस् वा त्यसका पर्वतहरू, त्यसका समुन्द्रहरू होउन् वा त्यसका सरिताहरू, त्यसका रुखहरू होउन् वा त्यसका फलहरू वा जनावरहरू अर्थात जेजति धरतीमा छन् सबै मनुष्यको हितमा र सेवामा लागेका छन् ।* जस्तोकि अल्लाहको फर्मान छः

﴿ ٱللَّهُ ٱلَّذِى خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ وَأَنزَلَ مِنَ ٱلسَّمَآءِ مَآءً فَأَخْرَجَ بِهِۦ مِنَ ٱلثَّمَرَٰتِ رِزْقًا لَّكُمْ ۖ وَسَخَّرَ لَكُمُ ٱلْفُلْكَ لِتَجْرِىَ فِى ٱلْبَحْرِ بِأَمْرِهِۦ ۖ وَسَخَّرَ لَكُمُ ٱلْأَنْهَٰرَ ﴿٣٢﴾ وَسَخَّرَ لَكُمُ ٱلشَّمْسَ وَٱلْقَمَرَ دَآئِبَيْنِ ۖ وَسَخَّرَ لَكُمُ ٱلَّيْلَ وَٱلنَّهَارَ ﴿٣٣﴾ وَءَاتَىٰكُم مِّن كُلِّ مَا سَأَلْتُمُوهُ ۚ وَإِن تَعُدُّوا۟ نِعْمَتَ ٱللَّهِ لَا تُحْصُوهَآ ۗ إِنَّ ٱلْإِنسَٰنَ لَظَلُومٌ كَفَّارٌ ﴿٣٤﴾ ﴾ إبراهيم: ٣٢ - ٣٤

* मिफ्ताहो दारुस्सआदा भाग १ पे. ३२७,३२८ ।

अर्थ : अल्लाह त्यो हो, जसले पृथ्वी र आकाशलाई निर्माण गरेको छ । र आकाशबाट वर्षा बर्साएर तिम्रो जीविकाको लागि फल निकालेको छ र, डुङ्गाहरूलाई तिम्रो अधीनमा गरिदिएको छ, कि समुद्रहरूमा उसको आदेशबाट हिलडुल गरुन् उसैले खोला र नहरहरू तिम्रो अधीनमा गरिदिएको छ । उसैले तिम्रा लागि चन्द्र र सूर्यलाई अधिनस्थ गरिदिएको छ, कि सधै नै गतिशील भइरहेका छन् र रात, दिनलाई पनि तिम्रो कार्यमा लगाई राखेको छ । उसैले तिमीलाई तिम्रो इच्छित सबै वस्तु दिइराखेको छ । यदि तिमीले अल्लाहको परोपकार गन्न चाहन्छौ भने तिमी पूरै गन्न पनि सक्तैनौ । नि:सन्देह मानिस ज्यादैनै अन्यायकारी र कृतघ्न छन् । ( सूरतु इब्राहीम ३२-३४ )

र त्यसको सम्मानलाई परिपूर्ण गर्ने क्रममा अल्लाहले त्यसको लागि ती समस्त कुराको सृष्टि गऱ्यो जसको आवश्यकता त्यस मनुष्यलाई यस संसारिक जीवनमा पर्ने थियो र त्यो सबै साधनहरू पनि सृष्टि गरिदियो जसको माध्यमले त्यो परलोकमा उच्च श्रेणी प्राप्त गर्न सकोस्, यसर्थ त्यसतर्फ आफ्नो ग्रन्थहरू

अवतरण गर्‍यो, र त्यसतर्फ आफ्ना सन्देष्टाहरूलाई पठायो जुन त्यस साम् अल्लाहको विधान स्पष्ट पार्दछन् र त्यसैतर्फ मानवजातिलाई बोलाउँछन् ।

अनि त्यसैको जीउबाट त्यसको स्वास्नीलाई सृष्टि गर्‍यो (अर्थात आदमको शरीरबाट हौवालाई सृष्टि गर्‍यो), जसबाट त्यो सन्तुष्टि प्राप्त गर्छ र आफ्नो प्राकृतिक शारीरिक मानसिक र मनोवैज्ञानिक आवश्यकताहरू पूर्ण गर्छ यस अवस्थामा कि त्यो त्यसको सामीप्यतामा शान्ति र सन्तुष्टिको आभाष गर्छ, र दूवैजना एकआर्कासित मिलेर सन्तुष्टि र आनन्द एवं प्रेमभावको रसास्वादन गर्छन्, किनकि दुवैको शरीरको सृष्टिमा ती समस्त कुराहरूलाई राखिएको छ जुन एकआर्काको मानसिक मनोवैज्ञानिक र शारीरिक आवश्यकतालाई पूर्ण गरोस्, र दुवैको मिलापबाट आर्को नस्लको उत्पातको व्यवस्था र सुविधा पनि मिलाइएको छ, र दुवैको जीउमा यस खालका एहसास र भावनाहरू जागृत गरिएका छन् कि दुवैको मिलाप एवं संलग्नतामा जीउ र मनीषको सन्तुष्टि, हृदय र शरीरको सन्तुष्टि, जीवन र जीविकाको

स्थिरता, प्राण र आत्माको लगाव र स्नेह, र पुरुष एवं महिलाको एकनास सन्तुष्टि राखिएको छ ।
र अल्लाहले समस्त मानवजाति मध्ये आस्थावानहरूलाई विशिष्ट गऱ्यो, अनि उनीलाई आफ्नो मित्रहरू मध्येको बनायो, र उनीलाई अज्ञापालन गर्नुमा प्रेरित गऱ्यो, जुनकि त्यसको विधान बमोजिम कार्यरत रहन्छन्, ताकि आफ्नो पालनकर्ताको स्वर्गमा समीप्यता प्राप्त गर्न सकुन् ।
र ती आस्थावानहरू मध्ये वली र शहीद एवं दूत र सन्देष्टाहरूलाई मनोनीत गऱ्यो, र उनीहरूलाई यस संसारमा उत्कृष्टतम् अनुकम्पा प्रदान गऱ्यो जसबाट आत्मा प्रफुल्लित भइहाल्छ, र त्यो अनुकम्पा हो अल्लाहको पूजा अराधना र त्यसको आज्ञाकारिता र त्यससित वार्तालाप (कानेखुसी), र यस बाहेक अरु यस्ता अनुकम्पाको लागि तिनीहरूलाई विशिष्ट गऱ्यो जुन अरु कसैलाई प्राप्त हुँदैन जसमध्ये शान्ति, सन्तुष्टि, सौभाग्यता हुन्, बरु यसभन्दा महान अनुकम्पा यो हो कि उनीहरू त्यस सत्यमाथि कार्यरत रहन्छन् र त्यसमा आस्था राख्दछन् जसलाई

लिएर सन्देशवाहकहरू आएका छन्, अनि अल्लाहले यसको प्रतिफलको रूपमा परलौकिक जीवनमा उनीहरूको लागि यस्ता दीर्घकालीन र शाश्वत अनुकम्पाहरू र गरिमापूर्ण सफलता राखेको छ जुन त्यस अल्लाहको प्रतिष्ठा अनुकूल छ, र यी अनुकम्पाहरूद्वारा तिनीहरूलाई तिनीहरूको आस्था र निष्ठाको पुरस्कार प्रदान गर्नेछ ।

# महिलाको दर्जा र स्थान

इस्लाम धर्ममा महिलालाई जुन उच्चतम् दर्जा प्राप्त गरिएको छ त्यो दर्जा नत विगतको कुनै धर्ममा प्राप्त थियो नत त्यस पश्चातका धर्महरूमा, निःसन्देह इस्लामले पूर्ण मानवजातिलाई सम्मान र श्रेष्ठता प्रदान गरेको छ जसमा पुरुष र महिला एकनास छन्, यसर्थ यस संसारमा दुवै अल्लाहका निर्देशनहरूमा एकनास छन्, यस्तै परलोकमा त्यसको प्रतिफलको बराबर हकदार छन् । अल्लाहको फर्मान छ :

﴿ ۞ وَلَقَدۡ كَرَّمۡنَا بَنِيٓ ءَادَمَ ﴾ الإسراء: ٧٠

अर्थ : निश्चितरूपले हामीले आदमको सन्तानलाई धेरै मर्यादा प्रदान गर्‍यौं, ( सूरतुल् इस्रा ७० )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ ۞ وَقَضَىٰ رَبُّكَ أَلَّا تَعۡبُدُوٓاْ إِلَّآ إِيَّاهُ وَبِٱلۡوَٰلِدَيۡنِ إِحۡسَٰنًاۚ
إِمَّا يَبۡلُغَنَّ عِندَكَ ٱلۡكِبَرَ أَحَدُهُمَآ أَوۡ كِلَاهُمَا فَلَا تَقُل
لَّهُمَآ أُفّٖ وَلَا تَنۡهَرۡهُمَا وَقُل لَّهُمَا قَوۡلٗا كَرِيمٗا ٢٣

﴿ وَٱخۡفِضۡ لَهُمَا جَنَاحَ ٱلذُّلِّ مِنَ ٱلرَّحۡمَةِ وَقُل رَّبِّ ٱرۡحَمۡهُمَا كَمَا رَبَّيَانِي صَغِيرٗا ٢٤ ﴾ الإسراء: ٢٣ - ٢٤

अर्थ : र तिम्रो पालनकर्ताले स्पष्ट आदेश गरेको छ कि ऊ बाहेक तिमी कसैको पूजा नगर र आमा-बाबुको साथमा नम्र व्यवहार गर्दै गर यदि तिनीहरूमध्ये एउटा वा दुवै तिम्रो अगाडि वृद्ध अवस्थामा पुग्छन् भने तिनीहरूलाई तिरस्कृत नगर्नु नहप्काउनु अपितु तिनीहरूसँग सम्मानपूर्वक मर्यादित ढंगले कुराकानी गर्नु । र विनम्रतापूर्वक प्यारका साथ तिनीहरूको अगाडि सुशील भइराख र तिनीहरूको निम्ति प्रार्थना गर्ने गरः कि हे पालकर्ता जुन प्रकार कि तिनीहरूले मलाई बाल्यावस्थामा (मायाँले) पालन-पोषण गरेका छन्, तिमीले पनि तिनीहरूमाथि त्यस्तै दया गर । ( सूरतुल् इस्रा २३,२४ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ لِّلرِّجَالِ نَصِيبٞ مِّمَّا تَرَكَ ٱلۡوَٰلِدَانِ وَٱلۡأَقۡرَبُونَ وَلِلنِّسَآءِ نَصِيبٞ مِّمَّا تَرَكَ ٱلۡوَٰلِدَانِ وَٱلۡأَقۡرَبُونَ ٧ ﴾ النساء: ٧

अर्थ : जुन सम्पत्ति आमा बाबु र नातागोताले छाडी मर्दछन्, थोरै होस् अथवा धेरै, त्यसमा

लोग्ने मानिसको अंश छ र आईमाईहरूको पनि । ( सूरतुन्निसा ७ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَمَن يَعۡمَلۡ مِنَ ٱلصَّٰلِحَٰتِ مِن ذَكَرٍ أَوۡ أُنثَىٰ وَهُوَ مُؤۡمِنٞ فَأُوْلَٰٓئِكَ يَدۡخُلُونَ ٱلۡجَنَّةَ وَلَا يُظۡلَمُونَ نَقِيرٗا ١٢٤ ﴾ النساء: ١٢٤

अर्थ : जसले सत्कर्म गर्दछ, चाहे त्यो पुरुष होस् वा स्त्री, ईमान भएको छ भने यस्ता मानिसहरूले जन्नतमा प्रवेश पाउने छन् र तिनीहरू प्रति खजूरको गुठलीको फाँक बराबर (अलिकति) पनि अन्याय गरिने छैन । ( सूरतुन्निसा १२४ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَلَهُنَّ مِثۡلُ ٱلَّذِي عَلَيۡهِنَّ بِٱلۡمَعۡرُوفِۚ ﴾ البقرة: ٢٢٨

अर्थ : र नियम अनुसार स्वास्नीलाई पुरुषहरूमाथि अधिकार उस्तै छ जस्तो पुरुषहरूलाई स्वास्नीहरूमाथि छ । ( सूरतुल् बकर: २२८ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ فَٱسۡتَجَابَ لَهُمۡ رَبُّهُمۡ أَنِّي لَآ أُضِيعُ عَمَلَ عَٰمِلٖ مِّنكُم
مِّن ذَكَرٍ أَوۡ أُنثَىٰۖ ﴾ آل عمران: ١٩٥

अर्थ : तसर्थ तिनका रबले तिनको प्रार्थना स्वीकार गरिहाल्यो । कि तिमीमध्ये कर्तव्य गर्नेहरूको कामको चाहे त्यो नर होस् वा नारी, खेर फालिंदैन । धर्म र पुण्य कार्यमा तिमीहरू आपसमा एक अर्का जस्तै हौ । ( सूरतु आले इम्रान १९५ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَٱلۡمُؤۡمِنُونَ وَٱلۡمُؤۡمِنَٰتُ بَعۡضُهُمۡ أَوۡلِيَآءُ بَعۡضٖۚ ﴾ التوبة: ٧١

अर्थ : मोमिन पुरुष, स्त्रीहरू परस्पर एक–अर्काका सहायक र मित्र हुन् । (सूरतुत्तौब: ७१)

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ مَنۡ عَمِلَ صَٰلِحٗا مِّن ذَكَرٍ أَوۡ أُنثَىٰ وَهُوَ مُؤۡمِنٞ
فَلَنُحۡيِيَنَّهُۥ حَيَوٰةٗ طَيِّبَةٗۖ وَلَنَجۡزِيَنَّهُمۡ أَجۡرَهُم بِأَحۡسَنِ مَا
كَانُواْ يَعۡمَلُونَ ٩٧ ﴾ النحل: ٩٧

अर्थ : जुन व्यक्तिले सत्कर्म गर्दछ, पुरुष होस् वा स्त्री, र त्यो मोमिन पनि छ, त हामीले उसलाई (संसारमा) पवित्र (र) आरामको जीवन प्रदान गर्नेछौं र (आखिरतमा) तिनीहरूको राम्रो

कार्यको अत्यन्त राम्रो बदला पनि अवश्य नै दिनेछौं । ( सूरतुन् नहल ९७ )

त यो सम्मान जुन इस्लामद्वारा महिलालाई प्रदान गरिएको छ त्यसको उदाहरण कुनै अरु धर्म सम्प्रदाय अथवा कानूनमा मिल्दैन । रोमी सभ्यताले यो स्वीकृति प्रदान गऱ्यो कि महिला पुरुषको दासी हो, र त्यसको कुनै पनि हक अधिकार छैन, र रोममा एउटा भव्य समारोहको आयोजना गरियो जसमा महिला सम्बन्धि समस्याहरूको अनुसंधान र खोज गरियोस्, अनि यो निष्कर्षमा पुगियो कि महिला यस्तो प्राणी हो जसको जीउ नै छैन यसर्थ त्यो परलौकिक जीवनको हकदार नै छैन, र त्यो अपवित्र एवं घृणित प्राणी हो ।

र यस्तै महिला एथेन्समा गिरेको सम्पत्ति ठानिन्थ्यो, अनि त्यसलाई खरिद बिक्री गरिन्थ्यो, र त्यसलाई शैतानको अपवित्रताबाट उत्पादित गनिन्थ्यो ।

र भारतका सनातन धर्महरूको यो दृष्टि र धारणा थियो कि विपदा, मृत्यु, नर्क, सर्पको विष र आगो महिला भन्दा राम्रो छन्, र त्यसका सबै हक हुकूक त्यसको पतिको मृत्यु पश्चात सिद्धिन्थ्यो, र त्यसमाथि यो अनिवार्य

www.alukah.net إهداء من شبكة الألوكة

थियो कि जब त्यसको मृतक पतिको शव आगोमा जलाइयोस् त त्यो महिला पनि आफूलाई जीवितै त्यसै आगोमा हाम फलोस्, यदि त्यसले यस्तो गरेन भने त्यसलाई चारैतिरबाट तिरस्कारले घेरिहाल्थ्यो ।

र महिलाको अवस्था यहूदी धर्ममा कस्तो छ यसलाई जान्नुको लागि अहदनामा कदीम ( Old Testament ) को यस हुकुमलाई हेर्नुस्: " मैले र मेरो हृदयले तत्वदर्शिता र विवेकी कुराको खोज गर्न चाहें र यो जान्न चाहें कि बुराई त वास्तवमा अनभिज्ञता नै हो, र मूर्खता पागलपना, त मैले मृत्यु भन्दा अधिक कष्टमय एउटा कुरा भेटें, र त्यो हो महिला, जुनकि स्वयम् जाल हो र उसको हृदय पनि जाल हो र त्यसका हातहरू बाँध्ने वस्तु " ।*

यो थियो प्राचीनकालमा महिलाको अवस्था । र त्यसको अवस्था मध्यकालीन युगमा र वर्तमान युगमा के कस्तो छ निम्नका घटनाहरू त्यसलाई स्पष्ट पार्नेछन् !

* सफरुल् जामेअह, अल् इस्हाह ७: २५,२६, र यो थाहा नै छ कि Old Testament लाई यहूदी र ईसाईहरू कति प्रतिष्ठित मान्दछन् र त्यसैमा आस्था राख्दछन् ।

महिलाको अवस्थाको बारेमा डिन्मारकीय काथुलिक लेखक " Wieth Kordsten" ले यसरी व्यक्त गरेका छन् : " मध्यकालीन युगहरूमा यूरोपियन महिलाको अवस्था र त्यसका अधिकारहरू काथुलिक धर्मशास्त्रको कारण धेरै सीमित थिए, जसमा महिलाहरूलाई सृष्टिहरूको वर्गिकरण गर्ने क्रममा दोस्रो दर्जामा राखिएको थियो " । र फ्रान्समा सन् ५८६ ई.सं.मा एउटा भव्य समारोहको आयोजना गरियो जुन यसकुरामा विचार गरोस् कि महिला मानवजाति मध्येको हो कि होइन ? र विचार विर्मश पश्चात त्यस सभामा भेला भएकाहरूले यस कुरामा सहमत भए कि महिला पनि मानवजाति मध्येको हो तर त्यसलाई यसकारण सृष्टि गरिएको छ कि पुरुषको सेवा गरोस्, र फ्रानसको कानूनको धारा २१७ मा यो उल्लेखित छ कि " विवाहित महिला यदि यस्तो अवस्थामा छ कि त्यसको आफ्नो एकलौटि धन सम्पत्ति होस् र त्यसको पतिको पनि सम्पत्ति एकलौटि होस् तै पनि त्यस महिलालाई यो अधिकार प्राप्त छैन कि आफ्नो एकलौटि धन कसैलाई देओस् वा दान गरोस्, वा त्यसलाई धरौटिमा राखोस्, र कुनै

पनि अवस्थामा त्यो धनको हकदार हुँदैन यहाँसम्म कि त्यसको पति त्यसमा सहभागी होस् वा आफ्नो स्वीकृतिको लिखत देओस् " ।
र विलायतमा आठौं हुनरीले विलायती महिलामाथि पवित्र ग्रन्थ वर्जित गरिदिएको थियो, र सन् १८५० ई.सं. सम्म विलायती महिलालाई विलायतको नागरिक मानिदैन्थ्यो, र १८८२ ई.सं. सम्म उनीहरूलाई मौलिक अधिकार पनि प्राप्त थिएन ।*

र रह्यो कुरा वर्तमानमा आधुनिक महिलाको त यूरोप, अमेरिका आदि दीक्षित देशहरूमा महिलाहरूलाई घृणित र व्यापार व्यवसायमा काम लाग्ने सृष्टि मानिन्छ, किनकि त्यो व्यापारिक अभियान अथवा विज्ञापनको अटूट अंग हो, बरु अवस्था यहाँसम्म पुगिसकेको छ कि व्यापारिक सरसामानको विज्ञापन गर्नुको लागि त्यसलाई नि:वस्त्र पेश गरिन्छ, र त्यसको मान सम्मान र सतित्व र इज्जतलाई ग्राह्य र हलाल गरिसकिएको छ त्यस विधान बमोजिम जसलाई केही मूर्ख र वासनाका पूजारीहरूले बनाएका हुन्, ताकि त्यो उनीहरूको

* सिलसिलतु मुकारेनतुल अदियान, लेखक डा. अहमद शिब्ली भाग ३ पे. २१०,२१३ ।

वासनापूर्तिको लागि प्रत्येक श्रेत्रमा उपलब्ध र उपस्थित रहोस् ।

त यस महिलाको त्यस बखतसम्म हेरचाह गरिन्छ जब सम्म त्यो आफ्नो अगंप्रदर्शन अथवा शरीर एवं बुद्धि विवेकद्वारा उनीहरूलाई लाभ दिनुमाथि सामर्थ्य राख्दछे, तर जब त्यो महिला कमाई गर्न सक्दैन र त्यसको शरीर आकर्षणहीन भइहाल्छ अर्थात त्यो वृद्ध भइहाल्छे त यी वासनाका पूजारीहरू त्यसलाई आफ्नो कम्पनीहरूबाट निष्कासित गरिदिन्छन्, र समाज पनि त्यसलाई एकलै छाडिदिन्छ, अनि त्यो आफ्नो घरकोठामा एकलै भइहाल्छे वा मानसिक रोगी भई मानसिक अस्पतालमा पुग्दछे ।

महिलाको यस दुर्दशालाई त्यसबाट तुलना गर्नुस् जुन पवित्र कुरआनले वर्णन गरेको छ जबकि वास्तवमा दुवै बीच कुनै प्रकारको तुलना हुनै सक्दैन, किनकि जुन हक अधिकार कुरआनले महिलालाई प्रदान गरेको छ त्यसको बराबरी यी सभ्यताहरू कदापि गर्न सक्दैनन् । यी अल्लाहका आदेशहरूलाई हेर्नुस् !

﴿ وَٱلۡمُؤۡمِنُونَ وَٱلۡمُؤۡمِنَٰتُ بَعۡضُهُمۡ أَوۡلِيَآءُ بَعۡضٖۚ ﴾ التوبة: ٧١

अर्थ : मोमिन पुरुष, स्त्रीहरू परस्पर एक–अर्काका सहायक र मित्र हुन् । (सूरतुत्तौबः ७१)
र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَلَهُنَّ مِثْلُ ٱلَّذِى عَلَيْهِنَّ بِٱلْمَعْرُوفِ ﴾ البقرة: ٢٢٨

अर्थ : र नियम अनुसार स्वास्नीलाई पुरुषहरूमाथि अधिकार उस्तै छ जस्तो पुरुषहरूलाई स्वास्नीहरूमाथि छ । ( सूरतुल् बकरः २२८ )
र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ ۞ وَقَضَىٰ رَبُّكَ أَلَّا تَعْبُدُوٓا۟ إِلَّآ إِيَّاهُ وَبِٱلْوَٰلِدَيْنِ إِحْسَـٰنًا ۚ إِمَّا يَبْلُغَنَّ عِندَكَ ٱلْكِبَرَ أَحَدُهُمَآ أَوْ كِلَاهُمَا فَلَا تَقُل لَّهُمَآ أُفٍّ وَلَا تَنْهَرْهُمَا وَقُل لَّهُمَا قَوْلًا كَرِيمًا ﴿٢٣﴾ وَٱخْفِضْ لَهُمَا جَنَاحَ ٱلذُّلِّ مِنَ ٱلرَّحْمَةِ وَقُل رَّبِّ ٱرْحَمْهُمَا كَمَا رَبَّيَانِى صَغِيرًا ﴿٢٤﴾ ﴾ الإسراء: ٢٣ - ٢٤

अर्थ : र तिम्रो पालनकर्ताले स्पष्ट आदेश गरेको छ कि उ बाहेक तिमी कसैको पूजा नगर र आमा-बाबुको साथमा नम्र व्यवहार गर्दै गर यदि तिनीहरूमध्ये एउटा वा दुवै तिम्रो अगाडि वृद्ध अवस्थामा पुग्छन् भने तिनीहरूलाई तिरस्कृत नगर्नु नहप्काउनु अपितु

तिनीहरूसँग सम्मानपूर्वक मर्यादित ढंगले कुराकानी गर्नु । र विनम्रतापूर्वक प्यारका साथ तिनीहरूको अगाडि सुशील भइराख, र तिनीहरूको निम्ति प्रार्थना गर्ने गरः कि हे पालकर्ता जुन प्रकार कि तिनीहरूले मलाई बाल्यावस्थामा (मायाँले) पालन-पोषण गरेका छन्, तिमीले पनि तिनीहरूमाथि त्यस्तै दया गर । ( सूरतुल् इस्रा २३,२४ )

त जब त्यसको पालनकर्ता अल्लाहले यो प्रधानता प्रदान गरेर समस्त मानवजातिलाई यो स्पष्ट पारिदिएको छ कि अल्लाहले त्यसलाई यसकारण सृष्टि गरेको छ कि त्यो माता, स्वास्नी, छोरी, र दिदीबहिनीको रूपमा सम्मानित गरियोस्, र त्यसको लागि विशेष विधिहरू विशिष्ट गऱ्यो जुन मात्र त्यसैको लागि विशेष छन् ।

# मानव सृष्टिको तत्वदर्शिता

महान र पवित्र अल्लाहका मानवको सृष्टिमा यति तत्वदर्शिता नीहित छन् जसलाई आँकलन गर्नुबाट मनुष्यको अकल र मनीष असमर्थ छ, र जिब्रोहरू त्यसको विशेषता वर्णन गर्नुबाट असमर्थ छन्, तर हामी ती मध्ये केही तत्वदर्शितालाई वर्णन गर्ने प्रयास गर्दछौं जसमध्ये केही निम्न हुन् :

१- नि:सन्देह महान र गरिमावान अल्लाहका राम्रा राम्रा नामहरू छन् जसमध्ये गफूर (क्षमादाता), रहीम (कृपालु), अल्अफू (माफी दिनेवाला), हलीम (सहनशील) .... आदि हुन्, र यो कुरो आवश्यक थियो कि त्यसका नामहरूका प्रभाव एवं लक्षणहरू सुदर्शित होउन् तसर्थ अल्लाहले आफ्नो तत्वज्ञानले गर्दा यो तय गऱ्यो कि आदम र उहाँका सन्ततिहरू यस्तो ठाउँमा बसोबास गरुन् जहाँ तिनीहरूमाथि त्यसको सुन्दर नामहरूको प्रभाव सुदर्शित होस्, अनि जसलाई चाहोस् क्षमा गरिदेओस् र जसमाथि चाहोस् आफ्नो कृपा गरोस्, र जसलाई चाहोस् त्यसका त्रुटिहरू माफ गरोस्, र जसमाथि चाहोस् आफ्नो सहनशीलता प्रकट गरोस्, र यसरी आफ्नो

नाम र विशेषताहरूको प्रभावकारितालाई सुदर्शित गरोस् ।

२- यस कारण पनि कि अल्लाह नै स्पष्टरूपले सत्य सम्राट हो, र सम्राट त्यो नै हुन्छ जुन गर्ने नगर्ने आदेश गरोस्, र प्रतिफल र दण्ड देओस्, र सम्मानित एवं अपमानित गरोस्, र जसलाई चाहोस् अधिपत्य प्रदान गरोस् र जसलाई चाहोस् अभिशप्त गरोस्, यसर्थ त्यसको सत्ता र स्वामित्वलेगर्दा नै त्यसले आदम र उहाँका सन्तानहरूलाई यस्तो ठाउँमा प्रस्थान गरायो जहाँ उनीहरूमाथि त्यसका राजसत्ता एवं सम्राटत्वका आदेशहरू लागू होउन्, फेरि उनीहरूलाई यस्तो ठाउँमा सारोस् जहाँ उनीहरूलाई उनीहरूको कर्मको प्रतिफल एवं दण्ड मिलोस् ।

३- र यसकारण पनि कि अल्लाहले यो इच्छा गऱ्यो कि ती मानव मध्येबाट दूत र सन्देष्टा, मित्र र शहीदहरू चयन गरोस् जुन त्यसलाई प्रेम गरुन् र त्यो उनीलाई प्रेम गरोस्, अनि उनीहरूलाई उनीहरूका शत्रुहरू बीच छाडिदियो ताकि उनीहरूको परीक्षा लेओस्, अनि जब उनीहरूले त्यसको प्रेम र प्रसन्नता प्राप्तिको लागि आफ्नो धन सम्पत्ति र

ज्यानलाई पनि लगाइदिए त त्यसको प्रसन्नता प्रशान्ति प्रेम र समीप्यता प्राप्त गरे, र त्यो सबै प्राप्त गरे जुन तिनीहरू बहेक कोही पनि पाउनेछैन, यसर्थ दूतत्व र शहादतको दर्जा अल्लाह निकट सर्वश्रेष्ठ श्रेणी हो, र मानवजाति यस श्रेणीलाई मात्र त्यसै अवस्थामा पाउन सक्दथ्यो जब अल्लाह आदम र उहाँका सन्तानहरूलाई धरतीमा पठाइबक्सोस् ।

४- अल्लाहले आदम र उहाँका सन्ततिहरूलाई यस्तो पदार्थबाट सृष्टि गऱ्यो जुन अच्छाई र बुराई कबूल गरोस्, र उवद्रव एवं वासनापूर्ति त्यसको लागि स्वभाविक तथ्य होस्, र बुद्धि र विद्या स्वीकारोस्, यसर्थ अल्लाहले मानवजाति भित्र मनीष र वासनाको सृजना गऱ्यो, र यसलाई उनीभित्र यसप्रकार जागृत गरिदियो जसलेगर्दा त्यसको अभिप्राय र उद्देश्य पूर्ण होस्, र त्यसको महानता र उच्चता, तत्वदर्शिता र शक्ति, दया र कृपा, करुणा र स्वामित्व एवं राजसत्ता त्यसका भक्तहरूमाथि जाहेर होस्, यसैकारण त्यसको तत्वज्ञान बमोजिम यो तय गऱ्यो कि आदम र उहाँका सन्ततिहरूलाई धरतीतर्फ प्रवृत्त गरोस् ताकि उनीहरूको परीक्षा लेओस्, अनि मनुष्यको

त्यसप्रति अज्ञाकारिता र तैयारी जाहेर भइहालोस् जसको फलस्वरूप त्यसलाई सम्मानित अथवा तिरस्कृत गरियोस् ।

५- अल्लाहले समस्त सृष्टिहरूलाई यसकारण सृष्टि गऱ्यो ताकि सबै त्यसको पूजा अराधना गरुन्, र यो नै उनीहरूको सृष्टिको प्रमुख कारण र उद्देश्य हो । अल्लाहको फर्मान छ :

﴿ وَمَا خَلَقْتُ ٱلْجِنَّ وَٱلْإِنسَ إِلَّا لِيَعْبُدُونِ ﴿٥٦﴾ ﴾

الذاريات: ٥٦

अर्थ : मैले जिन्न र मानिसहरूलाई यसकारण मात्र सृष्टि गरेको छु ताकि मेरो उपासना गरुन् । ( सूरतुज्जारियात ५६ )

र यो ज्ञात नै छ कि परिपूर्ण पूजा अराधना जुनकि सृष्टिसित अभीष्ट छ त्यो आनन्दित र शाश्वत ठाउँमा सम्भव छैन बरु पीडादायी र परीक्षास्थलमा नै सम्भव छ, र रह्यो कुरो सदैंवको लागि आनन्दित बस्ने ठाउँको त त्यो आनन्दलाई भोग्ने ठाउँ हो कष्ट भोग्ने र परीक्षा दिने ठाउँ होइन ।

६- अदृश्यमा आस्था राख्नु नै लाभदायक र उत्तम आस्था हो, र रह्यो कुरो प्रकटमाथि आस्था राख्नुको त समस्त प्राणीहरू प्रलयमाथि आस्था राख्दछन् अर्थात सुदर्शित कुरामा सबै

विश्वास गर्दछन्, यसर्थ यदि उनीहरूलाई आनन्दित र अनुकम्पित ठाउँमा सृष्टि गरिन्थ्यो भने उनीहरू अदृश्य आस्थाको दर्जालाई पाउन्नथे जस पश्चात आनन्दित र सम्मानित हुने मौका र अवसर प्राप्त हुन्छ, र यो मौका मात्र अदृश्यमा आस्था राख्नुको प्रतिफल हुन्छ, यसर्थ यसैकारण अल्लाहले मानवलाई यस्तो ठाउँमा उतार्‍यो जहाँ अदृश्य आस्थाको सुअवसर प्राप्त होस् ।

७- अल्लाहले आदमलाई पृथ्वीको समग्र माटोको एक मुठ्कीबाट सृष्टि गरेको हो, र पृथ्वीमा केही माटो राम्रा र पवित्र त केही नराम्रा र अपवित्र छन् त केही सम्तल त केही बाँगोटिँगो छन्, यसर्थ अल्लाहलाई यो ज्ञान थियो कि आदमका केही यस्ता सन्तान छन् जुन त्यसको आनन्दित बासस्थानमा रहने योग्य छैनन्, अनि उहाँ र उहाँका सन्ततिलाई यस्तो ठाउँमा पठायो जहाँ पवित्र र सज्जनहरूलाई अपवित्र र पापीहरूबाट भिन्न गरोस्, अनि दुवैको लागि दुई भिन्न प्रकारको शाश्वत बासस्थान पनि निर्धारित गर्‍यो, त सज्जन र भद्रपुरुषहरूको लागि आफ्नो आनन्दित घर स्वर्ग र आफ्नो सामीप्यता प्रदान गर्‍यो, र

दुष्ट र पापीहरूको लागि यातनायुक्त घर नर्क तैयार गऱ्यो ।
८- अल्लाहले यो इच्छा गऱ्यो कि ती असल मानिसहरूलाई आफ्नो परिपूर्ण अनुकम्पा प्रदान गरे पश्चात उनको त्यस अनुकम्पा पाएमा कृतज्ञता ज्ञापन गर्ने कार्य र त्यसको आदर गर्ने क्रियालाई हेरोस्, र तिनीलाई आफ्नो अनुकम्पाको उपभोग गर्दै आनन्दित भइरहेको अवस्थामा हेरोस्, अनि अल्लाहले उनीहरूलाई आफ्नो शत्रुहरूको दुर्दशा र जेजति उनीहरूको लागि यातना तैयार पारेको छ त्यसलाई पनि देखाओस्, र उनीहरूलाई जुन अनुकम्पाको लागि विशिष्ट गरेको छ त्यसलाई देखाएर त्यसमाथि उनीहरूलाई साक्षी बसाली उनीहरूको प्रसन्नतामा अभिवृद्धि गरेर उनीहरूको प्रसन्नतालाई परिपूर्ण गरोस्, यसर्थ यो सबैकुराहरू त्यति बेलासम्म सम्भव थिएन जब सम्म उनीहरूलाई धरतीतिर पठाएर उनीको परीक्षा गरी चयन नगरोस्, अनि जसलाई चाह्यो आफ्नो दया र उदार अनुग्रहबाट सम्मानित गऱ्यो, र जसलाई चाह्यो आफ्नो न्याय र तत्वदर्शितालेगर्दा

अभिशप्त गऱ्यो, र नि:सन्देह अल्लाह सर्वज्ञ र तत्वज्ञानी छ ।

९- अल्लाहले यो इच्छा गऱ्यो कि आदम र उहाँका सन्ततिहरू अति उत्तम अवस्थामा उसको समीपमा आउन् अनि यस अवस्था भन्दा पहिला उनीहरूलाई संसारिक कष्ट र व्याकुलताको र कठिनाई एवं उदासीको रसास्वादन गराओस्, ताकि उनीहरूलाई परलोकको आनन्दित घरको महत्व थाहा होस्, किनकि कुनै पनि कुराको सुन्दरता र महत्व एवं शुद्धता त्यसको प्रतिकूल कुराबाट नै स्पष्ट हुन्छ ।*

अब जबकि हामीले मनुष्यको आरम्भको बारेमा चर्चा गरिसकें त उचित यो देखिन्छ कि त्यसको लागि सत्य धर्मको आवश्यकताबारे पनि केही स्पष्ट पारौं ।

* हेर्नुस्: मिफ्ताहो दारुस्सआदा भाग १, पे. ६-११ ।

# मानवलाई धर्मको आवश्यकता

मनुष्यको लागि धर्मको आवश्यकता त्यस बाहेक समस्त सांसारिक आवश्यकता भन्दा अधिक आवश्यक छ, किनकि मनुष्यको लागि यो कुरो अति महत्वपूर्ण छ कि त्यो आफ्नो परम् पूज्य अल्लाहलाई प्रसन्न गर्ने र क्रोधित गर्ने कुराहरूको ज्ञान प्राप्त गरोस्, र त्यसमाथि यो अनिवार्य छ कि यस्तो उपाय गरोस् जसद्वारा लाभ प्राप्त गरोस् र हानिबाट बाँचोस्, यसर्थ त्यो अल्लाहको विधान नै हो जुन लाभदायक र हानिकारक कुराहरूलाई एकआर्काबाट भिन्न गर्दछ, र यो विधान नै समस्त सृष्टिको लागि सटीक न्याय र प्रकाश हो, तसर्थ मानवहरूको लागि यो सम्भव छैन कि बिना यस्तो विधान जीवन व्यतीत गरुन् जसको माध्यमले यो छुट्टयाउन् कि कसलाई गर्नुछ र कसलाई त्याग्नु छ ।

त जब मनुष्यको आफ्नो इच्छा छ त त्यसको लागि यो आवश्यक छ कि त्यो त्यस कुराको ज्ञानी होस् जसको इच्छा गर्दछ, र यो पनि जानोस् कि त्यो लाभदायक छ वा हानिकारक ? र त्यो त्यसलाई सुधार्छ वा बिगार्छ ? त यस कुरालाई केही मानिसहरू प्राकृतिक र

स्वभाविक तौरले नै जानिहाल्छन्, त केहीले आफ्नो बुद्धि र विवेकले प्रमाणीकरणद्वारा बुझ्दछन्, त केही यस्ता हुन्छन् कि तिनीहरू तबसम्म त्यसको जानकारी प्राप्त गर्न सक्दैनन् जब सम्म त्यसको सन्देष्टाहरूले स्पष्टिकरण गरेर व्याख्या गर्दैनन् र उनलाई सुमार्ग देखाउँदैनन् ।*

त भौतिकवादी र नास्तिकवादी धर्महरू आफूलाई जति पनि सुदर्शित र सुसज्जित गरुन्, र दृष्टिकोण र विचारधाराहरू जति अधिक भए पनि व्यक्ति विशेष र समुदायहरू सत्य र साँचो धर्मबाट निस्पृह हुन्सक्दैनन्, र शरीर एवं आत्माको आवश्यकतालाई पूर्ण गर्न सक्दैनन्, र व्यक्ति जति अधिक त्यसको बारेमा ज्ञान प्राप्त गर्छ त्यसको विश्वास दृढभन्दा दृढ हुँदैजान्छ कि यो त्यसलाई नत शान्ति प्रदान गर्न सक्छ नत त्यसको तिर्खा मेटाउन सक्छ, अनि त्यसको सामु सत्य धर्मतर्फ प्रवृत्त हुनु बाहेक कुनै विकल्प बाँच्दैन, र अरनस्त रिनानको भनाई छः " यो सम्भव छ कि ती समस्त कुराहरू लुप्त भइजाउन् जसलाई हामी

---

* हेर्नुसः अत्तदमुरीया लेखकः शैखुल् इस्लाम इब्ने तैमिया पे. २१३,२१४, र मिफताहो दारुस्सआदा भाग २, पे. ३८३ ।

मायाँ गर्दछौं, र मनीष, विज्ञान, र उद्‌योगलाई प्रयोगको स्वतन्त्रता विखण्डित र अमान्य भइहालोस्, तर यो असम्भव छ कि धर्मको प्रभाव मेटोस् बरु धर्म बोल्ने तर्कको रूपमा बाँकी नै रहन्छ ती समस्त भौतिक गुटहरूको समाप्ति र अन्त्य गर्नुको लागि जुन मानवजातिलाई सांसारिक जीवनमा सांसारिक तुच्छ स्वार्थभित्र सीमित राख्न चाहन्छन् " ।*

र मुहम्मद फरिद वजदीको भनाई छ : " यो असम्भव छ कि धर्म प्रभावविहीन भइहालोस्, किनकि आत्माको लागि सर्वोत्तम आकर्षण र भावनाहरूको लागि आदरणीय र सम्मानजनक छ, र भावनाहरूको यसै भावनात्मक झुकावमा अभिवृद्धिको कारण मान्छेलाई सर्वोत्कृष्टता प्राप्त हुन्छ, बरु यस झुकाव र आकर्षणमा वृद्धि हुँदै नै जान्छ, यसर्थ मान्छेलाई धर्मको आवश्यकता परिरहन्छ यदि त्यो बद्धिमान छ, र सुन्दरता र कुरूपतालाई बुझ्दछ, त यो प्रकृतिक समझ् त्यसभित्र बढदै जान्छ त्यसको बुद्धि र ज्ञानानुसार " ।*

---

* हेर्नुस्: अद्दीन, लेखक: मुहम्मद अब्दुल्लाह दराज पे. ८७।

* यस अघि वर्णित सन्दर्भलाई नै हेर्नुस् ।

त जब मान्छे आफ्नो पालनकर्ताबाट टाढिन्छ त आफ्नो ज्ञान एवं जानकारीको ज्ञान अनुसार आफ्नो पालनकर्ताको बारेमा आफ्नो अनभिज्ञताको आभास गर्छ, र त्यसमाथि के अनिवार्य छ त्यसको पनि सम्झना गर्छ, र स्वयम् आफैबारे उसको अनभिज्ञता र कुन चीज चाहिँ त्यसलाई लाभदयक छ र कुनचाहिँ हानिकारक, कुन त्यसलाई प्रसन्न पार्दछ र कुनचाहिँ दुखदायी छ यी समस्त कुराहरूको उसलाई आभास र अनुभव हुन्छ, अनि त्यो आफ्नो अनभिज्ञता महसूस गर्छ वैज्ञानिक तथ्यहरूको बारेमा र त्यससित संलग्न तथ्यहरूको बारेमा जसरी खगोलविज्ञान, मार्ग एवं कम्प्यूटर र न्यूकलयायी र परमाणु विज्ञान... अदिको बारेमा, त यस समय पूर्ण संसार आफ्नो अहंकार र घमंडको अवस्थाबाट नम्रता र आत्मसमर्पणतर्फ प्रवृत्त हुन्छ, र यो विश्वास गरिहाल्छ कि समस्त विज्ञान पछाडि एउटा तत्वज्ञानी जानकार छ, र यस प्रकृति पछाडि एउटा सूक्ष्म स्रष्टा छ, त यो सटीक र वास्तविक वास्तविकता न्यायकारी अनुसन्धानकर्तालाई सत्य धर्मलाई अङ्गीकार गर्नुमा र अदृश्यमाथि विश्वास गर्नुमा विवश र

बाध्य गरिदिन्छ, र प्राकृतीय एवं वृत्तीय आह्वानलाई कबूल गर्नुमा विवश भइहाल्छ, तर जब मनुष्य यस सटीक सत्यबाट मुख फर्काउँछ त त्यसको प्रकृतिक अवस्था उल्टिन्छ र त्यो लाटो जनावर भन्दा घृणित स्तरमा झरिन्छ ।

त यस कुराबाट यो निष्कर्ष निस्कन्छ कि सत्य धर्म जुनकि अल्लाहको एकत्व र त्यसले अवतरित गरेको विधान अनुकूल पूजामा आधारित होस् मान्छेको लागि अति आवश्यक छ, जसलेगर्दा मान्छे आफ्नो परम् पूज्य समस्त संसारको पालनकर्ता अल्लाहको परिपूर्ण तरिकाले पूजा अराधना गर्न सकोस्, ताकि प्रशान्ति र आनन्दको उपभोग गरोस् र समस्त प्रकारका कष्ट, व्याकुलता, यातनाबाट दुवै लोकमा सुरक्षित रहोस्, र यो मनुष्यको लागि जरुरी पनि छ ताकि त्यसको विचारधारा परिपक्व भइहालोस्, त यसलेगर्दा मनीष त्यो कुरा पाइहाल्छ जुन त्यसको भोक र तिर्खा मेटाइहाल्छ, र यस बाहेक अरु कुनै चीज त्यसको उच्चतम् अभिलाषाहरूलाई पूर्ण गर्न सक्दैन ।

त आत्माको पवित्रता र प्रेम अभिलाषाको शान्तिलाई नियन्त्रित गर्नुको लागि त्यो अति आवश्यक छ, किनकि उच्चस्तरीय भावनाहरू धर्ममा नै आफ्नो अभीष्ट क्षेत्र पाउँछन्, र यस्तो पानीखाने ठाउँ जसमा आवश्यकतानुसार आफ्नो तिर्खा मेटाउँछन्, अर्थात आफ्नो उद्देश्यलाई पूर्ण गर्छन् ।

र त्यो यस्तो तथ्य हो जुन यस्ता इच्छा शक्तिलाई पूर्ण गर्छ जुन त्यसको अगाडि आशाको किरणलाई निराशाको अन्धकारबाट सुरक्षित गरिदिन्छ ।

यसर्थ यदि कसैले यो मानोस् कि " निःसन्देह मनुष्य स्वभाविक रूपले सभ्य हुन्छ अनि उत्तम त यो पनि छ कि यसलाई पनि मानौं कि मनुष्य प्राकृतिक तौरले धर्मात्मा पनि हुन्छ " ।* किनकि मानवका प्रमुख दुई शक्तिहरू छन् विचारधाराको शक्ति, र इच्छा शक्ति, र त्यसको सफलता र कुशलता यसैमा नीहित छ कि यी दुवै शक्ति त्यसमा परिपूर्ण रहुन् र विचारधाराको शक्ति तबसम्म पूर्ण हुन्सक्दैन जब सम्म त्यसमा निम्न कुराहरू नहोऊन् :

---

* अघि वर्णित गरिएको सन्दर्भ पे. ८४,९८ ।

१- त्यस परम् पूजय, स्रष्टा, प्रतिपालकबारे ज्ञान प्राप्त गर्नु जसले मनुष्यलाई शुन्यबाट सृष्टि गऱ्यो, र त्यसलाई आफ्नो उदार अनुग्रह प्रदान गऱ्यो ।

२- अल्लाहको नाम र त्यसका विशेषताहरूको ज्ञान र ती समस्त कुराहरूको ज्ञान जुन अल्लाहले त्यसमाथि अनिवार्य गरेको छ, र ती नाम र विशेषताहरूको प्रभावहरूको ज्ञान जुन त्यसका भक्तहरूमाथि जाहेर हुन्छन् ।

३- त्यो मार्गको ज्ञान जुन त्यस पवित्र अल्लाह सम्म पुऱ्याओस् ।

४- ती समग्र बाध्यता र विपदाको ज्ञान जुन मान्छे र त्यसको ज्ञान बीच बाध्य भइहाल्छ, र त्यस बाटोको ज्ञान जुन त्यसलाई महानतम् अनुकम्पा सम्म पुऱ्याओस् ।

५- स्वयम् आफ्नो बारेमा वास्तविक ज्ञान, र ती समस्त कुराहरूको ज्ञान जुन त्यसको लागि आवश्यक छन् वा जुन त्यसको लागि हानिकारक छन्, र ती समग्र कुराहरूको ज्ञान जसमा कुनै प्रकारको विशेषता वा खोट वा अवगुण नीहित होस् ।

त यी पाँचवटा ज्ञान भए पश्चात मनुष्यको विचार शक्ति परिपूर्ण भइहाल्छ, र मनुष्यको

इच्छा र विचार शक्ति तबसम्म पूर्ण हुँदैन जबसम्म त्यो अल्लाहका हक होकूकलाई कार्यन्वयन नगरोस् र त्यसमाथि पूर्णरूपले पूर्ण निष्ठा र सदभावको साथ कार्यरत नहोस्, र त्यसले गरेको उदार अनुग्रहमाथि गवाही नदेओस्, र यी दुवै शक्ति तबसम्म पूर्ण हुँदैनन् जबसम्म त्यो परम् पूज्य अल्लाह सहायता नगरोस्, यसर्थ मनुष्य बाध्य छ कि त्यसलाई अल्लाहले त्यस सोझो मार्गतर्फ मार्गदर्शन गरोस् जसतर्फ आफ्नो मित्रहरूलाई मार्गदर्शित गरेको थियो ।*

यस पश्चात कि हामीले यो ज्ञान प्राप्त गरिसक्यौं कि सत्य र साँचो धर्म वास्तवमा अल्लाहको सहायता हो विभिन्न प्रकारका जीवहरूलाई सुधार्नुको निम्ति, यसर्थ धर्म समाज र सम्प्रदायको सुरक्षाकवच पनि हो, किनकि मानवजातिको दैनिक आवशयकताहरू तबसम्म पूर्ण हुन् सम्भव छैन जबसम्म समुदायका मानिसहरू एकआर्काको सहयोग र सहायता नगरुन् र सहायता र सहयोग तबसम्म पूर्णतया सफल हुँदैन जबसम्म कुनै यस्तो व्यवस्थापन नहोस् जुन उनीहरूको

* हेर्नुस् : अल् फवाइद पे. १८,१९ ।

रिश्तालाई व्यवस्थित गरोस् र उनीहरूको कर्तव्यलाई स्पष्ट पारोस्, त यो व्यवस्थापन निश्चित रूपले कुनै अधिपत्यशाली सम्राटको नै हुनुपर्छ जसले यस्तै कुशलताको साथ व्यवस्थित गरोस्, र समस्त प्राणीहरूलाई त्यसको उल्लंघन गर्नुबाट सावधान गरोस्, र त्यसलाई कार्यन्वयन गर्नुमा प्रेरित गरोस्, र त्यसको विशालता र भव्यतालाई मानिसहरूको आत्माभित्र जागृत गरिदेओस्, र त्यसको सीमा अतिक्रमणबाट सबैलाई मनाही गरिदेओस्, त यस्तो त्यो सम्राट को हो ? मेरो भनाई छ कि: यसपूर्ण पृथ्वीमाथि धर्मभन्दा शक्तिमान कोही छैन जसले त्यस विधान र व्यवस्थापनको आदर र संरक्षण गरोस्, र समाजको एकता समृद्धता र व्यवस्थापनको स्थिरताको ग्यारन्टी र आश्वासन देओस्, र समाजमा प्रसन्नता र सन्तुष्टिका माध्यमहरूको व्यवस्थापन एवं विस्तार गरोस् ।

र यसमा यो रहस्य नीहित छ कि मनुष्य विश्वको सर्वश्रेष्ठ जीवधारी हो, किनकि त्यसको गतिविधि र कार्यशैलामाथि जसको सत्ता र वर्चस्व छ त्यसलाई नत कान सुन्न सक्छ नत दृष्टि हेर्न सक्छ र त्यो हो आस्था र

सिद्धानत जुन आत्मालाई परिष्कृत र इन्द्रियहरूलाई पवित्र पार्छ, तसर्थ मनुष्य सत्य वा असत्य सिद्धान्तको सदैंव अधीन र वशीभूत रहन्छ, यसर्थ यदि त्यसको सिद्धान्त सही हुन्छ भने त्यसका सबै गतिविधिहरू कुशलतापूर्वक सम्पन्न हुन्छन्, र यदि सिद्धान्त भ्रष्ट हुन्छ भने त्यसका समस्त गतिविधिहरू व्यर्थ र अशुद्ध हुन्छन् ।

र आस्था एवं सिद्धान्त दुवै मानवका सेल्फ संरक्षक हुन् र दुवै समस्त मानवजातिमा दुई प्रकारका हुन्छन् :

▽ मानव श्रेष्ठता र सर्वोच्चतामाथि आस्था राख्नु र ती सबैमा आस्था राख्नु जुन यस अर्थको सीमाभित्र आउँछन् जसको विरोध गर्नुबाट सज्जन र भद्रपुरुषहरू लज्जा मान्दछन् यद्यपि त्यससित संलग्न भौतिक र निरुद्देशित तथ्यहरू क्षमय छन् ।

▽ महान र पवित्र अल्लाहमाथि आस्था र यस कुरामाथि आस्था राख्नु कि त्यो नै अदृश्य कुराहरूमाथि संरक्षक हो, जुन अदृश्य र गोप्यको ज्ञाता हो, विधिशास्त त्यसैको गर्ने नगर्ने आदेशबाट आफ्नो सम्राटत्व र अधिपत्य प्राप्त गर्छ, र भावनाहरू त्यसैबाट लज्जित

हुन्छन् त्यसित प्रेमको कारण वा भयको कारण वा यी दुवैको कारण...., र यसमा कुनै सन्देह छैन कि दुवै आस्था मध्ये यसखालको आस्था नै मानव आत्मामाथि अधिपत्यको दृष्टिले सशक्त र वलियो हुन्छ, र यो नै दुवै मध्ये अधिक प्रभावशाली हुन्छ हवस र भावनालाई फेर्नुमा, र दुवै मध्ये यो नै विशिष्ट र जन साधारणका हृदयहरूमा जागृत हुनुमा अधिक तीव्र हुन्छ।

यसैकारण धर्म नै सर्वोत्तम ग्यारन्टी हो मान्छेहरू बीच न्याय र निसाफको साथ व्यवहारलाई स्थापित गर्नुको निम्ति, यसैकारण यसको आवश्यकता समस्त समूदायहरूलाई सदैंव रहनेछ, र कुनै अचम्म र अनोठो कुरो छैन कि धर्म समस्त समुदायहरूको लागि त्यस्तै हृदयको दर्जामा विद्यमान भइहालोस् जसरी शरीरको लागि हृदय।*

त जब धर्म सामानयत: यस्तो श्रेणीमा विराजमान छ त जति धर्महरू पनि आज यस संसारमा छन् सबैका अनुयायीहरू त्यसै धर्मका निर्देशनहरूलाई अनुपालन गरेर प्रसन्न हुन्छन्, तसर्थ कुन त्यो सत्यधर्म हो जुन मानवजातिको लागि अनुशरण योग्य छ ? र

* हेर्नुस् : अद्दीन पे. ९८, १२०।

www.alukah.net إهداء من شبكة الألوكة

सत्य धर्मलाई पर्खने कसौटि र नियम के के हुन् ?

# सत्य धर्मका नियमहरू

प्रत्येक धर्मात्माको यो नै सिद्धान्त हुन्छ कि त्यसैको धर्म सत्य र साँचो छ, र प्रत्येक धर्मका धर्मावलम्बीहरूको यो नै सिद्धान्त हुन्छ कि उनैको धर्म नै सर्वोच्च र सर्वोत्तम मार्ग हो, र जब कुनै परिवर्तित धर्म वा मनुष्यले बनाएका धर्मलाई मान्नेहरूसित उनीहरूको धर्मको सत्यताको लागि कुनै प्रमाणको माँग गरिन्छ त भन्छन् : कि यसको सत्यताको प्रमाण यो हो कि हामीले आफ्ना बाबुबाजेलाई यसै धर्मको अनुशरणकारी पाएका हौं, अनि उनी पनि उनीहरूको पद्धतिमा लागेका हुन्, र पदचिन्हमा हिंडेका हुन्, फेरि यस्ता कहानी र कथाहरू वर्णन गर्छन् जसको सनद (त्यसलाई वर्णन गर्ने सिलसिला) हुँदैन र त्यसको मतन (मूल श्लोक) पनि प्रश्नचिन्ह र टिप्पणीबाट मुक्त हुँदैन, र यस कथालाई वर्णन गर्नुमा यस्ता किताबहरूको सहायता लिन्छन् जसको बारेमा यो पनि थाहा हुँदैन कि कसले त्यसलाई भने वा लेखेको छ, र पहिलो पटक कुन भाषमा लेखिएको थियो, नत यो नै थाहा हुन्छ कि कुन देशमा पहिलो पटक त्यसलाई देखियो, बरु त्यो यस्ता मिथ्या कुराहरू हुन् जसलाई एकत्रित

गरियो अनि नस्लपछि नस्ल वर्णन गरियो बिना कुनै अनुसंधान कि त्यसको सनद जाँचिन्थ्यो वा त्यसका श्लोकहरूलाई शुद्धीकरण गरिन्थ्यो ।
यसर्थ यी मिथ्या कथा कहानी र अन्धविश्वासहरू धर्म र सिद्धान्तको बारेमा कदापि प्रमाण हुन्सक्दैनन्, त के यी समस्त परिवर्तित र मानवले बनाएका धर्महरू मिथ्या र निराधार छन् वा सत्य र साँचो छन् ?
यो कुरो असम्भव छ कि यी समस्त धर्महरू सत्य होउन् किनकि सत्य त एउटै हुन्छ अनेक हुँदैन, र यो पनि असम्भव छ कि यी समस्त धर्महरू अल्लाहको तर्फबाट सत्य धर्म होउन्, त जब यी धर्महरू अनेक छन् र सत्य एउटै हुन्छ त कुनचाहिँ सत्य हो ? त यसलेगर्दा केही यस्ता नियम त हुनैपर्छ जसद्वारा सत्य धर्मलाई असत्यबाट छुट्टयाउन सकियोस्, ताकि जब यी नियमहरूलाई कुनै धर्म निर्देशन अनुकूल ठहर हुँदा हेरौं त हामीलाई थाहा भइहालोस् कि यो नै सत्य धर्म हो, र यदि कुनै धर्मलाई ती नियमहरू विरुद्ध हेरौं त हामीलाई ज्ञान भइहालोस् कि यो धर्म असत्य र निराधार छ ।

**ती नियमहरू जसद्वारा हामी सत्य र असत्य धर्मलाई छुट्ट्याउन सक्छौं निम्न हुन् :**

**पहिलो** : त्यो धर्म अल्लाहद्वारा अवतरित गरिएको होस् जसलाई अल्लाहले कुनै स्वर्गदूतको माध्यमले सन्देष्टामाथि अवतरित गरेको होस्, ताकि सन्देष्टा त्यसका भक्तहरू सम्म यसलाई पुऱ्याउन्, किनकि सत्यधर्म त अल्लाहकै धर्म हो, र अल्लाह नै त्यो अधिपत्यवान हो जुन प्रलयको दिन आफ्ना दासहरूसित सोधपूछ गर्नेछ त्यस धर्मको आधारमा जसलाई उनीहरूतर्फ अवतरित गरेको थियो । अल्लाहको फर्मान छ :

﴿ ۞ إِنَّآ أَوۡحَيۡنَآ إِلَيۡكَ كَمَآ أَوۡحَيۡنَآ إِلَىٰ نُوحٖ وَٱلنَّبِيِّـۧنَ مِنۢ بَعۡدِهِۦۚ وَأَوۡحَيۡنَآ إِلَىٰٓ إِبۡرَٰهِيمَ وَإِسۡمَٰعِيلَ وَإِسۡحَٰقَ وَيَعۡقُوبَ وَٱلۡأَسۡبَاطِ وَعِيسَىٰ وَأَيُّوبَ وَيُونُسَ وَهَٰرُونَ وَسُلَيۡمَٰنَۚ وَءَاتَيۡنَا دَاوُۥدَ زَبُورٗا ﴿١٦٣﴾ ﴾ النساء: ١٦٣

अर्थ : (हे मुहम्मद !) हामीले तपाईलाई त्यस्तै प्रकारले अल्लाहको सन्देश (वह्य) पठाएका छौं, जुन किसिमले नूह(अलै.) र उनीभन्दा पछिका पैगम्बरहरू तर्फ पठायौं, र हामीले अल्लाहको

सन्देश इब्राहिम (अलै.) ईस्माईल(अलै.), इस्हाक (अलै.), याकूब(अलै.) र उनका सन्तानहरू माथि तथा ईसा(अलै.), अैयूब (अलै.), यूनुस ( अलै.), हारून(अलै.) र सुलैमान तर्फ पठायौं र हामीले दाऊद(अलै.)लाई "जबूर" प्रदान गऱ्यौं । ( सूरतुन्निसा १६३ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَمَآ أَرۡسَلۡنَا مِن قَبۡلِكَ مِن رَّسُولٍ إِلَّا نُوحِيٓ إِلَيۡهِ أَنَّهُۥ لَآ إِلَٰهَ إِلَّآ أَنَا۠ فَٱعۡبُدُونِ ٢٥ ﴾ الأنبياء: ٢٥

अर्थ : र जुन पैगम्बरलाई पनि हामीले तिमीभन्दा अगाडि पठायौं, तिनीहरू तिर यही ( वह्य) सन्देश पठायौं कि म बाहेक कोही सत्य पूज्य छैन, तसर्थ तिमी सबै मेरो उपासना गर । ( सूरतल् अम्बिया २५ )

यसर्थ जुनसुकैले पनि यस्तो धर्म ल्याओस् वा पेश गरोस् जसलाई अल्लाह बाहेक आफूसित संलग्न गरोस् भने त्यो धर्म असत्य र अमान्य ठहर हुनेछ ।

**दोस्रो** : त्यो पूजालाई मात्र अल्लाहको लागि विशेष गर्ने निमन्त्रण देओस्, र बहुदेववादलाई वर्जित गरोस्, र ती सबै माध्यम र साधनलाई वर्जित गरोस् जुन बहुदेववाद सम्म पुऱ्याउँछन्,

किनकि एकेश्वरवादको निमन्त्रण नै समस्त दूत र सन्देष्टाहरूको निमन्त्रण थियो, र प्रत्येक दूत र सन्देष्टाको आफ्नो समुदायसित यो नै भनाई थियो कि :

﴿ ٱعۡبُدُواْ ٱللَّهَ مَا لَكُم مِّنۡ إِلَٰهٍ غَيۡرُهُۥۖ ﴾ الأعراف: ٧٣

अर्थ : अल्लाहकै पूजा गर र उस बाहेक तिम्रो अरु कोही सत्य पूजनीय छैन । ( सूरतुल् अअ्राफ ७३ )

यसर्थ कुनै धर्म पनि बहुदेववादमा निर्भर छ र अल्लाहको साथ कसै नबी, वली, राजा, वा स्वर्गदूतलाई साभ्कीदार ठहराउँछ भने त्यो धर्म मिथ्या धर्म हो, चाहे त्यसका अनुयायीहरू त्यसलाई कुनै नबीले ल्याएको धर्म किन नभनुन् ।

**तेस्रो** : त्यो धर्म ती समस्त आधारहरूसित सहमत होस् जसतर्फ सन्देष्टाहरूले आह्वान गरे, जसरी एक अल्लाहको पूजा गर्नु, त्यसैको सोभ्को मार्गतर्फ आमन्त्रण दिनु, बहुदेववादलाई वर्जित भन्नु, र मातापिताको अवज्ञा नगर्नु, कुनै जीवलाई निराधार हत्या नगर्नु, र दृश्य अदृश्य सबै निर्लज्जताका कार्य र कुराहरूलाई हराम भन्नु ... आदि । अल्लाहको फर्मान छ :

﴿ ۞ قُلْ تَعَالَوْا أَتْلُ مَا حَرَّمَ رَبُّكُمْ عَلَيْكُمْ ۖ أَلَّا تُشْرِكُوا بِهِ شَيْئًا ۖ وَبِالْوَالِدَيْنِ إِحْسَانًا ۖ وَلَا تَقْتُلُوا أَوْلَادَكُم مِّنْ إِمْلَاقٍ ۖ نَّحْنُ نَرْزُقُكُمْ وَإِيَّاهُمْ ۖ وَلَا تَقْرَبُوا الْفَوَاحِشَ مَا ظَهَرَ مِنْهَا وَمَا بَطَنَ ۖ وَلَا تَقْتُلُوا النَّفْسَ الَّتِي حَرَّمَ اللَّهُ إِلَّا بِالْحَقِّ ۚ ذَٰلِكُمْ وَصَّاكُم بِهِ لَعَلَّكُمْ تَعْقِلُونَ ﴿١٥١﴾ ﴾ الأنعام: ١٥١

अर्थ : (हे नबी) भन्नुस् कि (हे मानिसहरू !) आऊ म तिमीहरूलाई ती कुरा सुनाउँछु जस्को (विरोध गर्न) तिम्रो पालनकर्ताले तिम्रो लागि रोक लगाएको छ, ती यी हुन् कि कुनै कुरालाई अल्लाहसँग नदाँज्नु (साभ्रेदार नबाउनु) र आमा-बुवासँग राम्रो व्यवहार गर्नु र दरिद्राताको भयले आफ्नो सन्तानहरूलाई नमार्नु । (किनभने) तिमीलाई र उनलाई हामीले नै जीविका प्रदान गर्दछौं, र हरेक प्रकारको निर्लज्ज कुराको नजिक नजानु, खुल्ला रूपमा होस् वा गोप्य रूपमा । र जुन प्राणीको ज्यान मार्न अल्लाहले रोक लगाएको छ, उसको ज्यान नलिनु । तर यस नियमको पालनमा हक-इन्साफको निम्ति गरिएका बाहेक । यी

कुराहरूको पालनको लागि अल्लाहले तिमीलाई सचेत गरेको छ, कि तिमी सम्झ । ( सूरतुल् अन्आम १५१ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَمَآ أَرۡسَلۡنَا مِن قَبۡلِكَ مِن رَّسُولٍ إِلَّا نُوحِيٓ إِلَيۡهِ أَنَّهُۥ لَآ إِلَٰهَ إِلَّآ أَنَا۠ فَٱعۡبُدُونِ ﴿٢٥﴾ ﴾ الأنبياء: ٢٥

अर्थ : र जुन पैगम्बरलाई पनि हामीले तिमीभन्दा अगाडि पठायौं, तिनीहरू तिर यही ( वह्य) सन्देश पठायौं कि म बाहेक कोही सत्य पूज्य छैन, तसर्थ तिमी सबै मेरो उपासना गर । ( सूरतुल् अम्बिया २५ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَسۡـَٔلۡ مَنۡ أَرۡسَلۡنَا مِن قَبۡلِكَ مِن رُّسُلِنَآ أَجَعَلۡنَا مِن دُونِ ٱلرَّحۡمَٰنِ ءَالِهَةٗ يُعۡبَدُونَ ﴿٤٥﴾ ﴾ الزخرف: ٤٥

अर्थ : र (हे मुहम्मद !) जुन संदेष्टाहरू हामीले तपाईंभन्दा पहिला पठाएका थियौं उनको बारेमा सोध्नुस् कि के हामीले अल्लाह बाहेक पनि कोही पूजनीय निर्धारित गरेका थियौं, जसको उपासना गरियोस् ? ( सूरतुज्जुखरुफ ४५ )

**चौथो** : त्यस धर्मका निर्देशनहरू एकआर्का विरुद्ध नहोउन्, यसर्थ त्यो कुनै कुराको आदेश गरे पश्चात दोस्रो निर्देशनबाट त्यसको विरोधि कुरा लागू नगरोस्, र कुनै चिजलाई वर्जित भनेर त्यसै जस्तो कुनै आर्को चिजलाई बिना कुनै कारण ग्राह्‌य नगरोस्, र कुनै चिजलाई कुनै समूहको लागि हलाल र कुनैको लागि हराम नगरोस् । अल्लाहको फर्मान छ :

﴿ أَفَلَا يَتَدَبَّرُونَ ٱلْقُرْءَانَ ۚ وَلَوْ كَانَ مِنْ عِندِ غَيْرِ ٱللَّهِ لَوَجَدُوا۟ فِيهِ ٱخْتِلَٰفًا كَثِيرًا ﴿٨٢﴾ ﴾ النساء: ٨٢

अर्थ : के यिनीहरू कुरआनमा चिन्तन-मनन् गर्दैनन् ? यदि यो अल्लाह बाहेक अरु कसैको तर्फबाट भएको भए त्यसमा नि:सन्देह (धेरै) विरोधाभाषपूर्ण कुराहरू पाउने थिए । ( सूरतुन् निसा ८२ )

**पाँचौं** : त्यस धर्मका निर्देशनहरू यस्ता खालका हुनुपर्छ कि सबैको धर्म, इज्जत सम्मान, ज्यान र धनलाई सुरक्षा प्रदान गरोस् आफ्ना निर्देशनहरूको गर्ने वा नगर्ने हुकुम एवं शिष्टाचार र नैतिकताद्वारा उपरोक्तमा वर्णन गरिएका चारवटै कुराहरूलाई संरक्षण देओस् ।

**छटौं** : त्यो धर्म समस्त प्राणीहरूको लागि दयाको प्रतीक होस् उनको आफनै अत्याचार वा अरु कसैको अत्याचारबाट, चाहे त्यो अत्याचार हक हननद्वारा होस् वा भलाईको हननद्वारा, वा ठुलाले सानाहरूलाई पथभ्रमित गर्नुद्वारा । अल्लाहले त्यो दया र कृपाको वर्णन गर्दै भन्छन् जुन तौरातमा समावेश गरिएको थियो र जसलाई अल्लाहले आफ्नो सन्देष्टा हजरत मूसामाथि अवतरित गरेको थियो :

﴿ وَلَمَّا سَكَتَ عَن مُّوسَى ٱلۡغَضَبُ أَخَذَ ٱلۡأَلۡوَاحَۖ وَفِي نُسۡخَتِهَا هُدٗى وَرَحۡمَةٞ لِّلَّذِينَ هُمۡ لِرَبِّهِمۡ يَرۡهَبُونَ ١٥٤ ﴾

الأعراف: ١٥٤

अर्थ : र जब मूसाको क्रोध शान्त भयो तब ती पाटीहरूलाई समाते तिनको शीर्षकहरूमा ती मानिसहरूको निम्ति मार्गदर्शन र दया थियो जो आफ्नो रबसंग डर मान्दथे । ( सूरतुल् अअ्राफ १५४ )

र ईसा अलैहिस्सलामको दूतत्वको बारेमा अल्लाहको फर्मान छ :

﴿ وَلِنَجۡعَلَهُۥٓ ءَايَةٗ لِّلنَّاسِ وَرَحۡمَةٗ ﴾ مريم: ٢١

अर्थ : र हामीले त यसलाई मानिसहरूको निम्ति एउटा निशानी बनाउने छौं र आफ्नो विशेष वरदान पनि । ( सूरतु मरियम २१ )

र सालेहको बारेमा अल्लाहको भनाई छ :

﴿ قَالَ يَٰقَوۡمِ أَرَءَيۡتُمۡ إِن كُنتُ عَلَىٰ بَيِّنَةٖ مِّن رَّبِّي وَءَاتَىٰنِي مِنۡهُ رَحۡمَةٗ ﴾ هود: ٦٣

अर्थ : सालेहले भने: “हे मेरो कौम ! यस कुरातिर विचार गर कि यदि मसँग आफ्नो पालनकर्ताको स्पष्ट प्रमाण छ र उसले मलाई आफ्नो तर्फबाट रहमत प्रदान गरेको छ । ( सूरतु हूद ६३ )

र पवित्र कुरआनको बारेमा अल्लाहको फर्मान छ :

﴿ وَنُنَزِّلُ مِنَ ٱلۡقُرۡءَانِ مَا هُوَ شِفَآءٞ وَرَحۡمَةٞ لِّلۡمُؤۡمِنِينَ ﴾ الإسراء: ٨٢

अर्थ : यो कुरआन जुन हामी उतार्दैछौं मोमिनहरूका लागि स्वस्थकर र दया हो । ( सूरतुल् इस्रा ८२ )

**सातौं** : त्यो धर्म अल्लाहको बिधानतिर प्रोत्साहन गर्नेवाला होस्, र मानवजातिलाई त्यो कुरोतिर प्रेरित गर्नेवाला होस् जुन अल्लाहलाई उनीसित अभीष्ट छ, र त्यसलाई

यो खबर देओस् कि त्यो कताबाट आएको छ र कहाँ जानु छ ? अल्लाहले तौरातको बारेमा खबर दिंदै भनेको छ :

﴿ إِنَّآ أَنزَلۡنَا ٱلتَّوۡرَىٰةَ فِيهَا هُدٗى وَنُورٞۚ ﴾ المائدة: ٤٤

अर्थ : हामीले नै तौरात उतार्यौं, जसमा मार्गदर्शन र प्रकाश थियो । ( सूरतुल् माइदा ४४ )

र इन्जीलको बारेमा खबर दिंदै अल्लाहको भनाई छ :

﴿ وَءَاتَيۡنَٰهُ ٱلۡإِنجِيلَ فِيهِ هُدٗى وَنُورٞ ﴾ المائدة: ٤٦

अर्थ : र हामीले उनलाई इंजील प्रदान गर्यौ जसमा कि मार्गदर्शन र प्रकाश थियो । ( सूरतुल् माइदा ४६ )

र कुरआनको बारेमा खबर दिंदै भनेको छ :

﴿ هُوَ ٱلَّذِيٓ أَرۡسَلَ رَسُولَهُۥ بِٱلۡهُدَىٰ وَدِينِ ٱلۡحَقِّ ﴾ التوبة: ٣٣

अर्थ : उसैले आफ्नो रसूललाई मार्गदर्शन र सत्य धर्म सहित पठाएको छ । ( सूरतुत्तौबा ३३)

तसर्थ साँचो र सत्य धर्म त्यो नै हो जुन अल्लाहको विधानतिर आमन्त्रण दिनुलाई र आत्माको शान्ति सन्तुष्टिलाई आफूभित्र

समावेश गरेको होस् ताकि आफूबाट समस्त प्रकारका असमनजसलाई समाप्त गरोस्, र प्रत्येक प्रश्नको पूर्णतः उत्तर देओस् र प्रत्येक समस्याको समाधान गरोस् ।

**आठौं** : त्यो धर्म सर्वोच्चतम् शिष्टाचार र नैतिकतातर्फ आमन्त्रित गर्नेवाला होस् जसरी सत्यता, निसाफ, धरोहरता, लज्जा, पवित्रता, परोपकार, दया... आदि, र समस्त कुकर्म र घृणित कार्यहरूबाट रोकोस् जसरी मातापिताको अवज्ञा, अनाहक हत्या, निर्लज्जता, झूठ, अत्याचार, उपद्रव, कञ्जूसी, दुष्टता ... आदिबाट रोकोस् र त्यसलाई वर्जित गरोस् ।

**नव्वौं** : त्यस धर्ममाथि आस्था राख्नेहरूको लागि प्रशान्ति र सन्तुष्टि स्थापित गरोस् । अल्लाहको फर्मान छ :

﴿ طه ۝١ مَآ أَنزَلۡنَا عَلَيۡكَ ٱلۡقُرۡءَانَ لِتَشۡقَىٰٓ ۝٢ ﴾ طه: ١ - ٢

अर्थ : ताहा (हे मुहम्मद !) हामीले कुरआन तपाईमाथि यस कारण अवतरित गरेका होइनौं कि तपाई दुःखमा पर्नुस् । ( सूरतु ताहा १,२ )

र त्यो धर्म सोझो र शुद्ध प्रकृति अनुकूल पनि होस् । अल्लाहको फर्मान छ :

﴿ فِطۡرَتَ ٱللَّهِ ٱلَّتِي فَطَرَ ٱلنَّاسَ عَلَيۡهَاۚ ﴾ الروم: ٣٠

अर्थ : अल्लाहको त्यो विशेषता (प्रकृति) जसमाथि उसले मानिसहरूको सृष्टि गरेको छ । ( सूरतुर्रूम ३० )

र शुद्ध मनीष अनुकूल पनि होस्, किनकि सत्यधर्म अल्लाहको विधान नै हो किनकि शुद्ध मनीषको स्रष्टा पनि अल्लाह नै हो, यसर्थ यो असम्भव छ कि शुद्ध मनीष अल्लाहको विधानको विरोधि होस्, यसकारण कि दुवैको स्रष्टा एउटै हो ।

**दशौं** : त्यो धर्म भलाई र सत्यतर्फ आमन्त्रण गरोस् र बुराई एवं असत्यबाट मनाही गरोस्, र सुमार्गतर्फ पथप्रदर्शन गरोस् र पथभ्रष्टताबाट रोकोस्, र सबैलाई सोझो मार्गतर्फ बोलाओस् जसमा कुनै बाँगोपना नहोस् । अल्लाहले जिन्न (दानव) हरूको त्यस अवस्थाको खबर दिंदै भनेको छ जब उनीहरूले पवित्र कुरआन सुने पश्चात एकआर्कासित भनेका थिए :

﴿ قَالُواْ يَـٰقَوْمَنَآ إِنَّا سَمِعْنَا كِتَـٰبًا أُنزِلَ مِنۢ بَعْدِ مُوسَىٰ مُصَدِّقًا لِّمَا بَيْنَ يَدَيْهِ يَهْدِىٓ إِلَى ٱلْحَقِّ وَإِلَىٰ طَرِيقٍ مُّسْتَقِيمٍ ﴿٣٠﴾ ﴾ الأحقاف: ٣٠

अर्थ : भन्न थाले कि "हे मेरो सम्प्रदाय ! हामीले नि:सन्देह त्यो पुस्तक सुनेका छौं जुन मूसा (अ.) पछि अवतरित गरिएको छ, जुन आफू भन्दा अघिका पुस्तकहरूको प्रमाणिकरण गर्द छ । (जुन) सत्य धर्मको र सोझो मार्गको निर्देशन दिन्छ । ( सूरतुल् अहकाफ ३० )

त पवित्र कुरआन उनीहरूलाई त्यस कुरातर्फ बोलाउँदैन जसमा उनीहरूको हानि नोक्सानी होस् । अल्लाहको फर्मान छ :

﴿ طه ﴿١﴾ مَآ أَنزَلْنَا عَلَيْكَ ٱلْقُرْءَانَ لِتَشْقَىٰٓ ﴿٢﴾ ﴾ طه: ١ - ٢

अर्थ : ताहा (हे मुहम्मद !) हामीले कुरआन तपाईमाथि यस कारण अवतरित गरेका होइनौं कि तपाई दु:खमा पर्नुस् । ( सूरतु ताहा १,२ )

र पवित्र कुरआन उनीलाई यस्ता कुराहरूको आदेश दिंदैन जसमा उनीहरूको विनाश होस् । अल्लाहको फर्मान छ :

﴿ وَلَا تَقْتُلُوٓاْ أَنفُسَكُمْۚ إِنَّ ٱللَّهَ كَانَ بِكُمْ رَحِيمًا ﴾
النساء: ٢٩

अर्थ : र आफूलाई आफै नमार । यसमा कुनै सन्देह छैन कि अल्लाह तिमीमाथि धेरै कृपालु छ । ( सूरतुन् निसा २९ )

र यो पवित्र कुरआन आफ्ना अनुयायी र अनुशरणकारीहरूमा जाति, रंग, नस्ल, र गोत्रको आधारमा भेदभाव गर्दैन । अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ إِنَّا خَلَقْنَٰكُم مِّن ذَكَرٍ وَأُنثَىٰ وَجَعَلْنَٰكُمْ شُعُوبًا وَقَبَآئِلَ لِتَعَارَفُوٓاْۚ إِنَّ أَكْرَمَكُمْ عِندَ ٱللَّهِ أَتْقَىٰكُمْۚ إِنَّ ٱللَّهَ عَلِيمٌ خَبِيرٌ ١٣ ﴾ الحجرات: ١٣

अर्थ : हे मानिसहरू ! हामीले तिमीहरू सबैलाई एउटै पुरुष र एउटी स्त्रीबाट सृष्टि गऱ्यौं र तिमीलाई जातविरादरी र कबिलाहरू ( समूहरू) को रूप दियौं, ताकि तिमीले एक अर्कालाई चिन्न सक । (वास्तवमा) अल्लाहकहाँ तिमीमध्ये सर्वाधिक प्रतिष्ठित त्यो हो जो कि तिमीहरूमध्ये (अनुचित कर्मबाट) बढी भय

गर्नेवाला हुन्छ। निश्चय नै अल्लाह सबै कुरा जान्दछ, ऊ सर्वज्ञ छ। ( सूरतुल् हुजुरात १३ ) यसर्थ सत्यधर्ममा श्रेष्ठताको कसौटि मात्र तक्वा (अल्लाहको भयत्रास) हो ।

अब जबकि मैले तपाईहरू समक्ष ती समस्त नियमहरूलाई प्रस्तुत गरिसकें जसद्वारा सत्य र असत्य धर्महरू एवं मिथ्या धर्महरूमा भिन्नता र फर्क गर्न सकिन्छ, र त्यसलाई पवित्र कुरआनका श्लोकहरूद्वारा प्रमाणीकरण पनि गरें जुन यस कुरोलाई स्पष्ट पार्छ कि यी नियमहरू समस्त दूत र सन्देष्टाहरूमा एकनास र समान थिए जुन वास्तवमा अल्लाहद्वारा पठाइएको थिए, त अब यो उचित लाग्दछ कि हामी धर्महरूका थरीहरू तपाईहरू समक्ष प्रस्तुत गरौं ।

# धर्मका थरीहरू

समस्त मानवजाति धर्मको बारेमा दुई थरीमा विभाजित छन् :

एउटा त्यो किसिम हो जिनको लागि अल्लाहद्वारा ग्रन्थ अवतरित गरियो जसरी यहूदी, ईसाई, र मुसलमानहरू, त रह्यो कुरो यहूदी र ईसाईहरूको त उनीहरूले आफ्ना ग्रन्थहरूमा निर्देशित गरिएका आदेशहरूलाई त्यागेको कारण, र मानव मध्येहरूबाट अल्लाह बाहेक पूज्य बनाएको कारण, र अधिक समय बीतिसकेको कारण... ती पवित्र ग्रन्थहरू हराइहाले जसलाई अल्लाहले तिनका सन्देष्टाहरू माथि अवतरित गरेको थियो, अनि उनका विद् र धर्मात्माहरूले केही पुस्तकहरू तयार पारेर भन्नथाले कि यो अल्लाहको तर्फबाट हो, तर वास्तवमा त्यो अल्लाहको तर्फबाट होइन बरु त्यो कुमार्गी र भ्रमितहरूको पद्धति र अतिक्रमणकारीहरूको परिवर्तित कुराहरू मात्र हुन् ।

र बाँकी रह्यो मुसलमानहरूको पवित्र ग्रन्थ कुरआनको त यो समयको आधारले अन्तिम ईश्वरीय ग्रन्थ हो, र सबैभन्दा उत्तम र विश्वासनीय छ सिद्धान्तको दृष्टिकोणले, जसको

सुरक्षाको जिम्मेवारी स्वयम् अल्लाहले लिएका छन्, र यसको सुरक्षाको जिम्मेवारी अल्लाहले मानिसहरूलाई दिएनन् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ إِنَّا نَحۡنُ نَزَّلۡنَا ٱلذِّكۡرَ وَإِنَّا لَهُۥ لَحَٰفِظُونَ ٩ ﴾ الحجر: ٩

अर्थ : (निःसन्देह) हामीले नै कुरआनलाई उतारेका छौं र हामी नै यसको संरक्षक हौं । ( सूरतुल् हिज्र ९ )

त यो पवित्र ग्रन्थ श्लोकहरूमा र छातीहरूमा सुरक्षित छ, किनकि यो त्यो सर्वोच्च ग्रन्थ हो जसलाई समस्त प्राणीहरूको मार्गदर्शनको लागि अल्लाहले मनोनीत गरेको हो, र यसलाई प्रलय सम्मको लागि सबैमाथि प्रमाण बनाइदियो, र त्यसलाई शाश्वत गरिदियो, र यसको लागि यस्तो व्यवस्थापन गरिदियो कि समस्त युगहरूमा मान्छेहरू यसका निर्देशन र नियमहरूको अनुपालन गरुन् र त्यसको विधिशास्त्रमाथि आस्था राखुन् र त्यसै बमोजिम कार्यरत पनि रहुन्, र यसबारे विस्तृत वर्णन अगाडि गरिनेछ ।*

* हेर्नुस् : पे. २४२

र आर्को किसिम यस्तो छ जिनको पासमा कुनै ईश्वरीय ग्रन्थ छैन यद्यपि उनीहरूसित यस्ता पुस्तकहरू छन् जुन उनीहरूलाई पैतृक तौरमा मिलेका छन् जसरी हिन्दू, मजूसी, बौद्धधर्म, कन्फ्युशिश धर्म र ती अरब बासीहरूको प्राचीन धर्महरू जसमा अरबहरू मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको आगमन भन्दा अघि कार्यरत थिए ।

र यस संसारको कुनै समूह र सम्प्रदाय यस्तो गुज्रेको छैन जसमा त्यसको संसारीय जीवनका लाभदायक कुराहरूको बारेमा ज्ञान नरहेको होस्, र त्यसले त्यसै बमोजिम कर्म नगरेको होस्, र यो त्यो प्रकृतिक ज्ञान र मार्गदर्शन हो जुन अल्लाहले समस्त मानवजाति बरु समस्त जनावरहरूलाई पनि प्रदान गरेको छ, जसरीकि मनुष्य ती समस्त खाद्य पदार्थलाई एकत्रित गर्ने प्रयास गर्छ जुन त्यसको लागि लाभदायक छन्, र ती समग्र कुराहरूबाट मुख फर्काउँछ जुन त्यसको लागि हानिकारक छन्, र अल्लाहले यसो गर्नुलाई उसभित्र र उसको आत्माको लागि प्रिय बनाइदिएको छ, र हानिकारकलाई अप्रिय बनाइदिएको छ । अल्लाहको फर्मान छ :

﴿ سَبِّحِ ٱسۡمَ رَبِّكَ ٱلۡأَعۡلَى ۝١ ٱلَّذِي خَلَقَ فَسَوَّىٰ ۝٢ وَٱلَّذِي قَدَّرَ فَهَدَىٰ ۝٣ ﴾ الأعلى: ١ - ٣

अर्थ : (हे पैगम्बर !) आफ्नो सर्वोच्च पालनकर्ताको नामको गुणगान गर्नु । जसले ( मानिसलाई) सृष्टि गऱ्यो अनि (त्यसका अङ्गहरूलाई) ठीक (क्रम र समानुपातमा) मिलायो । र जसले ठीक ठाक निर्धारित गऱ्यो, अनि मार्ग देखायो । ( सूरतुल् अअ्ला १-३ )

र मूसाले फिरऔनसित भन्नु भयो :

﴿ قَالَ رَبُّنَا ٱلَّذِيٓ أَعۡطَىٰ كُلَّ شَيۡءٍ خَلۡقَهُۥ ثُمَّ هَدَىٰ ۝٥٠ ﴾ طه: ٥٠

अर्थ : उसले(मूसाले) जवाफ दिए कि हाम्रो पालनहार त्यो हो जसले हरेकलाई एउटा विशेष रूप, आकार प्रदान गऱ्यो र मार्गदर्शन गरायो । ( सूरतु ताहा ५० )

र हजरत इब्राहीमले भन्नु भयो :

﴿ ٱلَّذِي خَلَقَنِي فَهُوَ يَهۡدِينِ ۝٧٨ ﴾ الشعراء: ٧٨

अर्थ : जसले मलाई सृष्टि गऱ्यो उसैले मलाई मार्गदर्शन गर्दछ । ( सूरतुश्शुअ्रा ७८ )*

* हेर्नुस् : अल्जवाबुस्सहीह फिमन् बद्दल दीनुल् मसीह भाग ४, पे. ९७ ।

र ती समस्त बुद्धिजीविहरूलाई यो ज्ञात छ जुन अलिकति पनि सोचविचारको क्षमता राख्दछन् कि सम्प्रदायवालाहरू सित सम्प्रदाय नराख्ने मानछेहरू भन्दा परिपूर्ण र लाभदायक ज्ञान र विशुद्ध गतिविधिहरू हुन्छन्, तसर्थ जति पनि लाभदायक कुराहरू गैर मुस्लिमहरूसित छन् मुसलमानहरूसित त्यसभन्दा उत्कृष्ट र परिपूर्ण छन्, र धर्मावलम्बीहरूसित जुन हुन्छ त्यो उनी बाहेक अरुसित हुँदैन, र यो यसकारण कि ज्ञान र कर्म दुई थरीका हुन्छन् :

पहिलो थरी : मनीषबाट प्राप्त हुन्छ, जसरी गणितीय ज्ञान चिकित्सा एवं उद्योग विज्ञान, त यसको ज्ञान सम्प्रदायवालाहरूसित उस्तै हुन्छ जस्तोकि अरुहरूसित हुन्छ, बरु यिनीहरू यसमा परिपूर्ण हुन्छन्, तर रह्यो कुरो त्यस ज्ञानको जुन मात्र मनीषद्वारा प्राप्त हुन्सक्दैन जसरी ईश्वरीय र धर्मज्ञान, त यस्ता ज्ञान धर्म मान्नेवालाहरूसित विशेष हुन्छ, र यो त्यो ज्ञान हो जसमाथि सम्भव छ कि मनीषीय ज्ञान पनि प्रमाणीकरण गरोस्, र सन्देष्टाहरूले समस्त जीवधारीहरूसित यसमाथि विचार गर्नेबारे आग्रह गरेका छन् यसर्थ यसखालको ज्ञान मनीषिय र शास्त्रीय ज्ञान हो ।

www.alukah.net إهداء من شبكة الألوكة

दोस्रो थरी : जसको ज्ञान केवल सन्देष्टाहरूले वर्णन गरेको समाचारद्वारा होस्, त यस्तो ज्ञान मनीषद्वारा कदापि प्राप्त गर्न सकिन्न जसरी अल्लाहको अस्तित्वबारे खबर त्यसको नाम र विशेषताहरूबारे खबर, र सुमार्गी र अज्ञापालकहरूको लागि परलोकमा भएका अनुकम्पाहरूको खबर, र दुष्ट र अवज्ञा गर्नेहरूको लागि यातनाको खबर, अल्लाहको विधिहरूको वर्णन, र विगतका सन्देष्टाहरूको खबर कि उनीहरूको समुदायमा केकस्तो अवस्था थियो ... आदि ।*

* हेर्नुस् : मजमूअ् फतावा शैखुल् इस्लाम इब्ने तैमिया भाग ४, पे. २१०,२११ ।

# विद्यमान धर्महरूको अवस्था

विशाल धर्महरू र त्यसका प्राचीन ग्रन्थ र विधिहरू दुष्ट र दुराचारीहरूको लागि अतिक्रमण गर्ने माध्यम भइसकेका छन्, र परिवर्तनकारीहरूको खेलका मुख्य स्रोत र तथ्य, र घातक कालचक्र र भौतिक विपत्तिको शिकार, यहाँ सम्मकि त्यसले आफ्नो आत्मा र आकार बिराइसकेको छ, त यदि त्यसका पहिलाका अनुयायीहरू र दूत एवं सन्देष्टाहरूलाई पुनः जीवित गरियोस् भने आजको आकारमा त्यसलाई हेरेर त्यसको इन्कारी र त्यसलाई बेवास्ता गरिहाल्छन् ।

र यहूदी धर्ममा* मात्र अनुष्ठान र अन्धविश्वास बाहेक केही बचे छैन जसमा नत आत्मा छ नत प्राण, र यस बाहेक त्यो एउटा विशेष समुदाय र वर्गको पैतृक धर्म हो जसमा नत पूर्ण संसारको लागि कुनै सन्देश छ न उपदेश, नत पूर्ण संसारको लागि कुनै आमन्त्रण छ न आदेश, नत मानवजातिको लागि कुनै प्रकारको दया ।

* अधिक जानकारीको लागि हेर्नुस्: इफ्हामुल् यहूद लेखक: महामहीम आले इब्ने यह्या अल् मग्रबी, जुन पहिला यहूदी थिए अनि इस्लाम स्वीकार गरे ।

र यस धर्मको मूल सिद्धान्त जुनकि समस्त धर्महरू बीच मार्गदर्शन र चिन्ह थियो त्यसलाई परिवर्तित गरियो, जसमा त्यसको उत्कृष्टता नीहित थियो, र त्यो थियो एकेश्वरवादको सिद्धान्त जसको वसीयत र सद्उपदेश हजरत इब्राहीमले आफ्ना प्रिय छोरा यअ्कूबलाई गर्नु भएको थियो, तर यहूदीहरूले आफू वरिपरि बसेका समुदायहरूबाट उनीहरूका विक्रित सिद्धान्तहरू चयन गरेर आफ्नो धर्ममा मिसाए, वा उनीहरूको वशीभूत भए, र यस धर्मका अधिकतम रीति र अंधविश्वास र अनभिज्ञकालका मूर्ति पूजनलाई केही न्यायप्रिय यहूदी इतिहासकारहरूले स्वीकारेका पनि छन्, जस्तोकि यहूदी इन्साइक्लोपीडियामा यो उल्लेखित छ जसको अर्थ यो हो: “ मूर्ति पूजकहरूमाथि सन्देष्टाहरूको क्रोध यो प्रमाणित गर्छ कि मूर्ति पूजा र विभिन्न पूज्यहरूको पूजा इस्राईलीहरूका हृदयहरूमा जागृत भइसकेको थियो, र उनीहरूले मिथ्या र बहुदेववादी सद्धिान्तहरूलाई स्वीकार गरिसकेका थिए, र स्वयम् तलमूद यो प्रमाणित गर्छ कि

मूर्ति पूजातर्फ यहूदीहरूको विशेष आकर्षण अति चोखो थियो " ।*

र बाबुलको तलमूद* जसलाई यहूदीहरू अति सम्मानित र मर्यादित भन्छन्, र यसलाई कहिले काहिँ तौरात भन्दा उत्कृष्टता प्रदान गर्छन् जुन उनीहरूको माझामा छठौं ईस्वी शताब्दीमा प्रचलित थियो, र त्यसमा यस्ता यस्ता मूर्खता र बुद्धिहीनताका उदाहरणहरू पूरिएका छन् जसरी अल्लाहमाथि दोषारोपण, वास्तविकतासित खेलवाड, मनीष र धर्मसित खेलवाड गर्नेखालका कुराहरू छन्, र यसैको परिणाम स्वरूप यहूदी समुदाय वर्तमानकालमा बुद्धिहीनता र धर्मभ्रष्टताको मार्गमा लागेको देखिन्छ ।*

र बाँकी रह्यो ईसाई धम* त त्यो आफ्नो आरम्भिक कालदेखि नै अतिक्रमणकारी र

---

* Encyclopeadia voll- 12 p.7 , voll-7 p. 568-69 .

* तलमूद शब्दको अर्थ हो त्यो किताब जुन यहूदीहरूको धर्म र शिष्टाचारलाई वर्णन गर्छ, र यो अल् मश्ना नामक किताबको टीकाटिप्पणी र व्याख्याहरूको संग्रह हो जसलाई केही यहूदी विद्हरूले विभिन्न युगहरूमा लेखेका छन्

* तपसीलको लागि हेर्नुस् : अल् यहूदी अला हसबित्तलमूद लेखकः डा. रोहलनज, फरनसीबाट अरबी अनुवादकः डा. यूसुफ हना नसरुल्लाह अनुवादित गरिएको प्रतिको नामः अलकन्जुल् मरसूद फि कवाइदित्तलमूद ।

* विस्तृत जानकारीको लागि हेर्नुस्: "अज्जवाबुस्सहीह लेमन बद्दला दीनुल् मसीह" लेखकः शैखुल् इस्लाम इब्ने तैमिया, र " इज्हारुल् हक " लेखकः

परिवर्तनकारीहरू एवं अनभिज्ञ व्याख्याकर्ता र रोमी मूर्तिपूजक ईसाईहरूद्वारा उत्पीडित रह्यो,* र यो सबै कुराहरू त्यसको लागि पर्वत झैं भए जसमुनि मसीहका मर्यादित निर्देशनहरू दफनाइए, र एकेश्वरवादको प्रकाश र अल्लाहको पूजाको निष्ठा यस दुष्टताको द्वन्द पछाडि लुप्त भयो ।

ईसाई लेखकको भनाई छ कि चौथो ईस्वी शताब्दीमा नै ईसाई धर्ममा तीन पूज्यको आस्था प्रवेश गरिसकेको थियो, उहाँले भनेको शब्दशः अर्थ हेर्नुस् :

“ चौथो इस्वी शताब्दीको अन्तिमकाल खण्डमा नै ईसाई संसारमा यो सिद्धान्त प्रवेश पाइसकेको थियो कि एक पूज्य तीन अक्नूमबाट (व्यक्तिबाट) संग्रहित छ, र यो सिद्धान्त नै पूर्ण ईसाई संसारको स्थायी सिद्धान्त भइहालयो, र यस त्रीकोणीय सिद्धानतको

---

रहमतुल्लाह बिन खलील हिन्दी, र “ तुहफतुल अरबी फि रद्दे अला इबादिस्सलीब ” लेखकः अब्दुल्लाह अत्तरजुमान, जुन ईसाई थिए अनि उहाँले इस्लाम कबूल गरे ।

* हेर्नुस् : अस्सेराओ बैनद्दीने वल्इल्म लेखकः प्रसिद्ध यूरोपियन दराबर, पे. ४०,४१ ।



NEW & EXCLUSIVE

उन्नतिको रहस्यको पर्दा मात्र उन्नइसौं शताब्दीको अन्तिमकाल खण्डमा नै खुल्यो "।*
र एउटा वर्तमानको ईसाई इतिहासकार " तारीखुल् मसीहिया फि जौइल् मुआसिर " नामक किताबमा ईसाई समुदायमा विभिन्न रंगमा मूर्तिपूजाको प्रदर्शन र ईसाईले जुन विभिन्न समुदायबाट मूर्तिपूजा, रीति रिवाज, र पर्व एवं बहुदेववादलाई अपनाएका छन् जुन अनभिज्ञताको कुरो र आश्चर्यजनक छन् यसैको बारेमा वर्णन गर्दै भन्छन् किः " मूर्ति पूजाको अन्त्य भयो तर पूर्णरूपले यसको समाप्ति भएन बरु त्यसले मान्छेहरूका आत्माहरूमा पूर्णतया प्रवेश गरिसकेको थियो, र मूर्तिपूजा मसीहियतको नामले त्यसको आवरण पछाडि विद्यमान नै रह्यो, अनि जुन मान्छेहरूले समस्त पूज्यहरूलाई त्यागे र उनीहरूका साक्षी र शहीदहरू मध्ये एउटा शहीदलाई लिएर त्यसैलाई पूज्यको विशेषता प्रदान गरे, फेरि त्यसको मूर्ति बनाए, र यसरी बहुदेववाद र मूर्तिपूजन ती स्थानीय शहीदहरूमा बाँकी नै रह्यो, र यो शताब्दीको अन्त नभएकै

* इन्सइक्लोपीडियामा रहेको शीर्षक तस्लीसुल् मुकद्दस भाग १४ पे. २१५ को संक्षेप वर्णन हो ।

www.alukah.net إهداء من شبكة الألوكة

अवस्थामा शहीदहरू वलीहरूको पूजा हुन्थाल्यो, र एउटा नौलो सिद्धान्तको अविष्कार भयो, र यो सिद्धान्त हो “ वलीहरू (ईश्वरका मित्रहरू) इश्वरीय विशेषता राख्दछन् ” यसरी वलीहरू र सम्मानित व्यक्तिहरू अल्लाह र मनुष्य बीच मध्यस्थ भए, र बहुदेववादीय र मूर्तिपूजकहरूका पर्वहरूलाई नवीन नामले नामाकरण गरियो, यहाँसम्म कि सन् ४०० ई. संवतमा प्राचीन सूर्य पर्वलाई मसीहको जन्म उत्सवको नामले नामाकरण गरियो ” ।*

र रह्यो मजूसीहरूको कुरो त उनीहरू प्राचीनकालबाट नै प्राकृतिक वस्तुहरूलाई पूज्य मान्नेबारे प्रख्यात थिए जस मध्ये सर्वोत्कृष्ट आगो हो जसको पूजा उनीहरू अन्तमा गर्नथाले, र त्यसको लागि ठुलठूला पूजाघर पनि बनाए यसर्थ आगोघर पूर्ण राज्यमा फैलिन् थाल्यो, र समस्त आस्था र सिद्धान्तहरू आगोपूजन र सूर्यपूजन अगाडि मात खाए, अनि धर्मको नाममा उनीहरूको पास केवल केही रीति रिवाज र अंधविश्वास बाहेक केही

---

* Rev. jamecs Houstoin Baxter in The History of Chritionity in The Light of Modern Knowledge. Glasgow, 1929 p. 407 .

बाँकी रहेन जसलाई उनीहरू केही विशेष स्थानमा गर्थे ।*

र “ ईरान फि अहदिस्सासानीयीन ” नामक पुस्तकको डिन्मार्कीय लेखक आरथर क्रिस्टन सीन यस धर्मका नायक र धर्मात्माहरूको अवस्था र गतिविधिहरूको बारेमा भन्नुहन्छ : “ ती कर्मचारीहरू माथि यो अनिवार्य थियो कि दिनमा चारपटक सूर्यको पूजा गरुन् र यस्तै चन्द्र र पानी एवं आगोको पनि, र उनीहरूलाई यो आदेश थियो कि आगोलाई ननिमाउन् नत आगो र पानीलाई मिश्रित गरुन्, र कुनै पनि धातुलाई नपग्लाउन् किनकि धातु पनि उनीहरूको लागि सम्मानजनक कुरो हो ” ।*

बरु उनीहरू सन्वीया गुट (दुई पूज्यलाई मान्नेहरू) निकट आइपुगे र प्रत्येक युगमा उनीहरूको यो नै चिन्ह ठहर भयो, र उनीहरू पनि दुई पूज्यमा आस्था राखे जुन मध्ये एउटा पूज्य हो प्रकाश वा भलाईको पूज्य, र यसलाई “आहूर मजदा वा यजदान” को नामले

---

* हेर्नुस् : पुस्तक “ ईरान फि अहदिस्सासानीयीन ” लेखकः प्रो. आरथर क्रिस्टन सीन, अध्यापक पूर्वीय भाषा शास्त्र विभाग कोबन हसन विश्वविद्यालय जुनकि डिन्मार्कमा स्थित छ, र “ तारीखे ईरान ” नामक पुस्तकमा हेर्नुस् लेखकः शाहीन मकारियूस अल्मजूसी ।

* ईरान फि अहदिस्सासानीयीन पे. १५५ ।

www.alukah.net إهداء من شبكة الألوكة

सम्बोधित गर्छन्, र दोस्रो पूज्य हो अन्धयारो वा बुराईको पूज्य, र यसलाई “अहरमन” भन्छन्, र दुवै बीच निरंतरताले युद्ध कायमै छ।*

र रह्यो कुरो बौद्ध धर्मको त यो धर्म भारत र माध्य एशिया महाद्वीपमा विस्तृत छ, यो धर्म पनि मूर्तिपूजक धर्म हो, जहाँ पनि जान्छ मूर्तिलाई आफ्नो संगै लैजान्छ, र जुनसुकै ठाउँमा पनि बसोबास गर्छ पूजाघर बनाउँछ र त्यसमा बुद्धको प्रतिमा स्थापित गर्छ।*

र रह्यो कुरो ब्रह्मीय धर्मको त यो भारतको धर्म हो जुनकि अधिक पूज्य राख्नुबारे पूर्ण विश्वमा प्रख्यात छ, र छठौं ईस्वी शताब्दीमा यस धर्मका पूज्यहरूको संख्या ३३० मिलियन पुगिसकेको थियो,* र यस धर्मको समीप समस्त सुन्दर, लाभदायक र विशाल वस्तु पूज्यको दर्जामा विराजित भयो जसको पूजा

---

* अधिको सन्दर्भको अध्याय “ अद्दीनज्जरतशती दियानुतुल् हुकूमह ” पे. १८३,२३३।

* हेर्नुस् : किताब “ प्राचीन भारत ” लेखक: ईश्वरीय थापा, हैदराबादको विशवविद्यालयमा भारतीय संस्कृतिको प्रोफेसर हुनुहुन्छ, र हेर्नुस् किताब “ The Discovery of India” लेखक: भू.पू. प्रधानमन्त्री जवाहर लाला नेहरु पे. २०१,२०१।

* हेर्नुस् : “ प्राचीन भारत ” लेखक: आर दत्त भाग ३ पे. २७६, र “ विस्तृत हिन्दुस्तान ” लेखक: L.S.S.O. Melley पे. ६,७।

गरिन्छ, र यस युगमा प्रतिमा अविष्कार गर्ने कला र शीपलाई अति प्रगति मिल्यो र त्यस कलामा निपुणता प्राप्त गर्नेहरूले निपुण भए ।
र हिन्दू व्यक्ति सी.वी. वेद आफ्नो किताब "मध्यकालीन भारतको इतिहास"मा सम्राट हरशको शासनकाल (६०६-६४८ ई.) को व्याख्या गर्दै भन्नुहुन्छ र यो त्यो युग हो जस पश्चात अरबमा इस्लामको आगमन भयो: " हिन्दूधर्म र बौद्धधर्म दुवै एकनास मूर्तिपूजक थिए, बरु बौद्धधर्म हिन्दूधर्म भन्दा अधिक मूर्ति पूजनमा लिप्त थियो, र यस बौद्धधर्मको आरम्भ पूज्यको इन्कारबाट नै भयो, तर विस्तारै विस्तारै बुद्धलाई नै महामहीम पूज्य ठानियो, फेरि त्यसमा पूज्यहरूलाई थपिदै गरियो जसरी " Bodhistavas" यहाँ सम्म कि भारतमा मूर्ति पूजाले अनेकौं रूप धारण गर्‍यो यहाँ सम्म कि " Buddha" भनेको खण्डमा भारतका केही पूर्वी भाषाहरूमा प्रतिमा वा मूर्तिको बोध हुन्थ्यो " ।
र यस कुरामा कुनै सन्देह छैन कि त्यस युगमा मूर्तिपूजा नै विस्तृत थियो, र पूर्ण संसार एटलान्टिक सागरदेखि प्रशान्त महासागर सम्म सबै मूर्तिपूजामा डूबेका थिए, र ईसाई एवं प्रमुख धर्महरू र बौद्धधर्म एकआर्कासित

मूर्तिपूजा र त्यसको सम्मान गर्नुमा प्रतिस्पर्धा गरिरहेका थिए, र सबै यस्तो अवस्थामा पुगिसकेका थिए मानो सबै घोडाहरू बाजी मार्नुको निम्ति एउटै क्षेत्रमा दगुरेका छन् ।*

र एउटा आर्को हिन्दू लेखक आफ्नो किताब " विस्तृत हिन्दुस्तान " मा वर्णन गर्नुहुन्छ किः मूर्ति निर्माणको प्रक्रिया यतिमा सीमित भएन बरु प्रत्येक समय अन्तरालमा केही ससाना मूर्तिहरूलाई पूज्यको दर्जामा थपिदै गरियो यहाँ सम्म कि समस्त पूज्यहरूको संख्याको आँकलन असम्भव भइहाल्यो, जस्तोकि केही आँकलन गर्नेहरूको भनाई छ ।*

यो थियो विगतका धर्महरूको अवस्था, र रह्यो कुरो ती सभ्य राज्य र देशहरूको जसमा ठूला र सशक्त सत्ताहरू कायम भए, र जसमा धेरै विज्ञानहरूको विस्तार भयो, र जुन सभ्यता र उद्योग र शिष्टाचारको पालना थियो, त यस्ता देशहरूमा पनि धर्मलाई कुल्चियो, र त्यसको मूल आधार र आकारलाई विगारियो, त्यसको शक्तिलाई थिचियो, र त्यहाँ सुधारवादीहरू लुप्त

* C.V. Vidya : History of Mediavel Hindu India vol-1,(poon1921)

* हेर्नुस् : अस्सीरतुन्नबवीया लेखकः अबुल् हसन नदवी पे. १९,२८ ।

र शिक्षकहरू अदृश्य भए, र त्यहाँ नास्तिकता र उपद्रव एवं अव्यवस्थाको वर्चस्व कायम भयो, र कसौटीका आधारहरू परिवर्तित गरिए, र मनुष्यले त्यहाँ आफै आफूलाई घृणित र अपमानित गऱ्यो, अनि आत्महत्याका घटनाहरू त्यहाँ बढ्दै गए, र पारिवारिक रिश्तानाता अलपत्र भए, र सामाजिक रिश्ता पनि नाश भएर भाँच्यो, र मनोवैज्ञानिकहरूका चिकित्साकेन्द्रहरू मानसिक रोगीहरूबाट पूरिए, र ढोंगी र पाखण्डीहरूको बजार तात्यो, र मनुष्यले त्यहाँ प्रत्येक प्रकारको मौजमस्ती गर्ने प्रयास गऱ्यो, र समस्त नवीनतम् साधन र बाटोको अनुशरण गऱ्यो.....? ताकि त्यसको आत्माको तिर्खा मेटोस् र त्यसलाई शान्ति मिलोस् र त्यसको हृदय सन्तुष्ट होस्, तर यो मौजमस्ती र यी साधन एवं मार्गहरू र दृष्टिकोण एवं विचारधाराहरू त्यसलाई सन्तुष्ट गर्नुमा असमर्थ रहे,, र त्यो यस्तै असन्तुष्टि र व्याकुलता र अशुद्धि र आध्यात्मिक उत्पीडनमा नै भौतरिरहन्छ यहाँ सम्म कि आफ्नो पालनकर्तासित मिलोस्, र त्यसको पूजा ती आधारहरू बमोजिम गरोस् जसलाई उसले त्यसको लागि निर्धारित गरेको छ, र त्यसैको

आदेश आफ्नो सन्देशवाहकहरूलाई पनि दिएको हो, जस्तोकि अल्लाहले त्यस व्यक्तिको आस्थालाई स्पष्ट पार्दै जसले त्यसबाट मुख फर्कायो भनेको छ :

﴿ وَمَنْ أَعْرَضَ عَن ذِكْرِي فَإِنَّ لَهُ مَعِيشَةً ضَنكًا وَنَحْشُرُهُ يَوْمَ الْقِيَامَةِ أَعْمَى ﴿١٢٤﴾ ﴾ طه: ١٢٤

अर्थ : र जसले मेरो स्मृतिबाट बिमुख हुनेछ त्यसको जीवन कष्टमय हुनेछ र कियामतको दिन त्यसलाई हामीले अन्धा बनाएर उठाउने छौं । ( सूरतु ताहा १२४ )

र आस्थावानहरूको यस संसारमा पाइने शान्तिको अवस्थाको बखान यसरी गरेको छ :

﴿ الَّذِينَ آمَنُوا وَلَمْ يَلْبِسُوا إِيمَانَهُم بِظُلْمٍ أُولَٰئِكَ لَهُمُ الْأَمْنُ وَهُم مُّهْتَدُونَ ﴿٨٢﴾ ﴾ الأنعام: ٨٢

अर्थ : जसले आस्था राख्दछन् र आफ्नो ईमानसँग शिर्कका कुराहरू मिसाउँदैनन्, त्यस्ताहरूको निम्ति सुरक्षा छ र तिनैले मार्गदर्शन प्राप्त गर्दछन् । ( सूरतुल् अन्आम ८२ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ ۞ وَأَمَّا ٱلَّذِينَ سُعِدُواْ فَفِى ٱلْجَنَّةِ خَٰلِدِينَ فِيهَا مَا دَامَتِ ٱلسَّمَٰوَٰتُ وَٱلْأَرْضُ إِلَّا مَا شَآءَ رَبُّكَ ۖ عَطَآءً غَيْرَ مَجْذُوذٍ ١٠٨ ﴾ هود: ١٠٨

अर्थ : र जो वरदान प्राप्त हुनेछन्, तिनीहरू स्वर्गमा हुनेछन् जबसम्म आकाश र पृथ्वी छन् सधैं यसैमा रहनेछन्, तर जति तिम्रो पालनकर्ताको इच्छा हुन्छ । यो पुरस्कार हो जुनकि कहिल्यै समाप्त हुनेछैन । ( सूरतु हूद १०८ )

त इस्लाम बाहेकका समस्त धर्महरूमाथि यदि हामी ती कसौटीका आधारहरू जसलाई अघि नै वर्णन गरेका हौं मा राखेर पर्खन्छौं भने त के हेर्छौं कि ती सत्य धर्मलाई पर्खने अधिकतम् र अधिकांश आधारहरूमा यी धर्महरू उत्तीर्ण र सफल हुन्सक्दैनन्, बरु यी धर्महरू त्यस आधारलाई गुमाइसकेका छन्, जस्तोकि यस संक्षिप्त वर्णनबाट स्पष्ट भयो ।

र सबैभन्दा ठूलो आधार जसलाई यी समस्त धर्महरूले गुमाए र नष्ट गरे त्यो हो: अल्लाहको एकत्वको आस्था, र त्यसको साथ अरु मिथ्या पूज्यहरूको पूजा अराधना, र यस्तै यी मिथ्या

धर्महरूले कुनै यस्तो विधिशास्त्र प्रस्तुत गरेनन् जुन सबैको लागि र प्रत्येक युग एवं स्थानको लागि उपयुक्त होस्, र सबै प्राणीहरूका ज्यान माल, इज्जत सम्मान, धर्म र सन्तानलाई संरक्षण देओस्, र त्यो नत उनीहरूलाई त्यो विधान दिन्छ जस बमोजिम कार्यरत रहने अल्लाहले आदेश गरेका छन्, नत उनीहरूलाई त्यो शान्ति र सन्तुष्टि एवं सदभाव दिन्छ जसको उनीहरू इच्छुक छन्, किनकि ती मिथ्या धर्महरू विवादस्पद कुराहरूबाट परिपूर्ण छन् ।

र रह्यो कुरो इस्लाम धर्मको त त्यसको बारेमा अगाडि यो स्पष्ट गरिन्छ  कि यो नै अल्लाहको सत्य धर्म हो जुन सदैंव बाँकी रहनेवाला छ, र जसलाई अल्लाहले आफ्नो लागि र समस्त प्राणीहरूको लागि चयन गरेको छ ।

र यस संक्षेप वर्णन पश्चात उचित यो छ कि तपाईलाई दूतत्वको बारेमा, र दूतत्वका प्रमाण एवं चमत्कारहरूको बारेमा, र मानवजातिको उनीहरू प्रति आवश्यकताको बारेमा ज्ञान गराऔं, र यो पनि स्पष्ट पारौं कि सन्देष्टाहरूको निमन्त्रणको आधार के थियो, र

सदैंवको लागि दूतत्वको समापनको वास्तविकता के हो ?

# दूतत्वको वास्तविकता

मनुष्यमाथि त्यसको जीवनमा जुन कुराको ज्ञान सर्वप्रथम अनिवार्य छ त्यो हो आफ्नो पालनकर्ताको बारेमा ज्ञान प्राप्त गर्नु, जसले त्यसलाई शुन्यबाट सृष्टि गऱ्यो, र त्यसमाथि आफ्नो उदार अनुग्रहको वर्षा गऱ्यो, र यस सृष्टिलाई उत्पन्न गर्नुको उद्देश्य यो थियो कि त्यो मात्र त्यसै एकलो महान र पवित्र एवं गरिमामय अल्लाहको पूजा अराधना गरोस् ।

तर मनुष्य आफूमाथि अल्लाहको हकको परिपूर्ण ज्ञान कसरी प्राप्त गरोस् ? र त्यसमाथि केकस्ता हक होकूकहरू अनिवार्य गरिएका छन् र आफ्नो प्रतिपालकको पूजा अराधना कसरी गरोस् ? निःसन्देह मनुष्य आफ्नो सांसारिक जीवनमा त्यो सहायक पाइहाल्छ जुन त्यसमाथि विपदा आएमा त्यसको सहयोग गरोस्, र त्यसको आवश्यकता पूर्ण गरोस्, त्यसको दवा उपचार गरोस्, र त्यसको घर बनाउनुमा त्यसको सहयोग गरोस्, र यस्तै समस्त दैनिक कार्यहरूमा ...., तर त्यो मान्छेहरूमा कुनै यस्तो खालको व्यक्ति पाउँदैन जुन त्यसको पालनहारको बारेमा ज्ञान देओस्, र यो स्पष्ट पारोस् कि त्यो आफ्नो

पालनकर्ताको कुन तरिकाले पूजा गरोस्, किनकि पूजाद्वारा अल्लाहको उद्देश्य के छ मानिसहरूलाई ज्ञान नै छैन, किनकि जब मनुष्यको मनीष मनुष्यको चाहनालाई बुझ्नुबाट असमर्थ हुन्छ यहाँसम्म कि त्यो मान्छे स्वयम् आफ्नो अभिप्राय व्यक्त गरोस्, त त्यो अल्लाहको चाहनालाई कसरी जान्न सक्छ, किनकि यो कार्य मात्र दूत र सन्देष्टाहरूको लागि विशेष छ जिनलाई अल्लाह आफ्नो आमन्त्रण पुऱ्याउनको लागि विशिष्ट गरेको छ, र उनी पश्चात यो दायित्व सुमार्गी इमामहरू माथि छ, जुन नबी (दूत) हरूका प्रतिनिधि हुन्, र उनीहरूको आमनत्रणलाई बोकेका हुन्छन्, र उनीहरूको पद्धतिलाई कार्यन्वयन गर्छन्, र समस्त मानवगण सम्म उनीहरूको आमन्त्रणलाई पुऱ्याउने भारी उठाएका हुन्छन्, र यसको प्रमुख कारण यो हो कि मनुष्य स्वयम् अल्लाहसित निर्देशन लिनुमा र त्यसको साक्षात्कार गर्नुमा सूक्ष्म छैन । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ ۞ وَمَا كَانَ لِبَشَرٍ أَن يُكَلِّمَهُ ٱللَّهُ إِلَّا وَحۡيًا أَوۡ مِن وَرَآيِٕ حِجَابٍ أَوۡ يُرۡسِلَ رَسُولٗا فَيُوحِيَ بِإِذۡنِهِۦ مَا يَشَآءُۚ إِنَّهُۥ عَلِيٌّ حَكِيمٞ ٥١ ﴾ الشورى: ٥١

अर्थ : कुनै मानिसलाई सम्भव छैन कि ऊ अल्लाहसित कुरा गरोस्, परन्तु वह्य मार्फत वा आवरण पछाड़िबाट, वा उसको लागि कुनै फरिश्ता पठाओस्, अनि फरिश्ताले अल्लाहको अज्ञाबाट जे चाहन्छ प्रकाशना गर्दछ । निश्चय नै ऊ सर्वोच्च अत्यन्त तत्वदर्शी छ । ( सूरतुश्शुरा ५१ )

तसर्थ कुनै मध्यस्थ र दूत चाहियो जुन अल्लाहको विधानलाई त्यसका भक्तहरू सम्म पुऱ्याओस् र यी मध्येस्थ दूतहरू र सन्देष्टाहरू हुन्, यसर्थ स्वर्गदूत अल्लाहको आमन्त्रण अल्लाहबाट लिएर सन्देष्टाहरू सम्म पुऱ्याउँछ अनि सन्देष्टाहरू त्यसलाई मानवजाति सम्म पुऱ्याउँछन्, र स्वर्गदूत आमन्त्रणलाई मानव सम्म प्रत्यक्षरूपले पुऱ्याउँदैन किनकि स्वर्गदूतको संसार मानुष्यको संसारभन्दा आकारमा भिन्न हुन्छ, अर्थात स्वर्गदूत र मानवजातिको सृष्टिमा भिन्नता हुन्छ, मनुष्यले

तयसलाई त्यसको आकारमा हेर्नु असम्भव छ । अल्लाहको फर्मान छ :

﴿ ٱللَّهُ يَصۡطَفِي مِنَ ٱلۡمَلَٰٓئِكَةِ رُسُلٗا وَمِنَ ٱلنَّاسِۚ ﴾ الحج: ٧٥

अर्थ : अल्लाहले फरिश्ताहरू मध्येबाट र मानिसहरू मध्येबाट सन्देशवाहक रोज्दछ । ( सूरतुल् हज्ज ७५ )

अनि अल्लाहको तत्वज्ञानले यो पारित गऱ्यो कि सन्देष्टा त्यस जातिको हुनुपर्छ जुन जातितिर त्यसलाई पठाइन्छ ताकि त्यसको कुरालाई तिनीहरू बुझुन् र त्यससित वार्तालाप गरेर कुरालाई राम्ररी सम्झुन्, किनकि उनीहरू त्यस रसूल (सनदेष्टा) सित कुरा गर्न सक्दछन्, तर यदि अल्लाहले उनी समक्ष स्वर्गदूतलाई पठाएको भए नत त्यसको साक्षात्कार नै गर्न सक्थे नत केही बुझ्न सक्थे ।*

र अल्लाहको फर्मान छ :

* तफ्सीरुल् कुरआनुल् अजीम लेखक: इस्माईल बिन कसीर अल्कुरशी भाग ३ पे. ६४ ।

﴿ وَقَالُواْ لَوۡلَآ أُنزِلَ عَلَيۡهِ مَلَكٞۖ وَلَوۡ أَنزَلۡنَا مَلَكٗا لَّقُضِيَ ٱلۡأَمۡرُ
ثُمَّ لَا يُنظَرُونَ ٨ وَلَوۡ جَعَلۡنَٰهُ مَلَكٗا لَّجَعَلۡنَٰهُ رَجُلٗا
وَلَلَبَسۡنَا عَلَيۡهِم مَّا يَلۡبِسُونَ ٩ ﴾ الأنعام: ٨ - ٩

अर्थ : र तिनीहरू यसरी भन्दछन् कि यिनीहरू छेउ कुनै फरिश्ता किन पठाइएन ? यदि हामीले कुनै फरिश्ता पठाएको भए सारा कुरा नै सिद्धिहाल्दथ्यौ, अनि तिनीहरूलाई एक छिनको समय पनि न दिइन्थ्यो । र यदि हामीले कुनै फरिश्ता पठाउने भए, त्यसलाई पनि मानिसैको रूपमा पठाउँथे र जुन शंका तिनीहरू अहिले गर्दछन्, त्यही शंका फेरि गर्ने थिए । ( सूरतुल् अन्आम ८,९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَمَآ أَرۡسَلۡنَا مِن رَّسُولٍ إِلَّا بِلِسَانِ قَوۡمِهِۦ لِيُبَيِّنَ
لَهُمۡۖ ﴾ إبراهيم: ٤

अर्थ : हामीले प्रत्येक नबीलाई उसको सामुदायिक भाषामा नै पठाएका छौं ताकि उनको सामु सजिलो र स्पष्ट किसिमले बयान गरिदेउन् । ( सूरतु इब्राहीम ४ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَمَآ أَرۡسَلۡنَا مِن قَبۡلِكَ إِلَّا رِجَالٗا نُّوحِيٓ إِلَيۡهِمۡۚ ﴾ النحل: ٤٣

अर्थ : र हामीले तपाई भन्दा पहिला पनि पुरुषहरूलाई नै पैगम्बर बनाएर पठाउने गरेका थियौं, जिनीहरूमाथि हामीले आफ्नो आदेश पठाउने गर्दथ्यौं । ( सूरतुन्नहल ४३ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَمَآ أَرۡسَلۡنَا قَبۡلَكَ مِنَ ٱلۡمُرۡسَلِينَ إِلَّآ إِنَّهُمۡ لَيَأۡكُلُونَ ٱلطَّعَامَ وَيَمۡشُونَ فِي ٱلۡأَسۡوَاقِۗ وَجَعَلۡنَا بَعۡضَكُمۡ لِبَعۡضٖ فِتۡنَةً أَتَصۡبِرُونَۗ وَكَانَ رَبُّكَ بَصِيرٗا ٢٠ ۞ وَقَالَ ٱلَّذِينَ لَا يَرۡجُونَ لِقَآءَنَا لَوۡلَآ أُنزِلَ عَلَيۡنَا ٱلۡمَلَٰٓئِكَةُ أَوۡ نَرَىٰ رَبَّنَاۗ لَقَدِ ٱسۡتَكۡبَرُواْ فِيٓ أَنفُسِهِمۡ وَعَتَوۡ عُتُوّٗا كَبِيرٗا ٢١ ﴾ الفرقان: ٢٠ - ٢١

अर्थ : हामीले तपाईभन्दा पहिला, जति पैगम्बरहरू पठाएका छौं, सबै खाना खान्थे र बजारहरूमा हिंड्डुल गर्दथे र हामीले तिमीहरू मध्ये हरेकलाई एक अर्काको निम्ति परीक्षाको माध्यम बनायौं । के तिमीले धैर्य गर्दछौ ? तिम्रो पालनकर्ताले सबै (कुरा) देख्दछ । र जुन

www.alukah.net إهداء من شبكة الألوكة

मानिसहरूले हामीसित भेट्ने आशा राख्दैनन्, भन्दछन् कि हाम्रा निम्ति फरिश्ताहरू ( स्वर्गदूत) किन उतारिएनन्? वा हामी आफ्नो पालनकर्तालाई (किन) आफ्नो आँखाले देख्दैनौं ? यिनीहरूले आफैलाई ठूलो अहंकारी सम्झेका छन् र ठूलो विद्रोह गरिराखेका छन् । ( सूरतुल् फुरकान २०,२१ )

र सन्देष्टा र नबीहरूको विशेषताहरू मध्ये हो: उनीहरूको मनीष परिपूर्ण हुन्छ, र उनीहरू शुद्ध प्रकृति र स्वभावका हुन्छन्, र कुरा एवं कर्ममा निष्ठावान र सत्यवान हुन्छन्, र धरोहरता एवं निष्ठाको साथ त्यो आमन्त्रण पुऱ्याउँछन् जुन उहाँहरूलाई प्रदान गरिएको हुन्छ, र प्रत्येक घृणित कुराहरूबाट मुक्त हुन्छन् जुन मानवजातिको आचरणलाई कलंकित गरोस्, र यस्ता शुद्ध सशक्त र आकर्षक शरीरका मालिक हुन्छन् जसको प्रत्येक आँखा अपेक्षित हुन्छन्, र राम्रो स्वादहरू त्यसबाट टाढिन्छन् ।* र अल्लाहले उनीहरूको व्यक्तित्व र आचरणको पवित्रताको बखान गरेको छ, तसर्थ उनीहरू समस्त मानवजाति भन्दा

* हेर्नुस् : लवामेउल् अनवारुल् बहीया भाग २, पे. ३०५,२६५, र इस्लाम लेखक: अहमद शिलबी पे. ११४ ।

सर्वोत्तम आचरणवान, सर्वोत्तम व्यक्तित्ववाला, र सर्वोत्तम उपकारी थिए, अल्लाहले उनीभित्र समस्त नैतिकता र समस्त सर्वोत्तम बानीहरू जम्मा गरिदियो, जसरी उनीभित्र ज्ञान, सहनशीलता, क्षमादान, उपकार, उदार्ता, वीरता..... र न्यायपरायणतालाई जम्मा गरेको छ, ताकि आफ्नो जाति समुदायबाट यी कुराहरूद्वारा उत्कृष्ट रहुन् र उनी बीच फर्क गर्न सकियोस्, यसर्थ यो सालेहको समूह हो जुन उनीसित भनिराखेका छन् जस्तोकि यसको बारेमा अल्लाहले खबर दिदै भनेको छ :

﴿ قَالُوا۟ يَٰصَٰلِحُ قَدْ كُنتَ فِينَا مَرْجُوًّا قَبْلَ هَٰذَآ ۖ أَتَنْهَىٰنَآ أَن نَّعْبُدَ مَا يَعْبُدُ ءَابَآؤُنَا ﴾ هود: ٦٢

अर्थ : तिनीहरूले भने: हे “सालेह” ! यसभन्दा अगाडि हामीले तिमीबाट धेरै आशा गर्दथ्यौं । के तिमीले हामीलाई ती कुराहरूको पूजाबाट मनाही गर्दछौ, जुन हाम्रा पूर्वजहरूले गर्दै आएका हुन् ? ( सूरतु हूद ६२ )

र शुऐबको कौमले उनीसित भने :

﴿ قَالُواْ يَـٰشُعَيْبُ أَصَلَوٰتُكَ تَأْمُرُكَ أَن نَّتْرُكَ مَا يَعْبُدُ ءَابَآؤُنَآ أَوْ أَن نَّفْعَلَ فِىٓ أَمْوَٰلِنَا مَا نَشَـٰٓؤُاْۖ إِنَّكَ لَأَنتَ ٱلْحَلِيمُ ٱلرَّشِيدُ ﴿٨٧﴾ ﴾ هود: ٨٧

अर्थ : तिनीहरूले जवाफ दिए हे शुऐब ! “के तिम्रो नमाजले तिमीलाई यो आदेश दिन्छ कि जसलाई हाम्रा पूर्वजहरूले पूज्दै आएका छन्, हामीले तिनलाई छोडिदेऔं, र आफ्नो सम्पत्तिबाट जुन काम हामी लिन चाहन्छौ त्यो गर्न पनि छाँडिदेऔं । तिमी त साह्रै कोमल हृदयका र सत्यनिष्ठ मानिस हौ ।” ( सूरतु हूद ८७ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लम दूतत्व पाउनु भन्दा अघि नै आफ्नो समुदायमा अमीन (धरोहरी) को उपाधिबाट (उपनामबाट) प्रख्यात थिए, र उहाँको पालनहारले उहाँको विशेषता वर्णन गर्दै भनेको छ :

﴿ وَإِنَّكَ لَعَلَىٰ خُلُقٍ عَظِيمٍ ﴿٤﴾ ﴾ القلم: ٤

अर्थ : नि:सन्देह तपाई उच्च आचरणवाला हुनु हुन्छ । ( सूरतुल् कलम ४ )

र यस समूहलाई अल्लाहले समस्त सृष्टिबाट आफ्नो विशेष र श्रेष्ठ भक्तहरू मध्येबाट

आफ्नो निमन्त्रणको प्रचार प्रसारको लागि मनोनीत गर्छ । अल्लाहको फर्मान छ :

﴿ ٱللَّهُ أَعۡلَمُ حَيۡثُ يَجۡعَلُ رِسَالَتَهُۥۗ ﴾ الأنعام: ١٢٤

अर्थ : अल्लाहले राम्ररी जान्दछ कि, आफ्नो सन्देश पुऱ्याउने काम कोबाट लिने र कुन प्रकारले दिने । ( सूरतुल् अन्आम १२४ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ ۞ إِنَّ ٱللَّهَ ٱصۡطَفَىٰٓ ءَادَمَ وَنُوحٗا وَءَالَ إِبۡرَٰهِيمَ وَءَالَ عِمۡرَٰنَ عَلَى ٱلۡعَٰلَمِينَ ٣٣ ﴾ آل عمران: ٣٣

अर्थ : नि:संदेह अल्लाहले आदम(अलै.), नूह ( अलै.), इब्राहीम(अलै.)को वंश र इम्रानको वंशलाई सम्पूर्ण संसारका मानिसहरू मध्येबाट रोजी सक्यो । ( सूरतु आले इम्रान ३३ )

र यो दूत र सन्देष्टाहरूको समूह यद्यपि अल्लाहले उनीहरूलाई सर्वोत्तम विशेषताहरू द्वारा विशिष्ट गरेको छ र उनीहरू सर्वोत्कृष्ट विशेषता र शिष्टाचारहरूद्वारा प्रख्यात भए, तैपनि उनीहरू मनुष्य नै हुन्, उनीलाई पनि त्यो सबै कुराहरूको आवश्यकता पर्छ जुन अरु मानवलाई पर्छ, तसर्थ उनीहरूलाई पनि भोक लाग्दछ, र विरामी लाग्दछ, र उनी पनि

निदाउँछन् र विवाह गर्छन्, र उनीलाई पनि मृत्यु आउँछ। अल्लाहको फर्मान छ :

﴿ وَلَقَدْ أَرْسَلْنَا رُسُلًا مِّن قَبْلِكَ وَجَعَلْنَا لَهُمْ أَزْوَاجًا ﴾
الرعد: ٣٨

अर्थ : हामीले तपाईं भन्दा पहिला पनि धेरै पैगम्बरहरू पठाइसकेका छौं । र हामीले उनीसबैलाई बाल बच्चावाला बनाएका थियौं । ( सूरतुर्रअद ३८ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ إِنَّكَ مَيِّتٌ وَإِنَّهُم مَّيِّتُونَ ﴿٣٠﴾ ﴾ الزمر: ٣٠

अर्थ : (हे पैगम्बर !) निश्चित छ तपाईंलाई पनि मृत्यु आउनेछ र यिनीहरू पनि मर्नेछन् । ( सूरतुज्जुमर ३० )

बरु कतिपय सन्देष्टालाई त कष्ट दिइयो र केहीको हत्या पनि गरियो, त केहीलाई देश निकाला गरियो । अल्लाहको फर्मान छ :

﴿ وَإِذْ يَمْكُرُ بِكَ الَّذِينَ كَفَرُوا لِيُثْبِتُوكَ أَوْ يَقْتُلُوكَ أَوْ يُخْرِجُوكَ ۚ وَيَمْكُرُونَ وَيَمْكُرُ اللَّهُ ۖ وَاللَّهُ خَيْرُ الْمَاكِرِينَ ﴿٣٠﴾ ﴾ الأنفال: ٣٠

अर्थ : र त्यस कुराको पनि चर्चा गर्नुस् जबकि काफिरहरूले तपाई विरुद्ध षडयन्त्र गरिराखेका थिए, ताकि तपाईलाई बन्दी बनाइहालुन्, वा तपाईलाई मारिदिउन् वा तपाईलाई वतनवाट निकाली निर्वासित गराइदिउन् र उनीहरू आफ्ना षडयन्त्र गरिराखेका थिए र अल्लाह आफ्नो योजना कार्यान्वयन गरिराखेको थियो र अल्लाह सबभन्दा बलियो योजनाकार छ। ( सूरतुल् अन्फाल ३० )

तर राम्रो परिणाम र दुवै संसारको सफलता र वर्चस्वता उनीहरूलाई नै प्राप्त भयो । अल्लाहको फर्मान छ :

﴿ وَلَيَنصُرَنَّ ٱللَّهُ مَن يَنصُرُهُۥٓ ﴾ الحج: ٤٠

अर्थ : अल्लाहले अवश्य नै उसको सहायता गर्ने छ, जसले उसको सहायता गर्दछ । ( सूरतुल् हज्ज ४० )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ كَتَبَ ٱللَّهُ لَأَغْلِبَنَّ أَنَا۠ وَرُسُلِىٓۚ إِنَّ ٱللَّهَ قَوِىٌّ عَزِيزٌ ٢١ ﴾ المجادلة: ٢١

अर्थ : अल्लाहले लेखिसकेको छ कि नि:संदेह म र मेरा रसूल नै विजयी रहनेछौं । नि:सन्देह

www.alukah.net إهداء من شبكة الألوكة

अल्लाह शक्तिमान र अधिपत्यशाली छ । ( सूरतुल् मुजादला २१ )

# दूतत्वका चिन्ह एवं निशानीहरू

जब दूतत्व नै त्यो स्रोत हो जसद्वारा सर्वोत्तम ज्ञानको प्राप्ति हुन्छ, र त्यसैको माध्यमले महत्वपूर्ण र सर्वोत्तम कार्यहरू गरिन्छ, त अल्लाहले आफ्नो दयालेगर्दा सन्देष्टाहरूको लागि यस्ता चिन्ह र निशानीहरू निर्धारित गरिदियो जुन उनीहरूको दूतत्वलाई प्रमाणीकरण गरोस्, र मान्छेहरू त्यसैद्वारा उनीहरूलाई पहिचान गरुन् यद्यपि जसले पनि दूतत्वको दावी गऱ्यो त्यसमा यस्ता यस्ता चिन्ह र निशानी एवं अवस्थाहरू जाहेर भए जसद्वारा त्यसको सत्यता र झूठलाई पर्खियो, र यो स्पष्ट भयो कि त्यो वास्तवमा सन्देष्टा हो कि होइन, र यी लक्षण र निशानीहरू थुप्रै छन् जसमध्ये केही प्रमुख निशानीहरू निम्न हुन् :

१- यो कि सन्देष्टा मात्र एक अल्लाहको पूजातर्फ सबैलाई बोलाओस्, र त्यस बाहेक समस्त असत्य पूज्यहरूको पूजाबाट मनाही गरोस्, किनकि यो नै त्यो उद्देश्य हो जसको लागि अल्लाहले समस्त सृष्टिलाई उत्पन्न गरेको हो ।

२- यो कि त्यो सन्देष्टा आफूमाथि आस्था राख्नु, आफूमाथि विश्वास गर्नु, र आफूले

ल्याएको विधान बमोजिम कर्म गर्ने आग्रह गरोस्, यसर्थ अल्लाहले आफ्नो अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई यो आदेश गऱ्यो कि तिमी भन:

﴿ قُلْ يَٰٓأَيُّهَا ٱلنَّاسُ إِنِّى رَسُولُ ٱللَّهِ إِلَيْكُمْ جَمِيعًا ﴾ الأعراف: ١٥٨

अर्थ : तपाईले भनिदिनुस् : “हे मानिसहरू ! म तिमीहरू सबैको लागि त्यस अल्लाहबाट पठाइएको रसूल हूँ । ( सूरतुल् अअ्राफ १५८ )

३- अल्लाह त्यसको सहायता त्यसलाई दूतत्वको चमत्कारहरू प्रदान गरेर गरोस्, र ती मध्ये केही चमत्कारहरू हुन् जसलाई सन्देष्टा आफ्नो समुदाय समक्ष प्रस्तुत गर्छ, त त्यसको समुदाय नत त्यसलाई नकार्न सक्छ नत त्यस्तो चमत्कार नै ल्याउन सक्छ जस्तो कि त्यो सन्देष्टा ल्याएको छ, यसर्थ हजरत मूसाको प्रमुख चमत्कार उहाँको लट्ठी थियो जुन सर्पको रूपमा परिवर्तित भइहाल्थ्यो, र हजरत ईसाको निशानी थियो कि उहाँ अल्लाहको आदेशले जन्मजात लाटो बहिरो, सेतो दागको रोगीलाई निको पार्थे, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको चिन्ह र चमत्कार मध्ये पवित्र

कुरआन हो यद्यपि उनी अन्पढ र निरक्षर थिए जुनकि पढ्न र लेख्न जान्दैन्थे, र यस बाहेक अरु निशानीहरू छन् जुन सन्देष्टाहरूको निशानी र प्रमाण हुन्छ ।

र यी निशानीहरू मध्ये त्यो स्पष्ट र सत्मार्ग हो जसलाई लिएर समस्त सन्देष्टाहरू आउँछन् जसको इन्कार उनीहरूका शत्रुहरू पनि गर्न सक्दैनन्, बरु उनीहरूका शत्रुहरू भलिभाँति यो जान्दछन् कि जुन कुरो यी नबीहरू लिएर आएका छन् त्यो नै सत्य हो जसको इन्कार असम्भव छ ।

र यी चिन्हहरू मध्ये ती उत्तम शिष्टाचार, नैतिकता, बानी व्यवहारशैलीहरू पनि हुन् जसको लागि अल्लाहले यी सन्देष्टाहरूलाई विशिष्ट गरेको छ ।

र यी निशानीहरू मध्ये अल्लाहको त्यो सहायता पनि हो जुन उनीहरूको उनीहरूका शत्रुहरू विरुद्ध अल्लाहद्वारा गरिन्छ, र त्यो आमन्त्रणको ख्याति र सर्वमान्यता पनि हो जसलाई उनीहरू ल्याएका छन् ।

४- त्यसको आमनत्रणका आधारहरू ती आधारहरू अनुकूल होउन् जसतर्फ विगतका सन्देष्टाहरूले आह्वान गरे ।*

५- यो कि त्यो सन्देष्टा आफ्नो पूजातर्फ आह्वान नगरोस् नत कुनै पनि पूजालाई आफूतर्फ विशेष गर्ने आह्वान गरोस् र नत आफ्नो गोत्र र परिवारलाई अरुमाथि श्रेष्ठता दिनुतर्फ आमन्त्रण देओस्, र अल्लाहले आफ्नो सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई आदेश गऱ्यो कि उहाँ भनुन् :

﴿ قُل لَّآ أَقُولُ لَكُمۡ عِندِي خَزَآئِنُ ٱللَّهِ وَلَآ أَعۡلَمُ ٱلۡغَيۡبَ وَلَآ أَقُولُ لَكُمۡ إِنِّي مَلَكٌۖ إِنۡ أَتَّبِعُ إِلَّا مَا يُوحَىٰٓ إِلَيَّۚ ﴾ الأنعام: ٥٠

अर्थ : तपाई भनिदिनुस् कि म तिमीसित यो भन्दिन कि मसँग अल्लाहको ढुकुटी छ र नत म अन्तर्यामी हूँ, र नत म यो भन्दछु कि म फरिश्ता हूँ । म त मात्र ती आदेशहरूको पालना गर्दछु जुन मलाई अल्लाहको तर्फबाट प्राप्त हुन्छ । ( सूरतुल् अन्आम ५० )

६- यो कि त्यो मानवजातिसित आफ्नो आमन्त्रणको सट्टामा कुनै सांसारिक पारितोषिक

* हेर्नुस् : मज्मूअ फतावा शैखुल् इस्लाम इब्ने तैमिया भाग ४ पे. २१२,२१३ ।

नमाँगोस्, अल्लाहले आफ्ना सन्देष्टाहरू नूह, सालेह, हूद, लूत र शुऐबको बारेमा खबर दिंदै भनेको छ कि उनीहरूले अआफ्ना समुदायसित भने :

﴿ وَمَآ أَسۡـَٔلُكُمۡ عَلَيۡهِ مِنۡ أَجۡرٍۖ إِنۡ أَجۡرِيَ إِلَّا عَلَىٰ رَبِّ ٱلۡعَٰلَمِينَ ١٠٩ ﴾ الشعراء: ١٠٩

अर्थ : म यस कामको निम्ति तिमीबाट कुनै पारिश्रमिक माग्दिन। मेरो पारिश्रमिक त सम्पूर्ण संसारको पालनकर्ताको जिम्मामा छ। ( सूरतुश्शुअरा १०९ )*

र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो समुदायसित भने :

﴿ قُلۡ مَآ أَسۡـَٔلُكُمۡ عَلَيۡهِ مِنۡ أَجۡرٖ وَمَآ أَنَا۠ مِنَ ٱلۡمُتَكَلِّفِينَ ٨٦ ﴾
ص: ٨٦

अर्थ : हे पैगम्बर ! भनिदिनुस् कि "म तिमीसित यसको कुनै बदलाको इच्छुक छैन र न त म कुनै दिखावा गर्ने मध्येको" हूँ। ( सूरतु साद ८६ )

त यी सन्देष्टा र दूतहरू जिनका केही विशेषताहरूको बारेमा र उनका केही चमत्कार

---

* र हेर्नुस् : सूरतुश्शुअराको श्लोक नं. १२७,१४५,१६४,१८०।

र दूतत्वका चिन्हहरूको बारेमा हामीले चर्चा गऱ्यौं ती अति थुप्रै संख्यामा छन्, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَلَقَدۡ بَعَثۡنَا فِي كُلِّ أُمَّةٖ رَّسُولًا أَنِ ٱعۡبُدُواْ ٱللَّهَ وَٱجۡتَنِبُواْ ٱلطَّٰغُوتَ ﴾ النحل: ٣٦

अर्थ : हामीले हरेक समुदायमा पैगम्बर पठायौं कि मानिसहरू अल्लाहकै पूजा गरुन्, र उस बाहेक अन्य समस्त पुज्यहरूलाई त्यागिहालुन् । ( सूरतुन्नहल ३६ )

र उनीहरूको कारण नै मानवजाति प्रफुल्लित र प्रसन्न एवं गौरवान्वित भयो र इतिहासले उनीहरूका घटना र वृतान्तलाई आफूभित्र समावेश गऱ्यो, र उनीहरूका विधानहरूलाई सामूहिक तरिकाले वर्णन गरियो कि त्यो नै सटीक सत्य र पूर्ण न्याय हो, र सामूहिक तरिकाले यो पनि वर्णित छ कि अल्लाहले उनीहरूलाई उनीहरूका शत्रुहरूमाथि कसरी वर्चस्व प्रदान गऱ्यो र उनीहरूका शत्रुहरूलाई कसरी विनाश गऱ्यो , यसर्थ फिरऔनलाई समुन्द्रमा डुबाइदियो, र लूतका जातिबन्धुलाई विनष्ट गरिदियो, र मुहम्मद सल्लल्लाहो अलैहे

वसल्लमलाई उहाँका शत्रुहरू विरुद्ध सहायता गऱ्यो र केकसरी उहाँको धर्मलाई पूर्ण विश्वमा फिजाइदियो ...., यसर्थ जसले यसको जानकारी प्राप्त गऱ्यो त्यसलाई यो दृढ ज्ञान प्राप्त भयो कि यी सन्देष्टाहरू भलाई र सत्मार्ग लिएर आएका थिए, र सृष्टिलाई ती कुराहरूतर्फ आकर्षित गर्थे जुन उनीहरूको लागि लाभप्रद सिद्ध होस्, र ती समस्त कुराहरूबाट रोक्दथे जुन उनीहरूको लागि हानिकारक होस्, र ती सन्देष्टाहरू मध्ये पहिला हजरत नूह हुन् र अन्तिम हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम हुन् ।

# समस्त मानवजातिलाई सन्देष्टाहरूको आवश्यकता

सन्देष्टाहरू अल्लाहका भक्तहरूतर्फ अल्लाहका ती दूतहरू हुन् जुन उनीहरू सम्म अल्लाहका आदेशहरू पुऱ्याउँछन्, र अल्लाहले जुन अनुकम्पाहरू ती अज्ञाकारी मान्छेहरूको लागि तयार गरेर राखेको छ त्यसको शुभ सन्देश दिन्छन्, र उनीहरूलाई अल्लाहको त्यो शाश्वत यातनाबाट सचेत गर्छन्, जसलाई अल्लाहले अवज्ञा गर्नेहरूको लागि तयार गरेर राखेको छ, र उनीहरू समक्ष विगतका समुदायहरूको कथा वर्णन गर्छन्, र उनीहरू माथि उनीहरूको संसारिक जीवनमा अल्लाहको अवज्ञा गर्ने कारण जेजति प्रकोपहरू अवतरित भएका थिए त्यसको समाचार सुनाउँछन् ।

र यी ईश्वरीय गर्ने नगर्ने आदेशहरूको ज्ञान साक्षात मनीषलाई पनि प्राप्त हुँदैन, यसैकारण अल्लाहले आफ्नो विधान अवतरित गऱ्यो र केही कार्यलाई गर्ने आदेश गऱ्यो त केहीलाई गर्नुबाट मनाही गरिदियो, उनीहरूलाई सम्मान दिने उद्देश्यले र उनीहरूका हितहरूको रक्षा गर्ने उद्देश्यले, किनकि मानव आफ्नो हवस र वासनापूर्तिको बाटोमा लागेर सीमा अतिक्रमण

गर्नथाल्छ, र मान्छेहरूको निन्दा गर्दै त्यसका हक अधिकारलाई हनन् गरिहाल्छ, यसर्थ तत्वदर्शिता यसैमा नीहित थियो कि अल्लाह समय समयमा सन्देष्टाहरूलाई पठाउँदै गरोस् ताकि उनीहरू यिनीहरूलाई अल्लाहका आदेशहरूको याद र सम्झना गराउँदै गरुन्, र पाप र दुष्टतामा पर्नुबाट सचेत गर्दै गरुन्, र उनीहरूलाई सद्उपदेश गर्दै रहुन्, र विगतमा गुज्रिसकेका मान्छेहरूको कथा सुनाउँदै रहुन्, किनकि जब विचित्र घटनाहरू कान सम्म पुग्दछन् र विचित्र अर्थहरू मस्तिष्कलाई ब्युँझाउँछन् त मनीष त्यसबाट ज्ञान ग्रहण गर्छ, अनि त्यसको ज्ञानमा अभिवृद्धि हुन्छ, र त्यसको सोचविचारको क्षमता उन्नति गर्छ, यसर्थ जुन मान्छे अधिक सुन्दछ त्यो अधिक आशान्वित हुन्छ र जुन अधिक आशाहरू राख्छ त्यो अधिक सोचविचार गर्छ र जुन अधिक चिन्तन मनन् गर्छ त्यसको ज्ञानमा स्वत: अभिवृद्धि हुन्छ, र जसको ज्ञान बढछ त्यो अधिक कार्य गर्छ, यसर्थ सन्देशवाहकहरूलाई पठाउनुको अरु कुनै विकल्प छैन नत उनीहरू

www.alukah.net إهداء من شبكة الألوكة

जस्तो अरु कोही सत्यलाई व्यवस्थित गर्ने योग्य ।*

र शैखुल इस्लाम इब्ने तैमियाको* भनाई छ : ईश्वरीय आमन्त्रण मानवका दुवै जीवनको हितको लागि अति आवश्यक छ, त जसरी कि त्यसको परलौकिक जीवन तबसम्म हितकर सिद्ध हुँदैन जबसम्म ईश्वरीय आमन्त्रणको अनुशरण नगरोस् त्यस्तै त्यसको सांसारिक जीवन पनि हितकर सिद्ध हुन्सक्दैन जबसम्म ईश्वरीय आमन्त्रणको अनुशरण नगरोस्, यसर्थ मानव ईश्वरीय विधानसित बाधित छ किनकि त्यो दुई चक्र बीच आफ्नो जीवन व्यतीत गरिरहेको छ, एउटा त्यसको लागि लाभ ल्याउँछ त आर्को त्यसबाट हानिलाई हटाउँछ, यसर्थ ईश्वरीय विधान नै त्यो प्रकाश हो जुन त्यसलाई यो ज्ञान गराउँछ कि कुनचाहिँ त्यसको लागि हानिकारक छ र कुन लाभदायक, यसलेगर्दा यो अल्लाहको प्रकाश हो त्यसको पृथ्वीमाथि, र न्याय हो त्यसका

---

* अअ्लामुन्नबूवा लेखकः अली बिन मुहम्मद अल् मावरदी पे. ३३ ।

* उहाँको पूर्ण नाम अहमद बिन अब्दुल हलीम बिन अब्दुस्सलाम हो, इब्ने तैमियाको नामले प्रसिद्ध छन्, ६६१ हिज्रीमा उहाँको जन्म भयो र ७२८ हिज्रीमा उहाँको निधन भयो, र उहाँ इस्लामका ठूला विद्हरू मध्ये एक हुन् र उहाँले धेरै राम्रा राम्रा पुस्तकहरू लेखेका छन् ।



NEW & EXCLUSIVE

भक्तहरूको लागि, र त्यसको यस्तो किल्ला हो जसमा जुनसुकैले प्रवेश गऱ्यो अमन शान्ति र सफलता प्राप्त गऱ्यो ।

र विधान (शरीअत) को अर्थ सेन्स अर्थात भावद्वारा लाभ र हानिलाई छुट्टयाउनु होइन किनकि यस्तो त जनावरहरू पनि गर्दै आएका हुन्, त गद्हा र ऊँट जौ र बालुवाको कणमा फर्क गर्नसक्छन्, बरु प्राणी त ती कार्यहरूमा पनि विभाजन गर्नुमा सामर्थ्यवान हुन्छ जुन त्यसलाई त्यसको जीविका र बसोबास गर्नुमा एवं परलौकिक जीवनमा लाभदायक र हानिकारक हुन्छन् जसरी आस्थाका लाभहरू, एकेश्वरवाद, न्याय, उपकार, परोपकार, धरोहरता, वीरता, पवित्रता, सत्यता, धैर्यता, ज्ञान, रिश्ता नाता जोड्नु, सुकर्मको आदेश गर्नु र कुकर्मबाट रोक्नु, मातापितसित राम्रो व्यवहार गर्नु, छिमेकीहरूसित राम्रो सम्बन्ध राख्नु, हकको पूर्ति गर्नु, अल्लाहको प्रसन्नताको लागि कार्यरत रहनु, अल्लाहमाथि भरोसा राख्नु, अल्लाहसित क्षमायाचना गर्नु, र त्यसले तोकेको भाग्यमाथि सन्तुष्टि प्रकट गर्नु, र त्यसको आदेशलाई स्वीकार्नु, र त्यसमाथि र त्यसका सन्देष्टाहरूमाथि विश्वास गर्नु, र ती समस्त

कुराहरूमा विश्वास गर्नु जुन उसले वा उसका सन्देष्टाहरूले खबर दिएका छन्...., र यस बाहेक ती समस्त कुराहरूको लाभ जुन भक्तको लागि लाभदायक छन् र त्यसका दुवै लोकका लागि हितकर छन्, र यस विपरीत र विरुद्ध ती समस्त कुराहरू छन् जुन त्यसको सांसारिक र परलौकिक जीवनको लागि हानिकारक छन् ।

र यदि यो दूतत्व र ईश्वरीय आमन्त्रण नभएको भए मनीष कदापि सांसारिक लाभ र हानिबारे विस्तृत ज्ञान प्राप्त गर्नसक्दैन्थ्यो, तसर्थ भक्तहरूमाथि अल्लाहको यो विशाल र असीम कृपा हो कि त्यसले उनीहरूतिर सन्देष्टाहरू पठायो, र आफ्ना ग्रन्थहरू अवतरित गऱ्यो, र उनीहरूको लागि सोझो मार्ग स्पष्ट गरिदियो, र यदि यस्तो हुँदैन्थ्यो भने उनीहरू जनावर झैं बरु त्यसभन्दा पनि घृणित अवस्थामा रहन्थे, त जसले ईश्वरीय आमन्त्रणलाई स्वीकार गऱ्यो त्यो सर्वोत्तम सृष्टिहरू मध्येबाट भयो, र जसले त्यसको इन्कारी बन्यो वा मुख फर्कायो त्यो घृणित र दुष्टहरू मध्येको भइहाल्यो, र कुकुर एवं सुंगुर भन्दा अधिक अवहेलित र घृणित अवस्थामा पुग्यो, र पृथ्वीमाथि भएका समस्त

मान्छेहरूको जीवित रहने र बाँच्ने अवस्था तबसम्मको लागि नै छ जबसम्म उनीहरू भित्र ईश्वरीय आमन्त्रणका लक्षणहरू र प्रभावहरू बाँकी रहन्छन्, र जहिले पनि सन्देष्टाहरूले भनेका कुराहरू धरतीबाट लुप्त भइहाल्छन् र उनीहरूद्वारा निर्देशित चिन्हहरू नष्ट भइहाल्नेछन् त्यसै बेला अल्लाहले दुवै संसार अर्थात माथिल्लो र तल्लोतहका संसारहरूलाई क्षतविक्षत गरेर महाप्रलय कायम गर्नेछ ।

र धरतीवालाहरूको लागि सन्देष्टाहरूको आवश्यकता यस्तो खालको छैन जस्तो तिनीहरूलाई सूर्य र चन्द्र, वायु र पानीको हुन्छ, नत जसरी मनुष्यलाई जीवनको आवश्यकता हुन्छ, नत जस्तो आँखालाई ज्योतिको हुन्छ नत जसरी शरीरलाई भोजन र पानीको हुन्छ, बरु यसभन्दा अधिक र यति आवश्यकता मनुष्यलाई सन्देष्टाको हुन्छ जसको कल्पना कुनै हृदय गर्नु पनि सक्दैन, किनकि सन्देष्टाहरू अल्लाह र त्यसका सृष्टिहरू बीच एउटा माध्यम हुन्, त्यसका निर्देशनहरूलाई व्याख्या र स्पष्ट गर्नुको लागि, र उनीहरू अल्लाह र त्यसका सृष्टिहरू बीच दूत हुन्, र सन्देष्टा र सबै दूतहरूको नायक

मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम हुन् जहाँलाई अल्लाहले समस्त संसारको लागि दया बनाएर पठाएको हो, र सुमार्गमा हिंडनेहरू र समस्त प्राणीहरूको लागि प्रमाण र चिन्ह बनाएर पठाएको हो, र समस्त सृष्टिमाथि उहाँको अनुशरण, सम्मान, उहाँसित प्रेम, र उहाँको हकलाई निर्वाह गर्नु, उहाँमाथि आस्था राख्नु र उहाँको आज्ञापालन गर्नु अनिवार्य गरिदियो, र उहाँमाथि विश्वास गर्नुको वाचा अल्लाहले समस्त सृष्टिसित र समस्त सन्देष्टाहरूसित लिइसकेको छ, र साथै सबै सन्देष्टाहरूलाई यो आदेश पनि गऱ्यो कि यो वाचा आस्थावानहरूसित लिंदै गरुन् जुन उनीहरूमाथि आस्था राख्दछन्, र मुहम्मदलाई अल्लाहले महाप्रलय अघि सचेतकर्ता र शुभ सूचना सुनाउनेवाला बनाएर पठाएको हो, र उहाँलाई अल्लाहतर्फ आह्वान गर्नेवाला र प्रकाशमान सूर्य बनाएर पठाएको हो, अनि उनीद्वारा दूतत्वको समापन गऱ्यो र उनीको माध्यमले पथविचलितहरूलाई सुमार्गको दर्शन गरायो, र अनभिज्ञहरूलाई ज्ञान प्रदान गऱ्यो, र उनीद्वारा नदेख्ने आँखाको नसुन्ने कानको र नबुझ्ने हृदयको रोगलाई निको पाऱ्यो, अनि

उनको दूतत्वद्वारा समस्त ब्रह्माण्ड आफ्नो अँध्यारोबाट प्रमाशमा आयो, र त्यसैद्वारा छरिएका हृदयहरू आपसमा मिले, यसर्थ उनैद्वारा अल्लाहले कुमार्गलाई नाश गरी सुमार्गलाई विस्तार र स्थापित गऱ्यो, र प्रकाशमान मार्गलाई स्पष्ट पाऱ्यो, र त्यसैद्वारा छातीहरूलाई खोल्यो र उनीहरूको भारीलाई उताऱ्यो, र अल्लाहले उहाँ सल्लल्लाहो अलैहे वसल्लमको सम्मान र मर्यादालाई उच्च पाऱ्यो, र तिरस्कार एवं घृणा त्यसको भाग्य बनाइदियो जसले उहाँको अवज्ञा गरोस्, र अल्लाहले उहाँलाई त्यस समय पठाएको थियो जब सन्देष्टा आउने क्रममा अन्तराल आइसकेको थियो, र उहाँलाई ग्रन्थ प्रदान गऱ्यो जब त्यसका आदेशहरू र त्यसले प्रदान गरेका विधानहरूलाई परिवर्तित गरिसकिएको थियो, र प्रत्येक समुदायले अआफ्ना विचारधारा निर्धारित गरेर त्यसैमा लागिसकेका थिए, र अल्लाह र त्यसका भक्तहरू बीच आफ्ना दिग्भ्रन्त कुरा र विचारधारा र स्वार्थताद्वारा अन्याय गर्नथालेका थिए, अनि अल्लाहले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमद्वारा समस्त प्राणीलाई मार्गनिर्देशन गऱ्यो, र उनीहरूको

लागि मार्गहरू स्पष्ट पार्‍यो, र उनीद्वारा नै सबैलाई अँध्यारोबाट प्रकाशतिर ल्यायो, र सुमार्गी र कुमार्गीहरू बीच विभेद गर्‍यो, त जसले उनको पद्धतिलाई अपनायो सुमार्गी भयो, र जसले उनको मार्गबाट मुख फर्काई भ्रमित भयो त्यो विचलित र अत्याचारी ठहर भयो, यसर्थ अल्लाहको शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र समस्त सन्देष्टाहरू माथि ।*

र सम्भवता हामी मनुष्यको रसूलहरूप्रति (सन्देष्टाहरूप्रति) आवश्यकतालाई निम्नमा संक्षिप्त गर्न सक्छौं :

१- यो कि मनुष्य अधिनस्थ सृष्टिहरू मध्येको हो, तसर्थ त्यसलाई यो आवश्यक छ कि आफ्नो स्रष्टाको बारेमा ज्ञान ग्रहण गरोस्, र यसकुराको पनि जानकारी प्राप्त गरोस् कि त्यो स्रष्टा त्यससित के चाहन्छ, र यसलाई जान्नुको लागि सन्देष्टाहरूको ज्ञान र सन्देष्टाहरूले ल्याएका ज्ञान र प्रकाश बाहेक अरु कुनै स्रोत छदैछैन ।

* काइदा फि वजूबिल एअ्तेसाम बिर्रिसाला लेखकः इब्ने तैमिया भाग १९, पे. ९९-१०२, मजमूअ् फतावाबाट, र हेर्नुस्ः लवामेउल् अनवारुल् बहीया लेखकः सफारीनी भाग २ पे. २६१-२६३ ।

२- यो कि मानव शरीर र आत्माको संग्रह र घटक हो, यसर्थ शरीरको भोजन खद्यान्न पदार्थ र पानी हो, र आत्माको भोजन त्यो हो जुन त्यसको स्रष्टाले त्यसको लागि निर्धारित गरेको छ र त्यो हो सत्यधर्म र सुकर्म, र सन्देष्टाहरू नै त्यो सत्यधर्म लिएर आए र सुकर्मतर्फ आमन्त्रण दिए र सबैलाई यसैतर्फ मार्गदर्शन गरे ।

३- यो कि मनुष्य आफ्नो प्रकृतिक र स्वभाविक रूपले नै धार्मिक हुन्छ । यसर्थ त्यसको लागि कुनै यस्तो धर्म हुनुपर्‍यो जसलाई त्यो अङ्गीकार गरोस् र यो पनि कि त्यो धर्म सही र सत्य पनि होस्, यसर्थ त्यससित सत्यधर्म सम्म पुग्ने कुनै बाटो छैन यसबाहेक कि त्यो सन्देष्टा र दूतहरूमाथि विश्वास गरोस् र ती समस्त कुराहरू माथि विश्वास गरिहालोस् जुन उनीहरू लिएर आएका छन् ।

४- यो कि मनुष्य मुखापेक्षी छ एउटा यस्तो मार्गको जुन त्यसलाई यस संसारिक जीवनमा अल्लाहको प्रसन्नता सम्म पुर्‍याओस्, र परलोकको जीवनमा पनि अल्लाहको पुरस्कार र अनुकम्पायुक्त स्वर्ग सम्म पुगाओस्, र यस्तो

मार्गतर्फ मार्गदर्शन दूत र सन्देष्टा बाहेक को गर्नसक्छर ?

५- योकि मनुष्य स्वभाविक रूपले दुर्वल हुन्छ, र त्यसका धेरै शत्रुहरू त्यसको वरिपरि घेरा हालेका हुन्छन्, जसरी शैतान जुन त्यसलाई पथभ्रमित गर्न चाहन्छ, र त्यसका दोषी पापी साथीहरू जुन त्यसको लागि कुकर्मलाई सुसज्जित गरेर पेश गर्छन्, र पापतर्फ आकृष्ट गर्नेवाला आत्मा, त यसकारण त्यसलाई खाँचो छ कि कुनै यस्तो होस् जुन त्यसलाई त्यसका शत्रुहरूको जाल र षडयन्त्रबाट सुरक्षा प्रदान गरोस्, त नबी एवं सन्देष्टाहरू त्यसको लागि त्यो मार्ग स्पष्ट पार्छन् र त्यस मार्गतर्फ मार्गदर्शन गर्छन् जुन त्यसलाई सुरक्षा प्रदान गर्नेछ ।

६- मनुष्य स्वभाविक रूपले सामूहिक तरिकाले नगरमा बसोबास गर्नुलाई रुचाउँछ, त यस सामूहिक जीवनशैलीको लागि कुनै यस्तो विधानको त्यसलाई आवश्यकता छ जसको आधारमा त्यो सबैमा न्यायोचित तरिकाले व्यवहार गर्नसकोस् नत्र त्यसको जीवन वनबास सरह भइहाल्छ, र यो विधान यस्तो हुनु आवश्यक छ जुन सबैको हक अधिकारलाई

यस्तो तरिकाले सुरक्षित गरोस् कि कसैमाथि एक कण बराबर पनि अन्याय नहोस्, नत कसैको हक हनन् होस्, यसर्थ पूर्ण र सर्वोत्तम विधान त मात्र दूत र सन्देष्टाहरूले नै ल्याएका हुन् जुन कसैमाथि पनि नत अनयाय गर्छ नत कसैको हक हनन् गर्छ ।

७- र मनुष्यलाई ती समस्त कुराहरूको आवश्यकता हुन्छ जुन त्यसको अन्तरीक शान्ति र मनोवैज्ञानिक सूरक्षालाई सुनिश्चित गरोस्, र त्यसलाई यस्ता स्रोतहरूसित परिचय प्रदान गरोस् जुन त्यसलाई वास्तविक शान्ति र सन्तुष्टि प्रदान गरुन्, त यी नै ती स्रोतहरू हुन् जसतर्फ सन्देष्टाहरू मार्गदर्शन र आह्वान गरेका छन् ।

र सन्देष्टाहरूप्रति मनुष्यको आवश्यकतालाई वर्णन गरे पश्चात हामीलाई उचित लाग्छ कि अन्तिम घर ठेगान एवं अन्तिम बासस्थानको बारेमा प्रमाणसहीत केही चर्चा गरौं ।

# अन्तिम ठेगाना

समस्त मनुष्यहरूलाई भलिभाँति यो ज्ञान छ कि त्यसको मृत्यु अवश्य हुनेछ, तर मृत्यु पश्चात त्यसको ठेगाना र जानुपर्ने ठाउँ एवं त्यसको परिणाम के हुन्छ ? के त्यो प्रसन्न र प्रफुल्लित हुनेछ वा पीडित र कष्ट भोग्नेवाला? र अधिकतम् समूह र सम्प्रदाय एवं जातिहरूको यो धारणा रहेको छ कि उनीहरूलाई मृत्यु पश्चात पुन: जीवित गरिने छ, र उनीहरूको कर्मको लेखाजोखा र हिसाब किताब हुनेछ, यदि त्यसले सुकर्म गरेछ त परिणम राम्रो नै हुनेछ तर यदि त्यसले कुकर्म गरेको छ भने परिणाम दुखदायी हुनेछ,* र यो कुरो अर्थात पुनर्जन्म र हिसाब किताबको कुरोलाई समस्त शुद्ध मनीषले स्वीकारेका छन्, र ईश्वरीय विधानहरू यसमाथि सहमति जनाएका छन्, र यसको मूल आधार तीन कुरामा आधारित छ :

१- महान पालनकर्तालाई सर्वज्ञान सम्पन्न स्वीकार्नु ।

२- महान र पवित्र अल्लाहलाई सर्वशक्ति सम्पन्न मान्नु ।

* हेर्नुस् : अल् जवाबुस्सहीह भाग ४ पे. ९६ ।

३- महान अल्लाहलाई सर्वोत्कृष्ट तत्वज्ञ र तत्वदर्शी मान्नु ।*

र यो कुरो मनोवैज्ञानिक र लिखित र दर्शित प्रमाणहरूद्वारा प्रमाणित छ जसमध्ये केही निम्न हुन् :

१- आकाशहरू र पृथ्वीको सृष्टिद्वारा मृतकहरूलाई पुनः जीवित गर्नुमा प्रमाणीकरण, अल्लाहको भनाई छ :

﴿ أَوَلَيْسَ ٱلَّذِى خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ بِقَٰدِرٍ عَلَىٰٓ أَن يَخْلُقَ مِثْلَهُمۚ بَلَىٰ وَهُوَ ٱلْخَلَّٰقُ ٱلْعَلِيمُ ﴿٨١﴾ ﴾ يس: ٨١

अर्थ : जसले आकाशहरू र धरतीलाई सृष्टि गरेको छ, के उसलाई सामर्थ्य छैन कि उनीहरू जस्तै फेरि सृष्टि गरि देओस् ? किन होइन, जब कि त्यो महान् स्रष्टा अत्यन्त ज्ञानवान छ । ( सूरतु यासीन ८१ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ أَوَلَمْ يَرَوْا۟ أَنَّ ٱللَّهَ ٱلَّذِى خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ وَلَمْ يَعْىَ بِخَلْقِهِنَّ بِقَٰدِرٍ عَلَىٰٓ أَن يُحْۦِىَ ٱلْمَوْتَىٰۚ بَلَىٰٓ إِنَّهُۥ عَلَىٰ كُلِّ شَىْءٍ قَدِيرٌ ﴿٣٣﴾ ﴾ الأحقاف: ٣٣

---

* हेर्नुस् : अल् फवाइद लेखक: इब्ने कैयिम पे. ६-७ ।

अर्थ : के उनीहरूले देखेनन् कि जुन अल्लाहले आकाशहरू र धरतीलाई सृष्टि गऱ्यो र उनीहरूको सृष्टि गर्नुबाट थाकेन, त्यो निःसन्देह मृतकहरूलाई पनि जीवित पार्न सामर्थ्यवान छ ? किन नहोस ऊ निःसन्देह हरेक वस्तु माथि सामर्थ्यवान छ । ( सूरतुल् अहकाफ ३३ )

२- अल्लाहको निर्माण शक्तिद्वारा सृष्टिको पुनर्जन्ममाथि प्रमाणीकरण, किनकि पहिलो पटक त्यसले समस्त सृष्टिलाई बिना कुनै उदाहरण सृष्टि गरेको हो, त के त्यही स्रष्टा त्यसलाई दोस्रो पटक जीवित गर्नुमा सामर्थ्यवान हुन्सक्दैन ? अवश्य त्यसलाई यसको सामर्थ्य प्राप्त छ, किनकि बिना उदाहरण कुनै वस्तुलाई पहिलो पटक निर्माण गर्नुबाट त्यसैलाई पुनः निर्माण गर्नु अति सजिलो हुन्छ । अल्लाहको फर्मान छ :

﴿ وَهُوَ ٱلَّذِى يَبۡدَؤُاْ ٱلۡخَلۡقَ ثُمَّ يُعِيدُهُۥ وَهُوَ أَهۡوَنُ عَلَيۡهِۚ وَلَهُ ٱلۡمَثَلُ ٱلۡأَعۡلَىٰ فِى ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِۚ وَهُوَ ٱلۡعَزِيزُ ٱلۡحَكِيمُ ٢٧ ﴾ الروم: ٢٧

अर्थ : र उही त हो जसले सर्व प्रथम सृष्टिको आरम्भ गर्दछ। अनि उसैले उसको पुनरावृत्ति गर्नेछ। यो उसको निम्ति धेरै सजिलो छ, आकाशहरू र जमिनमा उसको शान (गुण) सर्वोच्च छ र ऊ सर्वशक्तिशाली, तत्वदर्शी छ। ( सूरतुर्रूम २७ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَضَرَبَ لَنَا مَثَلًا وَنَسِيَ خَلْقَهُۥ قَالَ مَن يُحْيِ ٱلْعِظَٰمَ وَهِىَ رَمِيمٌ ﴿٧٨﴾ قُلْ يُحْيِيهَا ٱلَّذِىٓ أَنشَأَهَآ أَوَّلَ مَرَّةٍ وَهُوَ بِكُلِّ خَلْقٍ عَلِيمٌ ﴿٧٩﴾ ﴾ يس: ٧٨ - ٧٩

अर्थ : र उसले हाम्रो बारेमा तुलना गर्न थाल्यो र आफ्नो पैदाइश (सृष्टि) लाई बिर्सिहाल्यो। भन्नथाल्यो कि: (जब) "हाँडहरू सडिगलि सक्नेछन् तब यिनलाई कसले जीवित गरिसक्नेछ ?" तपाईं जवाफ दिनुस् कि: "उनीहरूलाई उसले जीवित पार्ने छ, जसले उनीहरूलाई पहिलो पटक सृष्टि गरेको छ। जो प्रत्येक सृष्टिलाई राम्ररी जान्दछ। ( सूरतु यासीन ७८,७९ )

३- अल्लाहले मनुष्यलाई यस्तो सर्वोत्तम आकारमा सृष्टि गऱ्यो जसमा यो आकृष्ट

गर्नेवाला सुन्दर अनुहार र इन्द्रियहरू र विशेषताहरू छन्, र जेजति त्यसमा मांस, हाँड, नसाहरू, र मनीष रक्तपिंड, आँखा कान नाक, र जेजति मानव शरीरमा प्रचलित तथ्यहरू छन् जुन निर्माणका सर्वोत्तम दर्शन र प्रमाण एवं प्रतीक हुन्, त यसै मानव शरीरको निर्माणभित्र सबैभन्दा ठूलो प्रमाण नीहित छ कि त्यो सर्वोत्कृष्ट स्रष्टा त्यसलाई पुनः जीवित गर्नुमा सामर्थ्यवान छ ।

४- यस संसारीय जीवनमा मृतकलाई पुनः जीवनदान दिनुमाथि अल्लाहको शक्तिबाट यो प्रमाणित हुन्छ कि त्यो परलौकिक जीवनमा पनि यसमाथि सामर्थ्यवान छ, र ईश्वरीय ग्रन्थहरूमा यो घटनाहरू वर्णित छन् जसलाई अल्लाहले यस धरतीमाथि अवतरित गरेको छ कि अल्लाहले यसै संसारिक जीवनमा नै मृतकहरूलाई जीवित पारेको छ जसरी हजरत इब्राहीम र हजरत ईसाको माध्यमले अल्लाहले यो अन्होनी कृति गरेको छ, र यसबाहेक अरु धेरै उदाहरणहरू ईश्वरीय ग्रन्थहरूमा वर्णित छन् ।

५- यस्ता कुराहरूद्वारा अल्लाहको पुनः जीवनदान दिने शक्तिमाथि प्रमाणीकरण जुन

पुनर्जन्म र परलोकको चौरमा भेला गर्नु सरह छन् :

(क) अल्लाहले मानवलाई त्यस वीर्यबाट सृष्टि गऱ्यो जुन शरीरका विभिन्न भागमा छरिएका थिए, र यसैकारण शरीरका समस्त भागहरू सम्भोगबाट सनतुष्टि पाउँछन्, अर्थात अल्लाहले शरीरका समस्त भागहरूबाट वीर्यलाई एकत्रित गरेर स्त्रीको गर्भाशयतर्फ लगाउँछ, अनि त्यसबाट मनुष्यको सृष्टि गर्छ, त जब अल्लाह यस वीर्यलाई विभिन्न अंगहरूबाट विभिन्न तथ्य सामग्रीसहीत एकै ठाउँमा एकत्रित गरेर मनुष्यको सृष्टि गर्नुमा सामर्थ्य राख्दछ त जब त्यसको मृत्यु हुन्छ त त्यसै सामर्थ्यवानमाथि त्यसलाई पुनः जीवित गरिदिनु र पुनः त्यसलाई एउटै ठाउँमा एकत्रित गर्नु गाह्रो किन हुन्सक्छ आफै विचार गर्नुस्, अल्लाहको फर्मान छ :

﴿ أَفَرَءَيْتُم مَّا تُمْنُونَ ﴿٥٨﴾ ءَأَنتُمْ تَخْلُقُونَهُۥٓ أَمْ نَحْنُ ٱلْخَـٰلِقُونَ ﴿٥٩﴾ ﴾ الواقعة: ٥٨ ـ ٥٩

अर्थ : हेर जुन तिमीले वीर्य (स्वास्नीमा) छाड्छौ ! के तिमीले त्यसबाट मानिसको सृष्टि

गर्दछौ वा हामीले नै सृष्टि गर्दछौं ! ( सूरतुल् वाकिअ: ५८,५९ )

(ख) बोटविरुवाका गेडाहरू अआफ्ना विभिन्न आकारसहीत जब भिजेको पृथ्वीमुनि जान्छन्, र त्यसमाथि माटो र पानीको अधिपत्य भइहाल्छ त मनीषीय दृष्टि यो भन्छ कि त्यो गेडा र बीउलाई त सडेर नष्ट हुनुपर्ने थियो किनकि पानी र माटो मध्ये एउटै नै त्यसलाई समाप्त गर्नुको लागि प्रयाप्त छ, तर त्यो बीउको गेडा पृथ्वीमुनि पनि सुरक्षित रहन्छ नष्ट हुँदैन, अनि जब पृथ्वीको शीतलता अधिक भइहाल्छ त त्यसै बीउको गेडाबाट वनस्पति र विरुवा उम्रन्छ, त के यो प्रक्रिया सशक्त सामर्थ्यवानमाथि प्रमाणीकरण गर्दैन ? र त्यसको अधिपत्य र तत्वज्ञानतर्फ संकेत गर्दैन ? त जसले यस बीउको गेडालाई धरती मुनिबाट क्रमवद्ध तरिकाले उमार्न सक्छ त्यो नै त्यसका विखण्डित र विभाजित अंगहरूलाई एकत्रित गर्नु र त्यसलाई पुन: व्यवस्थित गर्न सक्दैनर ? अल्लाहको फर्मान छ :

﴿ أَفَرَءَيْتُم مَّا تَحْرُثُونَ ﴿٦٣﴾ ءَأَنتُمْ تَزْرَعُونَهُۥٓ أَمْ نَحْنُ ٱلزَّٰرِعُونَ ﴿٦٤﴾ ﴾ الواقعة: ٦٣ - ٦٤

अर्थ : अनि यो पनि बताऊ जुन तिमीले उब्जाउँछौ ? के तिमीले नै त्यसलाई उब्जाउछौं वा हामीले उब्जाउनेवाला हौं ? ( सूरतुल् वाकिअः ६३,६४ )

र यसै सरह आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَتَرَى ٱلْأَرْضَ هَامِدَةً فَإِذَآ أَنزَلْنَا عَلَيْهَا ٱلْمَآءَ ٱهْتَزَّتْ وَرَبَتْ وَأَنۢبَتَتْ مِن كُلِّ زَوْجٍۭ بَهِيجٍ ﴾ الحج: ٥

अर्थ : तिमीले देख्छौ कि जमिन सुखिसकेको बन्जर छ । फेरि जब हामीले त्यसमाथि पानीको वर्षा गराउँछौं तब त्यसमा हरियाली हुन्छ र त्यसमा सजीवता आउँछ र यो हरेक प्रकारको रुख बिरुवाबाट शोभायमान हुन्छ । ( सूरतुल् हज्ज ५ )

६- यो असम्भव छ कि सर्वज्ञानी र सर्वगुण सम्पन्न अल्लाहले समस्त सृष्टिलाई निरुद्देश्य सृष्टि गरेको होस् र सबैलाई अलमल अवस्थामा छाडिदिएको होस् । अल्लाहको फर्मान छ :

﴿ وَمَا خَلَقْنَا ٱلسَّمَآءَ وَٱلْأَرْضَ وَمَا بَيْنَهُمَا بَٰطِلًا ۚ ذَٰلِكَ ظَنُّ ٱلَّذِينَ كَفَرُوا۟ ۚ فَوَيْلٌ لِّلَّذِينَ كَفَرُوا۟ مِنَ ٱلنَّارِ ﴿٢٧﴾ ﴾ ص: ٢٧

अर्थ : र हामीले आकाश र धरतीलाई र जे-जति उनीहरूको बीचमा छ, व्यर्थमा सृष्टि गरेको होइनौं । यो उनीहरूको सोचाई हो जो काफिर छन् । तसर्थ काफिरहरूको लागि नर्कको यातना छ । ( सूरतु साद २७ )

बरु अल्लाहले समस्त सृष्टिलाई तत्वदर्शिताको साथ महान र प्रशुद्ध उद्देश्यको लागि सृष्टि गरेको छ । अल्लाहको फर्मान छ :

﴿ وَمَا خَلَقْتُ ٱلْجِنَّ وَٱلْإِنسَ إِلَّا لِيَعْبُدُونِ ﴿٥٦﴾ ﴾

الذاريات: ٥٦

अर्थ : मैले जिन्न र मानिसहरूलाई यसकारण मात्र सृष्टि गरेको छु ताकि मेरो उपासना गरुन् । ( सूरतुज्जारियात ५६ )

यसर्थ यस स्रष्टाको लागि यो अनुचित छ कि त्यसले आज्ञाकारी र अवज्ञा गर्नेहरूलाई एकनास गरिदेओस् । अल्लाहको फर्मान छ :

﴿ أَمْ نَجْعَلُ ٱلَّذِينَ ءَامَنُوا۟ وَعَمِلُوا۟ ٱلصَّٰلِحَٰتِ كَٱلْمُفْسِدِينَ فِى ٱلْأَرْضِ أَمْ نَجْعَلُ ٱلْمُتَّقِينَ كَٱلْفُجَّارِ ﴿٢٨﴾ ﴾ ص: ٢٨

अर्थ : जुन मानिसहरूले ईमान ल्याए र असल कर्म गरिराखे, के उनीहरूलाई हामीले तिनीहरू सरह गरिदिन्छौं जसले धरतीमा उपद्रव गर्दछन् वा फेरि संयमीहरूलाई दुराचारीहरू जस्तो गरिदियौं ? ( सूरतु साद २८ )

यसलेगर्दा त्यस महान अल्लाहको तत्वदर्शिता र परिपूर्ण ज्ञानको कारण नै समस्त प्राणीहरूलाई प्रलयको दिन एकत्रित गरेर परोपकारी र सुमार्गीहरूलाई पुरस्कृत गर्नेछ, र दुष्ट र पापीहरूलाई यातनाको रसास्वादन गराउने छ । अल्लाहको फर्मान छ :

﴿ إِلَيْهِ مَرْجِعُكُمْ جَمِيعًا ۖ وَعْدَ ٱللَّهِ حَقًّا ۚ إِنَّهُۥ يَبْدَؤُا۟ ٱلْخَلْقَ ثُمَّ
يُعِيدُهُۥ لِيَجْزِىَ ٱلَّذِينَ ءَامَنُوا۟ وَعَمِلُوا۟ ٱلصَّٰلِحَٰتِ بِٱلْقِسْطِ ۚ وَٱلَّذِينَ
كَفَرُوا۟ لَهُمْ شَرَابٌ مِّنْ حَمِيمٍ وَعَذَابٌ أَلِيمٌۢ بِمَا كَانُوا۟
يَكْفُرُونَ ﴿٤﴾ ﴾ يونس: ٤

अर्थ : तिमी सबैले फर्केर उसैको समीप जानु छ । अल्लाहको वाचा सत्य छ । नि:सन्देह उसैले सृष्टिको प्रक्रिया प्रारम्भ गर्दछ र निरन्तरता प्रदान गर्दछ ताकि ईमानवाला र सत्कर्म गर्नेहरूलाई न्यायोचित रूपले पुरस्कार प्रदान गर्न सकोस् । र जो काफिर छन्

तिनीहरूको निम्ति अत्यन्त उम्ली रहेको पिउने पानी र कष्टदायक सजाय हुनेछ त्यस इन्कारको बदलामा जो उनीहरूले गरे । ( सूरतु यूनुस ४ )*

र अनितम दिन अर्थात अन्तिम ठेगानामाथि आस्था राख्नुका अनेकौं प्रभावहरू मान्छेविशेष र सम्प्रदाय एवं समाजमाथि सुदर्शित हुन्छ जसमध्ये केही निम्न हुन् :

१- मनुष्य अल्लाहको आज्ञापालन गर्नुमा प्रयत्नशील रहन्छ ताकि त्यसलाई प्रलयको दिन राम्रो प्रतिफल मिलोस्, र त्यो अवज्ञा र पापबाट टाढा रहन्छ ताकि अन्तिम दिन त्यसलाई यातना र सजाय नभोग्नु परोस् ।

२- अन्तिम दिनमाथि विश्वास गर्नुले आस्थावानको धीरज धारण गर्नुमा प्रोत्साहन हुन्छ कि जुन अनुकम्पाहरू त्यसलाई संसारीय जीवनमा प्राप्त भएन वा त्यसलाई त्याग्नु पर्‍यो त्यसको सट्टामा अल्लाह त्यसलाई त्यसभन्दा उत्तम अनुकम्पा त्यसको अन्तिम ठेगानामा प्रदान गर्नेछ ।

---

* वर्णित कुराहरूलाई विस्तारमा हेर्नुको लागि "फवाइद"मा हेर्नुस्, लेखकः इब्नुल् कैयिम पे. ६-९ । र तफ्सीरुल् कबीरमा हेर्नुस् लेखकः राजी भाग २ पे. ११३-११६ ।

३- र प्रलय अर्थात अन्तिम दिनमाथि आस्था र विश्वास राख्नुबाट मनुष्यलाई यो थाहा भइहाल्छ कि मृत्यु पश्चात त्यसको अन्तिम पडाव र बासस्थान कता छ, र यस कुराको पनि ज्ञान भइहाल्छ कि त्यो निश्चय नै आफ्नो पालनकर्तासित साक्षात्कार गर्नेछ जुन त्यसलाई त्यसका कर्महरूको पूरापूर प्रतिफल प्रदान गर्नेछ, यदि त्यसले भलाई गरेको छ त प्रतिफल पनि सुखदायी हुनेछ, र यदि कुकर्म र दुष्टता गरेको छ भने प्रतिफल पनि दुःखदायी नै हुनेछ, र यो जानकारी पनि हुन्छ कि त्यसलाई कर्मको लेखाजोखा र हिसाब किताब दिनुको लागि प्रलयको चौरमा उभिनु पर्नेछ र तिनीहरूको हक अधिकार तीर्नु पर्नेछ जस जसमाथि अत्याचार गरेको छ वा तिनको हक हनन् गरेको छ, र जस जसले त्यसमाथि अत्याचार गरेका छन् वा त्यसको हक हनन् गरेका छन् तिनीहरूबाट प्रतिशोध लिनुछ ।

४- अन्तिम दिनमाथि विश्वास राख्नुबाट मान्छेलाई आर्कोमाथि अत्याचार गर्नुबाट र कसैको हक हनन् गर्नुबाट रोक्दछ, यसर्थ समस्त मान्छेहरू अन्तिम दिनमाथि ईमान र

आस्था राखेको भए सबै एकआर्काको अत्याचार र हक हनन्बाट बाँच्न सक्दछन् ।

५- अन्तिम दिनमाथि आस्था राखेको खण्डमा मान्छे संसारिक जीवनलाई जीवनको एउटा पडाव मात्र बुझ्नेछ त्यसैलाई पूर्ण जीवन कदापि बुझ्दैन ।

र यस संक्षिप्त वर्णनको अन्त्यमा हामी " वैन बत " अमेरिकी ईसाईको कथनबाट प्रमाणीकरण गर्नुलाई उत्तम ठान्दछौं जुन व्यक्ति ईसाईहरूको एउटा पूजास्थल (कनीसा) मा कार्यरत थियो अनि त्यसले इस्लाम स्वीकार गरे पश्चात अन्तिम दिनमाथि आस्थाको रसास्वादन गऱ्यो, त यस सुमार्गी व्यक्तिको भनाई छ : मलाई अहिले ती चार महत्वपूर्ण प्रश्नहरूको ज्ञान भयो जसको उत्तरको खोजीमा मैले आफ्नो अधिकांश आयुलाई अर्पित गरिदिएँ, र ती प्रश्नहरू हुन्: म को हूँ ? र मलाई के चाहिन्छ ? र मेरो जन्म किन भयो ? र मेरो अन्तिम परिणाम के हुनेछ ?*

* अद्दअ्वतुस्सऊदीया पत्रिका अंक १७२२ तारीख १९/९/१४२० हिज्री पे. ३६ ।

www.alukah.net إهداء من شبكة الألوكة

## सन्देष्टाहरूको आमन्त्रणका आधारहरू

समस्त सन्देष्टाहरूका आमन्त्रणहरू केही विशेष र परिपूर्ण संग्रहित आधारहरूमा आधारित छन्,* जसरी अल्लाहमाथि आस्था राख्नु, र त्यसका फरिशताहरूमाथि आस्था राख्नु, र त्यसका ग्रन्थ र सन्देष्टाहरू माथि आस्था राख्नु, र अन्तिम दिनमाथि र भाग्य र त्यसको भलो र कुभलोमाथि आस्था राख्नु, र मात्र अल्लाहको उपासनाको आदेश गर्नु र त्यस बाहेक सबैको पूजालाई नकार्नुको आदेश गर्नु, र त्यसै अल्लाहको मार्गको अनुशरण गर्ने र त्यस बाहेक त्यसको समस्त विरोधि मार्गहरूलाई त्याग्ने आदेश गर्नु, र यी चारवटा वर्गित कुराहरूलाई वर्जित गर्नु : निर्लज्जताका कुराहरू चाहे ती जाहेर हुन् वा गोप्य, र पाप र बिनाकारण उपद्रव, र अल्लाहको साथ मूर्ति र प्रतिमाहरूलाई साझीदार ठानी तिनीको पूजा गर्नुबाट । र अल्लाहलाई श्रीमती र पुत्र र समकक्षी र साझेदारबाट मुक्त र पवित्र मान्नु, र अल्लाहमाथि सत्य बाहेक कुनै कुराको

---

* यी परिपूर्ण र विशिष्ट एवं संग्रहित आधारहरूतर्फ निम्नका सूरत र श्लोकहरूमा वर्णन छः सूरतुल् बकरः श्लोक नं. २८६,२८५, र सूरतुल अन्आम श्लोक नं. १५१-१५६, र सूरतुल् अअ्राफ श्लोक नं. ३३, र सूरतुल् इस्रा श्लोक नं. २३,२७।

दोषारोपण गर्नुलाई वर्जित गर्नु, र सन्तानहरूको हत्यालाई निषेधित गर्नु, र निर्दोषको हत्यालाई निषेधित गर्नु, र सूदव्याज र टुहुरो अनाथको माललाई खानुलाई वर्जित गर्नु, र धरोहरता र प्रतिज्ञापालन गर्नु र तौलमापमा न्याय गर्नु, मातापितासँग सुव्यवहार गर्नु, सबैको माझमा निसाफ र न्याय गर्नुको आदेश गर्नु , र फजूलखर्ची र अनुचित तरिकाले मान्छेहरूको माल खाइदिनुबाट मनाही गर्नु ।

इब्नुल कैयिम रहेमहुल्लाहको* भनाई छ कि: " समस्त ईश्वरीय विधानहरू यद्यपि विभिन्न छन् तर सबैका आधारहरू एकनास छन्, यदि यी आधारहरू जुन अवस्थामा छन् त्यस बाहेकका कुराहरूमा आधारित हुन्थे भने उद्देश्य र तत्वदर्शिता एवं दयादृष्टिबाट निस्किहाल्थे, बरु यो असम्भव छ कि यी आधारहरू यस बाहेक कुनै अरु आकारमा आउँथे, अल्लाहको फर्मान छ :

* उहाँको पूर्ण नाम: मुहम्मद बिन अबीबक्र बिन अय्यूब बिन जरअी हो उहाँको जन्म ६९१ म र निधन ७५० हिज्रीमा भएको हो, र उहाँ महान इस्लामीय विद्हरू मध्ये एक हुन्, र उहाँले अनेकौं महत्वपूर्ण पुस्तकहरू लेख्नु भएको छ ।

www.alukah.net إهداء من شبكة الألوكة

﴿ وَلَوِ ٱتَّبَعَ ٱلْحَقُّ أَهْوَآءَهُمْ لَفَسَدَتِ ٱلسَّمَٰوَٰتُ وَٱلْأَرْضُ وَمَن فِيهِنَّ ﴾ المؤمنون: ٧١

अर्थ : यदि सत्य, उनीहरूको इच्छाको पछि-पछि हिँड्ने भएको भए समस्त आकाश र धर्ती र जे जति उनीहरूको बीचमा छ, सबैमा विगार उत्पन्न भइहाल्ने थियो । ( सूरतुल् मोमिनून ७१ )

र कुनै बुद्धिमान र मनीषीलाई यो कसरी उपयुक्त र उचित हुन्सक्छ कि त्यो महामहीम सबै हाकिमहरूको हाकिमको विधानलाई त्यस विरुद्ध भएका कुराहरूको आधारमा अस्वीकृत गरोस् " ।*

यसलेगर्दा समस्त सन्देष्टाहरूको धर्म एउटै थियो, जस्तोकि अल्लाहको भनाई छ :

﴿ يَٰٓأَيُّهَا ٱلرُّسُلُ كُلُوا۟ مِنَ ٱلطَّيِّبَٰتِ وَٱعْمَلُوا۟ صَٰلِحًا ۖ إِنِّى بِمَا تَعْمَلُونَ عَلِيمٌ ﴿٥١﴾ وَإِنَّ هَٰذِهِۦٓ أُمَّتُكُمْ أُمَّةً وَٰحِدَةً وَأَنَا۠ رَبُّكُمْ فَٱتَّقُونِ ﴿٥٢﴾ ﴾ المؤمنون: ٥١ - ٥٢

---

* मिफ्ताहो दारुस्सआदा भाग २ पे. ३८३, र हेर्नुस् : अल् जवाबुस्सहीह लेमन् बद्दला दीनुल् मसीह भाग ४ पे. ३२२, र लवामेउल् अनवार लेखक: सफारीनी भाग २ पे. ३६३ ।

अर्थ : हे पैगम्बरहरू ! पवित्र कुरा खाऊ र असल कर्म गर। जुन क्रियाकलाप तिमीले गर्दछौ, त्यो मलाई थाहा छ। तिम्रो यो धर्म निश्चित रूपले वास्तवमा एउटै धर्म हो। र म तिम्रो पालनकर्ता हूँ, तसर्थ मसित डर। ( सूरतुल् मोमिनून ५१,५२ )

र आर्को सूरतमा अल्लाहको फर्मान छ :

﴿ شَرَعَ لَكُم مِّنَ ٱلدِّينِ مَا وَصَّىٰ بِهِۦ نُوحًا وَٱلَّذِىٓ أَوْحَيْنَآ إِلَيْكَ وَمَا وَصَّيْنَا بِهِۦٓ إِبْرَٰهِيمَ وَمُوسَىٰ وَعِيسَىٰٓ أَنْ أَقِيمُوا۟ ٱلدِّينَ وَلَا تَتَفَرَّقُوا۟ فِيهِ ﴾ الشورى: ١٣

अर्थ : अल्लाहले तिम्रो निम्ति त्यही दीन (धर्म) निश्चित गर्‍यो, जसलाई अपनाउन नूह(अ.) लाई आदेश गरेको थियो।'' र जसलाई (हे मुहम्मद !) हामीले तपाईंतिर वह्यको माध्यमले पठाएका छौं र जसको बारेमा ''इब्राहीम(अ.)'' र ''मूसा(अ.) र'', ''ईसा (अ.) लाई'' पनि आदेश दिएका थियौं, ''कि यस दीनलाई कायम राख्नु र उसको विषयमा विभाजित नहुनु।'' ( सूरतुश्शुरा १३ )

बरु धर्मको उद्देश्य हो : मानवलाई ती समस्त स्रोतहरू सम्म पुर्‍याउनु जसको लागि

उनीहरूको उत्पात गरिएको छ ताकि त्यसद्वारा भक्तहरू आफ्नो परम् पूज्य र प्रतिपालक अल्लाहको पूजा गरुन् जसबाहेक कोही सत्य पूजनीय छैन ।* अनि तिनीहरूको लागि ती हक अधिकारको निर्धारण र व्यवस्थापन गरोस् जसको अनुपालन गर्नु उनीमाथि अनिवार्य छ, र उनीहरूलाई अनिवार्य कार्यको ज्ञानको साथ साथै त्यो स्रोतहरूको पनि ज्ञान देओस् जसलाई कार्यन्वयन गरेर उनी आफ्नो उद्देश्य प्राप्त गरुन् ताकि अल्लाह उनीहरूसित प्रसन्न भइजाओस्, र दुवै जीवनको सुख त मात्र ईश्वरीय निर्देशनमा नै छ जसमा नत मान्छे धेरै कष्ट पाउँछ नत त्यसलाई यस्ता धारणाहरू नै भ्रमित र हैरान पार्छन् जसलेगर्दा त्यसको आत्मा र शरीर र त्यसको वरिपरिमा भएका प्रकृति एवं ब्रह्माण्ड बीच भिडन्त र विरोधको अवस्था आओस् ।

र समस्त सन्देष्टाहरू त्यस धर्मतर्फ आह्वान गर्छन् जुन समस्त मानवजातिको लागि सिद्धान्तका आधारहरू र यस्तो विधान प्रस्तुत गर्छ जसमा चलेर मानव आफ्नो जीवन व्यतीत गरोस्, यसलेगर्दा तौरात पूर्ण विधान र

* मज्मूअ फतावा शैखुल् इस्लाम भाग २ पे. ६ ।

सिद्धान्त थियो, र त्यसले आफ्ना अनुयायीहरूलाई त्यसै बमोजिम कार्यरत रहने र निसाफ गर्ने आदेश गरेको थियो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ إِنَّآ أَنزَلْنَا ٱلتَّوْرَىٰةَ فِيهَا هُدًى وَنُورٌ ۚ يَحْكُمُ بِهَا ٱلنَّبِيُّونَ ٱلَّذِينَ أَسْلَمُوا۟ لِلَّذِينَ هَادُوا۟ وَٱلرَّبَّـٰنِيُّونَ ﴾
المائدة: ٤٤

अर्थ : हामीले नै तौरात उतार्‍यौं, जसमा मार्गदर्शन र प्रकाश थियो । त्यसै अनुसार नबी र ज्ञानीहरूले जो (अल्लाहका) आज्ञाकारी थिए यहूदीमा यसै तौरात अनुसार फैसला गर्दथे । ( सूरतुल् माइदा ४४ )

तत्पश्चात हजरत मसीह अलैहिस्सलाम इन्जील लिएर आए जसमा पथप्रदर्शन र प्रकाश थियो, र जुन तौरातलाई प्रमाणीकरण पनि गर्नेवाला थियो, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَقَفَّيْنَا عَلَىٰٓ ءَاثَـٰرِهِم بِعِيسَى ٱبْنِ مَرْيَمَ مُصَدِّقًا لِّمَا بَيْنَ يَدَيْهِ مِنَ ٱلتَّوْرَىٰةِ ۖ وَءَاتَيْنَـٰهُ ٱلْإِنجِيلَ فِيهِ هُدًى وَنُورٌ ﴾ المائدة: ٤٦

अर्थ : र हामीले यिनीहरू(यहूदीहरू) पछि ईसा बिन मरियमलाई पठायौं, जसले कि आफू भन्दा अगाडिको किताब तौरातलाई प्रमाणित गर्दथे र

हामीले उनलाई इंजील प्रदान गऱ्यौ जसमा कि मार्गदर्शन र प्रकाश थियो । ( सूरतुल् माइदा ४६ )

तत्पश्चात मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अन्तिम संविधान र पूर्ण धर्म लिएर आए, जुन विगतका विधानहरूमाथि अधिपत्यशाली थियो र विगतमा आएका ग्रन्थहरूको प्रमाणीकरण गर्नेवाला पनि । अल्लाहको फर्मान छ :

﴿ وَأَنزَلْنَآ إِلَيْكَ ٱلْكِتَٰبَ بِٱلْحَقِّ مُصَدِّقًا لِّمَا بَيْنَ يَدَيْهِ مِنَ ٱلْكِتَٰبِ وَمُهَيْمِنًا عَلَيْهِ ۖ فَٱحْكُم بَيْنَهُم بِمَآ أَنزَلَ ٱللَّهُ ۖ وَلَا تَتَّبِعْ أَهْوَآءَهُمْ عَمَّا جَآءَكَ مِنَ ٱلْحَقِّ ۚ ﴾ المائدة: ٤٨

अर्थ : र (हे पैगम्बर !) हामीले तपाईंलाई सत्यका साथ यो किताब (कुरआन) प्रदान गरेका छौं, जुन आफूभन्दा अगाडिका ग्रन्थहरूलाई प्रमाणित गर्दछ र ती सबैको रक्षक हो । तसर्थ यसमा जुन आदेश अल्लाहले दिएको छ, सोही अनुसार नै तिनलाई आदेश गर्नुस् र यस सत्यलाई त्यागेर उनीहरूको इच्छाको पूर्ति नगर्नु । ( सूरतुल् माइदा ४८ )

र महान अल्लाहले यो पनि स्पष्ट पारिदियो कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँसँग

जुन आस्थावानहरू छन् सबै त्यसमा यस्तै आस्था राख्दछन् जसरी विगतका सन्देष्टा र दूतहरू त्यसमा आस्था राख्दथे । अल्लाहको फर्मान छ :

﴿ ءَامَنَ ٱلرَّسُولُ بِمَآ أُنزِلَ إِلَيْهِ مِن رَّبِّهِۦ وَٱلْمُؤْمِنُونَ ۚ كُلٌّ ءَامَنَ بِٱللَّهِ وَمَلَٰٓئِكَتِهِۦ وَكُتُبِهِۦ وَرُسُلِهِۦ لَا نُفَرِّقُ بَيْنَ أَحَدٍ مِّن رُّسُلِهِۦ ۚ وَقَالُوا۟ سَمِعْنَا وَأَطَعْنَا ۖ غُفْرَانَكَ رَبَّنَا وَإِلَيْكَ ٱلْمَصِيرُ ﴿٢٨٥﴾ ﴾ البقرة: ٢٨٥

अर्थ : (हाम्रा) रसूलले त्यस कुरामा ईमान ल्याउनु भयो जुन उनीमाथि अल्लाहको तर्फबाट उतारियो र मोमिनहरूले पनि ईमान ल्याए, यिनीहरू सबै अल्लाह, उसका फरिश्ताहरू, उसका किताबहरू र उसका पैगम्बरहरूमाथि ईमान ल्याए । हामी उसका पैगम्बरहरूमध्ये कसैको बीच भेदभावको व्यवहार गर्दैनौं, उनीहरूले भने कि हामीले सुन्यौ र मान्यौ हामीले क्षमाको लागि प्रार्थना गर्दछौं । हे पालनकर्ता ! तिमी छेउ नै फर्केर जानु छ । ( सूरतुल् बकर: २८५ )

www.alukah.net إهداء من شبكة الألوكة

# बाँकी रहीरहनेवाला आमन्त्रण*

हामीले जुन यहूदी, ईसाई, मजूसी, र जरतश्तीय एवं विभिन्न मूर्तिपूजक धर्महरूको वर्णन गरेका छौं त्यसले* छटौं शताब्दी ईस्वीमा मानवजातिको अवस्थालाई स्पष्ट पारिदिन्छ, त जब धर्म नै विग्रिन्छ त समस्त राजनैतिक, समाजिक र आर्थिक... अवस्थाहरूमा विगार उत्पन्न हुन्छ, अनि भीषण युद्धको ज्वाला दन्कन्छ, र अन्याय अत्याचारको वर्चस्व कायम हुन्छ, र मानवता घोर अँध्यारोमा जीवन व्यतीत गर्नुमा विवश भइहाल्छ, र त्यसको कारणले हृदय पनि इन्कार र अज्ञानताको अँध्यारोमा ढुबिहाल्छ, र नैतिकता अनैतिकतामा परिणत भइहाल्छ, र इज्जत सम्मान लुटिन्छ र हक अधिकार हनन् गरिन्छ, र जलथल सबै ठाउँमा उपद्रव ताण्डव गर्नथाल्छ । त यदि कुनै विवेकी यस कुरोमा विचार गरोस् कि त्यस युगमा मानवता कुन अवस्थामा थियो, त त्यसलाई यो ज्ञान हुन्छ कि मानवता त्यस समय मर्ने अवस्थामा थियो र त्यसको विनाश

* विस्तृत जानकारीको लागि हेर्नुस् : अर्रहीकुल् मख्तूम लेखक: सफीउर्रहमान मुबारकपूरी पे. ५२ ।

* हेर्नुस् : यसै किताबको अध्याय “ विद्यमान धर्महरुको अवस्था ” ।



NEW & EXCLUSIVE

निश्चित देखिन्थ्यो यदि त्यसलाई अल्लाहले सूरक्षा प्रदान नगरेको भए, तर अल्लाहले त्यसलाई महत्वपूर्ण उद्देश्यको निम्ति सुरक्षित राख्यो ताकि मानवजाति र दूतत्वको प्रकाशलाई उठाओस् र सुमार्गको भिल्कोलाई समातेर समस्त मानवजातिलाई त्यसको मार्ग देखाओस्, र उनीहरूलाई सोभ्रोमार्गको दर्शन गराओस् ।

अनि त्यसै युगमा अल्लाहको आदेश भयो कि त्यस मक्कामा सदैंवको लागि बाँकी रहीरहनेवाला दूतत्वको ज्योति प्रकाशित होस् जसमा अल्लाहको महिमावान मायावी घर छ, र त्यस मक्काको सामाजिक अवस्था पनि शिर्क (बहुदेववाद), र अन्याय र अत्याचार एवं अज्ञानतामा विश्वका अरु समाज भ्रैं थियो तर यस बाहेक त्यसमा केही यस्ता विशेषताहरू पनि थिए जुन कुनै अरु समाजमा थिएन, जुन मध्ये केही निम्न हुन् :

१- त्यो यस्तो स्वच्छ समाज थियो जसलाई यूनानी र रोमी एवं भारतीय विचारधाराले र फलसफाले प्रदूषित गरेको थिएन, र त्यस समाजका मान्छेहरू भाषाशैली र स्पष्टिकरणमा

परिपूर्ण र निपुण थिए, र जाग्रुक मनीष र सृजनात्मक विशेषताका मालिक थिए ।

२- मक्का विश्वको हृदयको ठाउँमा अर्थात बीचोबीचमा स्थित छ, अर्थात यूरोप एशिया र अफ्रिकाको बीचमा स्थित छ, जसलेगर्दा यस शाश्वत आमन्त्रणको निमन्त्रण पूर्ण विश्वमा अति कम समयमा प्रसारित र प्रचलित हुनुको पूर्ण सम्भावना थियो ।

३- त्यो शान्तिमय शहर हो, जस्तोकि त्यसलाई अल्लाहले त्यस समय पनि संरक्षण प्रदान गऱ्यो जब अब्रहा नामक सम्राटले त्यसमाथि आक्रमण गर्ने दुष्प्रयास गरेको थियो, र त्यसमाथि त्यस समयका त्यसका छिमेकमा रहेका सुपरपावर रोम र फारस (ईरान) पनि वर्चस्व जमाउन सकेका थिएनन् बरु त्यो मक्का नगर शान्तिमय नै रह्यो, यहाँसम्म कि मक्काबासीहरू उत्तरदेखि दक्षिण सम्म शान्तिको साथ व्यापार र व्यवसाय पनि गर्थे, र यो प्रशान्ति मात्र त्यस ठाउँमा अन्तिम सन्देष्टाको दूतत्वको लागि नै तैयार पारिएको थियो, र यस ठूलो अनुकम्पाको बखान गर्दै अल्लाहले मक्काबासीहरूलाई त्यसको

सम्भनातर्फ ध्यानाकर्षण पनि गराएको छ, अल्लाहको फर्मान छ :

﴿ أَوَلَمْ نُمَكِّن لَّهُمْ حَرَمًا ءَامِنًا يُجْبَىٰٓ إِلَيْهِ ثَمَرَٰتُ كُلِّ شَىْءٍ رِّزْقًا ﴾ القصص: ٥٧

अर्थ : के खतराहरूबाट सुरक्षित शन्तिपूर्ण हरम (मक्का) मा हामीले उनीहरूलाई शरण दिएनौं जहाँ हरेक प्रकारको जीविका पुऱ्याइन्छ। ( सूरतुल् कसस ५७ )

४- त्यो मरुभूमीय संसार र समाज थियो जसमा कतिपय सराहनीय नैतिकताका कुराहरू सुरक्षित र प्रचलित थिए, जसरी उदारता, छिमेकीको अधिकारको सुरक्षा, इज्जत सम्मान र मर्यादामाथि स्वाभिमान ... आदि, जस्ता विशेषताहरू तिनीहरूमा बाँकी थिए ताकि अन्तिम सन्देष्टाको लागि र अमर दूतत्वको लागि वातावर्ण अनुकूल रहोस् ।

र यसै ठाउँबाट कुरैश नामक गोत्र मध्येबाट जुनकि भाषाशैली र सर्वोत्तम नैतिकता र शिष्टाचारमा एवं सर्वोत्तम वंशज र सम्मान एवं प्रधानतामा प्रख्यात थियो आफ्नो अन्तिम सन्देष्टा मुहम्मदलाई मनोनीत गऱ्यो ताकि समस्त सन्देष्टाहरूका समापक होउन्, अनि

उहाँको जन्म छठौं ईस्वी शताब्दीमा लगभग सन् ५७० ई. मा भयो, र टुहुरो भएको अवस्थामा उहाँको हुरकाईको आरम्भ भयो किनकि उहाँको पिताको त्यसै समय निधन भइसकेको थियो जब उहाँ आफ्नो आमाको गर्भाशयमा थिए, अनि केही समयको अन्तरालमा उहाँको आमा र बाजेको पनि निधन भयो, र त्यस समय उहाँको उमेर मात्र ६ वर्ष थियो, अनि उहाँको काका अबू तालिबले उहाँको पालनपोषणको कर्तव्यलाई निर्वाह गर्नु भयो, र उहाँ यसरी अनाथ भएको अवस्थामा नै हुर्कनथाले, अनि उहाँ तन्नेरी र युवा अवस्था सम्म पुग्न लागे त उहाँका नैतिकता, शिष्टाचार र व्यवहार गर्ने शैली एवं स्वभाव र बानीहरू उनका समुदायभन्दा भिन्न थिए, यसर्थ उनी कुरा गर्नुमा मिथ्या भन्दैन्थे, र कसैलाई कष्ट दिदैन्थे, अनि उहाँ सत्यवान, धरोहरी, भद्रपुरुष र सचरित्रवान जस्ता उपाधिले प्रसिद्ध भए, यहाँसम्म कि उनका समुदायका मान्छेहरू आफ्ना अमूल्य वस्तुहरूमा उनीलाई धरोहरताको चर्मसीमामा विराजमान भएको ठानेर उनीको पासमा नासोको रूपमा राख्दथे, अनि उहाँ उनीहरूको

सम्पत्तिको उस्तै सुरक्षा गर्थे जसरी स्वयम् आफ्नो ज्यान र मालको सुरक्षा गर्थे, र यसैकारण उहाँलाई धरोहरीको उपाधि पनि प्रदान गरियो, र उहाँ यति लज्जालु थिए कि युवा अवस्थामा पुगेपश्चात कसैले उहाँको शरीरलाई नि:वस्त्र हेरेको थिएन, र उहाँ पवित्र र सदाचारी हुनुहुन्थ्यो, उहाँले आफ्नो समुदायलाई मूर्तिपूजनमा दृढ हेरेर र मदिरा सेवन गरिरहेको र एकआर्कामाथि अतिक्रमण गर्दै हेरेर दु:खी हुन्थे, अनि उहाँ आफ्नो समुदायसंगै ती कार्यहरूलाई गर्नुमा सहभागी रहन्थे जसलाई उनी मनपराउँथे, र उनीहरूबाट टाढिन्थे जब उनीहरू अमानवीय कार्यहरूमा लाग्थे, र उहाँ टुहुरो र असहायको सहायता गर्थे र भुकोलाई भोजन गराउँथे .... । यहाँ सम्म कि उहाँको उमेर जब ४० वर्ष पुग्न लाग्यो त उहाँ आफू वरिपरिको वातावर्णबाट आत्तिए, र एकान्तमा गएर आफ्नो पालनकर्ताको पूजा अराधना गर्नथाले, र यो याचना गर्नथाले कि हे मेरो परम् पूज्य मेरो जाति र समुदायलाई सुमार्गमा ल्याइदेऊ, र उहाँ यस्तै अवस्थामा थिए कि अल्लाहको स्वर्गदूतहरू मध्ये एउटा दूत उहाँ समक्ष

अल्लाहको प्रकाशना (वह्य) लिएर अवतरित भयो, र उहाँलाई आदेश गऱ्यो कि यस धर्मलाई सबै जनसमुदाय सम्म पुऱ्याइदेऊ, र सबैलाई उनीहरूको प्रतिपालकको पूजातर्फ बोलाऊ, र त्यस बाहेकका समस्त मिथ्या पूज्यहरूको पूजाबाट रोक, अनि उहाँमाथि क्रमशः केही समयको अन्तरालको साथ दिनदिनै र वर्षौंवर्ष वह्य अवतरित हुँदैरह्यो आदेश र विधानको साथ, यहाँसम्म कि यस धर्मलाई अल्लाहले समस्त प्राणीहरूको लागि परिपूर्ण गरिदियो, र आफ्नो उदार अनुग्रह पनि परिपूर्ण गरिबक्स्यो, त जब मुहम्मद सललल्लाहो अलैहे वसल्लमको मिशन र लक्ष्य पूर्ण भयो त अल्लाहले उहाँलाई स्वर्गवास प्रदान गर्नुभयो, र उहाँको स्वर्गवास समय उहाँको उमेर ६३ वर्षको थियो जसमध्ये ४० वर्ष दूतत्वभन्दा पहिलाको आयु र २३ वर्ष दूतत्व पश्चातको आयु हो ।

र जसले पनि नबी र सन्देष्टाहरूको इतिहास र कथाको अध्ययन गर्छ त्यसलाई निश्चित रूपले यो ज्ञात भइहाल्छ कि जुनसुकै स्रोतबाट पनि कुनै सन्देष्टाको दूतत्व प्रमाणित भएछ त्यो स्रोतद्वारा हाम्रो अन्तिम र प्रियतम् सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको दूतत्व

www.alukah.net إهداء من شبكة الألوكة

पनि त्यसभन्दा सर्वोत्तम तरिकाले प्रमाणित भएको छ ।
त जब तपाई यो हेर्नुहुनेछ कि हजरत मूसा र ईसा अलैहिमस्सलामको दूतत्वको चर्चा कसरी वर्णन गरियो त तपाईलाई ज्ञान हुन्छ कि सामूहिक तरिकाले उहाँहरूको दूतत्वको कथा प्रसारित र वर्णित गरिएको हो, तसर्थ सर्वोत्तम सामूहिक तरिकाले नै मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको दूतत्वको चर्चा प्रसारित र वर्णित भएको हो , बरु त्यसभन्दा अरु सशक्त र उत्तम तरिकाले वर्णित गरिएको छ र यो पनि कि उहाँको दूतत्वकाल हामीसित सबैभन्दा निकटतम् छ ।
र यस्तै जुन सामूहिक तरिकाले उनीहरूका चमत्कारहरू वर्णित छन्, र सबैका चमत्कारहरू एकनास छन्, बरु मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमका चमत्कारहरू सर्वोत्कृष्ट र सबैभन्दा अधिक छन्, र उहाँको सर्वोतकृष्ट चमत्कार पवित्र र गरिमामय कुरआन हो, जुनकि आजसम्म सामूहिक तरिकाले लिखिततौरले र कण्ठ र पाठनक्रमद्वारा हसतंतरण हुँदै आएको छ ।*

* हेर्नुस् : यसै किताबको कुरआनको बारेमा विशेष अध्यायलाई पे. २५८ मा ।

www.alukah.net إهداء من شبكة الألوكة

र जसले पनि  हजरत मूसा ईसा र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले प्रस्तुत गरेका सही र साँचो सिद्धान्तहरू र तत्वदर्शी विधान एवं लाभदायक ज्ञानहरू बीच तुलना र विचार गर्छ त त्यसलाई यो जानकारी हुन्छ कि यी समस्त एउटै द्वीपका प्रकाश हुन् र एउटै द्वीपबाट निस्केका हुन् र त्यो द्वीप हो दूतत्वको द्वीप ।

र जसले पनि ती सन्देष्टाहरूका अनुयायीहरू माथि तुलनात्मक दृष्टि हाल्छ, त त्यसलाई यो कुरो ज्ञात भइहाल्छ कि उहाँहरूका अनुयायीहरू सबैको लागि सर्वोत्तम मान्छे थिए बरु उनीहरू उनीभन्दा पछि आउनेवाला अनुयायीहरू भन्दा पनि अधिक सम्मानित र प्रभावशाली थिए, किनकि उनीहरूले नै एकेश्वरवादलाई प्रसारित गरे, र सत्य र न्यायलाई स्थापित गरे,  र उनीहरू दुर्वल र असहायहरूको लागि सहारा र दयाका प्रतीक थिए ।*

* हेर्नुस् : मजमूह फतावा शैखुल इस्लाम इब्ने तैमिया भाग ४ पे. २०१,२११, र इफ्हामुल् यहूद लेखक: अस्समवाल अल् मग्रबी, जुनकि यहूदी थिए अनि इस्लाम कबूल गरे पे. ५८,५९ ।

र यदि तपाई उहाँको दूतत्वप्रति विस्तृत प्रमाणको इच्छुक हुनुहुन्छ भने म तपाई समक्ष ती चिन्ह र प्रमाणहरू वर्णन गर्दछु जसलाई अली बिन रब्बन् अत्तबरीले भेटेका थिए जबकि उहाँ ईसाई थिए, अनि त्यसैकारण उहाँले इस्लाम अङ्गीकार गरेका थिए, र ती प्रमाणहरू निम्न हुन् :

१- उहाँले मात्र एक अल्लाहको पूजातर्फ सबैलाई बोलाउनु भयो, र समस्त असत्य पूज्यहरूको पूजाबाट रोक्नु भयो, र यो विशेषता सबै सन्देष्टाहरूमा एकनास थियो ।

२- उहाँले यस्ता प्रष्ट चमत्कारहरू प्रस्तुत गर्नु भयो जसलाई सन्देष्टा बाहेक कोही पनि प्रस्तुत गर्न सक्दैन ।

३- उहाँले यस्ता घटनाहरूको बारेमा भविष्यवाणी गर्नुभयो जुन उहाँले भने सरह नै घटित भए ।

४- उहाँले संसारिक घटना र देशहरूको बारेमा अनेकौं भविष्यवाणी गर्नु भयो, अनि ती सबै घटनाहरू उस्तै घटित भए जसरी कि उहाँले भविष्यवाणी गरेका थिए ।

५- जुन ग्रन्थ मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम लिएर आउनु भयो, त्यो पवित्र

कुरआन हो, जुन दूतत्वको प्रमाण मध्ये एक हो, किनकि समस्त ग्रन्थहरू मध्ये सबैभन्दा स्पष्ट र भाषाशैलीमा विचित्र छ, र जसलाई अल्लाहले एउटा यस्तो निरक्षरमाथि अवतरित गऱ्यो जुन लेख्न र पढ्न जान्दैन्थे अनि त्यसैद्वारा समस्त ज्ञानीहरूलाई चुनौति र हाँक दिइयो कि यसै जस्तो वाणी बनाएर ल्याऊ वा मात्र एक खण्ड नै बनाएर लयाऊ, र यसकारण पनि कि यसको सुरक्षाको जिम्मेवारी अल्लाहले स्वयम् आफै लिएको छ, यसर्थ त्यसैद्वारा यसका सिद्धान्तहरूलाई सुरक्षित गरिदियो र धर्मलाई परिपूर्ण पनि, र त्यसैद्वारा सशक्त र सर्वोत्कृष्ट समूहलाई विद्यमान पनि गऱ्यो ।

६- उहाँ समस्त सन्देष्टाहरूको समापक हुनुहुन्छ, र यदि उहाँलाई पठाइन्नथ्यो भने ती समस्त सन्देष्टाहरूको दूतत्व असत्य भइहाल्थ्यो जहाँहरूले उहाँको दूतत्वको भविष्यवाणी गरेका थिए ।

७- सन्देष्टाहरूले धेरै युग अगाडि नै उहाँको दूतत्वको खबर सुनाइसकेका थिए र उहाँको आगमन स्थानको विशेषता पनि वर्णन गरिसकेका थिए, र यो खबर पनि सुनाइसकेका

थिए कि उहाँको अधिपत्य र उहाँका अनुयायीहरूको अधिपत्य समस्त समूहहरू स्वीकार्ने छन्, र उहाँको धर्मको विश्वव्यापक विस्तारको खबर पनि दिइसकेका थिए ।

८- उहाँको उहाँका ती शत्रुहरूमाथि वर्चस्व र सफलता एवं विजय जुन उहाँसित युद्धरत थिए उहाँको दूतत्वको स्पष्ट प्रमाण हो, किनकि यो असम्भव छ कि कुनै मानिस यो दावी गरोस् कि त्यो दूत वा सन्देष्टा हो र वास्तवमा त्यो आफ्नो यस दावीमा झूठो होस् तै पनि अल्लाह त्यसको सहायता वर्चस्व र विजयद्वारा गरोस्, र त्यसको आमन्त्रणलाई सर्वव्यापी र सर्वमान्य बनाइदेओस्, र त्यसका अनुयायीहरूलाई उन्नति देओस् र अधिक गरोस्, त यो सबै कुराहरू कुनै सत्य सन्देष्टा बाहेक अरु कसैको लागि उपयुक्त र सम्भव छैन ।

९- र उहाँसित जुन शिष्टाचार, सगुण, सचरित्रता, सत्यनिष्ठता, र सुमार्गता थियो र जुन उहाँका विधिशास्त्र एवं पद्धति थियो ती सबै यो संकेत गर्छन् कि यी सबै कुनै सत्य सन्देष्टा बाहेक कसैमा संग्रहित हुँदैनन् ।

र यो नयाँ मुसलमानले यी प्रमाणहरू वर्णन गरेपश्चात भन्छ कि: “ त यी स्पष्ट प्रकाशमान शिष्टाचारहरू हुन् र यी प्रयाप्त प्रमाणहरू हुन् जससित यो संलग्न होऊन् त्यसलाई दूतत्व अवश्य मिल्नेछ, र त्यो सफल भयो, र त्यसको अधिकार सुनिश्चित भयो, र त्यसमाथि विश्वास गर्नु अनिवार्य भयो, र जसले त्यसको इन्कार गर्‍यो त्यो दुष्ट असफल भई हानि विहोर्नेवाला भयो, र आफ्नो दुवै जीवनलाई विनाशमा पार्‍यो ” ।*

र यस वर्णनको अन्त्यमा म तपाईहरू समक्ष दुई गवाहीहरू प्रस्तुत गर्ने आँट गर्दछु, एउटा विगतको रोमी सम्राटको गवाही जुन मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको दूतत्वकालमा रोमको सम्राट थियो, र आर्को वर्तमानको एउटा “ जोन सेन्ट ” नामक विलायती ईसाईको ।

**रोमी राजा हेरक्लको गवाही:** इमाम बुखारीले अबू सुफियानको वृतान्तलाई यसरी वर्णन गरेका छन् जब रोमको राजाले उनलाई

* अद्दीनो वद्दौला फि इस्बाते नबूवतु नबीयिना मुहम्मदिन् सल्लल्लाहो अलैहे वसल्लम, लेखक: अली बिन रब्बन् अत्तबरी पे. ४७, र हेर्नुस् : एअ्लाम लेखक: अल् कुर्तुबी पे. २६३ र यस पश्चातका पेजहरू ।

डाकेका थिए, **बुखारीको भनाई छ कि अबुल् यमान हकम बिन नाफेअ्ले हामीसित वर्णन गर्छन् कि शुऐबले जुहरीको माध्यमले हामीलाई खबर दिनु भयो कि उबैदुल्लाह बिन अब्दुल्लाह बिन उत्बा बिन मस्ऊदको भनाई छ कि अब्दुल्लाह बिन मस्ऊदले उहाँलाई खबर दिनु भयो कि अबू सुफियान बिन हरबले उहाँलाई आफ्नो वृतान्त सुनाउँदै भन्नु भयो: कि हेरक्लले उनको पास केही दूतहरू पठाए जब उनी कुरैशको एउटा व्यापारिक समूहसँग थिए जुनकि शामतर्फ व्यापारको उद्देश्यले हिंडेको थियो र त्यो समय थियो जसमा मुहम्मद सल्लल्लाहो अलैहे वसल्म र कुरैशका काफिरहरू बीच हुदैबियाको सन्धि भएको थियो जस मध्ये अबू सुफियान पनि थिए,* अनि ती राजदूतहरू ईलिया नामक स्थानमा* उनीसित भेंटे अनि उनीहरूलाई आफ्नो दरबारको बैठक कोठामा आमन्त्रित गऱ्यो, जहाँ उसको वरिपरि रोमका ठूलाबडाहरू उपस्थित थिए, अनि**

---

* यो सन्धि हुदैयिबा नामक स्थानमा भएको थियो जसको अवधि १० वर्षको थियो, र यो सन्धि सन् ६ हिज्रीमा गरिएको थियो, हुर्नस्: फतहुल् बारी भाग १ पे. ३४ ।

* शामको एउटा स्थान वा नगरको नाम हो ।

राजाले आफ्नो अनुवादकलाई बोलायो र भन्यो: कि तिमीहरू मध्ये त्यस व्यक्तिको सबैभन्दा निकट्तम् आफन्ती को हो जुन व्यक्तिले सन्देष्टा हुने दावी गरेको छ ? त अबू सुफियानले भने: कि म त्यसको निकट्तम् आफनती हूँ । त राजाले भन्यो: यस व्यक्तिलाई मसित निकट गरिदेऊ र यसका साथीहरूलाई यसको पिठ्युँ पछाडि बसालिदेऊ, र आफ्नो अनुवादकसित भन्यो: यस समूहसित भन कि म यस व्यक्तिसित त्यस सन्देष्टाको बारेमा केही प्रश्न गर्ने छु यदि यो व्यक्ति केही असत्य भन्छ भने तिमीहरू यसले झूठ भनिराखेको छ यसरी भन्नु, त अबू सुफियान भन्छन् कि अल्लाहको शपथ यदि मलाई यो लज्जा र भय नभएको भए कि मेरो पछाडि बसेको मेरो समुदायका मान्छेहरू मलाई झुट्ठा भनिहाल्छन् त म त्यस नबीको बारेमा झूठ अवश्य भन्ने थिएँ । र अबू सुफियान भन्छन् कि राजाले जुन पहिलो प्रश्न मसित गऱ्यो त्यो यो हो : राजाले भन्यो: त्यस व्यक्तिको वंश तिमीहरूमा कस्तो खालको छ ? अनि मैले उत्तर दिएँ: त्यो हामीहरू मध्ये उत्कृष्ट वंशजवाला छ । अनि त्यसले प्रश्न गऱ्यो: के यो दावी तिमीहरू मध्ये

कसैले पनि कहिले गरेको छ ? अनि मैले उत्तर दिएँ: हामी मध्ये कसैले पनि यसखालको दावी कहिले पनि गरेको छैन । त त्यसले प्रश्न गऱ्यो: के त्यसको बाबु वा पूर्वज मध्ये कोही राजा थियो ? त मैले भनें: थिएन । त त्यसले प्रश्न गऱ्यो कि : त्यसको अनुशरण तिमी मध्ये समृद्धहरूले गर्छन् वा दुर्वल र कम्जोरहरू ? त मैले भनें: बरु दुर्वल र कम्जोरहरू गर्छन् । अनि सोध्यो : के उनीहरूको संख्या बढदै राखेको छ वा घटिरहेको छ ? त मैले भनें: होइन बरु उनीहरूको संख्या बढिराखेको छ । त त्यसले सोध्यो: के कुनै व्यक्ति त्यसको धर्मलाई स्वीकार गरे पश्चात त्यसबाट क्रोधित भई विमुख पनि भएको छ ? त मैले भनें: यस्तो त अहिले सम्म भएको छैन । अनि त्यसले प्रश्न गऱ्यो: के तिमीहरू बीच त्यो झूठ बोल्दै हिंडथ्यो ? त मैले भनें: होइन त्यो यस्तो खालको छैन । त त्यसले सोध्यो: के त्यो विश्वासघात गर्छ ? त मैले भनें: गर्दैन, तर हामीहरू बीच एक समयसम्मको लागि सन्धि छ र हामीलाई थाहा छैन कि त्यो यसमा के गर्नेवाला छ । र अबू सुफियानको भनाई छ कि यस वाक्य बाहेक अरु कुनै वाक्य म मिसाउन

सकेन । अनि त्यसले प्रश्न गऱ्यो: के तिमीहरू उससित युद्ध गरिसकेका छौ ? त मैले भनें: हो गरेका छौं । अनि सोध्यो: त्यस युद्धको परिणाम चाहिँ के कस्तो भयो ? त मैले भनें: युद्ध हामी बीच तुला जस्तै छ कहिले हामी त कहिले उनीलाई विजय प्राप्त हुन्छ । अनि सोध्यो: त्यो व्यक्ति तिमीहरूलाई कुन कुराको आदेश गर्छ ? त मैले भनें: त्यो भन्छ कि मात्र एउटै अल्लाहको पूजा गर र त्यसको साथमा कसैलाई साझीदार नबनाऊ, र तिमीहरूका बाबु बाजेले भनेका कुराहरूलाई छाडिदेऊ, र हामीलाई नमाज, सत्यता, सचरित्रता र सदभावको आदेश गर्छ । अनि राजाले आफ्नो अनुवादकसित भन्यो कि यससित भन कि मैले तिमीसित त्यसको वंशजको बारेमा सोधें त तिमीले भन्यौ कि त्यो व्यक्ति हामीहरूमा उत्कृष्ट वंशजवाला छ, त यस्तै सन्देष्टाहरू आफ्नो समुदायका उत्कृष्ट वंशजमा नै पठाइन्छन्, र जब मैले तिमीसित यो सोधें कि के तिमीहरू मध्ये त्यसभन्दा अघि कसैले यो दावी गरेको छ, त तिमीले भन्यौ कि कसैले पनि यस्तो दावी गरेको छैन, त म भन्दछु कि यदि त्यस अघि कसैले यस्तो दावी गरेको भए

म यो विचार गर्न सक्थें कि त्यो व्यक्ति त्यसै अघि दावी गरेको मान्छेको पदचिन्हमा हिंडेको छ, र जब मैले तिमीसित सोधें कि त्यसका पूर्वजहरू मध्ये कोही राजा थियो, त तिमीले भन्यौ कि कोही पनि राजा थिएन, त म भन्छु यदि त्यसको पूर्वजहरू मध्ये कोही राजा हुन्थ्यो भने त म विचार गर्थें कि त्यो त्यसै राजसत्ताको इच्छुक छ , र जब मैले सोधें कि के तिमीहरू बीच त्यो यो दावी गर्नुभन्दा अघि झूठ बोल्दथ्यो, त तिमीले भन्यौ कि यस्तो थिएन, तसर्थ मलाई यो कुरो भलिभाँति थाहा छ कि जुन व्यक्ति कसैमाथि मिथ्यारोपण गर्दैन त्यो अल्लाहमाथि मिथ्यारोपण कसरी गर्नसक्छ, र मैले तिमीसित प्रश्न गरें कि त्यसको अनुशरण समृद्धहरू गर्छन् वा दुर्वलहरू, त तिमीले भन्यौ होइन बरु दुर्वलहरू नै गर्छन्, त दुर्वलहरू नै समस्त सन्देष्टाहरूका प्रथम अनुयायी रहेका छन्, र जब मैले यो प्रश्न गरें कि उनीहरूको संख्या बढछ वा घटदछ, त तिमीले भन्यौ उनीहरूको संख्या दिनप्रतिदिन बढदैजान्छ, त आस्थाको अवस्था यस्तै हुन्छ यहाँसम्म कि त्यो परिपूर्ण भइहाल्छ, र मैले यो प्रश्न गरें कि के कुनै व्यक्ति त्यस धर्मलाई

अङ्गीकार गरे पश्चात त्यसबाट क्रोधित भई विमुख हुन्छ, त तिमीले भन्यौ आजसम्म यस्तो भएको छैन, त मेरो भनाई छ कि यस्तै ईमानको शक्ति हुन्छ जब हृदयमा जागृत हुन्छ त निस्क्दैन, र जब मैले सोधें कि के त्यो विश्वासघाती छ, त तिमीले भन्यौ त्यो विश्वासघाती पनि छैन, त यस्तै सन्देष्टाहरू हुन्छन् कसैसित विश्वासघात गर्दैनन्, र मैले सोधें कि त्यो तिमीहरूलाई कुन कुराको आदेश गर्छ, त तिमीले भन्यौ कि त्यो तिमीहरूलाई यो आदेश दिन्छ कि एक अल्लाहको उपासना गर, र त्यसको साथमा कसैलाई साझीदार नबनाऊ, र तिमीहरूलाई नमाज, सत्यता सचरित्रताको आदेश दिन्छ, त यदि तिमीले सत्य भनिराखेका हौ भने त्यो व्यक्ति मैले भएको ठाउँको पनि स्वामी बन्नेछ, र मलाई यस सन्देष्टाको आगमनको बारेमा पहिलादेखि नै जानकारी थियो, तर मलाई यो ज्ञान थिएन कि त्यो तिमीहरू मध्येबाट हुनेछ, र म यदि त्यस व्यक्ति सम्म पुग्न सकें भनें त्यससित अवश्य भेट्ने छु, र यदि त्यसको सामीप्यता मलाई मिल्थ्यो भने त्यसको पाइलालाई पखालेर (पिउँथें) । अनि रसूल सल्लल्लाहो अलैहे

वसल्लमको पत्रलाई हाजिर गर्ने आदेश गऱ्यो जसलाई उहाँले आफ्नो दूत हजरत देहियाको माध्यमले बुसराको गर्वनरतर्फ पठाएका थिए, अनि त्यो पत्र हेरक्ललाई दिइयो, अनि त्यसले त्यो पत्रलाई पढन्थाल्यो त त्यसभित्र यो लेखिएको थियोः शुरू अल्लाहको नामबाट जो अत्यन्तै दयालु र अति कृपालु छ, मुहम्मद अल्लाहको भक्त एवं सन्देष्टाको तर्फबाट हेरक्ल रोमको सम्राटतर्फ, शान्ति होस् त्यसमाथि जुन सत्यलाई अङ्गीकार गरोस्, तत्पश्चात म तपाईलाई इस्लामको आमन्त्रणतर्फ बोलाउँछु इस्लामलाई अङ्गीकार गरेर शान्ति सुरक्षा प्राप्त गर, अल्लाह तिमीलाई दुईपटक प्रतिफल प्रदान गर्नेछ तर यदि तिमी विमुख हुन्छौ भने समस्त यरसीयीनको* पापको भारी तिमीमाथि नै आउने छ । र हे किताबवालाहरू त्यो कुरोतर्फ आऊ, जुन हामी र तिमीहरू बीच एकनास र समान छ कि हामी अल्लाह बाहेक कसैको पूजा नगरौं र त्यसको साथमा कसैलाई सहभागी नबनाऔं, र हामी आफै मध्येबाट

* र बुखारीको आर्को हदीसमा जुन धर्मयुद्धको अध्यायमा छ त्यसमा अरीसीयीनको शब्द प्रयोग गरिएको छ ।

**अल्लाह बाहेक कसैलाई पालनकर्ता नबनाऔं, त यदि तिनीहरू विमुख हुन्छन् भने भनिदेऊ कि तिमीहरू गवाह भइराख कि नि:सन्देह हामी आस्थावान हौं ।***

र वर्तमान युगमा विलायती ईसाई जान सेन्टको गवाही : उनको भनाई छ : इस्लाम र इस्लामीय सिद्धान्तको विस्तारले अध्ययन गरे पश्चात जुनकि समाज र समाजका प्रत्येक मान्छेको हित र सेवा सत्कारमा खटेको छ, र त्यसको न्यायपालिका जुनकि समाजलाई व्यवस्थित गर्छ एकेश्वरवाद र मानवताको आधारमा, त यो जाने पश्चात म पूर्ण मन र आत्माको साथ इस्लामतर्फ प्रवृत्त र आकृष्ट भएँ, र पवित्र अल्लाहसित यो प्रतिज्ञा गरें कि आजदेखि म इस्लामको यस्तो प्रचारक बन्दैछु जुन यसको सुमार्गीय विशेषताहरूद्वारा पूर्ण संसारलाई शुभसमाचार सुनाओस् ।

र यो सुमार्गी मान्छे ईसाईयतलाई विस्तारले अध्ययन गरे पश्चात यो निष्कर्षमा पुगेको हो कि ईसाई धर्म ती अधिकतम् महत्वपूर्ण प्रश्नहरूको उत्तर दिदैन जुन मान्छेको सांसारिक जीवनसित संलग्न छन्, अनि

* बुखारी किताबु बदउल् वह्‌य अध्याय नं. १ ।

उनलाई ईसाई धर्ममाथि शंका र सन्देह भयो, त नास्तिकता (कम्युनिज्म) र बौद्धधर्मको पनि अध्ययन गरे, त त्यहाँ पनि उनलाई आफ्ना प्रश्नहरूको उत्तर भेटिएन, अनि इस्लामलाई विस्तृत तरिकाले अध्ययन गरे, त त्यसमाथि मात्र आस्था ल्याएनन् बरु त्यसका प्रचारक समेत बने ।*

* अद्दीनुल् फीत्रि अल् अब्दी लेखकः मुबश्शिर अत्तराजी अल्हुसैनी भाग २ पे. ३१९ ।

www.alukah.net إهداء من شبكة الألوكة

# दूतत्वको समापन

अघि वर्णित कुराहरूबाट तपाईको सामुन्ने दूतत्वको वास्तविकता र त्यसको प्रमाण एवं चिन्हहरू र सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमका प्रमाण एवं चमत्कारहरू स्पष्ट भए, र दूतत्वको समापनमा कुरा गर्नुभन्दा अघि तपाईको लागि यो ज्ञान अनिवार्य देखिन्छ कि महान र पवित्र अल्लाहलाई कुनै सन्देष्टा पठाउनुको निम्नका कारणहरू मध्ये एक कारण अवश्य हुन्छ, र ती कारणहरू निम्न हुन् :

१- यो कारण कि (विगतको) सन्देष्टाको आमन्त्रण कुनै विशेष समुदायको लागि होस् वा यस सन्देष्टालाई अल्लाहद्वारा यो आदेश नप्रदान गरिएको होस् कि त्यो आफ्ना छरछिमेकका समुदायलाई पनि आफ्नो आमन्त्रण पुऱ्याओस्, त यस्तो अवस्थामा अल्लाह एउटा आर्को सन्देष्टा वा दूत आर्को समुदायतर्फ पठाउँछ ।

२- यस्तो अवस्था होस् कि विगतमा आएको सन्देष्टाका आमन्त्रणीय निर्देशनहरू प्रभावहीन वा लुप्त भइसकेका हुन्, अनि अल्लाह एउटा आर्को सन्देष्टा पठाएर मानिसहरूको त्यो धर्मलाई नवीकरण गरोस् ।

३- यस्तो अवस्था होस् कि यस सन्देष्टाको विधान त शुद्ध र सुरक्षित होस् र त्यस युगको लागि प्रभावकारी र अनुकूल पनि होस् तर आउनेवाला युगहरूको लागि अनुकूल नहोस् बरु प्रतिकूल होस्, त यस्तो अवस्थामा अल्लाह यस्तो सन्देष्टा पठाउँछ जसको आमन्त्रण र विधान समस्त युग र स्थानको लागि प्रभावकारी र अनुकूल होस् । यसर्थ अल्लाहले आफ्नो तत्वज्ञानलेगर्दा यो निश्चित गऱ्यो कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई यस्तो विधान दिएर पठाओस् जुन समस्त जाति र सम्प्रदाय अर्थात पृथ्वीमा बसोबास गर्ने समस्त प्राणीहरूको लागि होस्, र समस्त युगहरूको लागि र समस्त स्थानको लागि अनुकूल होस् र सबैलाई समावेश गरोस्, र त्यसको सुरक्षाको व्यवस्था पनि गऱ्यो ताकि त्यसमा हेरफेर नगरियोस् र कुनै प्रकारको थपघट नगरियोस्, बरु त्यो जीवितै रही सबैलाई जीवन प्रदान गरोस्, र समस्त युगमा आउनेहरू त्यससित लाभान्वित होउन्, र यसैकारण यसलाई अल्लाहले समस्त विधान र आमन्त्रणको समापक बनाइदियो । *

* हेर्नुस् : अल् अकीदतुत्तहावीया पे. १५६, र लवामेउल् अनवारुल् बहीया भाग २

र जुन कुराहरूद्वारा अल्लाहले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई विशिष्ट गरे त्यो होः उहाँलाई समस्त सन्देष्टाहरूको समापक बनाएर पठाउनु भयो, यसर्थ उहाँ पश्चात कुनै सन्देष्टा आउनेवाला छैन, किनकि अल्लाहले उहाँद्वारा आमन्त्रणलाई परिपूर्ण गरिदियो, र उहाँद्वारा विधानहरूको अन्त गरिदियो, र उहाँद्वारा निर्माण कार्यलाई पूर्ण गरिदियो, र उहाँको दूतत्व हजरत मसीहको भविष्यवाणीय शुभसन्देशद्वारा प्रष्ट भएको छ, हजरत मसीहले भन्नु भयोः " के तीमीहरू पुस्तकहरूमा पढदैनौ कि त्यो पत्थर जसबाट निर्माण गर्नेहरूले इन्कार गरे त्यो ढुंगा नै त्यसको कुनाको टाउको सिद्ध भयो " ।*

र इब्राहीम खलील पादरी जुनकि पछि इस्लाम कबूल गरे हजरत ईसाको यस कथनलाई रसूल सल्लल्लाहो हलैहे वसल्लमको स्वयम्को बारेमा भनेका उदाहरणसित सहमत ठानेका हुन्, र त्यो उदाहरण हो :" **मेरो उदाहरण र म भन्दा पहिलाका सन्देष्टाहरूको उदाहरण यस्तै छ कि एउटा मान्छेले एउटा अति सुन्दर स्मार्कको**

---

पे. २६९, २७७, र मबादियुल् इस्लाम पे. ६४ ।

* इन्जील मत्ता २१:४२ ।

**निर्माण गऱ्यो तर त्यसको एउटा कुनामा एक ईंटको ठाउँ खाली राख्यो, अनि मान्छेहरू त्यसको वरिपरि चक्र लगाएर हेर्नथाले र त्यसलाई हेरेर प्रसन्न हुन्थाले, र भन्नथाले यो खाली ठाउँमा ईंट लगाएको भए कस्तो राम्रो हुनेथियो, त म त्यो ईंट नै हूँ र म नै सन्देष्टाहरूको समापक हूँ " ।***

र यसैकारण पवित्र अल्लाहले त्यस ग्रन्थलाई जुन मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम लिएर आए विगतका समस्त ग्रन्थहरूमाथि अधिपत्यशाली र निरस्त गर्नेवाला बनाइदियो, जस्तोकि उहाँले ल्याएको विधानलाई अरु समस्त विधानहरूलाई निरस्त र स्थगित गर्नेवाला बनायो, र अल्लाहले उहाँको आमन्त्रणको सुरक्षाको जिम्मेवारी स्वयम् आफै लियो, यसर्थ उहाँको विधान र आमन्त्रण सामूहिक तरिकाले वर्णन गरियो र एक पीढिदेखि आर्को पीढि सम्म पुऱ्याइयो, र पवित्र

---

* हेर्नुस् : मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम फित्तौराते वल् इन्जीले वल् कुरआन् लेखक: अल्मुहतदी इब्राहीम खलील अहमद पे. ७३, र यस हदीसलाई बुखारीले किताबुल् मनाकिबको अध्याय नं. १८ मा वर्णन गर्नु भएको छ, र शबद यिनैका हुन्, र इमाम मुस्लिमले किताबुल् फजाइलमा अबू हुरैरहबाट वर्णन गर्नु भएको छ हदीस नं. २२८६, र इमाम अहमदले मुस्नदमा भाग २ पे. २५६,३१२ मा वर्णन गर्नु भएको छ।

कुरआन पनि मौखिक र लिखित तरिकाले सामूहिक अन्दाजमा वर्णन गरियो र आर्को पीढि सम्म पुऱ्याइयो, र यस्तै रसूल सल्लल्लाहो अलैहे वसल्लमका हदीसहरू पनि चाहे ती उहाँद्वारा गरिएका होउन् वा भनिएका, सबैलाई सामूहिक तरिकाले वर्णन गरियो र अरु सम्म पुऱ्याइयो, र यस धर्मका निर्देशनहरूलाई र पूजा अराधना एवं विधिहरूलाई सामूहिक तरिकाले कार्यन्वयन पनि गरियो ।

र जुन मान्छे हदीसका ग्रन्थहरू र जीवनीका पुस्तकहरूको अध्ययन गर्छ त्यसलाई यो थाहा भइहाल्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरू (उनीसित अल्लाह प्रसन्न होस्) ले समस्त जगमा बस्नेहरूका लागि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमका समस्त क्रियाकलाप र गतिविधिहरू एवं अवस्थाहरूलाई सुरक्षित र कण्ठ गरेका थिए, र उहाँहरूले रसूल सल्लल्लाहो अलैहे वसल्लमको पूजा गर्ने तरिका, युद्ध गर्ने शैली, र स्तुति गर्ने शैली, उहाँको उदारता, वीरता, र उहाँ समक्ष भएका दूतहरूको साथ उहाँको व्यवहार....आदिलाई विस्तारले वर्णन गरेका छन्, जसरी कि उहाँ सल्लल्लाहो अलैहे

वसल्लमको व्याकुलता, दुःख, चिन्ता, उभ्ने बस्ने सुत्ने जाग्ने, खाने पिउने ... तरिकालाई पनि विस्तारले वर्णन गरेका छन्, त जब तपाई यी कुराहरूलाई र यसका सुरक्षालाई महसूस गर्नेछौ त तपाईको दृढ विश्वास भइहाल्छ कि वास्तवमा यो धर्म बिल्कुलै सुरक्षित छ, र यसको सुरक्षाको व्यवस्था वास्तवमा परम् पूज्य अल्लाहले नै गरेका हुन्, अनि यस पश्चात तपाईलाई यो ज्ञात हुन्छ कि वास्तवमा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम सन्देष्टाहरूको समापक थिए, किनकि परम् पूज्य अल्लाहले नै हामीलाई यो खबर दिएका छन् कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम सन्देष्टाहरूका समापक हुन । अल्लाहको फर्मान छ :

﴿ مَّا كَانَ مُحَمَّدٌ أَبَآ أَحَدٍ مِّن رِّجَالِكُمْ وَلَٰكِن رَّسُولَ ٱللَّهِ وَخَاتَمَ ٱلنَّبِيِّـۧنَ ﴾ الأحزاب: ٤٠

अर्थ : (मानिसहरू हो ! ) तिम्रा पुरुषहरू मध्ये कसैको पिता मुहम्मद (स.) होइनन्, बरु उनी अल्लाहका रसूल र नबीहरूका समापक ( अन्तिम नबी) हुन् । ( सूरतुल् अहजाब ४० )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : “ **म समस्त सृष्टिको निम्ति पठाइएको हूँ, र मद्वारा दूतत्वलाई सम्पन्न गरियो** ” ।*

र अब पालो हो इस्लामको परिभाषा र त्यसको वास्तविकता र आधार एवं स्रोतहरूको बारेमा वर्णनको ।

**इस्लाम शब्दको अर्थ :**

जब तपाई शब्दकोशहरूतर्फ प्रवृत्त हुनुहुन्छ त इस्लामको अर्थ यो पाउनु हुन्छ : अनुशरण गर्नु, झुक्नु, नतमस्तक हुनु, समर्पण गर्नु, अज्ञाकारी बन्नु, अज्ञापालन गर्नु ती समस्त आदेशहरूको जुन निर्देशित गरिन्छन् र रुक्नु जसबाट रुक्ने आदेश गरिन्छ बिना कुनै टिप्पणी । र यसैकारण अल्लाहले सत्य धर्मलाई इस्लामको नामले नामाकरण गऱ्यो किनकि यो अल्लाहको आज्ञाको बिना टिप्पणी अनुशरण र अनुपालन गर्नु हो, र पूजालाई मात्र त्यसैको लागि विशेष गर्नु हो, र त्यसले वर्णन गरेको खबरमा विश्वास गर्नु र त्यसमाथि आस्था राख्नु हो, यसर्थ इस्लाम त्यस धर्मको नाम भइहाल्यो

* इमाम अहमदले यस हदीसलाई आफ्नो मुस्नदमा वर्णन गर्नु भएको छ भाग २ पे. ४११,४१२, र मुस्लिमले किताबुल् मसाजिदमा वर्णन गर्नु भएको छ र शब्द यिनैका हुन्, हदीस नं. ५२३ ।

जसलाई लिएर मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम आएका हुन् ।

**इस्लामको परिभाषा** :*

धर्मलाई इस्लामको नामबाट नामाकरण किन गरियो ? निःसन्देह यस संसारमा जति पनि धर्महरू छन् सबैलाई त्यसैको नामले नामाकरण गरियो अर्थात त्यसलाई कुनै विशेष मानिसको नामसित संलग्न गरियो वा कुनै विशेष समूहको नामले जसरी “नस्रानी” वा “ईसाई” नसारा र ईसा शब्दबाट लिइएको छ, र बौद्धधर्म त्यस धर्मका संस्थापक बुद्धको नामबाट संलग्न छ, र जरादश्तीया त्यसको संस्थापक जरदश्तको नामसित संलग्न छ, र यस्तै “यहूदीया” यस्तो गोत्रभित्र आयो जसको नाम “ बीहूजा” थियो, त त्यसै गोत्रतर्फ संलग्न गरेर यहूदीया भनियो, र यस्तै समस्त धर्महरूको अवस्था छ इस्लाम बाहेक, यसर्थ इस्लाम नत कुनै विशेष मान्छेसित संलग्न छ नत कुनै विशेष समूहसित, बरु त्यसको नाम विशेष गुणहरूलाई दर्शाउँछ जुन इस्लाम

* अधिक जानकरीको लागि हेर्नुस् : मबादियुल् इस्लाम लेखकः शैख हमूद बिन मुहम्मद अल्लाहिम, र किताब दलीलुन् मुख्तसर लेफहूमिल् इस्लाम लेखकः इब्राहीम हरब ।

शब्दमा नीहित छन् । यसको नामबाट यो स्पष्ट हुन्छ कि यस धर्मद्वारा कुनै विशेष मान्छेलाई विशिष्ट गर्ने प्रयास गरिएको छैन, नत यसद्वारा कुनै विशेष समूहलाई विशिष्ट गरिएको हो, बरु यस धर्मको उद्देश्य यो हो कि यस पृथ्वीमा बस्ने प्रत्येक प्राणी इस्लामलाई अङ्गीकार गरेर त्यसका विशेषताहरूमा समर्पित भइजाओस्, यसर्थ जसले पनि इस्लामका विशेषताहरूलाई अपनाउँछ चाहे त्यो शहरी नागरिक होस् वा गाउँले त्यो मुसलमान भयो, र भविष्यमा पनि जसले ती विशेषताहरूलाई अपनाउँछ त्यो मुसलमान भइहाल्छ ।

**इस्लामको वास्तविकता :**

र यो कुरो सबैलाई थाहा छ कि यस ब्रह्माण्डमा भएका समस्त कुराहरू एउटा निर्धारित व्यवस्थापन र आधारमा गतिशील छन्, यसर्थ सूर्य, चन्द्र, ताराहरू, र धरती सबै एउटा निर्धारित आधार एवं समयसीमामा गतिशील छन् प्रतिवद्ध छन्, त्यसबाट नत एक कण यताउता हुन्सक्छन् नत एक छिन अगाडि पछाडि निस्कन् र अस्त हुन्सक्छन्, यहाँसम्म कि यदि मनुष्य स्वयम् आफूमाथि विचार गरोस् त त्यसको लागि यो प्रष्ट भइहाल्छ कि त्यो

आफै पनि अल्लाहले निर्धारित गरेको कानूनसित प्रतिवद्ध छ र त्यसै अगाडि नतमस्तक छ, त त्यो स्वाँस लिँदैन र महसूस गर्दैन र पानी, भोजन, शीतलता र गर्मीको आवश्यकता महसूस गर्दैन तर त्यो कानूनको आधारमा जसलाई अल्लाहले त्यसको जीवनको लागि निर्धारित गरिदिएको छ, र त्यसका समस्त अंगहरू पनि त्यसै कानून अधीन छन् यसर्थ उनीहरू पनि त्यसै कानून बमोजिम कार्यरत छन् जुन अल्लाहले उनीको लागि निर्धारित गरिसकेको छ ।

त यो परिपूर्ण व्यवस्थापन जसमाथि गतिशील रहनुमा यस ब्रह्माण्डका समस्त कुराहरू बाध्य र विवश छन् र कोही पनि त्यस व्यवस्थापनको उल्लंघन गर्दैन चाहे त्यो आकाशको विशाल ग्रह होस् वा धरतीको बालुवाको सानो कण, यो त्यस महान र सर्वशक्ति समपन्न अल्लाहको व्यवस्थापन हो, यसर्थ विश्वका समस्त कुराहरू त्यसै महान शक्तिमान अल्लाहको आज्ञापालक हुन् जसले तिनलाई बनाएको छ, र त्यसैका अनुशरणकारी पनि हुन्, त यस दृष्टिले यो स्पष्ट भइहाल्छ कि इस्लाम पूर्ण ब्रह्माण्डको धर्म हो, किनकि इस्लामको अर्थ हो: बिना

टिप्पणी आदेशलाई मान्नु, जस्तोकि अघि नै ज्ञान भइसकेको छ । यसर्थ सूर्य चन्द्र, र धरती त्यसको हुकुमको पालना गरिरहेका छन्, र वायु, पानी, प्रकाश, अँध्यारो, गर्मी ठंढ, बोटविरुवा, ढुंगा जनावर, बरु मनुष्य जुनकि आफ्नो प्रतिपालकलाई जान्दैन, र त्यसको अस्तित्वको इन्कारी छ, र त्यस बाहेकका मिथ्या पूज्यहरूलाई पूज्दछ, र त्यसको साथमा अरुलाई सहभागी ठान्दछ त्यो पनि आफ्नो प्रकृतिक स्वभावलेगर्दा त्यसै अल्लाहको व्यवस्थाको पालना गरिरहेको छ ।

जब तपाईलाई यो ज्ञान भयो त आऊ अब मनुष्यको अवस्थाबारे केही ज्ञान प्राप्त गरौं, मनुष्यका दुई अवस्था छन् :

१- त्यो प्रकृतिक अवस्था जसमाथि अल्लाहले मनुष्यलाई सृष्टि गरेको छ जस मध्ये केही निम्न हुन्: अल्लाहको लागि नतमस्तक हुनु, त्यसलाई मनपराउनु, त्यसको उपासना गर्नु, त्यसको समीप्यता चाहनु, र ती समस्त वस्तु र कार्य र कर्मसित प्रेम गर्नु जससित अल्लाह प्रेम गर्छ जसरी सत्यता, भलाई, न्याय आदि, र ती समस्त कुराहरूबाट घृणा गर्नु जसबाट अल्लाह घृणा गर्छ जसरी अशुद्धता, दोषपाप, अन्याय

अत्याचार आदि, र यसजस्ता जुन अरु प्रकृतिक कुराहरू छन् जसरी सम्पत्तिको माया, सन्तान जहानको मोह, र खानपान र विवाहको इच्छा, र ती समस्त अंगहरूलाई पाउने चाहना जुन त्यसको यस कार्यलाई सम्पन्न गर्नुमा सहायक हुन्छन् ।

२- मनुष्यको आफ्नो चाहना र इच्छा, यसैकारण अल्लाहले सन्देष्टाहरूलाई पठायो र ग्रन्थहरू अवतरित गऱ्यो ताकि मनुष्य सत्य असत्य, सुमार्ग कुमार्ग, भलाई बुराईमा विभाजन र फर्क गर्न सकोस्, र त्यसको सहायता मनीष र विवेक दिएर गरियो ताकि आफ्नो इच्छापूर्ति विचार गरेर मात्र गरोस् अनि यदि त्यो चाहोस् त लाभदायक र सत्य मार्गमा हिंडोस् त त्यो (अल्लाह) त्यसलाई त्यसैबाटोमा लगाइदिन्छ अर्थात त्यसको लागि त्यही बाटो सुसाध्य गरिदिन्छ, र चाहोस् त कुमार्ग र असत्यमा लागोस् अनि त्यो त्यसलाई त्यसै बाटोमा लगाइदिन्छ ।

त जब तपाई पहिलो अवस्थामा मान्छेलाई हेर्छौ त पाउँछौ कि त्यो ती समस्त कार्यहरूलाई गर्नुमा चाहँदा वा नाचाहँदा विवश छ, त्यसलाई

मान्नुमा बाध्य छ, र त्यसको लागि यो सम्भव छैन कि त्यसबाट मुख फर्काओस् ।
र जब तपाई त्यसलाई दोस्रो अवस्थामा हेर्नुहुन्छ त त्यसलाई स्वतन्त्र पाउनु हुन्छ त्यो जे चाहोस् गरोस्, यसर्थ त्यो चाहोस् मुसलमान भइजाओस् वा काफिर र नास्तिक । अल्लाहको फर्मान छ :

﴿ إِمَّا شَاكِرًا وَإِمَّا كَفُورًا ﴾ الإنسان: ٣

अर्थ : अब चाहे ऊ कृतज्ञ बनोस् वा कृतघ्न । ( सूरतुल् इन्सान ३ )
यसैकारण तपाई मान्छेहरूलाई दुई थरीका हर्छौ, एउटा त्यो मानिस जुन आफ्नो पालनकर्तालाई जान्दछ उसलाई प्रतिपालक र पूज्यको श्रेणीमा राखी विश्वास गर्दछ र मात्र त्यसैको पूजा अराधना गर्छ, र त्यसैको विधानको आफ्नो जीवनभरी इच्छादित कुराहरूमा अनुशरण गर्दछ, जसरी कि प्रकृतिक क्रियाकलापहरूमा त्यसैको आज्ञाकारी र अधीनस्थ रहन्छ, त्यसको कानून र भाग्य निर्धारणको अधीन हुनुको कारण, त यो नै त्यो पूर्ण मुसलमान हो जसले आफ्नो इस्लामलाई परिपूर्ण गऱ्यो, र त्यसको विचारधारा र ज्ञान सही भयो किनकि त्यसले आफ्नो परम् पूज्य

र परम् पालनकर्ता एवं स्रष्टालाई जानिहाल्यो जसले उसतर्फ आफ्नो सन्देष्टाहरू पठायो, र त्यसलाई त्यो ज्ञान र शिक्षाको शक्ति प्रदान गऱ्यो, अनि त्यसको मनीष र विवेकलाई शुद्ध पाऱ्यो, अनि त्यसको विचारधारा परिपूर्ण र स्पष्ट भयो, र यो यसकारण भएको हो कि त्यसले निष्ठापूर्वक यो सोचविचार गऱ्यो अनि फैसला गऱ्यो कि त्यस अल्लाह बाहेक कसैलाई पूज्दैन जसले त्यसलाई इज्जत सम्मान प्रदान गऱ्यो त्यस विवेक र विचारशक्तिबाट जसको कारण त्यसको जिब्रो सत्य र हक बोल्नुमा सशक्त भयो, किनकि त्यो अहिले अल्लाह बाहेक कसैलाई आफ्नो पूज्य र पालनकर्ता ठान्दैन जसले त्यसलाई बोल्ने शक्ति प्रदान गरेको छ ...., त यस्तो प्रतीत हुन्छ कि त्यसको जीवनमा अहिले सत्य बाहेक केही शेष रहेन, किनकि त्यो अल्लाहको त्यस विधानतिर दत्तचित्त छ जसमा त्यसको समस्त समस्याको समाधान र भलाई नीहित छ, र त्यस मान्छे र ब्रह्माण्डका समस्त सृष्टि बीच मेलमिलाप र प्रेमभाव उत्पन्न भइहाल्यो किनकि त्यो पनि मात्र एउटै तत्वज्ञानी सर्वज्ञानी अल्लाहलाई पूज्दछ, र ब्रह्माण्डमा भएका समस्त सृष्टिहरू

पनि मात्र त्यसैको नियम अधीन भई गतिशील छन्, र जसलाई तिम्रो सेवाको लागि नै अधीनस्थ गरेको छ हे मानव ।

**कुफ्र (इन्कार,नास्तिकता)को वास्तविकताः**

र आर्को मनुष्य छ जुन आज्ञाकारी भएर जन्म्यो, र आफ्नो पूर्ण जीवन आज्ञाकारी भएर व्यतीत गऱ्यो, तर नत त्यो त्यस आज्ञाकारिताको आभाष नै गर्न सक्यो नत आफ्नो पालनकर्तालाई पहिचान्यो, नत त्यसको विधानमा विश्वास नै गऱ्यो, नत त्यसले पठाएका सन्देष्टाहरूको अनुशरण नै गऱ्यो, तसर्थ त्यस परम् पूज्यको अस्तित्वको इन्कारी भयो, र त्यसको पूजा गर्नुबाट अहंकार र अट्टेरी गऱ्या, र त्यसले अल्लाहका ती विधान र क्रियाकलापबाट मुख फर्कायो जसमा त्यसलाई संसारीय जीवनमा स्वतन्त्रता प्रदान गरिएको थियो, वा त्यसले आफ्नो परम् पूज्यको साथमा कसै अरुलाई साभ्कीदार बनायो, र त्यो ती समस्त चिन्ह प्रमाण र चमत्कारहरूबाट मुख फर्कायो जुन अल्लाहको एकत्वमाथि संकेत र प्रमाणीकरण गर्थे, त यो मान्छे नै काफिर नास्तिक हो । किनकि कुफ्रको अर्थ होः लुकाउनु, ढाँक्नु, छोप्नु, आवरण हाल्नु, र अरबी

भाषामा भनिन्छ कि “ कफ्रा दिरउहू बिसौबिही ” जब मान्छे आफ्नो सुरक्षाकवचलाई आफ्नो लुगाले माथिबाट छोपोस्, त यस्तो मान्छेलाई काफिर भनिन्छ किनकि त्यसले आफ्नो प्रकृतिक स्वभावलाई अज्ञानता र मूर्खताको विर्कोद्वारा छोप्यो । र तपाईलाई यो थाहा नै छ कि त्यो इस्लामीय प्रकृतिमाथि नै जन्मेको हो, र त्यसका समस्त इन्द्रिय त्यसै इस्लामीय प्रकृति अधीन कार्यरत छन् ।

र विश्वका समस्त कुराहरू जुन त्यसका वरिपरि छन् सबै आज्ञाकारी भई इस्लामीय आधार बमोजिम नै गतिशील छन्, तर त्यस व्यक्तिले यस सोझो प्रकृतिलाई आफ्नो अज्ञानता र मूर्खताले छोप्यो र त्यसको दृष्टिबाट यस ब्रह्माण्डका समस्त कुराहरूका र स्वयम् त्यसको आफ्नो शारीरिक व्यवस्थापनको सत्यता अदृश्य नै रह्यो, तसर्थ तपाई त्यसलाई हेर्नुहुन्छ कि त्यो सोझो प्राकृति विरोधि कुरा नै सोचविचार गर्छ र त्यसलाई मात्र त्यो कुरा नै देखिन्छ जुन यस विपरीत छन्, र त्यो त्यही कार्य गर्छ जुन यस प्रकृति प्रतिकूल छ ।

त तपाईमाथि यो अनिवार्य छ कि तपाई आफ्नो जीउको आफै सम्मान गर, र त्यस पथभ्रष्टता र स्पष्ट भ्रममा नपर जसमा काफिर पऱ्यो ।*

र यो इस्लाम जुन आग्रह गर्छ कि तपाई यसको अनुशरण गर यो कठिन कुरो छैन बरु यो अति सजिलो छ जसको लागि अल्लाह सजिलो पारिदेउन्, त इस्लाम त्यो विधान हो जसमा समस्त ब्रह्माण्ड गतिशील छ । अल्लाहको फर्मान छ :

﴿ وَلَهُۥٓ أَسۡلَمَ مَن فِي ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ طَوۡعٗا وَكَرۡهٗا ﴾ آل عمران: ٨٣

अर्थ : सबै आकाशहरू र पृथ्वीका सबै प्राणीहरू चाहँदा वा नचाहँदै अल्लाहको आज्ञाकारी हुन्छन् । ( सूरतु आले इम्रान ८३ )

र यो नै अल्लाहको धर्म हो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱلدِّينَ عِندَ ٱللَّهِ ٱلۡإِسۡلَٰمُۗ ﴾ آل عمران: ١٩

अर्थ : नि:सन्देह अल्लाहको नजिक इस्लाम नै ( साँचो) धर्म हो । (सूरतु आले इम्रान १९ )

* मबादियुल् इस्लाम पे. ३,४ ।

र यो हो अल्लाह सामु आफ्नो अनुहारलाई नतमस्तक गर्नु । अल्लाहको फर्मान छ :

﴿ فَإِنۡ حَآجُّوكَ فَقُلۡ أَسۡلَمۡتُ وَجۡهِيَ لِلَّهِ وَمَنِ ٱتَّبَعَنِۗ ﴾ آل عمران: ٢٠

अर्थ : (हे पैगम्बर !) तै पनि यदि यी मानिसहरू तपाईसँग वादविवाद गर्दछन् भने भनिदिनुस् म र मेरा अनुयायीहरूले सम्पूर्ण रूपमा अल्लाहमा समर्पित भइसकेका छौं । ( सूरतु आले इम्रान २० )

र इस्लामको अर्थलाई स्पष्ट पार्दै रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ : " **आफ्नो हृदयलाई अल्लाह समक्ष अर्पण गर, र आफ्नो अनुहारलाई अल्लाहतर्फ प्रवृत्त गर, र अनिवार्य गरिएको धर्मदाय (जकात) देऊ** " ।[*]

**र एउटा मान्छेले जब रसूल सल्लल्लाहो अलैहे वसल्लमसित प्रश्न गर्यो कि इस्लाम के हो ? त उहाँले भन्नु भयोः आफ्नो हृदयलाई अल्लाहमा समर्पण गर, र आफ्नो जिब्रो र हातको कष्टबाट समस्त मुसलमानहरूलाई सुरक्षित राख । त त्यस व्यक्तिले सोध्योः कुन**

[*] इमाम अहमदले यस हदीसलाई मुस्नदमा वर्णन गर्नु भएको छ भाग ५ पे. ६, र इब्ने हिब्बानले भाग १ पे. ३७७ मा वर्णन गर्नु भएको छ ।

www.alukah.net إهداء من شبكة الألوكة

**इस्लाम चाहिँ सर्वश्रेष्ठ छ ? त उहाँले उत्तर दिनु भयोः आस्था र विश्वास राख्नु । त त्यसले सोध्योः यो आस्था के हो ? त उहाँले भन्नु भयोः कि तिमी अल्लाहमाथि र त्यसका फरिश्ताहरू माथि र त्यसका सन्देष्टा एवं ग्रन्थहरूमाथि र पुनर्जन्ममाथि आस्थावान भइजाऊ ।***

र जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो किः " **इस्लाम यो हो कि तिमी गवाही देऊ कि अल्लाह बाहेक कोही सत्य पूजनीय छैन र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका सन्देष्टा हुन्, र नमाज कायम गर, र जकात दिदै गर, र रमजान महिनाको उपवास बस, र अल्लाहको घरको यात्रा गर यदि तिमीमा यसको सामर्थ्य छ** " ।*

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः " **मुसलमान त्यो हो जुन आफ्नो जिब्रो**

---

* इमाम अहमदले यस हदीसलाई मुस्नदमा वर्णन गर्नु भएको छ भाग ४ पे. ११४, र इमाम हैसमीले मजमउज्जवाइदमा भाग १ पे. ५९ मा भन्नुहुन्छ कि यस हदीसलाई अहमदले र तब्रानीले कबीरमा यस्तै वर्णन गर्नु भएको छ, र यस हदीसका सबै वर्णनकर्ता सत्यनिष्ठ छन् हेर्नुसः फजलुल् इस्लाम लेखकः मुहम्मद बिन अब्दुल वहाब रहेमहुल्लाह पे. ८ ।

* मुस्लिमले यस हदीसलाई किताबुल् ईमानमा वर्णन गर्नु भएको छ हदीस नं. ८ ।

**र हातको कष्टबाट समस्त मुसलमानहरूलाई सुरक्षित राखोस् " ।***

र यो इस्लाम त्यो धर्म हो जस बाहेक अल्लाह कुनै आर्को धर्म स्वीकार्ने छैनन् नत विगतका मान्छेहरूबाट नत भविष्यमा आउनेहरूबाट, किनकि समस्त सन्देष्टाहरूको धर्म इस्लाम नै थियो । अल्लाह हजरत नूहको बखान गर्दै भन्दछ :

﴿ وَٱتْلُ عَلَيْهِمْ نَبَأَ نُوحٍ إِذْ قَالَ لِقَوْمِهِۦ يَٰقَوْمِ إِن كَانَ كَبُرَ عَلَيْكُم مَّقَامِى وَتَذْكِيرِى بِـَٔايَٰتِ ٱللَّهِ فَعَلَى ٱللَّهِ تَوَكَّلْتُ فَأَجْمِعُوٓا۟ أَمْرَكُمْ وَشُرَكَآءَكُمْ ثُمَّ لَا يَكُنْ أَمْرُكُمْ عَلَيْكُمْ غُمَّةً ثُمَّ ٱقْضُوٓا۟ إِلَىَّ وَلَا تُنظِرُونِ ﴿٧١﴾ فَإِن تَوَلَّيْتُمْ فَمَا سَأَلْتُكُم مِّنْ أَجْرٍ ۖ إِنْ أَجْرِىَ إِلَّا عَلَى ٱللَّهِ ۖ وَأُمِرْتُ أَنْ أَكُونَ مِنَ ٱلْمُسْلِمِينَ ﴿٧٢﴾ ﴾ يونس: ٧١ - ٧٢

* बुखारीले यस हदीसलाई किताबुल् ईमानको अध्याय: अल्मुस्लिमो मन सलेमल् मुस्लिमूना मिन लिसानेही वयदेहीमा वर्णन गर्नु भएको छ, र शब्द यिनैका हुन्, र इमाम मुस्लिमले आफ्नो सहीहमा किताबुल् ईमानको हदीस नं. ३९ अन्तर्गत वर्णन गर्नु भएको छ ।

अर्थ : र तपाईले उनीलाई नूहको कथा पढेर सुनाइदिनुस्, जब उनले आफ्नो समुदायसित भने हे मेरा कौमका मानिसहरू ! यदि तिमीलाई तिमीहरूको माझमा मेरो बसाई र अल्लाहका आयतहरूबारे स्मरण गराउन नराम्रो लाग्दछ भने, म त अल्लाहमाथि नै भरोसा राख्दछु, तिमीले आफ्ना साझेदारहरूसँग मिलेर आफ्नो उपाय गरिहाल । तिम्रो उपाय तिम्रो कष्टको कारण नबनोस्, अनि त्यो काम मेरो सम्बन्धमा गरिहाल र मलाई समय नदेऊ । फेरि पनि यदि तिमीले विमुख नै हुन्छौ भने मैले तिमीबाट कुनै मजदूरी (परिश्रमिक) त मागेको छैन । मेरो मजदूरी त मात्र अल्लाहसंग छ, र मलाई आदेश दिइएको छ कि म मुसलमानहरू मध्येबाट रहूँ । ( सूरतु यूनुस ७१,७२ )

र इब्राहीमको बारेमा अल्लाहको भनाई छ :

﴿ إِذۡ قَالَ لَهُۥ رَبُّهُۥٓ أَسۡلِمۡۖ قَالَ أَسۡلَمۡتُ لِرَبِّ ٱلۡعَٰلَمِينَ ١٣١ ﴾

﴿ البقرة: ١٣١ ﴾

अर्थ : जब उनीसित उनको पालनकर्ताले भन्यो कि आज्ञाकारी बन, तब उनले भने कि म सारा

संसारहरूको पालनकर्ता अगाडि नतमस्तक हुन्छु । ( सूरतुल् बकर: १३१ )

र हजरत मूसाको बारेमा अल्लाहको भनाई छ :

﴿ وَقَالَ مُوسَىٰ يَٰقَوۡمِ إِن كُنتُمۡ ءَامَنتُم بِٱللَّهِ فَعَلَيۡهِ تَوَكَّلُوٓاْ إِن كُنتُم مُّسۡلِمِينَ ٨٤ ﴾ يونس: ٨٤

अर्थ : र मूसा (अलै.)ले भने- हे मेरा क़ौमका मानिसहरू ! यदि तिमीले अल्लाहमाथि ईमान राख्दछौ भने उसैमाथि भरोसा राख यदि तिमी आज्ञाकारी छौ । ( सूरतु यूनुस ८४ )

र हजरत मसीहको खबर दिदै अल्लाहको फर्मान छ :

﴿ وَإِذۡ أَوۡحَيۡتُ إِلَى ٱلۡحَوَارِيِّـۧنَ أَنۡ ءَامِنُواْ بِي وَبِرَسُولِي قَالُوٓاْ ءَامَنَّا وَٱشۡهَدۡ بِأَنَّنَا مُسۡلِمُونَ ١١١ ﴾ المائدة: ١١١

अर्थ : र जब मैले हवारीहरूलाई आदेश पठाएँ कि ममाथि र मेरा पैगम्बरमाथि आस्था राख । तिनीहरूले भन्न थाले कि हामीले ईमान ल्यायौं र तपाई साक्षी रहनुस् कि हामी आज्ञाकारी छौं । ( सूरतुल् माइदा १११ )*

* अत्तदमुरीया पे. १०९,११० ।

र यो इस्लाम धर्मले आफ्ना सिद्धान्त र निर्देशनहरूलाई वह्यको मार्फत नै प्राप्त गरेको हो अर्थात कुरआन र हदीसबाट, र यसको बारेमा केही जानकारी गराउँदै छु ।

# इस्लामका मूल आधार र स्रोतहरू

सामान्यतया समस्त मिथ्या र असत्य धर्मका धर्मावलम्बीहरू पैतृक पुस्तकहरूलाई नै सदभाव र सम्मान दिन्छन् जुन पुस्तकहरू अति प्राचीन युगहरूमा लेखियो, र जसको वास्तविक लेखकको पनि पत्ता छैन र नत त्यसको अनुवादकको बारेमा कुनै ज्ञान, नत यो नै थाहा छ कि कुन युगमा ती पुस्तकहरू लेखिए, बरु त्यसलाई यस्ता मान्छेहरूले लेखेका हुन् जुनमा उस्तै स्वार्थता, दुर्वलता र कमीकम्जोरी एवं बिर्सिने सम्भावना थियो जस्तोकि समस्त मान्छेमा हुन्छ ।

र रह्यो कुरो इस्लामको त यो आफू बाहेक सबैबाट यस कुरामा भिन्न छ, किनकि त्यो सत्य स्रोतहरूमाथि आधारित छ, र त्यो स्रोत हो ईश्वरीय प्रकाशना अर्थात कुरआन र हदीस जसको परिभाषा निम्नमा वर्णन गरिन्छ :

(क) **गरिमामय कुरआन** : अघि नै तपाईलाई ज्ञान भइसकेको छ कि इस्लाम नै अल्लाहको सत्य धर्म हो, यसैकारण अल्लाहले पवित्र कुरआनलाई आफ्नो सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गऱ्यो जुनकि संयमीहरूको पथप्रदर्शक हो, र

मुसलमानहरूको लागि विधान हो, र ती समस्त मान्छेहरूको छातीको लागि स्वस्थकर हो जसलाई अल्लाह स्वस्थ गर्न चाहन्छन्, र ती मान्छेहरूको लागि प्रकाश हो जसको लागि अल्लाह सफलता र ज्योति चाहन्छ, र यो ती मूल आधारहरूमा निर्भर छ जसकारण अल्लाहले आफ्नो सन्देष्टाहरूलाई पठायो,* र कुरआनको अवतरण कुनै विचित्र र अनौठो कुरो होइन जसरी रसूल सल्लल्लाहो अलैहे वसल्लम कुनै विचित्र सन्देष्टा होइनन्, यसर्थ अल्लाहले हजरत इब्राहीममाथि सुहुफ अवतरित गऱ्यो, र हजरत मूसालाई तौरातद्वारा सम्मानित गऱ्यो, र दाऊदलाई जबूर प्रदान गऱ्यो, र ईसालाई इन्जील । र यी समस्त ग्रन्थहरू अल्लाहको वह्य हुन् जसलाई अल्लाहले आफ्ना सन्देष्टाहरूतर्फ वह्य गऱ्यो, तर विगतका ग्रन्थहरू मध्ये अधिकांश हराए, र कतिपय परिवर्तित भएर आफ्नो वास्तविकता गुमाइहाले ।

तर **पवित्र कुरआन**, त यसको सुरक्षाको जिम्मेवारी अल्लाहले आफै लिनु भयो, र

* अस्सुन्नह वमकानतुहा फित्तश्रीअिल् इस्लामी लेखकः मुस्तुफा अस्सेबाअी पे. ३७६ ।

यसलाई समस्त विगतका ग्रन्थहरू माथि अधिपत्य प्रदान गऱ्यो, अल्लाहको फर्मान छ :

﴿ وَأَنزَلْنَآ إِلَيْكَ ٱلْكِتَٰبَ بِٱلْحَقِّ مُصَدِّقًا لِّمَا بَيْنَ يَدَيْهِ مِنَ ٱلْكِتَٰبِ وَمُهَيْمِنًا عَلَيْهِ ﴾ المائدة: ٤٨

अर्थ : र (हे पैगम्बर !) हामीले तपाईंलाई सत्यका साथ यो किताब (कुरआन) प्रदान गरेका छौं, जुन आफूभन्दा अगाडिका ग्रन्थहरूलाई प्रमाणित गर्दछ र ती सबैको संरक्षक हो । ( सूरतुल् माइदा ४८ )

र जसले यसलाई अवतरित गरेको छ त्यसैले यसको विशेषता वर्णन गर्दै भनेको छ कि यो स्पष्टिकरण हो सबै कुराहरूको । अल्लाहको फर्मान छ :

﴿ وَنَزَّلْنَا عَلَيْكَ ٱلْكِتَٰبَ تِبْيَٰنًا لِّكُلِّ شَيْءٍ ﴾ النحل: ٨٩

अर्थ : र हामीले तपाई माथि (यस्तो) किताब उतारेका छौं कि यसमा हरेक कुराको वर्णन विस्तारपूर्वक छ । ( सूरतुन्नहल ८९ )

र यो पथप्रदर्शक र दया हो । अल्लाहको फर्मान छ :

﴿ فَقَدْ جَآءَكُم بَيِّنَةٌ مِّن رَّبِّكُمْ وَهُدًى وَرَحْمَةٌ ﴾ الأنعام: ١٥٧

अर्थ : तसर्थ तिम्रो समीपमा तिम्रो पालनकर्ताको तर्फबाट स्पष्ट, मार्गदर्शनको माध्यम र वरदान आइसकेको छ । ( सूरतुल् अन्आम १५७ )

र यो सुमार्ग चाहनेहरूको लागि सुमार्गदर्शक हो । अल्लाहको फर्मान छ :

﴿ إِنَّ هَٰذَا ٱلْقُرْءَانَ يَهْدِى لِلَّتِى هِىَ أَقْوَمُ ﴾ الإسراء: ٩

अर्थ : निःसन्देह यस कुरआनले त्यो बाटो देखाउँछ जो सबैभन्दा सोझो छ । ( सूरतुल् इस्रा ९ )

त यो कुरआन समस्त मानवजातिलाई सोझो मार्गको दर्शन गराउँछ तिनीहरूका समस्त संसारिक कार्य र कर्तव्यहरूमा ।

र यो कुरआन मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमका ती चमत्कारहरू मध्ये एक हो जुन प्रलय सम्म बाँकी नै रहन्छ, र विगतका सन्देष्टाहरूका चमत्कार र चिन्हहरू उनीहरूको निधन पश्चात समाप्त भइहाल्थे

तर यो कुरआन यस्तो चमत्कार हो जुन सदैंव बाँकी रहीरहनेवाला छ ।
र यो कुरआन अल्लाहको त्यो विचित्र चमत्कार र स्पष्ट प्रमाण हो जसद्वारा अल्लाहले समस्त प्राणीहरूलाई यो हाँक दियो कि यसै जस्तो उच्चकोटिको वाणी उनी पनि रचेर ल्याउन् वा त्यसका दश सूरत भ्कैं दशवटा सूरत बनाएर ल्याउन् वा मात्र एउटा सूरत (अध्याय) नै बनाएर देखाइदिउन्, तर समस्त मानवगण यसो गर्नुबाट असमर्थ भए यद्यपि यो कुरआन शब्द र वाक्यहरूको नै संग्रह हो, र जुन समूहमाथि यसलाई अवतरित गरियो त्यो समूह वाक्य र वर्णनशैलीको चर्मसीमामा विराजित थियो । अल्लाहको फर्मान छ :

﴿ أَمۡ يَقُولُونَ ٱفۡتَرَىٰهُۖ قُلۡ فَأۡتُواْ بِسُورَةٖ مِّثۡلِهِۦ وَٱدۡعُواْ مَنِ ٱسۡتَطَعۡتُم مِّن دُونِ ٱللَّهِ إِن كُنتُمۡ صَٰدِقِينَ ٣٨ ﴾ يونس: ٣٨

अर्थ : के यिनीहरूले यो भन्दछन्: पैगम्बरले त्यसलाई आफ्नो तर्फबाट रचेका हुन् । भनिदिनुस् कि यदि साँचो हौ भने तिमीले पनि यस्तै प्रकारको एक सूरः बनाएर ल्याऊ र अल्लाह बाहेक जसलाई तिमी बोलाउन सक्छौ

बोलाइहाल यदि तिमी साँचो छौ । ( सूरतु यूनुस ३८ )
र जुन कुरो यो गवाही दिन्छ कि यो कुरआन अल्लाहबाटै अवतरण गरिएको वह्‌य हो त्यो हो: कि यो कुरआन विगतमा आएका अनेकौं समूहहरूको वृतान्त वर्णन गर्छ, र यस्ता भविष्यका घटनाहरूको बरेमा भविष्यवाणी गर्छ जुन त्यस्तै घटित भए जसरी कुरआनले बताएको थियो, र कुरआनले यस्ता वैज्ञानिक तथ्यहरूको विश्लेषण गर्छ जस मध्ये अधिकतम तथ्यहरूको वास्तविकता सम्म वैज्ञानिकहरू आज सम्म पुगेका छैनन् । र दोस्रो कुरो जुन यस कुरआनलाई अल्लाहको वाणी प्रमाणित गर्छ र गवाही दिन्छ त्यो हो: स्वयम् त्यसै सन्देष्टाको जहाँमाथि यो अवतरण गरियो दैनिक वार्तालाप र कुराहरू जुन उहाँ यसको अवतरण भन्दा अघि गर्दै थिए, तर उहाँका ती कुराहरू यस चस्तो उच्चकोटिका थिएनन्, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ قُل لَّوْ شَآءَ ٱللَّهُ مَا تَلَوْتُهُۥ عَلَيْكُمْ وَلَآ أَدْرَىٰكُم بِهِۦ ۖ فَقَدْ لَبِثْتُ فِيكُمْ عُمُرًا مِّن قَبْلِهِۦٓ ۚ أَفَلَا تَعْقِلُونَ ﴿١٦﴾ ﴾ يونس: ١٦

अर्थ : तपाई यो पनि भनिदिनुस् कि यदि अल्लाहले चाहेको भए, नत म यो (किताब) तिमीलाई पढेर सुनाउँथे र न उसैले तिमीलाई यस सम्बन्धमा अवगत गराउने थियो । यसभन्दा अगाडि म तिमीहरूको माँझमा (सम्पूर्ण) जीवन अवधि बिताउँदै आइराखेको छु । र (कहिल्यै यस्तो भनेको छैन) के तिमीले यो कुरा बुझ्दैनौ ? ( सूरतु यूनुस १६ )

बरु उहाँ त निरक्षर थिए नत पढन जान्दथे नत लेख्न, नत कुनै शिक्षकसित पढेका थिए नत कुनै अध्यापक समक्ष नै उभेका थिए, तै पनि यस कुरआन जस्तो वाणी ल्याउनुबाट समस्त भाषाविद् र विज्ञानविद्हरू असमर्थ भए । अल्लाहको फर्मान छ :

﴿ وَمَا كُنتَ تَتْلُوا۟ مِن قَبْلِهِۦ مِن كِتَـٰبٍ وَلَا تَخُطُّهُۥ بِيَمِينِكَ ۖ إِذًا لَّٱرْتَابَ ٱلْمُبْطِلُونَ ﴿٤٨﴾ ﴾ العنكبوت: ٤٨

अर्थ : यस भन्दा पहिला तपाईंले कुनै किताब पढ्नु भएको थिएन र न कुनै किताबलाई आफ्नो हातले लेख्नु हुन्थ्यो, जसबाट यी मिथ्यावादीहरू सन्देहमा पर्न सक्दथे । ( सूरतुल् अन्कबूत ४८ )

र उहाँ त्यो निरक्षर मान्छे हुन् जहाँको विशेषता तौरात र इन्जीलमा वर्णित छ कि: त्यो निरक्षर जुन नत पढन नाज्दछ नलेख्न त्यसनिकट यहूदी र ईसाईहरूका धर्मविद्हरू जिनसित तौरात र इन्जीलका केही अवशेष बाँकी छन् त्यसैसित आफ्ना विवादित कुराहरूको बारेमा प्रश्न गर्ने छन् र आफ्ना झगडाहरूमा त्यससित न्याय गर्ने अनुरोध गर्नेछन्, र यसै तौरात र इन्जीलको कथनलाई स्पष्ट पार्दै अल्लाहको भनाई छ :

﴿ ٱلَّذِينَ يَتَّبِعُونَ ٱلرَّسُولَ ٱلنَّبِيَّ ٱلْأُمِّيَّ ٱلَّذِى يَجِدُونَهُۥ مَكْتُوبًا عِندَهُمْ فِى ٱلتَّوْرَىٰةِ وَٱلْإِنجِيلِ يَأْمُرُهُم بِٱلْمَعْرُوفِ وَيَنْهَىٰهُمْ عَنِ ٱلْمُنكَرِ وَيُحِلُّ لَهُمُ ٱلطَّيِّبَٰتِ وَيُحَرِّمُ عَلَيْهِمُ ٱلْخَبَٰٓئِثَ ﴾ الأعراف: ١٥٧

अर्थ : जुन मानिसहरूले यस्ता रसूल, नबी उम्मी (निरक्षर) को अनुशरण गर्छन्, जसलाई



الجديد و الحصري NEW & EXCLUSIVE

उनीहरूले आफुकहाँ तौरात र इन्जीलमा लेखिएको पाउँछन् । उनले उनीहरूलाई असल कुराको आदेश गर्दछन् र नराम्रा कुराहरूबाट मनाही गर्दछन् र स्वच्छ कुरालाई हलाल ( स्वीकार्य) बताउँछन् र अपवित्र कुरालाई हराम (वर्जित) बताउँछन् । ( सूरतुल् अअ्राफ १५७ )

र अल्लाहले यहूदी र ईसाईहरूको मुहम्मदसित गरिएका प्रश्नहरूको स्पष्टिकरण गर्दै भनेछ :

﴿ يَسْئَلُكَ أَهْلُ ٱلْكِتَٰبِ أَن تُنَزِّلَ عَلَيْهِمْ كِتَٰبًا مِّنَ ٱلسَّمَآءِ ﴾ النساء: ١٥٣

अर्थ : (हे मुहम्मद) तपाई सित “अहले किताब” (यहुदी-ईसाई) माँग गर्दछन् कि तपाईले तिनीहरूका लागि आकाशबाट कुनै ग्रन्थ प्रदान गराउनुस् । ( सूरतुन् निसा १५३ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَيَسْئَلُونَكَ عَنِ ٱلرُّوحِ ﴾ الإسراء: ٨٥

अर्थ : र तिमीसँग आत्माको (रूहको) बारेमा यिनीहरू प्रश्न गर्दछन् । ( सूरतुल् इस्रा ८५ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَيَسْئَلُونَكَ عَن ذِى ٱلْقَرْنَيْنِ ﴾ الكهف: ٨٣

अर्थ : तपाईसित यिनीहरूले "जुलक्रनैनको" बारेमा सोधिराखेका छन् ।(सूरतुल् कहफ ८३)
र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ إِنَّ هَٰذَا ٱلْقُرْءَانَ يَقُصُّ عَلَىٰ بَنِىٓ إِسْرَٰٓءِيلَ أَكْثَرَ ٱلَّذِى هُمْ فِيهِ يَخْتَلِفُونَ ﴿٧٦﴾ ﴾ النمل: ٧٦

अर्थ : नि:सन्देह यो कुरआनले बनी इस्राईलको अगाडि ती धेरै कुराहरू, जसमा उनीहरूले विवाद गर्दछन्, स्पष्ट रूपमा बयान गर्दछ । ( सूरतुन्नम्ल ७६ )
र इब्राहीम फिलिब्स पादरीले कुरआनमाथि थेसस लेखेर पी.एच.डी. गर्ने प्रयास गरेको थियो तर यस कार्यमा त्यो विफल भयो र कुरआनका चमत्कारहरू र प्रमाण एवं चिन्हहरूले त्यसमाथि यस्ता भव्य प्रभाव पारे कि त्यो आश्चर्य चकित भएर आफ्नो विफलता स्वीकार गरेर आफ्नो पालनकर्तालाई नतमस्तक भयो, र इस्लाम स्वीकार गरी त्यसको एलान गर्‍यो ।*
र जब कुनै मुसलमान पवित्र कुरआनको एउटा अनुवाद अमेरिकी डाक्टर जफरी लांगलाई

* हेर्नुस् : अल् मुस्तश्‌रिकून वल् मुबश्शिरून फिल् आलमिल् अरबी वल् इस्लामी लेखक: इब्राहीम खलील अहमद ।

उपहार गर्‍यो त उहाँले हेरे कि यो पवित्र कुरआन स्वयम् उहाँलाई नै सम्बोधित गरिरहेको छ, र उनका समस्त प्रश्नहरूको उत्तर दिन्छ, र जुन बाध्यता उनको जीउ र उन बीच छ त्यसको निरोपण गर्छ, बरु उहाँको भनाई छ : " जसले यस कुरआनलाई अवतरित गरेको छ शायद मलाई मभन्दा अधिक जान्दछ " ।*

र यो किन नहुनु ? किनकि जसले कुरआनलाई अवतरित गरेछ त्यसैले नै मनुष्यलाई सृष्टि पनि गरेको छ र त्यो हो महान र पवित्र अल्लाह, अल्लाहको फर्मान छ :

﴿ أَلَا يَعۡلَمُ مَنۡ خَلَقَ وَهُوَ ٱللَّطِيفُ ٱلۡخَبِيرُ ١٤ ﴾ الملك: ١٤

अर्थ : के उसले जान्ने छैन जसले सृष्टि गरेको छ ? जबकि ऊ सूक्ष्मदर्शी र हरेक कुराबाट अवगत पनि छ । ( सूरतुल् मुल्क १४ )

अनि त्यस अनुवादको अध्ययन नै उहाँको इस्लाम कबूल गर्ने कारण बन्यो, र यो किताब लेख्नुको कारण पनि जसबाट मैले केही कुरा तपाई समक्ष प्रस्तुत गरें ।

---

* अस्सेराअ् मिन् अजलिल् ईमान लेखक: डा. जफरी लाँग, अनुवाद: डा. मुन्जिर अल् अबसी, प्रकाशक: दारुल् फिक्र पे. ३४ ।

र पवित्र कुरआनमा ती समस्त कुराहरू विद्यमान छन् जसको मानिसलाई आवश्यकता हुन्छ, यसर्थ पवित्र कुरआनमा मूल आधारहरू, सिद्धान्तहरू, निर्देशन र व्यवहारिक कुराहरू एवं सर्वोत्तम आचारण र शिष्टाचारहरू सबै शम्मिलित छन् । अल्लाहको फर्मान छ :

﴿ مَّا فَرَّطۡنَا فِي ٱلۡكِتَٰبِ مِن شَيۡءٖۚ ﴾ الأنعام: ٣٨

अर्थ : हामीले किताबमा लेख्न कुनै कुरा छाडेका छैनौं । ( सूरतुल् अन्आम ३८ )

त त्यसमा अल्लाहको एकत्वको आमन्त्रण छ, र अल्लाहका नाम र विशेषता र कार्यहरूको वर्णन छ, र सन्देष्टाहरूको आमन्त्रणको प्रमाणीकरण छ, र प्रलय र हिसाब किताब एवं प्रतिफललाई निश्चित गरी त्यसमाथि प्रमाणहरू पनि प्रस्तुत गर्छ, र विगतका समूहहरूको वृतान्त पनि वर्णन गर्छ, र यो पनि कि यस सांसारिक जीवनमा उनीहरूमाथि केकसरी बित्यो र केकस्ता यातनाहरू परलौकिक जीवनमा उनीहरूको प्रतिक्षामा छदैछन् ।

र यसमा यस्ता महानतम् चमत्कार र चिन्ह र प्रमाणहरू छन् जसले वैज्ञानिक जगत र विद्हरूलाई पनि आश्चर्य चकित र भयभीत

गरिदिएका छन्, र जुन समस्त युगको लागि उपयुक्त पनि छन्, र त्यसमा अनुसन्धानकर्ता खोजी र विद्हरू अआफ्ना लक्ष्यहरू पाउँछन्, र म तपाईहरू समक्ष यसका मात्र तीन उदाहरणहरू राख्दछु :

१- अल्लाहको फर्मान छ :

﴿ ۞ وَهُوَ ٱلَّذِى مَرَجَ ٱلْبَحْرَيْنِ هَٰذَا عَذْبٌ فُرَاتٌ وَهَٰذَا مِلْحٌ أُجَاجٌ وَجَعَلَ بَيْنَهُمَا بَرْزَخًا وَحِجْرًا مَّحْجُورًا ﴿٥٣﴾ ﴾ الفرقان: ٥٣

अर्थ : र उही त हो, जसले दुई सागरलाई मिलाइराखेको छ, एउटा मीठो छ, तिर्खा मेटाउनेवाला र अर्को नुनिलो छ छाति पोल्नेवाला, र दुवैको बीचमा एउटा पर्दा र बलियो अवरोध बनाइदियो । ( सूरतुल् फुर्कान ५३ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ أَوْ كَظُلُمَٰتٍ فِى بَحْرٍ لُّجِّىٍّ يَغْشَىٰهُ مَوْجٌ مِّن فَوْقِهِۦ مَوْجٌ مِّن فَوْقِهِۦ سَحَابٌ ۚ ظُلُمَٰتٌۢ بَعْضُهَا فَوْقَ بَعْضٍ إِذَآ أَخْرَجَ يَدَهُۥ لَمْ يَكَدْ يَرَىٰهَا ۗ وَمَن لَّمْ يَجْعَلِ ٱللَّهُ لَهُۥ نُورًا فَمَا لَهُۥ مِن نُّورٍ ﴿٤٠﴾ ﴾ النور: ٤٠

अर्थ : वा ती गहिरो समुन्द्री अँध्यारो जस्तो छ जसमाथि तरङ्गहरूले छोपीराखेका छन् उसमाथि बादलले ढाकिराखेको छ, अर्थात अँध्यारो नै अँध्यारो छ एउटा माथि अर्को । जब आफ्नो हात निकालोस् त केही देख्न नसकोस् । र ( कुरो यो छ कि) जसलाई अल्लाहले नै प्रकाश दिंदैन उसलाई कतैबाट पनि प्रकाश प्राप्त हुन सक्दैन । ( सुरतुन्नूर ४० )

र यो कुरो थाहा नै छ कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम पानी जहाजमा यात्रा गरेका थिएनन्, नत उनको युगमा यस्ता सूक्ष्मदर्शी यन्त्र नै थिए जसद्वारा समुन्द्र र महासागरहरूको गहिराईलाई मापियोस् वा त्यसको अनुसन्धान गरियोस्, त अल्लाह बाहेक को छ जसले यी समस्त कुराहरू उहाँलाई बतायो ।

२- अल्लाहको फर्मान छ :

﴿ وَلَقَدْ خَلَقْنَا ٱلْإِنسَـٰنَ مِن سُلَـٰلَةٍ مِّن طِينٍ ﴿١٢﴾ ثُمَّ جَعَلْنَـٰهُ نُطْفَةً فِى قَرَارٍ مَّكِينٍ ﴿١٣﴾ ثُمَّ خَلَقْنَا ٱلنُّطْفَةَ عَلَقَةً فَخَلَقْنَا ٱلْعَلَقَةَ مُضْغَةً فَخَلَقْنَا ٱلْمُضْغَةَ عِظَـٰمًا

فَكَسَوْنَا ٱلْعِظَٰمَ لَحْمًا ثُمَّ أَنشَأْنَٰهُ خَلْقًا ءَاخَرَ ۚ فَتَبَارَكَ ٱللَّهُ

أَحْسَنُ ٱلْخَٰلِقِينَ ﴿١٤﴾ المؤمنون: ١٢ - ١٤

अर्थ : र निःसन्देह हामीले मानवलाई माटोको तत्वबाट सृष्टि गरेका हौं। अनि उसलाई एउटा बलियो सुरक्षित ठाउँमा शुक्र बनाएर राख्यौं। फेरि शुक्रको एउटा डल्लो बनायौं, फेरि डल्लोबाट भ्रुण बनायौं, अनि भ्रुणबाट हाडहरू बनायौं, अनि हाडहरूमाथि मासुको पत्र राख्यौं, अनि त्यसलाई नयाँ अकारमा बनाइदियौं तसर्थ अल्लाह साह्रै नै बर्कतवाला,( कल्याणकारी) सबभन्दा उत्तम स्रष्टा हो। ( सूरतुल् मोमिनून १२-१४ )

त मानवको भ्रुणको प्रगतिशील अवस्था र रहस्यमय विवरणबारे वैज्ञानिकहरूले हालै वर्तमानकालमा नै पत्ता लगानुमा सफल भएका छन्।

३- अल्लाहको फर्मान छ :

﴿ ۞ وَعِندَهُۥ مَفَاتِحُ ٱلْغَيْبِ لَا يَعْلَمُهَآ إِلَّا هُوَ ۚ وَيَعْلَمُ مَا

فِى ٱلْبَرِّ وَٱلْبَحْرِ ۚ وَمَا تَسْقُطُ مِن وَرَقَةٍ إِلَّا يَعْلَمُهَا وَلَا

حَبَّةٍ فِي ظُلُمَٰتِ ٱلۡأَرۡضِ وَلَا رَطۡبٖ وَلَا يَابِسٍ إِلَّا فِي كِتَٰبٖ

مُّبِينٖ ﴿٥٩﴾ الأنعام: ٥٩

अर्थ : र अदृश्य कुराको साँचो अल्लाहसँग छ जसको बारेमा उस बाहेक अरु कसैलाई थाहा छैन र जे-जति पृथ्वी र समुन्द्रमा छन् उसैलाई त्यसको ज्ञान छ। एउटा पात झर्दा पनि उसलाई थाहा हुन्छ र पृथ्वीको अँध्यारोमा कुनै दाना उसको जानकारी बेगैर झर्दैन कुनै हरियो, सुकेको कुरा जे-जति छन् सबै स्पष्ट रूपले किताबमा (लौहेमहफूजमा) अंकित छन्। ( सूरतुल् अन्आम ५९ )

त यसखालको विचारधारा नत मनुष्यमा सामान्यता छ नत त्यो यस्तो विचार गर्नै सक्छ, र यस्तो गर्नु त असम्भव कुरो हो, बरु जब कुनै वैज्ञानिक वा विद्हरूको समूह हामीहरू समक्ष कुनै बोटबिरुवा.. आदिको बारेमा कुनै नवीन जानकारी प्रस्तुत गर्छ त हामी आश्चर्य चकित भइहाल्छौं तर यो ज्ञात रहोस् कि त्यस वस्तुबारे जति ज्ञान उनीहरूलाई प्राप्त भएको छ त्यसभन्दा कैयौं गुणा अधिक त्यसबारे उनी अनभिज्ञ छन्।

र फ्रान्सीसी वैज्ञानिक मोरीस बोकायीले तौरात इन्जील र कुरआन र वर्तमानका ती समस्त रिसर्चहरू बीच तुलना गरेको छ जुन आकाश र पृथ्वी एवं मानवशरीरको रचनामाथि आधारित छ, त त्यसले स्पष्टरूपले यो हेऱ्यो कि वर्तमानका रिसर्चित तथ्यहरू कुरआनमा वर्णित कुराहरूबाट सहमत छन्, र तौरात र इन्जील जुन कि वर्तमानकालमा यहूदी र ईसाईहरूको पासमा छ त्यसमा भएको आकाश पृथ्वी र मनुष्य एवं जनावरहरूको रचनाका ज्ञानहरू मध्ये अधिकतम् गलत छन् ।*

(ख) **मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको सुन्नत:**

अल्लाहले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि कुरआन अवतरित गऱ्यो र त्यसै जस्तो अरु वह्य गऱ्यो र त्यो हो मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको सुन्नत (पद्धति) जुन कुरआनको व्याख्या र स्पष्टिकरण हो, रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " **मलाई कुरआन र त्यसको साथ त्यसै**

* हेर्नुस् : किताबुत्तौरात वल् इन्जील वल् कुरआन फि जौअिल् मआरिफिल् हदीसह पे. १३३,२८३, लेखक: मोरीस बोकायी , यो मान्छे फ्रान्सको ईसाई डाक्टर थियो अनि इस्लाम कबूल गऱ्यो ।

**जस्तो अरु दिइएको छ** " ।* र अल्लाहले उहाँलाई यो अनुमति प्रदान गरेको थियो कि कुरआनका ती श्लोकहरू जुन समग्रमा वर्णन गरिएका छन् वा विशिष्ट अथवा सामान्य अर्थलाई बोध गर्छन् त्यसलाई व्याख्या गरी स्पष्ट पारुन् । अल्लाहको फर्मान छ :

﴿ وَأَنزَلْنَآ إِلَيْكَ ٱلذِّكْرَ لِتُبَيِّنَ لِلنَّاسِ مَا نُزِّلَ إِلَيْهِمْ وَلَعَلَّهُمْ يَتَفَكَّرُونَ ﴾ النحل: ٤٤

अर्थ : हामीले तपाईलाई पनि यो किताब प्रदान गरेका छौं, जसबाट मानिसहरूलाई जे प्रदान गरेका छौं तपाईले स्पष्ट गरि वर्णन गर्नुस्, सम्भव छ तिनीहरूले विचार गरुन् । ( सूरतुन्नहल ४४ )

र सुन्नत नै इस्लामको दास्रो स्रोत र सन्दर्भ हो, र सुन्नत हो: ती समस्त कुराहरू जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमसित वर्णित छन् सही सनदको (वर्णनकर्ताहरूको क्रमिक सिलसिला) साथ जुन रसूल सल्लल्लाहो अलैहे

* अहमदले यस हदीसलाई मुस्नदमा वर्णन गर्नु भएको छ भाग ४ पे. १३१, र अबू दाऊदले आफ्नो सुनन्मा किताबुस्सुन्नहमा अध्याय लोजूमिस्सुन्नह अन्तर्गत वर्णन गर्नु भएको छ हदीस नं. ४६०४ भाग ४ पे. २०० ।

वसल्लम सम्म पुगोस्, अब चाहे त्यो उहाँले भनेका कुराहरू हुन् वा कार्यहरू वा उहाँका विशेषताहरू हुन् वा समर्थनहरू ।

र यो पनि अल्लाहद्वारा नै वह्‌य गरिएका हुन् किनकि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम आफ्नो व्यक्तिगत स्वार्थको लागि आफ्नोतर्फबाट केही भन्दैनन्, अल्लाहको फर्मान छ :

﴿ وَمَا يَنطِقُ عَنِ ٱلْهَوَىٰٓ ۝٣ إِنْ هُوَ إِلَّا وَحْىٌ يُوحَىٰ ۝٤ عَلَّمَهُۥ شَدِيدُ ٱلْقُوَىٰ ۝٥ ﴾ النجم: ٣ - ٥

अर्थ : र उनी आफ्नो इच्छाले केही भन्दैनन् । त्यो त मात्र वह्‌य हो जुन (उनीमाथि) पठाइँदै छ । उनलाई ठूलो शक्तिवाला अल्लाहको दूत (जिब्रील) ले सिकाएको छ । ( सूरतुन्नज्म ३-५)

बरु उहाँ सल्लल्लाहो अलैहे वसल्लम सबै समक्ष त्यही नै प्रस्तुत गर्छन् जसको आदेश गरिन्छ । अल्लाहको फर्मान छ :

﴿ إِنْ أَتَّبِعُ إِلَّا مَا يُوحَىٰٓ إِلَيَّ وَمَآ أَنَا۠ إِلَّا نَذِيرٌ مُّبِينٌ ﴾ الأحقاف: ٩

अर्थ : म त उसको मात्र पैरवी गर्दछु, जुन म तिर वह्‌य पठाइन्छ र म त खुल्लम खुल्ला सावधान गर्नेवाला हुँ । ( सूरतुल् अहकाफ ९)

र पवित्र सुन्नत नै इस्लामका निर्देशनहरू, सिद्धान्तहरू, पूजा एवं शिष्टाचारहरूको प्रत्यक्ष कार्यन्वयन गर्नु हो, यसर्थ नबी सल्लल्लाहो अलैहे वसल्लमलाई जुन आदेश गरिन्थ्यो त्यसलाई पूर्णतः कार्यन्वयनमा ल्याउँथे, र सबै समक्ष त्यसलाई स्पष्ट पार्थे, र सबैलाई आदेश गर्थे कि जसरी म गरिराखेको छु त्यसरी नै तिमीहरू पनि गर, जस्तोकि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : “ **जसरी मलाई नमाज पढदा हेरिरहेका छौ त्यस्तै नमाजको आयोजना गर** ” ।* र अल्लाहले समस्त आस्थावानहरूलाई यो आदेश गरेको छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको पद्धतिको नै अनुशरण गरुन् कार्य गर्नुमा वा कुरा गर्नुमा ताकि उनीहरूको आस्था परिपूर्ण भइहालोस् । अल्लाहको फर्मान छ :

﴿ لَّقَدۡ كَانَ لَكُمۡ فِي رَسُولِ ٱللَّهِ أُسۡوَةٌ حَسَنَةٞ لِّمَن كَانَ يَرۡجُواْ ٱللَّهَ وَٱلۡيَوۡمَ ٱلۡأٓخِرَ وَذَكَرَ ٱللَّهَ كَثِيرٗا ٢١ ﴾ الأحزاب: ٢١

* इमाम बुखारीले यस हदीसलाई किताबुल् अजानमा वर्णन गर्नु भएको छ अध्याय १८ भाग १ पे. १५५ ।

अर्थ : निःसन्देह तिम्रो निम्ति अल्लाहको रसूलमा एउटा उत्तम आदर्श छ, प्रत्येक त्यस व्यक्तिको लागि जुन अल्लाह र अन्तिम दिनको आशा राख्दछ, र अल्लाहलाई अधिक स्मरण गर्दछ। ( सूरतुल् अहजाब २१ )

र उहाँ सल्लल्लाहो अलैहे वसल्लमका साथीहरू (सहाबाहरू) ले आफूपछि आउने पीढिसित उहाँ सल्लल्लाहो अलैहे वसल्लमका कुरा र क्रियाहरू वर्णन गरे, अनि यिनी उपरान्त आएकाहरूले आफू पश्चातको पीढिसम्म उस्तै तरिकाले वर्णन गर्दै गरे, अनि त्यसलाई हदीसका ग्रन्थहरूमा संग्रह गरियो, र सुन्नतलाई वर्णन गर्नेहरू जससित लिन्थे त्यसको बारेमा पूर्ण छानबिन गर्थे, र उनीहरूको बारेमा पूर्ण स्पष्टिकरण गर्थे, र यो कुरोलाई पनि गम्भीरताले हेर्थे कि जसबाट हदीस लिईरहेका छन् त्यो त्यस मान्छेको युगको हो कि होइन जसको माध्यमले त्यो वर्णन गरिरहेको छ ताकि सनद वर्णनकर्तादेखि रसूल सल्लल्लाहो अलैहे वसल्लम सम्म जुडेको होस्,* र यो पनि हेर्थे

* यस विचित्र वैज्ञानिक विधिको कारण र यस अनुसंधानीय छानबिनको परिणाम स्वरूप मुसलमानहरूमा एउटा विचित्र विज्ञानको अविष्कार भयो जसलाई " जेरह वत्तअ्दील, वा मुस्तलहुल् हदीस " भनिन्छ, र यो दुवै विज्ञान मात्र

कि समस्त वर्णनकर्ता सत्यवान र निष्ठावान र धरोहरी होउन् ।

त सुन्नत जसरी इस्लामलाई इन्द्रियद्वारा कार्यन्वयनमा ल्याउनु हो, उस्तै कुरआनको स्पष्टिकरण पनि हो र त्यसका श्लोकहरूको व्याख्या पनि, र त्यसका समग्रमा वर्णित निर्देशनहरूलाई विस्तारले वर्णनकर्ता पनि, जसरी कि रसूल सल्लल्लाहो अलैहे वसल्लम ती समस्तको व्याख्या र स्पष्टिकरण गर्थे जुन उहाँ सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गरिन्थ्यो, तसर्थ केहीलाई कुराहरूद्वारा स्पष्ट पार्थे त केहीलाई कार्यन्वयन गरेर त केहीलाई दुवैद्वारा, र सुन्नत यस्ता निर्देशन र विधिहरू पनि वर्णन गर्छ जुन कुरआनमा हुँदैन ।

र यस कुरामा आस्था राख्नु अनिवार्य छ कि कुरआन र सुन्नत दुवै इस्लामका ती मूल स्रोत र सन्दर्भ हुन् जसको अनुशरण र अनुपालन अनिवार्य छ, र विवादमा त्यसैतर्फ प्रवृत्त हुनु जरुरी छ, र दुवैका आदेशहरूको अनुपालन गर्नु जरुरी छ, र दुवैले गरेका वर्जित कुराहरूबाट बाँच्नु आवश्यक छ, र दुवैले वर्णन गरेका

---

मुसलमानहरूको विशेषता मध्ये एक हुन् जसलाई यिनीभन्दा पहिला कसैले पनि अविष्कृत गरेका थिएनन् ।

खबरहरूमा विश्वास गर्नु अनिवार्य छ, र विश्वास गर्नु जरुरी छ ती समग्र कुराहरूमा जुन दुवैमा वर्णित छन् चाहे ती अल्लाहका नाम र विशेषता एवं कार्यको वर्णन होस् वा जुन अल्लाहले आफ्ना सदाचारी संयमी मित्र र आस्थावानहरूको लागि जेजति तैयार गरेको छ त्यसको वर्णन, वा जुन त्यस अल्लाहले काफिरहरूलाई जुन कुराहरूबाट सावधान गरेको छ र डराएको छ त्यसको वर्णन । अल्लाहको फर्मान छ :

﴿ فَلَا وَرَبِّكَ لَا يُؤْمِنُونَ حَتَّىٰ يُحَكِّمُوكَ فِيمَا شَجَرَ بَيْنَهُمْ ثُمَّ لَا يَجِدُوا۟ فِىٓ أَنفُسِهِمْ حَرَجًا مِّمَّا قَضَيْتَ وَيُسَلِّمُوا۟ تَسْلِيمًا ﴿٦٥﴾ ﴾ النساء: ٦٥

अर्थ : यसर्थ तिम्रो रबको शपथ लिन्छु कि, यिनीहरू जबसम्म आफ्ना सम्पूर्ण विवादमा तपाईलाई इन्साफकर्ता स्वीकार गर्दैनन् र तपाईले गरेको निर्णयप्रति हृदयमा कुनै संकुचित विचार नराखी प्रसन्नतापूर्वक त्यसलाई अंगीकार गर्दैनन्, तबसम्म मोमिन हुन सक्दैनन् । ( सूरतुन्निसा ६५ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَمَآ ءَاتَىٰكُمُ ٱلرَّسُولُ فَخُذُوهُ وَمَا نَهَىٰكُمْ عَنْهُ فَٱنتَهُوا۟ ﴾
الحشر: ٧

अर्थ : जे-जति कुरा तिमीलाई पैगम्बरले दिन्छन्, त्यो लिइहाल र जुन कुरोबाट मनाही गर्छन्, त्यसबाट पन्छिहाल । ( सूरतुल् हश्र ७ )

र यस धर्मको सन्दर्भ र स्रोतबारे कुरा गरे पश्चात यो उचित दखिन्छ कि त्यसका श्रेणीहरूको बारेमा चर्चा गरौं, र त्यो हो इस्लाम, ईमान, एहसान, त हामी यी सबैलाई संक्षेपमा तपाई समक्ष राख्दछौं ।

www.alukah.net إهداء من شبكة الألوكة

# पहिलो श्रेणी*

**इस्लामः** र यसका आधारहरू पाँच छन् र त्यो निम्न हुन्: दुवै साक्ष्य बस्नु ( शहादतान ), नमाज, जकात, व्रत, र हज्जको आयोजना गर्नु ।

**पहिलोः** यो गवाही दिनु कि अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका सन्देशवाहक हुन् ।

र **अल्लाह बाहेक कोही सत्य पूज्य छैन**, यस कुराको गवाही दिनुको अर्थ हो: अल्लाह बाहेक कोही यस आकाश र धरतीमा सत्य पूजनीय छैन, र त्यो नै सत्य पूज्य हो, र त्यस बाहेकका समस्त पूज्यहरू असत्य हुन् ।* र यो कुरो मनुष्यमाथि अनिवार्य गरिदिन्छ कि आफ्नो पूजालाई मात्र अल्लाहको लागि विशेष गरोस्, र त्यस बाहेकका पूज्यहरूको लागि पूजा

---

* विस्तृत जानकरीको लागि हेर्नुस् : "किताबुत्तौहीद" र " उसूलुस्सलासा" र " आदाबुल् मशीअ् इलास्सलात " लेखकः इमाम मुहम्मद बिन अब्दुल् वहाब, र किताब " दीनुल् हक " लेखक शैख अब्दुर्रहमान उमर, र किताब " मालाबुद्दा मिन मअ्रेफतिही अनिल् इस्लाम " लेखकः मुहम्मद बिन अली अल्अरफज, र किताब " अरकानुल इस्लाम " लेखकः शैख अब्दुल्लाह बिन जारुल्लाह रहेमहुल्लाह, र किताब " शरह अरकानुल इस्लाम वल् ईमान " लेखकः विद्यार्थीहरूको एउटा समूह जसलाई शैख अब्दुल्लाह अल् जबीरैनले पुनर्विचार गर्नु भएको छ ।

* दीनुल् हक पे. ३८ ।

नगरोस्, र यो गवाही दिनु मान्छेलाई तबसम्म लाभ पुऱ्याउँदैन जबसम्म त्यसमा निम्नका दुई कुराहरू नपाइयोस् :

पहिलो: " लाइलाहा इल्लल्लाह " अल्लाह बाहेक कोही सत्य पूज्य छैन, विश्वास र ज्ञान, सत्यता र निष्ठा एवं प्रेमको साथ भन्नु ।

दोस्रो: नकार्नु ती समस्त पूज्यहरूको पूजालाई जसलाई अल्लाह बाहेक पूजिन्छ, त जसले यो गवाही दियो र ती समस्त पूज्यहरूलाई नकारेन जसलाई अल्लाह बाहेक पुजिराखेको थियो त त्यसलाई यो गवाही कुनै लाभ पुऱ्याउँदैन ।*

र **"मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई अल्लाहको सन्देष्टा मान्नुको "** गवाहीको अर्थ हो: उहाँको अनुशरण गर्नु, ती समस्त कार्यहरूमा जसको उहाँले आदेश गरेका छन्, र ती समस्त कुरामा उहाँप्रति विश्वास गर्नु जसको खबर दिनु भएको छ, र ती समस्त कुराहरूबाट रुकिहाल्नु जसबाट उहाँले रोकेका छन्, र अल्लाहको पूजा उहाँको तरिकामा नै गर्नु, र यो आस्था राख्नु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई समस्त

* कुर्रतु उयूनुल् मुवह्हेदीन पे. ६० ।

ब्रह्माण्डको लागि सन्देष्टा बनाइएको हो, र यो मान्नु कि उनी पनि अल्लाहका भक्तहरू मध्येका एउटा भक्त हुन् जसको पूजा गरिन्न, र उहाँ सन्देष्टा हुन् जसलाई झूठा भन्न मिल्दैन, बरु उहाँको आज्ञापालन र अनुशरण गरिन्छ, त जसले उहाँको अनुशरण गऱ्यो त्यो स्वर्गमा जानेछ, र जसले उहाँको अवज्ञा गऱ्यो त्यो नर्कमा जानेछ, र तपाईलाई यो ज्ञान रहोस् र विश्वास पनि कि तिमी विधान (शरीअत) चाहे त्यो सिद्धान्तको रूपमा वा पूजापद्धति जसको अल्लाहले आदेश गरेको छ, वा राज्य चलाउने विधिशास्त्र वा शिष्टाचारका गुण, परिवार व्यवस्थापन कार्य होस् वा वैध अवैध गर्ने कुरा... यी सबै मात्र यसै सन्देष्टा मार्फत तपाईसम्म पुग्दछ, किनकि उहाँ अल्लाहका सन्देष्टा हुन् जुन अल्लाहको विधान तपाई सम्म पुऱ्याउनेवाला हुन् ।*

**दोस्रो** : नमाज :* यो इस्लामका आधारहरू मध्ये दोस्रो प्रमुख आधार हो, बरु यो नै इस्लामको प्रमुख आधार हो, किनकि यो

* दीनुल् हक पे. ५१,५२ ।

* विस्तृत जानकारीको लागि हेर्नुस : " कैफीयतु सलातिन्नबी सल्लल्लाहो अलैहे वसल्लम " लेखक: शैख अब्दुल् अजीज बिन बाज रहेमहुल्लाह ।

अल्लाह र भक्तको संलग्नता हो जसलाई प्रत्येक दिन भक्त ५ पटक दोहोऱ्याउँछ, र यसभित्र भक्त आफ्नो आस्थालाई नवीकरण गर्दछ, र यसैमा आफ्नो जीवनलाई पाप दुष्टताबाट पवित्र पार्छ, र यो नमाज त्यस भक्त र निर्लज्जता र पापहरू बीच कवच भइहाल्छ, यसर्थ जब भक्त प्रातःकाल निद्राबाट ब्यूँझन्छ यस्तो अवस्थामा कि त्यो आफ्नो प्रतिपालक समक्ष स्वच्छ र पवित्र हुन्छ यस अघि कि त्यो कुनै सांसारिक कार्यमा व्यस्त होस्, अनि अल्लाहको महानता वर्णन गर्छ, र आफ्नो प्रतिपालकको पूजनीयताको इक्रार गर्छ र त्यससित सहायता र सत्मार्गको याचना गर्छ, र आफू र आफ्नो पालनहार बीचको पूजाप्रतिज्ञालाई नवीकरण गर्छ ढोगको अवस्थामा र उभेको एवं निहुरिएको अवस्थामा, र यस क्रमलाई दिनमा पाँचचोटि गर्छ । र नमाज कायम गर्नुको लागि यो आवश्यक छ कि मान्छेको हृदय, शरीर, लुगा र नमाज पढने ठाउँ पवित्र होस्, र मान्छे आफ्नो मुसलमान भाइहरूको साथ सामूहिक तरिकाले यसको आयोजना गरोस् यस अवस्थामा कि सबैको अनुहार कअ्बातर्फ होस् जुनकि

अल्लाहको घर हो, यसर्थ नमाजलाई यसकारण अनिवार्य गरिएको छ कि त्यस्तै परिपूर्ण तरिकाले आयोजित गरियोस् जसरी अल्लाहले आदेश गरेका छन् जसमा त्यसका समस्त इन्द्रियहरू त्यस अल्लाहकै महानतालाई दर्शित गरुन्, जिब्रो पाठन गरेर, हात र खुट्टा एवं टाउको... आदिद्वारा नमाजका कार्यहरू गरेर, अर्थात शरीरका समस्त अंगहरूद्वारा यो पूजा गरोस् ताकि समस्त अंगहरू यस पूजाबाट आफ्नो भाग प्राप्त गरुन् ।

त इन्द्रिय र अंगहरू त्यसबाट अआफ्ना भाग लिइहाल्छन्, र हृदय आफ्नो भाग लिइहाल्छ, तसर्थ यो नमाज आधारित छ प्रशंसा, पवित्रता, गवाही एवं पवित्र कुरआनको पाठन र आफ्नो पवित्र र प्रचालक एवं व्यवस्थापक प्रतिपालक साम् नतमस्तक हुँदै उभिनुमाथि, फेरि यस अवस्थामा त्यसको रोईरोई स्तुति गर्नु र समीप्यता प्राप्त गर्नुमाथि, फेरि निहुरिनु र ढोग गर्नु र बस्नुमाथि, अनि निष्ठा र प्रतिष्ठाको साथ त्यसको महानता वर्णन गर्नुमाथि, यस अवस्थामा कि त्यसको हृदय अल्लाहको भयले त्रसित छ र त्यसको समस्त शरीर नतमस्तक र त्यसका समस्त इन्द्रियहरू त्यसका आभारी,

अनि त्यो आफ्नो नमाजको समाप्ति अल्लाहको प्रशंसा गर्दै र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि शान्ति पठाउँदै गर्छ, अनि आफ्नो पालनकर्तासित लोक परलोकको भलाईको याचना गर्छ ।*

**तेस्रो :** जकात :* यो इस्लामको तेस्रो प्रमुख आधार हो, र समृद्ध मुसलमान मान्छेमाथि यो अनिवार्य छ कि त्यो आफ्नो सम्पत्तिबाट जकात निष्कासित गरोस्, र यो अति थोरै भाग हो जसलाई समृद्ध मान्छे गरिब असहाय.. आदिलाई प्रदान गर्छ जसलाई जकातको माल दिनु वैध छ ।

र यो अनिवार्य छ कि मुसलमान यसलाई प्रसन्नताको साथ देओस्, र यस दानद्वारा त्यसमाथि उपकार नजताओस् जसलाई प्रदान गरेको छ वा त्यसद्वारा त्यसलाई कष्ट पुऱ्याओस्, बरु अनिवार्य यो छ मान्छे यसलाई मात्र अल्लाहको प्रसन्नता प्राप्तिको लागि देओस्, यसद्वारा कसैबाट प्रशंसा वा प्रतिफलको अभिलाषी नहोस्, बरु यसलाई मात्र अल्लाहको

---

* मिफ्ताहो दारुस्सआदा भाग २ पे. ३८४ ।

* विस्तृत जानकारीको लागि हेर्नुस् : " रिसालताने फिज्जकात वस्सियाम " लेखक: शैख अब्दुल अजीज बिन बाज रहेमहुल्लाह ।

दयादृष्टि पाउनको लागि देओस् नकि देखाउनको लागि वा कुनै स्वार्थको लागि ।
र जकात निकालेबाट सम्पत्तिमा वृद्धि हुन्छ र असहाय र गरिबगुरबाहरूको हृदय प्रसन्न हुन्छ, र यसद्वारा गरिबहरूलाई भिक्षा माँग्नुबाट बचाइन्छ र उनीहरूमाथि दया र कृपा गरिन्छ ताकि उनी नष्ट नहोउन्, र जकात निकाल्नुबाट मान्छे दयावनता, परोपकारिता र उदारता जस्ता सराहनीय र सम्मानजनक गुणहरूसित सम्मानित गरिन्छ, र अवगुणीय विशेष्ताहरूबाट जसरी कञ्जूसी, नीचता.. जस्ता अवगुणबाट पवित्र भइहाल्छ, र यसैद्वारा मुसलमानहरू सशक्त हुन्छन् र उनी मध्ये समृद्धले असहायमाथि दयादृष्टि गर्छ, त जब यस कर्तव्यको पूर्णतया पानला गरियोस् भने समाजमा कुनै पनि असहाय बाँच्दैन नत कुनै ऋृणी पीडित रहन्छ, नत कुनै यात्री चिन्तित ।
**चौथो :** व्रत : र यो हो पूर्ण रमजान महिनामा प्रात:कालदेखि सूर्य अस्ताए सम्म उपवास बस्नु, जसमा व्रतालु खानपान, सहवास,... आदिलाई अल्लाहको पूजाको रूपमा छाडिदिन्छ, र आफ्नो आत्मालाई अशुद्ध र अमानवीय कार्यहरूबाट रोकिराख्छ र अल्लाहले रोगी,

यात्री, गर्भवती, दूध खुवाउनेवाली स्त्री, रजस्वला वा सुत्केरी अवस्थामा भएकी युवतीबाट यसलाई माफ गरेको छ, र सबैको लागि यस्ता विधिहरू तोकेको छ जुन त्यसको लागि सुहाउँद छ ।

र यस महिनामा व्यक्ति आफूलाई समस्त कामयुक्त कार्यहरूबाट बचाउँछ, यसलेगर्दा त्यो आफ्नो जीउलाई यस पूजाद्वारा जनावरको अनुरूपताबाट निकाली सामीप्य प्राप्त स्वर्गदूतहरूको अनुरूपता सम्म पुऱ्याउँछ, यहाँसम्म कि व्रतालु यस्तो आभास गरोस् कि त्यसको लागि यस संसारमा अल्लाहको प्रसन्नता बाहेक केही शेष छैन ।

र व्रत हृदयलाई जीवित पार्छ, र संसारिक मोहबाट मुक्ति प्रदान गर्छ, र अल्लाहको अनुकम्पाको आशान्वित बनाउँछ, र समृद्धलाई गरिबको अवस्थाको सम्झना गराउँछ, अनि समृद्धहरूका हृदयहरूमा कोमलता र प्रेमभावको सृजना हुन्छ, अनि विपन्नमाथि दया गर्छन् र अल्लाहले उनीमाथि जुन अनुकम्पा गरेको छ त्यसको सम्झना गरेर अल्लाहको प्रशंसा र कृतज्ञतामा अभिवृद्धि गरिहाल्छन् ।

www.alukah.net إهداء من شبكة الألوكة

र व्रत मान्छेलाई र त्यसको आत्मालाई पवित्र गर्छ, र त्यसभित्र अल्लाहको भयत्रास जागृत गर्छ, र मान्छे एवं समाजलाई जाहेर र गोप्यमा सुगमता एवं विपन्नतामा अल्लाहको निरीक्षण र भयत्रासको सम्झना गराउँछ, र जब समस्त समाज पूर्ण महिना यस पूजामा दृढ रहन्छ यस सम्झनाको साथ कि अल्लाह हाम्रो संरक्षण गरिरहेको छ त यो कुरो त्यसलाई महान अल्लाहसित डरनु र त्यसमाथि र प्रलयमाथि आस्था राख्नुमा प्रेरित गर्छ, र यस कुरामा प्रेरित गर्छ कि अल्लाह दृश्य अदृश्यको ज्ञाता हो, र मान्छेमाथि यो अनिवार्य छ कि एक दिन आफ्नो पालनकर्ता समक्ष उभ्ने छ अनि त्यो त्यसले गरेका समस्त साना ठूला कार्यको बारेमा सोध्पूछ गर्नेछ ।*

**पाँचौं** : हज्ज :* पवित्र मक्कामा स्थित अल्लाहको घरको यात्रा गर्नु, र प्रत्येक त्यो मुसलमान बुद्धिमान, व्यस्क व्यक्ति जससित अल्लाहको घर सम्म पुग्ने क्षमता र सामर्थ्य

* मिफ्ताहो दारुस्सआदा भाग २ पे. ३८४ ।

* विस्तृत जनाकारीको लागि हेर्नुस् : “दलीलुल् हाज वलमुअ्तमिर” लेखक: विद्हरूको समूह, र किताब “ अत्तहकीक वल् इजाह लेकसीरिम् मिनमसाइलिल् हज्जे वल् उमरा ” लेखक: शैख अब्दुल अजीज बिन बाज रहेमहुल्लाह ।

होस्, र त्यससित यति यात्राखर्च होस् कि त्यो आवत जावत गर्नुमा सूक्ष्म होस् र यो खर्चराशी त्यो राशीभन्दा अधिक होस् जसमा त्यसका परिवार निर्भर छ, र त्यो आवत जावत गर्ने क्रममा निर्भीक होस् र आफ्नो घरपरिवारमाथि पनि कुनै प्रकारको भय महसूस नगरोस्, त त्यसमाथि बैतुल्लाहको (अल्लाहको घरको) यात्रा गर्नु अनिवार्य भइहाल्छ, र हज्ज गर्नु मात्र जीवनमा एक पटक नै अनिवार्य छ जसमा यसलाई गर्ने सामर्थ्य होस् अर्थात उपरोक्तमा वर्णित शर्तहरू त्यसमा पाइयोस् ।

र जुन व्यक्ति हज्ज गर्ने इच्छुक होस् त त्यसलाई चाहियो कि पहिला अल्लाहसित क्षमायाचना (तौबा) गरोस् ताकि आफूलाई पापको अस्वच्छताबाट पवित्र गरोस्, अनि जब मक्का र मक्कामा भएका पवित्र स्थानहरू सम्म पुगोस् त हज्जका आधार र कार्यहरूलाई पूजाको रूपमा पूर्ण गरोस्, र यो ज्ञात रहोस् कि कअ्बा र समस्त सम्मानित र मर्यादित स्थलहरूमा मात्र अल्लाहको पूजा अर्चना गरोस्, कअ्बा वा पवित्र स्थलहरूको पूजा नगरोस्, किनकि ती समस्त नत लाभ पुऱ्याउन सक्छन् नत हानि, र यदि अल्लाहको आदेश

नभएको भए कुनै मुसलमानको लागि यो वैध हुँदैन्थ्यो कि त्यो यसको यात्रा गरोस् ।
र हज्जमा हाजी दुई सेतो च्यादर लगाओस् एउटा लुंगीको रूपमा र आर्को शाल ओढने भैं, अनि समस्त संसारबाट मुसलमानहरू त्यहाँ भेला होउन् र एउटै पालनकर्ताको पूजा गरुन्, यस स्थानमा हाकिम र जनसाधारणमा, समृद्ध र असहायमा, कालो र गोरोमा कुनै विभेद छैन सबै एकनास छन्, सबै अल्लाहका भक्त हुन्, कुनै मुसलमानलाई आर्कोमाथि कुनै प्रकारको प्रधानता छैन यदि प्रधानता छ भने मात्र अल्लाहको भयको आधारमा र सुकर्मको आधारमा ।
अनि मुसलमानहरू एकआर्कासित परिचय प्राप्त गर्छन् र एक आर्काको सहायता गर्छन्, र सम्भना गर्छन् कि यस्तै एक दिन अल्लाह सबैलाई एकत्रित गर्नेछ, र एउटै चौरमा सबैलाई भेला गरेर हिसाब किताब लिन्छ, अनि अल्लाहको आज्ञापालनमा अग्रसर भई मृत्यु पश्चातको जीवनको लागि तयारी गर्छन् ।*

* पछिल्लो सन्दर्भमा भाग २ पे. ३८४ मा हेर्नुस्, र दीनुल् हक पे. ६७ मा हेर्नुस् ।

# इस्लाममा पूजा*

पूजनीयता र भक्तिलाई पूर्णरूपले अल्लाहलाई समर्पण गर्नु हो, किनकि अल्लाह स्रष्टा हो र तिमी सृष्टि, तिमी भक्त हौ र अल्लाह तिम्रो पूज्य, त जब कुरो यस्तो छ त मान्छेलाई चाहियो कि त्यो आफ्नो पूर्ण जीवन सोझो मार्गमा व्यतीत गरोस्, र अल्लाहको विधानको अनुशरण गर्दै त्यसका सन्देष्टाहरूको पद्धतिमा हिंडोस्, र अल्लाहले आफ्ना भक्तहरूका लागि विशाल र महान विधान अविष्कृत गरेको छ जसरी समस्त ब्रह्माण्डको पालनकर्ताको एकत्व, नमाज, जकात, व्रत, हज्ज गर्नु आदि ।

तर इस्लाममा पूजा मात्र यसलाई भनिदैन बरु इस्लाममा पूजाको अर्थ हो : त्यो समस्त गोप्य र जाहेर कुरा र कार्यहरू जसलाई अल्लाह मनपराएर प्रसन्न होउन् । त प्रत्येक कुरा र कार्य जसलाई भन्छौ वा गर्छौ जसलाई अल्लाह मनपराउँछन् वा जसद्वारा अल्लाह प्रसन्न हुन्छन् त त्यो पूजा हो, बरु प्रत्येक राम्रो बानी जसलाई अल्लाहको सामीप्यता प्राप्तिको लागि गर्छौं त्यो पूजा हो, त यदि अल्लाहको प्रसन्नता

---

* विस्तृत जानकारीको लागि हेर्नुस् : अलओबूदिया लेखक: शैखुल् इस्लाम इब्ने तैमिया रहेमहुल्लाह ।

पाउनको लागि तपाई आफ्नो मातापिता, पत्नी र परिवार एवं छिमेकीहरूसित सुव्यवहार गर्छौ भने त्यो पनि पूजा नै हो, र तपाईको राम्रो व्यवहार बजारमा घरमा यदि त्यसद्वारा अल्लाहको प्रसन्नताको इच्छुक हुनुहुन्छ भने यो पनि पूजा हो, र धरोहरता, सत्यता, न्याय, कष्टलाई हटाउनु, असहायको सहायता, वैध जीविकाको लागि प्रयास, घरपरिवारमाथि खर्च गर्नु, निमुखाहरूको सहायता, रोगीको हेरचाह, भुखोलाई भोजन गराउनु, शोषित र उत्पीडितको सहायता गर्नु पनि पूजा हो यदि यी समस्तद्वारा तपाई अल्लाहको प्रसन्नता चाहनुहुनेछ । यसर्थ प्रत्येक कार्य जसलाई तपाई गर्नुहुन्छ चाहे आफ्नो स्वार्थको लागि होस् वा छरछिमेको हितको लागि होस् वा समाज र देशको हितको लागि, यदि त्यसबाट अल्लाहको प्रसन्नताको चाहना छ भने त्यो सबै पूजा हो, बरु आफ्नो वासनापूर्ति त्यससीमामा रही गर्ने जुन अल्लाहले निर्धारित गरेको छ भने त्यो पनि पूजा नै हो, जब त्यसलाई सद्इच्छाले गरिएको होस् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " **र तिम्रो सम्भोग गर्नु पनि दान हो, त सहाबाले आश्चर्य मान्दै**

**सोधे हे अल्लाहको रसूल के हाम्रो वासना पूर्तिमा पनि हामीलाई पुण्य मिल्छ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो यदि त्यसले वासनापूर्ति अवैधानिक तरिकाले गरेको भए के त्यसलाई पाप लाग्दैन्थ्यो ? त्यस्तै जब त्यसले आफ्नो वासनापूर्ति वैधानिक तरिकाले पूर्ण गऱ्यो त त्यसलाई पुण्य अवश्य मिल्नेछ "** ।*

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: " **प्रत्येक मुसलमानमाथि दान गर्नु जरुरी छ, त उहाँसित सोधियो: यदि मान्छेसित केही नहोस् तब के गरोस् ? त उहाँले भन्नु भयो कि: आफ्नो दुवै हातले परिश्रम गरोस् अनि आफूलाई पनि लाभान्वित गरोस् र दान पनि गरोस्, त भनियो कि : यदि त्यो यस्तो गर्नुमा सामर्थ्यवान नहोस् तब के गरोस् ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लम ले भन्नु भयो: भलाई वा लाभदायक कुराको आमन्त्रण देओस् , त कसैले भन्यो: यदि त्यो यस्तो गर्नुमा पनि सूक्ष्म नहोस् तब के गरोस् ? त उहाँले भन्नु**

* मुस्लिमले यस हदीसलाई किताबुज्जकातमा वर्णन गर्नु भएको छ हदीस नं. १००६ ।

www.alukah.net إهداء من شبكة الألوكة

**भयोः अशुद्धता र पापबाट आफूलाई जोगाओस् किनकि यसो गर्नु पनि दान हो ” ।***

* इमाम बुखारीले यसलाई किताबुज्जकातमा अध्याय नं. २९ अन्तर्गत वर्णन गर्नु भएको छ, र मुस्लिमले यसलाई किताबुज्जकात हदीस नं. १००८ मा वर्णन गर्नु भएको छ र शब्द यिनैका हुन् ।

# दोस्रो श्रेणी

**ईमान हो**, र यसका ६ आधारहरू छन् र ती निम्न हुन्:

अल्लाहमाथि र त्यसका फरिश्ताहरूमाथि, र त्यसले अवतरित गरेका ग्रन्थहरूमाथि, र त्यसका सन्देष्टाहरू एवं प्रलय र भाग्यमाथि आस्था राख्नु ।

**पहिलो** : अल्लाहमाथि आस्था राख्नु : र यसको अर्थ हो कि तपाई अल्लाहको स्वामित्वमाथि ईमान राख कि त्यो नै स्रष्टा एवं पालनकर्ता हो, र समस्त वस्तुको स्वामी एवं व्यवस्थापक हो, र आस्था राख अल्लाहको ईश्वरत्वमा कि त्यो नै सत्य पूज्य हो, र त्यसका नाम एवं गुणहरूमाथि आस्था राख कि त्यसका लागि राम्रा राम्रा र महानतम् र परिपूर्ण विशेषताहरू छन् ।

र अल्लाहको एकत्वमाथि आस्था राख कि त्यसको कोही साझीदार र समकक्षी छैन नत त्यसको स्वामित्वमा नत त्यसको ईश्वरत्वमा नत त्यसका नाम र विशेषताहरूमा, अल्लाहको फर्मान छ :

﴿ رَّبُّ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ وَمَا بَيۡنَهُمَا فَٱعۡبُدۡهُ وَٱصۡطَبِرۡ لِعِبَٰدَتِهِۦۚ هَلۡ تَعۡلَمُ لَهُۥ سَمِيّٗا ٦٥ ﴾ مريم: ٦٥

अर्थ : आकाश र धरती र जे दुईटैको माँझमा छ सबैको मालिक उही हो, तिमी उसैको पूजा गर र उसैको आराधनामा दृढ रह, के तिम्रो जानकारीमा उस जस्तो नाम (र क्षमता) वाला छ? (कदापि छैन ।) ( सूरतु मरियम ६५ )

र यो आस्था राख कि त्यसलाई ऊँघ र निद्रा लाग्दैन, र त्यो जाहेर र गोप्यको ज्ञाता हो, र त्यसको लागि नै आकाश पृथ्वीको राजसत्ता छ त्यसैको अधिपत्य सबैमाथि स्थापित छ । अल्लाहको फर्मान छ :

﴿ ۞ وَعِندَهُۥ مَفَاتِحُ ٱلۡغَيۡبِ لَا يَعۡلَمُهَآ إِلَّا هُوَۚ وَيَعۡلَمُ مَا فِي ٱلۡبَرِّ وَٱلۡبَحۡرِۚ وَمَا تَسۡقُطُ مِن وَرَقَةٍ إِلَّا يَعۡلَمُهَا وَلَا حَبَّةٖ فِي ظُلُمَٰتِ ٱلۡأَرۡضِ وَلَا رَطۡبٖ وَلَا يَابِسٍ إِلَّا فِي كِتَٰبٖ مُّبِينٖ ٥٩ ﴾ الأنعام: ٥٩

अर्थ : र अदृश्य कुराको साँचो अल्लाहसँग छ जसको बारेमा उस बाहेक अरु कसैलाई थाहा छैन र जे-जति पृथ्वी र समुन्द्रमा छन् उसैलाई त्यसको ज्ञान छ । एउटा पात झर्दा पनि

उसलाई थाहा हुन्छ र पृथ्वीको अँध्यारोमा कुनै दाना उसको जानकारी बेगैर झर्दैन कुनै हरियो, सुकेको कुरा जे-जति छन् सबै स्पष्ट रूपले किताबमा (लौहेमहफूजमा) छन् । ( सूरतुल् अन्आम ५९ )

र ईमान राख कि अल्लाह आफ्नो अर्श ( सिंहासन) माथि उच्च छ आफ्नो सृष्टिबाट उच्च छ, र यसको साथ साथै त्यो सृष्टिसंगै छ उनीहरूका समस्त अवस्थाहरूलाई जान्दछ, र उनका कुराहरू सुन्दछ र उनीहरूका स्थानहरूलाई हेरिराखेको छ, र उनका समस्याहरूको व्यवस्थापन एवं समाधान गर्छ, र गरिब र विपन्नलाई जीविका प्रदान गर्छ र झुक्नेलाई त्यो नै बाधित गर्छ, र जसलाई चाहन्छ राजसत्ता प्रदान गर्छ र जसबाट चाहन्छ सत्ता खोसिदिन्छ, त्यो समस्त कुराहरूमा सामर्थ्यवान छ ।*

अल्लाहमाथि आस्था राख्नुका केही लाभहरू :

१- भक्तको हृदयमा अल्लाहको प्रेम सम्मानलाई जागृत गर्छ, जसकारण त्यो त्यसका आदेशहरूको पालना गर्छ र वर्जित

* हेर्नुस् : अकीदतु अहलुस्सुन्नह वल्जमाअह पे. ६,७ ।

कार्यहरूबाट बाँच्छ, र जब भक्त यस्तो गर्छ त दुवै लोकमा सफलता र प्रशान्ति प्राप्त गर्छ ।

२- अल्लाहमाथि आस्थाद्वारा हृदयमा सम्मान र मर्यादाको सृजना हुन्छ, किनकि त्यसलाई यो ज्ञान हुन्छ कि यस समस्त ब्रह्माण्डको अल्लाह नै वास्तविक स्रष्टा र स्वामी हो, र त्यस बाहेक कोही पनि लाभ र हानि पुऱ्याउन सक्दैन, त यो ज्ञान त्यसलाई अल्लाह बाहेकका समस्त मिथ्या पूज्यहरूबाट निस्पृह गरिदिन्छ, र त्यसको हृदयबाट अल्लाह बाहेकका भयलाई मेटाइदिन्छ, अनि अल्लाह बाहेक नत कसैसित आशान्वित हुन्छ नत अल्लाह बाहेक कसैसित डर मान्छ ।

३- अल्लाहमाथि आस्था राख्नुले मान्छेभित्र नम्रतालाई सृजित गर्छ, किनकि त्यसलाई थाहा हुन्छ कि जति पनि अनुकम्पाहरू छन् अल्लाह बाहेक कसैले प्रदान गरेको छैन, अनि त्यसलाई शैतान भ्रमित गर्नसक्दैन, यसर्थ नत त्यो अहंकार गर्छ नत आफ्नो सम्पत्ति र शक्तिमाथि घमण्ड गर्छ ।

४- अल्लाहमाथि आस्था राख्नेवालालाई यो पूर्णतया ज्ञान हुन्छ कि सफलता र उन्नतिको मार्ग मात्र ती सुकर्महरूलाई गर्नु नै हो

जसबाट अल्लाह प्रसन्न होस्, यस्तो अवस्थामा कि त्यस बाहेकका मान्छेहरू असत्य आस्था र सिद्घान्तहरू राख्दछन् जसरी यो सिद्घान्त कि अल्लाहको पुत्रलाई सूलिमा झुन्डियाइयो जसद्वारा उनीहरू पाप मुक्त भए, वा अनेकौं पूज्यहरूमाथि आस्था राख्दछन्, र यो ठान्दछन् कि ती पूज्यहरू नै त्यसलाई त्यो सबै प्रदान गर्छन् जसको त्यो इच्छा गर्छ, जबकि सत्य र वास्तविकता यो होकि ती यिनका पूज्यहरू लाभ हानिमा अधिकारी छैनन्, वा कतिपय नास्तिक हुन्छन् जुन कुनै स्रष्टामाथि आस्था नै राख्दैनन् ... र यो समस्त मात्र कल्पना नै हुन्, जब प्रलयको दिन सबै अल्लाह समक्ष भेला हुनेछन् र आफ्नो आँखाले वास्तविकतालाई हेर्ने छन् तब यिनीहरूलाई ज्ञान हुनेछ कि वास्तवमा उनीहरू स्पष्ट पथभ्रष्टतामा नै रहेका थिए ।

५- अल्लाहमाथि आस्था राख्नुले मानछेभित्र विशाल निर्णयशक्ति र दृढता, र धैर्यता एवं भरोसा र क्षमता सृजित गर्छ, जब त्यो अल्लाहको प्रसन्नता पाउनको लागि सांसारिक जीवनमा आफ्नो भूमिका एवं कर्तव्यको निर्वाह गरिरहेको हुन्छ, अनि त्यसलाई यो पूर्ण

विश्वास हुन्छ कि त्यसले आकाश र पृथ्वीको स्वामीमाथि भरोसा गरेको छ, अनि त्यो पर्वत झैं आफ्नो धैर्यता र भरोसा एवं विश्वासमा दृढ रहन्छ।*

**दोस्रो :** स्वर्गदूतहरूमाथि आस्था : र यो आस्था कि अल्लाहले नै उनीहरूलाई आफ्नो आज्ञापालनको लागि सृष्टि गरेको छ, र उनीहरूको यसरी विशेषता वर्णन गरेको छ कि उनीहरू :

﴿ لَا يَسْتَكْبِرُونَ عَنْ عِبَادَتِهِۦ وَلَا يَسْتَحْسِرُونَ ﴿١٩﴾ يُسَبِّحُونَ ٱلَّيْلَ وَٱلنَّهَارَ لَا يَفْتُرُونَ ﴿٢٠﴾ ﴾ الأنبياء: ١٩ - ٢٠

अर्थ : तिनीहरू उसको सेवा-भक्तिबाट न अट्टेरिपना गर्छन् र न त थाक्छन्। तिनीहरू दिनरात उसैको गुणगान गर्छन् र अलिकति पनि ढिलासुस्ती गर्दैनन्। ( सूरतुल् अम्बिया १९,२० )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

* हेर्नुस् : अकीदतु अहलुस्सुन्नह वल् जमाअह पे. ४४, र मबादियुल् इस्लाम पे. ८०-८४।

﴿ بَلۡ عِبَادٞ مُّكۡرَمُونَ ٢٦ لَا يَسۡبِقُونَهُۥ بِٱلۡقَوۡلِ
وَهُم بِأَمۡرِهِۦ يَعۡمَلُونَ ٢٧ يَعۡلَمُ مَا بَيۡنَ أَيۡدِيهِمۡ وَمَا
خَلۡفَهُمۡ وَلَا يَشۡفَعُونَ إِلَّا لِمَنِ ٱرۡتَضَىٰ وَهُم مِّنۡ خَشۡيَتِهِۦ
مُشۡفِقُونَ ٢٨ ﴾ الأنبياء: ٢٦ - ٢٨

अर्थ : बरु तिनीहरू उसको प्रतिष्ठित भक्तहरू हुन् । उसभन्दा अगाडि बढेर कुनै कुरा गर्दैनन् र उसको आदेशको पालना गर्दछन् । उनीहरूको अगाडि-पछाडि जे कुराहरू भइसकेका छन् र जे पछि हुनेछन्, उसलाई सबै थाहा छ । र उनीहरूले उसको समीपमा कसैको सिफारिश गर्न सक्दैनन्, तर उस व्यक्ति बाहेक, जोसित अल्लाह प्रसन्न छ र उनीहरू स्वयम् उसको भयले भयभीत छन् । ( सूरतुल् अम्बिया २६-२८ )

र अल्लाहले उनीहरूलाई हामीहरूबाट अदृश्य गरिदिएको छ, यसर्थ हामी उनीहरूलाई हेर्नसक्दैनौं ती स्वर्गदूतहरू मध्ये केहीलाई केही सन्देष्टाहरूलाई दर्शन गराएको छ ।

र स्वर्गदूतहरूका केही विशेष कार्यहरू छन् जुन उनीहरूलाई सुम्पिएको छ, त ती मध्ये जिब्रील पनि हुन् जहाँलाई वह्य अवतरण

गर्नुको कार्य सुम्पिएको छ उनी अल्लाहबाट वह्य लिएर जसमाथि अल्लाह चाहन्छ त्यस भक्त एवं सन्देष्टामाथि अवतरण गर्छन्, र उनीहरू मध्ये त्यो स्वर्गदूत पनि हुन् जसलाई प्राणहरूलाई झिक्ने कार्यमा लगाइएको छ, र केहीलाई महिलाको गर्भाशयमा भएको भ्रुणमाथि नियुक्त गरिएको छ, र केहीलाई आदमका सन्ततिको सुरक्षाको जिम्मेवारी प्रदान गरिएको छ, र ती मध्ये केहीलाई मानवजातिका कर्महरू लेख्नुमा खटाइएको छ तसर्थ तिनीहरू जहाँ पनि हुन्छन् र जे पनि गर्छन् उनी सबै लेखिहाल्छन् यसर्थ समस्त मानवको साथ दुई स्वर्गदूत नियुक्त छन् । अल्लाहको फर्मान छ :

﴿ إِذۡ يَتَلَقَّى ٱلۡمُتَلَقِّيَانِ عَنِ ٱلۡيَمِينِ وَعَنِ ٱلشِّمَالِ قَعِيدٞ ١٧ مَّا يَلۡفِظُ
مِن قَوۡلٍ إِلَّا لَدَيۡهِ رَقِيبٌ عَتِيدٞ ١٨ ﴾ ق: ١٧ - ١٨

अर्थ : जब दुई लिनेवाला (फरिश्ता) लिइरहेको हुन्छन्, एउटा दाँया र अर्को देब्रेतर्फ बसेको हुन्छ । मानिसले कुनै कुरा भन्दैन तर उसको

www.alukah.net إهداء من شبكة الألوكة

पासमा एउटा निरीक्षक तयार रहन्छ । ( सूरतु काफ १७, १८ )*

फरिश्ताहरू माथि आस्था राख्नुका लाभहरू :

१- ताकि मुसलमानको सिद्धान्तलाई बहुदेववाद र त्यसको अशुद्धिबाट पवित्र गरियोस्, किनकि मुसलमान जब यी समस्त स्वर्गदूतहरू र तिनलाई सुम्पिएका विशाल कार्यहरूमाथि आस्था राख्दछ त ती समस्त शंकास्पद सृष्टिमाथि विश्वास राख्नुबाट मुक्ति प्राप्त गर्छ जसको बारेमा यो कल्पना गरिन्छ कि उनीहरू नै ब्रह्माण्डलाई प्रचलित गरिरहेका छन् ।

२- ताकि मुसलमानलाई यो थाहा भइजाओस् कि स्वर्गदूतहरू लाभ र हानि पुऱ्याउनुमा सामर्थ्यवान छैनन् बरु उनीहरू सम्मानित भक्तहरू हुन् जुन अल्लाहको अवज्ञा गर्दैनन् जे आदेश गरिन्छ त्यसलाई कार्यन्वयन गर्छन, अनि मुसलमान उनीहरूको पूजा गर्दैन नत उनीसित सहायता माँग्दछ नत उनीहरूसित संलग्न नै हुन्छ ।

**तेस्रो** : <u>ग्रन्थहरूमाथि आस्था</u> : अर्थात यो आस्था राख्नु कि अल्लाहले आफ्ना दूत र सन्देष्टाहरू माथि ग्रन्थहरू अवतरित गरेको छ

---

* हेर्नुस् : अकीदतु अहलुस्सुन्नह वल् जमाअह पे. १९ ।

आफ्‌नो अधिकारलाई स्पष्ट पार्नुको उद्देश्यले र त्यसैतर्फ आमन्त्रण गर्नुको उद्देश्यले, अल्लाहको फर्मान छ :

﴿ لَقَدۡ أَرۡسَلۡنَا رُسُلَنَا بِٱلۡبَيِّنَٰتِ وَأَنزَلۡنَا مَعَهُمُ ٱلۡكِتَٰبَ وَٱلۡمِيزَانَ لِيَقُومَ ٱلنَّاسُ بِٱلۡقِسۡطِۖ ﴾ الحديد: ٢٥

अर्थ : निश्चय नै हामीले आफ्ना पैगम्बरहरूलाई स्पष्ट निशानीहरू दिएर पठायौं र उनीहरूमाथि किताब र तुला अवतरित गर्‍यौं ताकि मानिसहरू न्यायमा दृढ रहुन । ( सूरतुल्‌ हदीद २५ )

र यी ग्रन्थहरू थुप्रै छन्‌ जसमध्ये सुहुफे इब्राहीम हो, तौरात हो जसलाई अल्लाहले हजरत मूसामाथि अवतरित गर्‍यो, र जबूर हो जसलाई दाऊदलाई दिएर पठाइएको थियो, र इन्जील हो जसलाई लिएर हजरत मसीह आउनु भएको थियो ।

त उपरोक्तका समस्त ग्रन्थहरू लुप्त भइसकेका छन्‌, यसर्थ सुहुफे इब्राहीम यस संसारमा आज छैन, र रह्‌यो कुरो तौरात, जबूर र इन्जीलको त यी ग्रन्थहरू आज पनि ईसाई र यहूदीहरूसित आफ्‌नो नामको साथ बाँकी छन्‌ तर त्यसका निर्देशनहरू परिवर्तित

गरिएका छन् र त्यसका निर्देशनहरू मध्ये अधिकांश लुप्त भइसकेका छन्, र त्यसमा ती निर्देशनहरू पनि प्रविष्ट भइसकेका छन् जुन त्यसबाट थिएनन् बरु त्यसलाई अरुसित संलग्न पनि गरिएको छ, त अहदुल् कदीम " Old Testament " जसमा लगभग ४० सफर ( अध्याया) हरू छन् ती मध्ये मात्र पाँचवटा नै हजरत मूसासित संलग्न गरिन्छ, र वर्तमानकालमा भएका इन्जीलहरू मध्ये एउटा पनि मसीहसित संलग्न छैन ।

त यी विगतका ग्रन्थहरूमाथि आस्था राख्नुको अर्थ हो: तपाई यो आस्था राख्नुस् कि अल्लाहले यी ग्रन्थहरूलाई आफ्ना सन्देष्टाहरू माथि अवतरित गरेको थियो, र ती समस्त ग्रन्थहरू त्यस युगमा अल्लाहका ती विधानहरूलाई नै आफूभित्र लिएका थिए जसलाई अल्लाहले त्यस समय र युगका मान्छेहरू सम्म पुऱ्याउने इच्छुक थियो ।

र रह्यो कुरो अन्तिम ग्रन्थ कुरआनको जसलाई अल्लाहले सबैभन्दा अन्तिममा आफ्नो भक्त मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गऱ्यो, त यो ग्रन्थ आजसम्म अल्लाहको संरक्षणमा सुरक्षित छ, यसमा कुनै

प्रकारको थपघट भएको छैन नत त्यसका अक्षरहरूमा नत त्यसका मात्राहरूमा नत त्यसका वाक्यशैली र अर्थहरूमा ।

र पवित्र कुरआन र विगतका अरु ग्रन्थहरू बीच धेरै भिन्नताहरू छन् तर केहीलाई यहाँ प्रस्तुत गरिन्छ :

१- विगतका समस्त ग्रन्थहरू परिवर्तित भएर विनष्ट भए, र त्यसको अविष्कारी बाहेकतर्फ संलग्न गरिए, र त्यसभित्र अनुवाद, व्याख्यान र टिकाटिप्पणीहरू पनि समावेश गरिए जुन यस्ता अवैध तथ्यहरूलाई त्यसमा शम्मिलित गरिदिए जस मध्ये अधिकतम् ईश्वरीय प्रकाशना प्रकृति एवं मनीष विरुद्ध र प्रतिकूल छन् ।

र रह्यो कुरो पवित्र कुरआनको त त्यो अल्लाहको संरक्षणमा रहेर त्यस्तै सुरक्षित छ जसरी र जुन शब्द र वाक्यसहीत अल्लाहले त्यसलाई आफ्नो अन्तिम सन्देष्टामाथि अवतरित गरेको थियो, न त्यो परिवर्तित नै गरियो नत त्यसमा कुनै खालको थपघट नै गरियो, किनकि मुसलमानहरूले यो उतसुक्ता र श्रद्धा प्रकट गरे कि यो पवित्र कुरआन समस्त सन्देहबाट पवित्र रहोस्, अनि त्यसलाई

रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनी वा सहाबाहरूको जीवनी वा कुरआनको व्याख्या एवं पूजा अराधनाका विधिहरूसित मिश्रित गरेनन् ।

२- विगतका ग्रन्थहरूका एतिहासिक पुष्टिकरण वर्तमानकालमा उपलब्ध छैन बरु केही ग्रन्थहरूको बारेमा यति पनि थाहा छैन कि त्यो ग्रन्थ कसमाथि अवतरित भयो र कुन भाषामा लेखियो, बरु त्यस मध्ये केही भाग त्यस व्यक्ति बाहेकतर्फ संलग्न गरियो जसमाथि त्यो अवतरित गरियो ।

र रह्यो कुरआन, त यसलाई मुसलमानहरूले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमबाट लिखित र मौखिक तरिकाले सामूहिक अन्दाजमा वर्णन गरे, र मुसलमानहरूमा प्रत्येक युगमा लाखौं यस किताबलाई कण्ठ गर्नेहरू थिए र लाखौं प्रति यसलाई लिखितरूपमा तयार पारियो, र यदि कुनै कण्ठ गरेको श्लोक लिखितबाट सहमत छैन भने त्यो अमान्य ठहर हुन्छ, र यो आवश्यक छ कि जुन छातीभित्र छ त्यो लिखित ग्रन्थ अनुकूल होस् ।

र सबैभन्दा सर्वोच्च र महान कुरो के छ भने पवित्र कुरआन कण्ठस्थ गरेर मौखिक तरिकाले

वर्णन गरिएको छ र यो सम्मान र श्रद्धा कुनै अरु संसारमा भएको ग्रन्थलाई प्राप्त छैन, बरु यो सम्मानजनक तरिका मात्र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमका अनुयायीहरू बाहेक कसैलाई प्राप्त छैन, र यो वर्णनको तरिका हो: कि शिष्य आफ्नो गुरुबाट पूर्ण कुरआनलाई कण्ठ गरोस्, र त्यसको गुरुले पनि आफ्नो गुरुबाट यस्तै कण्ठ गरेको होस्, अनि त्यसको गुरु त्यसलाई एउटा प्रमाणपत्र प्रदान गर्छ जसलाई अरबी भाषामा " इजाजह" भनिन्छ, जसमा त्यो यो पुष्टिकरण गर्छ कि त्यसले आफ्नो यस शिष्यलाई त्यस्तै नै कुरआन कण्ठ गराएको छ जसरी त्यसले आफ्नो गुरुबाट सिकेको थियो, र त्यसको गुरुले आफनो गुरुसित सिकेको थियो, र सबै आफ्नो गुरुको नाम भन्छन् यहाँसम्म कि त्यो रसूल सल्लल्लाहो अलैहे वसल्लम सम्म पुगिहाल्छ र यसरी वर्णन गर्ने र कण्ठ गर्ने क्रम शिष्यदेखि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम सम्म पुगिहाल्छ ।

र क्रमिक सनद र एतिहासिक प्रमाण एवं सशक्त प्रमाणहरूद्वारा यो ज्ञान पनि सिद्ध भइसकेको छ कि पवित्र कुरआनको कुन सूरत

कहाँ र कुन समय मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित भयो ।

३- विगतका ग्रन्थहरू जुन भाषामा अवतरित भएका थिए ती भाषाहरू आजदेखि धेरै समय अघि नै समाप्त भइसकेका छन् यसर्थ कोही पनि छैन जुन त्यस भाषामा कुरा गरिरहेको होस्, र वर्तमानमा मात्र केही यस्ता मान्छेहरू छन् जुन त्यस भाषालाई बुझ्न सक्छन् । तर जुन भाषामा कुरआन अवतरित भयो त्यो भाषा जीवित नै छ जसलाई करोडौं मान्छेहरू बोल्दछन् र त्यसमा कुरा गर्दछन् र त्यसको अध्ययन संसारका समस्त देशहरूमा गरिन्छ, र जुन मान्छे यसलाई सिकेको छैन त्यसलाई त्यसै ठाउँमा यस्ता मान्छेहरू भेटिन्छन् जुन त्यसलाई कुरआनको अर्थ सम्झाउनुमा सामर्थ्यवान हुन्छन् ।

४- विगतका ग्रन्थहरू सीमित समयको लागि मात्र आएका थिए र विशेष जाति सम्प्रदायको लागि विशिष्ट थिए, त्यसैकारण त्यसमा ती निर्देशन मात्र थिए जुन त्यस समय र त्यस समूहको लागि मात्र उपयुक्त थिए, त जुन ग्रन्थको यस्तो अवस्था होस् त्यो समस्त जाति

सम्प्रदाय र समस्त युगहरूको लागि उपयुक्त हुनै सक्दैन ।
तर पवित्र कुरआन, त यो ग्रन्थ समस्त युग र स्थानको लागि उपयुक्त र अनुकूल छ र यसका निर्देशन र शिष्टाचार एवं व्यवहारहरू समस्त समुदायहरूका लागि समस्त कालखण्डमा उपयुक्त छन्, किनकि यसको सम्बोधन समस्त जातिलाई छ कुनै विशेष समुदायलाई होइन ।
र यो संक्षेप वर्णन पश्चात यो स्पष्ट भयो कि अल्लाहको प्रमाण ती ग्रन्थहरूमा विद्यमान हुनु असम्भव छ जुन यस धरतीमाथिबाट लुप्त भए र त्यसको प्रथम र प्रमुख लिखित प्रति लुप्त भइसकेको होस्, र यस धरतीमाथि कोही यस्तो नहोस् जुन त्यस भाषालाई बोलोस् जस भाषामा ती ग्रन्थहरू परिवर्तन पश्चात लेखिएका थिए..., बरु अल्लाहको हुज्जत र प्रमाण त्यसका सृष्टिहरूमाथि यस्तो ग्रन्थमा नै हुन्सक्छ जुन समस्त दोष शंका र सन्देह एवं थपघट र परिवर्तनबाट मुक्त एवं पवित्र होस्, र त्यसको पहिलो लिखित प्रति समस्त स्थानमा विद्यमान होस्, र यस्तो भाषामा लेखिएको होस् जुन जीवित होस् जसको अध्ययन करोडौं व्यक्तिहरू गरिरहेका हुन्, र अल्लाहको

आमन्त्रण समस्त जीवधारी सम्म पुऱ्याइरहेका हुन् त यस्तो खालको ग्रन्थ हो **पवित्र र गरिमामय कुरआन** जसलाई अल्लाहले आफ्नो सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गऱ्यो, र यो ग्रन्थ विगतका सबै ग्रन्थहरू माथि वर्चस्वप्राप्त र अधिपत्यशाली छ, र सबै प्राचीन ग्रन्थहरूको पुष्टि र गवाही पनि दिन्छ, त यो नै त्यो ग्रन्थ हो जसको अनुशरण गर्नु समस्त मानवजाति माथि अनिवार्य छ ताकि यो उनीहरूको लागि प्रकाश र स्वस्थकर, पथप्रदर्शक र दया होस्, अल्लाहको फर्मान छ :

﴿ وَهَٰذَا كِتَٰبٌ أَنزَلۡنَٰهُ مُبَارَكٞ فَٱتَّبِعُوهُ وَٱتَّقُواْ لَعَلَّكُمۡ تُرۡحَمُونَ ١٥٥ ﴾ الأنعام: ١٥٥

अर्थ : र यो किताब (कुरआन) हामीले उतारेका हौं, भलाई र वरदानको रूपमा तसर्थ यसको अनुशरण गर र डर मान जसबाट तिमीमाथि दया गरियोस् । ( सूरतुल् अन्आम १५५ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ قُلۡ يَٰٓأَيُّهَا ٱلنَّاسُ إِنِّي رَسُولُ ٱللَّهِ إِلَيۡكُمۡ جَمِيعًا ﴾ الأعراف: ١٥٨

अर्थ : तपाईंले भनिदिनुस् : “हे मानिसहरू ! म तिमीहरू सबैको लागि त्यस अल्लाहबाट पठाइएको रसूल हूँ । ( सूरतुल् अअ्राफ १५८ )*

**चौथो** : सन्देष्टाहरू (उहाँहरूमाथि अल्लाहको शान्ति अवतरित होस्) माथि आस्था : यो आस्था राख्नु कि अल्लाहले आफ्नो समस्त सृष्टिहरूतर्फ सन्देष्टाहरू पठाएको छ, जुन उनीहरूलाई त्यसको अनुकम्पाहरूको शुभसमाचार सुनाउन् जब त्यसमाथि ईमान राखिहालुन् र त्यसले पठाएका सन्देष्टामा विश्वास गरिहालुन्, र अल्लाहको कष्टमय यातनाबाट सावधान गरुन् जब उनी त्यसको अवज्ञा गरुन् । अल्लाहको फर्मान छ :

﴿ رُّسُلًا مُّبَشِّرِينَ وَمُنذِرِينَ لِئَلَّا يَكُونَ لِلنَّاسِ عَلَى ٱللَّهِ حُجَّةٌۢ بَعۡدَ ٱلرُّسُلِۚ ﴾ النساء: ١٦٥

अर्थ : हामीले उनीलाई रसूल बनायौं । सुसमाचार सुनाउने र सावधानकर्ता ताकि पैगम्बरहरूको आगमन पछि मानिसहरूलाई

* हेर्नुस् : अल् अकीदतुस्सहीहा वमा योजादुहा पे. १७, र अकीदतु अहलुस्सुन्नह वल् जमाअह पे. २२, र मबादियुल् इस्लाम पे. ८९ ।

अल्लाहमाथि दोष लगाउने मौका र विवाद न रहोस् । ( सूरतुन्निसा १६५ )
र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَلَقَدْ بَعَثْنَا فِي كُلِّ أُمَّةٍ رَّسُولًا أَنِ اعْبُدُوا اللَّهَ وَاجْتَنِبُوا الطَّاغُوتَ ﴾ النحل: ٣٦

अर्थ : हामीले हरेक समुदायमा पैगम्बर पठायौं कि मानिसहरू अल्लाहकै पूजा गरुन्, र उस बाहेक अन्य समस्त पुज्यहरूलाई त्यागिहालुन् । ( सूरतुन्नहल ३६ )
र यी समस्त सन्देष्टाहरू अत्याधिक संख्यामा छन् जसमध्ये पहिला हजरत नूह र अन्तिम मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम हुन्, र ती मध्ये केहीको बारेमा अल्लाहले हामीलाई खबर दिएको छ जसरी हजरत इब्राहीम, मूसा, ईसा, दाऊद, यहया, जकरीया, सालेह.... आदि, र केहीको बारेमा कुनै खबर दिएको छैन, अल्लाहको फर्मान छ :

﴿ وَرُسُلًا قَدْ قَصَصْنَاهُمْ عَلَيْكَ مِن قَبْلُ وَرُسُلًا لَّمْ نَقْصُصْهُمْ عَلَيْكَ ﴾ النساء: ١٦٤

अर्थ : र धेरै पैगम्बरहरू यस्ता छन् जसको बारेमा हामीले तपाईसित यसभन्दा अघि नै

भनिसकेका छौं र धेरै यस्ता छन् जसका सम्बन्धमा तपाईलाई केही भनेका छैनौं। ( सूरतुन् निसा १६४ )
र यी समस्त सन्देष्टाहरू अल्लाहले सृष्टि गरेका मनुष्यहरू मध्येका हुन्, उनीहरूमा कुनै स्वामित्व र ईश्वरत्वका विशेषताहरू छैनन्, यसर्थ पूजाको कुनै थरी वा भाग उनको लागि विशेष गरिदैन, र उनीहरू स्वयम्को हानि र लाभको मालिक होइनन्, अल्लाहले नूह अलैहिस्सलामको बारेमा भनेछ जुनकि पहिलो सन्देष्टा थिए कि उहाँले आफ्नो जाति समुदायसित भनेका थिए :

﴿ وَلَآ أَقُولُ لَكُمۡ عِندِى خَزَآئِنُ ٱللَّهِ وَلَآ أَعۡلَمُ ٱلۡغَيۡبَ وَلَآ أَقُولُ إِنِّى مَلَكٌ ﴾ هود: ٣١

अर्थ : म तिमीसित यो भन्दिनँ कि मसित अल्लाहको खजाना छ र नत यो कि म अदृश्य कुरो जान्दछु र नत यो भन्छु कि म फरिश्ता हूँ। ( सूरतु हूद ३१ )
र अल्लाहले अन्तिम सन्देष्टालाई आदेश गऱ्यो कि तिमी भन :

﴿ قُل لَّآ أَقُولُ لَكُمۡ عِندِي خَزَآئِنُ ٱللَّهِ وَلَآ أَعۡلَمُ ٱلۡغَيۡبَ وَلَآ أَقُولُ لَكُمۡ إِنِّي مَلَكٌۖ ﴾ الأنعام: ٥٠

अर्थ : तपाई भनिदिनुस् कि म तिमीसित यो भन्दिनँ कि मसँग अल्लाहको ढुकुटी छ र नत म अन्तर्यामी हूँ, र नत म यो भन्दछु कि म फरिश्ता हूँ । ( सूरतुल् अन्आम ५० )

र भन कि :

﴿ قُل لَّآ أَمۡلِكُ لِنَفۡسِي نَفۡعًا وَلَا ضَرًّا إِلَّا مَا شَآءَ ٱللَّهُۚ ﴾ الأعراف: ١٨٨

अर्थ : भनिदिनुस्: मसंग आफ्नो निम्ति पनि कुनै लाभको अधिकार छैन, र न कुनै हानिको, तर त्यति मात्र जति अल्लाहले चाहेको हुन्छ । ( सूरतुल् अअ्राफ १८८ )

त सन्देष्टाहरू सम्मानित भक्त थिए, अल्लाहले जिनलाई मनोनीत गरेर दूतत्वद्वारा सम्मानित गऱ्यो, र पूर्ण भक्तिको लागि विशिष्ट गऱ्यो, र सबैको धर्म इस्लाम नै थियो, र अल्लाह यस धर्म बाहेक कुनै धर्म स्वीकार्दैन, अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱلدِّينَ عِندَ ٱللَّهِ ٱلۡإِسۡلَٰمُۗ ﴾ آل عمران: ١٩

अर्थ : नि:सन्देह अल्लाहको नजिक इस्लाम नै ( साँचो) धर्म हो । ( सूरतु आले इम्रान १९ )
र उनीहरूका आमन्त्रणहरू मूल आधारको दृष्टिले एउटै र एकनास थिए तर सबैका विधानहरू भिन्न थिए । अल्लाहको फर्मान छ :

﴿ لِكُلٍّ جَعَلْنَا مِنكُمْ شِرْعَةً وَمِنْهَاجًا ﴾ المائدة: ٤٨

अर्थ : हामीले तिमीहरूमध्येबाट प्रत्येक समुदायका एउटा विधान र एउटा तरिका ( पद्धति) निर्धारित गरेका छौं । ( सूरतुल् माइदा ४८ )
र यी समस्त विधानहरूको समापन गर्नेवाला मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई प्रदान गरिएको विधान हो जुन विगतका समस्त विधानहरूलाई स्थगित गऱ्यो, जसरी कि उहाँको आमन्त्रण समस्त आमन्त्रणहरूको समापक हो, र उहाँ स्वयम् समस्त सन्देष्टाहरूको समापक हुनुहुन्छ ।
त जसले पनि एक सन्देष्टामाथि विश्वास गऱ्यो त्यसमाथि यो अनिवार्य भइहाल्छ कि समस्त सन्देष्टाहरूमा विश्वास गरोस्, र जसले एउटा सन्देष्टाको इन्कार गऱ्यो त त्यसले सबै सन्देष्टाको इन्कारी सरह हुनेछ, किनकि समस्त सन्देष्टाहरू र दूतहरू अल्लाहमाथि ईमान राख्नु

र त्यसका फरिश्ता र ग्रन्थ एवं सन्देष्टाहरूमाथि र प्रलयको दिनमाथि आस्था राख्नुको आमन्त्रण दिन्छन्, र यसकारण पनि कि सबैको धर्म एउटै हो, त जसले पनि तिनीहरू बीच विभाजन गर्छ वा केहीमाथि आस्था राख्दछ र केहीलाई नकार्दछ त त्यसले सबैलाई नकारे सरह ठहर हुन्छ, किनकि समस्त सन्देष्टाहरूले समस्त सन्देष्टाहरू माथि आस्था राख्नुतर्फ आह्वान गरेका छन् ।* र अल्लाहको फर्मान छ :

﴿ ءَامَنَ ٱلرَّسُولُ بِمَآ أُنزِلَ إِلَيۡهِ مِن رَّبِّهِۦ وَٱلۡمُؤۡمِنُونَۚ كُلٌّ ءَامَنَ بِٱللَّهِ وَمَلَٰٓئِكَتِهِۦ وَكُتُبِهِۦ وَرُسُلِهِۦ لَا نُفَرِّقُ بَيۡنَ أَحَدٖ مِّن رُّسُلِهِۦۚ ﴾ البقرة: ٢٨٥

अर्थ : (हाम्रा) रसूलले त्यस कुरामा ईमान ल्याउनु भयो जुन उनीमाथि अल्लाहको तर्फबाट उतारियो र मोमिनहरूले पनि ईमान ल्याए, यिनीहरू सबै अल्लाह, उसका फरिश्ताहरू, उसका किताबहरू र उसका पैगम्बरहरूमाथि ईमान ल्याए । हामी उसका

* हेर्नुस् : अल् अकीदतुस्सहीहा वमा योजादुहा पे. १७, र अकीदतु अहलुस्सुन्नह वल् जमाअह पे. २५ ।

पैगम्बरहरू मध्ये कसैको बीच भेदभावको व्यवहार गर्दैनौं । ( सूरतुल् बकर: २८५ )
र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱلَّذِينَ يَكۡفُرُونَ بِٱللَّهِ وَرُسُلِهِۦ وَيُرِيدُونَ أَن يُفَرِّقُواْ بَيۡنَ ٱللَّهِ وَرُسُلِهِۦ وَيَقُولُونَ نُؤۡمِنُ بِبَعۡضٖ وَنَكۡفُرُ بِبَعۡضٖ وَيُرِيدُونَ أَن يَتَّخِذُواْ بَيۡنَ ذَٰلِكَ سَبِيلًا ١٥٠ ﴾ النساء: ١٥٠

अर्थ : जुन मानिसहरूले अल्लाह र उसका पैगम्बरहरूलाई इन्कार गर्दछन् र अल्लाह र उसको पैगम्बरहरू बीच विभाजन गर्न चाहन्छन् र भन्दछन् कि हामीले केही नबीहरूलाई मान्दछौं र केहीलाई मान्दैनौं र ईमान र कुफ्रको बीचमा एउटा बाटो निकाल्न चाहन्छन् । ( सूरतुन्निसा १५० )

**पाँचौं :** <u>महा प्रलयमाथि आस्था</u> : अर्थात यो आस्था राख्नु कि समस्त सृष्टिको संसारिक जीवनको अन्त्य मृत्युद्वारा हुन्छ ! यसर्थ मनुष्यको मृत्यु पश्चात केकस्तो परिणाम हुन्छ ? त ती अत्याचारीहरू जुन आफ्नो अत्याचारको कारण यस संसारिक जीवनमा

प्रकोप र यातनाको स्वाद चाखेनन् त के तिनीहरू आफ्नो अत्याचारको दण्डबाट परलोकमा पनि सुरक्षित रहने छन् ? र ती सदाचारी र परोपकारीहरू जुन आफ्नो यस पुण्यको प्रतिफल संसारिक जीवनमा पाएनन् के परलोकमा पनि त्यसबाट वंचित रहने छन् ?
मानवजातिको एकपछि आर्कोको निधन हुँदैरहन्छ र एकपछि आर्को नस्ल आउँदै जाँदै रहन्छ यहाँसम्म कि जब अल्लाह यस संसारलाई सिद्धयाउने अनुमति दिन्छ र समस्त प्राणीहरू जुन पृथ्वीमाथि छन् नष्ट भइहाल्छन् त समस्त सृष्टिलाई अल्लाह एउटा निर्धारित दिन सम्म पुऱ्याउँछ, जस दिन पहिला र पछि आएका समस्तलाई एकत्रित गर्नेछ, अनि समस्त भक्तहरूको सुकर्म र कुकर्मको लेखाजोखा र हिसाब किताब गर्नेछ, अनि आस्थावानहरूलाई स्वर्गतर्फ प्रस्थान गराइनेछ र काफिर नास्तिकहरूलाई नर्कतर्फ धपाइनेछ ।
र **स्वर्ग**को अर्थ हो: ती अनुकम्पाहरू जसलाई अल्लाहले आफ्ना सदाचारी मित्र र आस्थावानहरूको लागि तयार गरेर राखेको छ, जसमा समस्त प्रकारका अनुकम्पाहरू हुन्छन्, जुन अनुकम्पाहरूको विशेषता वर्णन गर्नुमा

कुनै पनि सूक्ष्म छैन, र त्यसका १०० श्रेणीहरू हुन्छन्, र प्रत्येक श्रेणीमा मान्छेहरू अआफ्ना अल्लाहमाथि ईमान र सुकर्म र अल्लाहको आज्ञापालनको आधारमा बस्नेहरू हुनेछन्, र स्वर्गबासीहरूको न्यून्तम श्रेणीमा बस्नेहरूलाई यस संसारमा भएका राजाहरूको लागि जति सुखसामग्री र अनुकम्पाहरू हुन्छन् त्यसभन्दा दशगुणा बढी प्रदान गरिनेछ ।

र **नर्क**को अर्थ होः त्यो यातना जसलाई अल्लाहले अनास्थावान नास्तिकहरूको लागि तयार गरेर राखेको छ, जसमा अनेकौं प्रकारका यातनाहरू छन्, जसको सम्झनाबाट नै प्राण कण्ठमा आइपुग्छ, र यदि परलोकको जीवनमा अल्लाहले कसैलाई मृत्यु पाउनुको अनुमति दिएको भए त नर्कीयहरू मात्र नर्कलाई हेरेर नै मरिहाल्थे ।

र अल्लाहले आफ्नो सर्वज्ञानितालेगर्दा यो जान्दथ्यो कि प्रत्येक मानव केकसरी र कति गोप्य र जाहेररूपले पाप र पुण्य गर्नेछ, अनि समस्त मानवसंग दुई स्वर्गदूतलाई खटाइदियो, जसमध्ये एउटा पुण्यलाई लेख्दछ त आर्कोले पापलाई, र उनीबाट कुनै कुरा लेख्नुबाट छुट्दैन, अल्लाहको फर्मान छ :

﴿ مَّا يَلۡفِظُ مِن قَوۡلٍ إِلَّا لَدَيۡهِ رَقِيبٌ عَتِيدٞ ﴿١٨﴾ ﴾ ق: ١٨

अर्थ : मानिसले कुनै कुरा भन्दैन तर उसको पासमा एउटा निरीक्षक तयार रहन्छ । ( सूरतुल् काफ १८ )

र त्यसका यी समस्त कार्यहरू एउटा किताबमा अंकित गरिए जुन प्रलयको दिन प्रत्येक मानवलाई दिइनेछ । अल्लाहको फर्मान छ :

﴿ وَوُضِعَ ٱلۡكِتَٰبُ فَتَرَى ٱلۡمُجۡرِمِينَ مُشۡفِقِينَ مِمَّا فِيهِ وَيَقُولُونَ يَٰوَيۡلَتَنَا مَالِ هَٰذَا ٱلۡكِتَٰبِ لَا يُغَادِرُ صَغِيرَةٗ وَلَا كَبِيرَةً إِلَّآ أَحۡصَىٰهَاۚ وَوَجَدُواْ مَا عَمِلُواْ حَاضِرٗاۗ وَلَا يَظۡلِمُ رَبُّكَ أَحَدٗا ﴿٤٩﴾ ﴾ الكهف: ٤٩

अर्थ : र कर्मपत्र माझमा राखिनेछ, तब तिमीले त्यसबाट पापीहरूलाई भयभीत भएको देख्नेछौ र तिनीहरूले भन्नेछन् कस्तो अफशोच यो कस्तो किताब हो कि न सानो कुरोलाई छोड्छ न ठूलोलाई, र जो कर्म गरेका हुन्छन् सबैलाई त्यसमा पाउनेछन्, र तिम्रो पालनकर्ताले कसैमाथि अन्याय वा अत्याचार गर्नेछैन । ( सूरतुल् कहफ ४९ )

अनि मानव आफ्नो कर्मपत्र आफै पढनेछ यस अवस्थामा कि त्यसमा भएका कुनै कुराको इन्कार पनि गर्न सक्ने छैन, र यदि कसैले त्यसमा भएका केहीको इन्कार गर्नेछ भने अल्लाहले त्यसका अंगहरू आँखा, हातहरू, र चर्म एवं पाइलाहरूलाई बोल्ने शक्ति प्रदान गरेर त्यसको त्यस कर्ममाथि गवाही बसाल्दछ, अल्लाहको फर्मान छ :

﴿ وَيَوْمَ يُحْشَرُ أَعْدَآءُ ٱللَّهِ إِلَى ٱلنَّارِ فَهُمْ يُوزَعُونَ ﴿١٩﴾ حَتَّىٰٓ إِذَا مَا جَآءُوهَا شَهِدَ عَلَيْهِمْ سَمْعُهُمْ وَأَبْصَٰرُهُمْ وَجُلُودُهُم بِمَا كَانُوا۟ يَعْمَلُونَ ﴿٢٠﴾ وَقَالُوا۟ لِجُلُودِهِمْ لِمَ شَهِدتُّمْ عَلَيْنَا ۖ قَالُوٓا۟ أَنطَقَنَا ٱللَّهُ ٱلَّذِىٓ أَنطَقَ كُلَّ شَىْءٍ وَهُوَ خَلَقَكُمْ أَوَّلَ مَرَّةٍ وَإِلَيْهِ تُرْجَعُونَ ﴿٢١﴾ وَمَا كُنتُمْ تَسْتَتِرُونَ أَن يَشْهَدَ عَلَيْكُمْ سَمْعُكُمْ وَلَآ أَبْصَٰرُكُمْ وَلَا جُلُودُكُمْ وَلَٰكِن ظَنَنتُمْ أَنَّ ٱللَّهَ لَا يَعْلَمُ كَثِيرًا مِّمَّا تَعْمَلُونَ ﴿٢٢﴾ ﴾ فصلت: ١٩ - ٢٢

अर्थ : र जुनदिन अल्लाहका शत्रुहरूलाई नर्कतिर लगिनेछ र उनीहरूलाई एकत्रित गरिहालिनेछ, यहाँसम्म कि जब एकदम नर्कको नजिक पुग्नेछन्, तब उनीहरूका कान र

उनीहरूका आँखा र उनीहरूका छालाहरू उनीहरूका विरुद्ध ती कुराका साक्षी हुनेछन्, जुन उनीहरूले गरिराखेका थिए। उनीहरूले आफ्ना छालाहरू (अङ्ग) सित भन्नेछन्: कि तिमिले हाम्रो विरोधमा गवाही किन दियौ ! त तिनीहरूले जवाफ दिनेछन् कि "जुन अल्लाहले प्रत्येक कुरालाई वाक्यशक्ति प्रदान गरेको छ उसैले हामीलाई पनि बोल्ने शक्ति प्रदान गरेको छ।" र उसैले तिमीलाई पहिलोपटक सृष्टि गरेको थियो र उसैतर्फ तिमीलाई फर्किजानु पर्नेछ। र तिमीले यस भयले (आफ्ना नराम्रो कामहरू) लुकाउँदैन्थ्यो कि तिम्रा कान र छालाहरू तिम्रा विरुद्ध गवाही दिनेछैनन्, बरु तिमीले यो भन्नठान्थ्यौ कि अल्लाहलाई तिम्रा धेरै जसो क्रियाकलापबारे थाहा छैन। ( सूरतु फुस्सिलत १९-२२ )

र अन्तिम दिनमाथि आस्था राख्नु जुनकि प्रलयको दिन हो, पुनर्जन्म र एकत्रित गर्ने दिन जसको खबर समस्त सन्देष्टाहरूले दिएका हुन्, अल्लाहको फर्मान छ :

﴿ وَمِنۡ ءَايَٰتِهِۦٓ أَنَّكَ تَرَى ٱلۡأَرۡضَ خَٰشِعَةٗ فَإِذَآ أَنزَلۡنَا عَلَيۡهَا ٱلۡمَآءَ ٱهۡتَزَّتۡ وَرَبَتۡۚ إِنَّ ٱلَّذِيٓ أَحۡيَاهَا لَمُحۡيِ ٱلۡمَوۡتَىٰٓۚ إِنَّهُۥ عَلَىٰ كُلِّ شَيۡءٖ قَدِيرٌ ٣٩ ﴾ فصلت: ٣٩

अर्थ : र यो कुरा पनि उसका निशानीहरूमध्ये हो कि तिमीले देख्छौ कि धरती थिचिएको छ, अनि जब हामी त्यसमा पानी वर्षाउँछौं तब त्यो हराभरा भएर उठ्नथाल्छ। निश्चय नै जसले उसलाई जीवित गऱ्यो मुर्दाहरूलाई जीवित गर्नेवाला छ। निःसन्देह उसलाई हरेक कुराहरूमाथि सामर्थ्य प्राप्त छ। ( सूरतु फुस्सिलत ३९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ أَوَلَمۡ يَرَوۡاْ أَنَّ ٱللَّهَ ٱلَّذِي خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضَ وَلَمۡ يَعۡيَ بِخَلۡقِهِنَّ بِقَٰدِرٍ عَلَىٰٓ أَن يُحۡـِۧيَ ٱلۡمَوۡتَىٰۚ ﴾ الأحقاف: ٣٣

अर्थ : के उनीहरूले देखेनन् ? कि जुन अल्लाहले आकाशहरू र धरतीलाई सृष्टि गऱ्यो र उनीहरूको सृष्टि गर्नुबाट थाकेन, त्यो निःसन्देह मृतकहरूलाई पनि जीवित पार्न सामर्थ्यवान छ। ( सूरतुल् अहकाफ ३३ )

र यो नै त्यो अटल दिन हो जुन अल्लाहको तत्वज्ञानलाई सुहाँउदछ, तसर्थ अल्लाहले आफ्नो सृष्टिलाई निरुद्देश्य सृष्टि गरेको होइन, र उनीलाई अलमलमा छाडेको छैन, किनकि जब न्यूनतम् मनीष राख्ने मानव पनि कुनै कार्य निरुद्देश्य गर्दैन त मानव जुनकि सृष्टि हो जब निरुद्देश्य कुनै कार्य गर्दैन त मनुष्य कसरी यो सोच्नसक्दछ कि त्यसको स्रष्टा र प्रतिपालक त्यसलाई निरुद्देश्य सृष्टि गरेको हो ? र त्यसलाई यस्तै अलमलमा छाडिदिएको छ ? अल्लाह त यस्ता समस्त दोषारोपणबाट मुक्त र उच्च एवं पवित्र छ जुन यी अनभिज्ञहरू अल्लाहको बारेमा भनिराखेका छन् । अल्लाहको फर्मान छ :

﴿ أَفَحَسِبْتُمْ أَنَّمَا خَلَقْنَاكُمْ عَبَثًا وَأَنَّكُمْ إِلَيْنَا لَا تُرْجَعُونَ ﴾ (١١٥) المؤمنون: ١١٥

अर्थ : के तिमीले यो ठानेका छौ, कि हामीले तिमीलाई व्यर्थमा सृष्टि गरेका छौं र यो कि तिमीले हामीतिर फर्कनुछैन ? ( सूरतुल् मोमिनून ११५ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَمَا خَلَقْنَا ٱلسَّمَآءَ وَٱلْأَرْضَ وَمَا بَيْنَهُمَا بَٰطِلًا ۚ ذَٰلِكَ ظَنُّ ٱلَّذِينَ كَفَرُوا۟ ۚ فَوَيْلٌ لِّلَّذِينَ كَفَرُوا۟ مِنَ ٱلنَّارِ ﴿٢٧﴾ ﴾ ص: ٢٧

अर्थ : र हामीले आकाश र धरतीलाई र जे-जति उनीहरूको बीचमा छ, व्यर्थमा सृष्टि गरेको होइनौं । यो उनीहरूको सोचाई हो जो काफिर छन् । तसर्थ काफिरहरूको लागि नर्कको यातना छ । ( सूरतु साद २७ )

र त्यसमाथि आस्था राख्नुको कुरोमाथि समस्त बुद्धिमान र मनीषीहरूले गवाही दिएका छन्, र यो नै त्यो कुरो हो जुन मनीष अनुकूल छ, र यसैलाई शुद्ध प्रकृति स्वीकार्दछ, किनकि जब मनुष्य प्रलयमाथि आस्था राख्दछ, त त्यसलाई यो ज्ञान भइहाल्छ कि जस कार्यलाई त्यो त्यागिराखेको छ किन त्यागिरहेछ, र जुन कार्य गरिरहेको छ किन गरिरहेछ, अनि समस्त कार्यबाट त्यो अल्लाहसित जेजति छ त्यसैको आशा राख्दछ, र यो ज्ञान पनि भइहाल्छ कि जुन व्यक्ति पनि कसैमाथि अत्याचार गर्छ त्यसको दण्ड अवश्य भोग्नेछ, र जस जसमाथि अन्याय अत्याचार गरेछ तिनीहरू त्यससित प्रलयको दिन प्रतिशोध अवश्य लिने छन्, र मान्छेको लागि यो आवश्यक छ कि आफ्नो

कर्मको प्रतिफल प्राप्त गरोस्, यदि कर्म राम्रो छ भने राम्रो प्रतिफल र यदि कर्म नराम्रो र अशुद्ध छ भने नराम्रो र पीडामय प्रतिफल, ताकि समस्त जीउलाई पूरापूर प्रतिफल दिइयोस् जुन त्यसले गरेको छ, ताकि अल्लाहको न्याय सिद्ध होस् । अल्लाहको फर्मान छ :

﴿ فَمَن يَعْمَلْ مِثْقَالَ ذَرَّةٍ خَيْرًا يَرَهُۥ ۝٧ وَمَن يَعْمَلْ مِثْقَالَ ذَرَّةٍ شَرًّا يَرَهُۥ ۝٨ ﴾ الزلزلة: ٧ - ٨

अर्थ : अतः जसले अलिकति पनि नेकी(पुण्य) गरेको हुनेछ, उसले त्यसलाई देखिहाल्नेछ । र जसले अलिकति पनि नराम्रो काम गरेको हुनेछ, उसले त्यसलाई देखिहाल्नेछ । ( सूरतुज्जलजला ७,८ )*

र समस्त सृष्टि मध्ये कसैलाई यो थाहा छैन कि प्रलय कहिले घटित हुनेछ, त यसको बारेमा नत कुनै सम्मानित सन्देष्टालाई थाहा छ नत कुनै प्रतिष्ठित स्वर्गदूतलाई नै थाहा छ, बरु यसको ज्ञान मात्र अल्लाहसित छ । अल्लाहको फर्मान छ :

---

* र हेर्नुस् : दीनुल् हक पे. १९ ।

﴿ إِنَّ ٱللَّهَ عِندَهُۥ عِلْمُ ٱلسَّاعَةِ ﴾ لقمان: ٣٤

अर्थ : नि:सन्देह कयामत(अन्तिमदिन) को ज्ञान अल्लाहलाई नै छ । ( सूरत् लुकमान ३४ )

**छठौं :** भाग्यमाथि आस्था : अर्थात तपाई यो आस्था राख्नुस् कि अल्लाह विगत वर्तमान र भविष्यको ज्ञाता हो जुन घटित भयो र जुन घटित हुनेवाला छ सबैलाई त्यो जान्दछ, र भक्तहरूको समस्त कर्महरूको पनि उही नै ज्ञाता हो, अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱللَّهَ بِكُلِّ شَيْءٍ عَلِيمٌ ﴿٦٢﴾ ﴾ العنكبوت: ٦٢

अर्थ : नि:सन्देह अल्लाह प्रत्येक कुरा जान्दछ । ( सूरतुल् अन्कबूत ६२ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ ۞ وَعِندَهُۥ مَفَاتِحُ ٱلْغَيْبِ لَا يَعْلَمُهَآ إِلَّا هُوَ ۚ وَيَعْلَمُ مَا فِى ٱلْبَرِّ وَٱلْبَحْرِ ۚ وَمَا تَسْقُطُ مِن وَرَقَةٍ إِلَّا يَعْلَمُهَا وَلَا حَبَّةٍ فِى ظُلُمَٰتِ ٱلْأَرْضِ وَلَا رَطْبٍ وَلَا يَابِسٍ إِلَّا فِى كِتَٰبٍ مُّبِينٍ ﴿٥٩﴾ ﴾ الأنعام: ٥٩

अर्थ : र अदृश्य कुराको साँचो अल्लाहसँग छ जसको बारेमा उस बाहेक अरु कसैलाई थाहा छैन र जे-जति पृथ्वी र समुन्द्रमा छन् उसैलाई

www.alukah.net إهداء من شبكة الألوكة

त्यसको ज्ञान छ। एउटा पात झर्दा पनि उसलाई थाहा हुन्छ र पृथ्वीको अँध्यारोमा कुनै दाना उसको जानकारी बेगैर झर्दैन कुनै हरियो, सुकेको कुरा जे-जति छन् सबै स्पष्ट रूपले किताबमा (लौहेमहफूजमा) छन्। (सूरतुल् अन्आम ५९)*

र ती समस्तलाई अल्लाहले आफ्नो समीप एउटा किताबमा अंकित गऱ्यो, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَكُلَّ شَىۡءٍ أَحۡصَيۡنَٰهُ فِيٓ إِمَامٖ مُّبِينٖ ١٢ ﴾ يس: ١٢

अर्थ : र हरेक कुरालाई हामीले एक स्पष्ट किताबमा लेखिसकेका छौं। (सूरतु यासीन १२)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

---

* यदि पवित्र कुरआनमा यस श्लोक बाहेक कुनै पनि श्लोक नभएको भए मात्र यो श्लोक नै यसकुरामा दृढ र स्पष्ट एवं निर्णायक प्रमाण थियो कि यो पवित्र कुरआन अल्लाहकै तर्फबाट हो, र यो यसकारण कि मानवजाति प्रत्येक युगमा यहाँसमम कि वर्तमान युग जसमा विद्याको विस्तार भइसकेको छ, र मानव अहंकारी भइसकेको छ तै पनि यस्तो परिपूर्ण र विस्तृत तरिकाले सोच्न सक्दैन र यस्तो गर्नु त अति टाढाको कुरो हो, र मान्छे अथक प्रयास गरिरहेको छ कि कुनै बोटबिरुवा वा जीवजन्तुमाथि रिसर्च र अनुसंधान गरेर हामी समक्ष त्यसमा भएका केही रहस्यमय तथ्यलाई प्रस्तुत गरोस् तर जुन ज्ञान त्यसलाई त्यसको बारेमा हुन्छ त्यसभन्दा कैयौं गुणा अधिक तथ्यबारे त्यो अनभिज्ञ नै रहन्छ, र रह्यो कुरो परिपूर्ण विचार र ज्ञानको त यी यस्ता कुराहरू हुन् जसबाट मानवजाति परिचित छैनन् नत यस्तो गर्नु उनीहरूको वशमा छ।

﴿ أَلَمْ تَعْلَمْ أَنَّ ٱللَّهَ يَعْلَمُ مَا فِى ٱلسَّمَآءِ وَٱلْأَرْضِ ۗ إِنَّ ذَٰلِكَ فِى كِتَٰبٍ ۚ إِنَّ ذَٰلِكَ عَلَى ٱللَّهِ يَسِيرٌ ﴿٧٠﴾ ﴾ الحج: ٧٠

अर्थ : के तपाईलाई थाहा भएन कि जे जति आकाश र धरतीमा छ अल्लाह सबै जान्दछ । निश्चय नै त्यो (कर्मपत्र) एउटा किताबमा अंकित छ, निःसन्देह त्यो (निर्णय) अल्लाहको निम्ति अत्यन्त सरल छ । ( सूरतुल् हज्ज ७० )

त जब कुनै कुराको अल्लाह इच्छा गर्छ त भन्छः भइहाल, अनि त्यो भइहाल्छ । अल्लाहको फर्मान छ :

﴿ إِنَّمَآ أَمْرُهُۥٓ إِذَآ أَرَادَ شَيْـًٔا أَن يَقُولَ لَهُۥ كُن فَيَكُونُ ﴿٨٢﴾ ﴾ يس: ٨٢

अर्थ : उसको गरिमा यो हो कि जब उसले कुनै कुराको (सृष्टि गर्ने) इच्छा गर्दछ तब उसले यति भन्नु प्रयाप्त हुन्छ कि, “भइहाल” ! र त्यो भइहाल्छ । ( सूरतु यासीन ८२ )

त जसरी अल्लाहले समस्त कुराको व्यवस्थापन गरेको छ त्यस्तै समस्त कुराहरूलाई सृष्टि पनि उसैले गरेको छ । अल्लाहको फर्मान छ :

﴿ إِنَّا كُلَّ شَىْءٍ خَلَقْنَٰهُ بِقَدَرٍ ﴿٤٩﴾ ﴾ القمر: ٤٩

अर्थ : निश्चय नै हामीले हरेक कुरालाई निर्धारित नाप र अनुमानमा सृष्टि गरेका छौं । ( सूरतुल् कमर ४९ )
र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ ٱللَّهُ خَٰلِقُ كُلِّ شَيْءٍ ﴾ الزمر: ٦٢

अर्थ : अल्लाह हरेक कुराको स्रष्टा हो । ( सूरतुज्जुमर ६२ )
अनि समस्त सृष्टिलाई आफ्नो आज्ञापालन गर्नुको निम्ति जन्माएर उनीहरूमाथि यो कुरा स्पष्ट पनि पार्‍यो, र यसको आदेश पनि गर्‍यो, र उनीहरूलाई आफ्नो अवज्ञा गर्नुबाट मनाही गर्‍यो र त्यसलाई पनि उनीहरू समक्ष स्पष्ट पार्‍यो, र उनीहरूलाई इच्छाशक्ति र कर्मशक्ति प्रदान गर्‍यो ताकि उनीहरू त्यसले गरेका आदेशहरूको पालना गर्नसकुन् अनि उनीलाई पुण्यबाट सम्मानित गरियोस्, र जसले त्यसको अवज्ञा गरेर दुष्कर्म गरोस् त तिनीलाई यातनाद्वारा दण्डित गरोस् । त जब मान्छे भाग्यमाथि आस्था राख्दछ त त्यसको लागि निम्नका कुराहरू आवश्यक भइहाल्छन् :
१- कर्म गर्ने बेला त्यसको भरोसा अल्लाहमाथि दृढ हुन्छ किनकि त्यसलाई यो ज्ञात हुन्छ कि त्यो कार्य र त्यसको कारण पनि अल्लाहको

चाहना र त्यसले निर्धारित गरेको भाग्य अनुकूल छ ।

२- आत्मालाई शान्ति र हृदयलाई सन्तुष्टि प्राप्त हुन्छ, किनकि जब त्यसलाई यो ज्ञात भयो कि अल्लाहले निर्धारित गरेको भाग्यलेगर्दा यस्तो भएको छ, र अल्लाहले निर्धारित गरेको कष्ट त्यसलाई पुगेर नै रहन्छ, त त्यसको आत्मा ढुक्क भइहाल्छ र अल्लाहले निर्धारित गरेको भाग्यबाट राजी भइहाल्छ, यसर्थ जसले भाग्यमाथि विश्वास गऱ्यो त्योभन्दा शान्त र सन्तुष्ट र प्रफुल्लित जिन्दगानी कसैको पनि व्यतीत हुन्सक्दैन ।

३- र यो आत्मप्रशंसालाई हटाउँछ त्यस बखत जब इच्छापूर्ति भइहाल्छ, किनकि इच्छापूर्ति पनि अल्लाहको अनुकम्पा हो जुन त्यसलाई अल्लाहले नै प्रदान गरेको हो, र जुन भलाई र सफलताको लक्षण पनि हो, अनि त्यो इच्छापूर्ति पश्चात आत्मप्रशंसा नगरिकन् अल्लाहको आभार प्रकट गर्छ ।

४- जब इच्छापूर्ति हुँदैन वा कुनै कष्ट आइपर्छ त व्याकुलता र असन्तुष्टिलाई पर हटाउँछ, किनकि त्यो अल्लाहको इच्छालेगर्दा घटित भएको छ जसलाई कोही पनि परिवर्तित गर्न

सक्दैन, र त्यसको आज्ञोल्लंघन गर्न सक्दैन, यसर्थ त्यो भएर नै रहन्छ, अनि त्यो यस विपत्तिमाथि धैर्य धारण गर्छ र त्यसद्वारा प्रतिफलको अभिलाषी हुन्छ, अल्लाहको फर्मान छ :

﴿ مَآ أَصَابَ مِن مُّصِيبَةٍ فِي ٱلۡأَرۡضِ وَلَا فِيٓ أَنفُسِكُمۡ إِلَّا فِي كِتَٰبٖ مِّن قَبۡلِ أَن نَّبۡرَأَهَآۚ إِنَّ ذَٰلِكَ عَلَى ٱللَّهِ يَسِيرٞ ٢٢ لِّكَيۡلَا تَأۡسَوۡاْ عَلَىٰ مَا فَاتَكُمۡ وَلَا تَفۡرَحُواْ بِمَآ ءَاتَىٰكُمۡۗ وَٱللَّهُ لَا يُحِبُّ كُلَّ مُخۡتَالٖ فَخُورٍ ٢٣ ﴾

الحديد: ٢٢ - ٢٣

अर्थ : जुनसुकै मुसीबत (दुःख संकट) धरतीमा आउँछ वा तिमीमाथि त्यसलाई मैले पठाउनु भन्दा पहिला एउटा किताबमा अंकित हुन्छ । यो काम अल्लाहको निम्ति सजिलो छ । ताकि तिमीले त्यसकुराबाट अफशोच नगर जुन कि तिमीबाट गुज्रिसकेको छ, र न त्यस कुरामाथि अभिमान गर जुन उसले तिमीलाई प्रदान गरेको छ । अल्लाहलाई कुनै घमण्डी र आत्म

प्रशंसकहरू मन पराउँदैनन् । ( सूरतुल् हदीद २२,२३ )*

५- पवित्र र महान अल्लाहमाथि भरोसा, किनकि मुसलमान मान्छेलाई यो ज्ञान हुन्छ कि मात्र अल्लाहको हातमा नै लाभ र हानि छ, अनि कुनै वलिष्टको वलबाट भयभीत हुँदैन नत कुनै भलो कार्य गर्नुमा कुनै मान्छेको डरले ढिलो गर्छ, रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " **तिमीहरूलाई यो ज्ञात रहोस् कि पूर्ण र समस्त समूहहरू (उम्मत) ले एकजुट भएर यदि तिमीलाई कुनै लाभ पुऱ्याउन चाहुन् त त्यस बाहेक केही लाभ पुऱ्याउन सक्दैनन् जुनकि अल्लाहले तिम्रो लागि लेखिसकेको छ, र यदि तिमीलाई हानि पुऱ्याउनुमा सहमत भइहालुन् तै पनि तिमीलाई त्यस बाहेक कुनै हानि पुऱ्याउन सक्दैनन् जुन अल्लाहले तिम्रो लागि लेखिसकेको छ** " ।*

* र हेर्नुस् : अल् अकीदतुस्सहीहा वमा योजादोहा पे. १९, र अकीदतु अहलुस्सुनह वल् जमाअह पे. ३९, र अद्दीनुल् हक पे. १८ ।

* इमाम अहमदले यस हदीसलाई आफ्नो मुस्नदमा वर्णन गर्नु भएको छ भाग १ पे. २९३, र इमाम तिर्मिजीले यस हदीसलाई आफ्नो सुनन्को बाबुल् कियामहमा भाग ४ पे. ७६ मा वर्णन गर्नु भएको छ ।

# तेस्रो श्रेणी : एहसान

र यो मात्र स्वयम् एउटै आधार हो : अर्थात तिमी अल्लाहको यसरी पूजा गर मानो तिमी अल्लाहलाई हेरिराखेका छौ र यदि तिमी त्यसलाई हेरिरहेका छैनौ भने त्यो तिमीलाई हेरिराखेको छ, त भक्तलाई चाहियो कि आफ्नो पालनकर्ताको यस्तो अवस्था र विशेषतामा पूजा गरोस्, र यसको अर्थ हो: अल्लाहलाई आफ्नो समीपमा ठान्नु र यो महसूस गर्नु कि त्यो परम् प्रतिपालक तिम्रो सामुन्ने छ, अनि यो अवस्था त्यसको भयत्रास, सम्मान, प्रतिष्ठा, सदभाव र श्रद्धामा अभिवृद्धि गरिदिन्छ, र पूजालाई शुद्ध तरिकाले गर्नुमाथि आबद्ध गर्छ र त्यसलाई पूर्ण शक्तिको साथ परिपूर्णरूपले पूजा सम्पन्न गर्नुमा उत्साहित र प्रेरित गर्छ ।

यसर्थ भक्त आफ्नो पूजामा आफ्नो प्रतिपालकलाई हेर्दछ, आफूसित त्यसको सामीप्यता र निकटतालाई यसरी महसूस गर्छ जस्तो कि त्यसलाई हेरिराखेको छ, र यदि त्यसलाई यो असम्भव र कठिन प्रतीत होस् त आफ्नो ईमानको सहायताले यो विश्वास राखोस् कि अल्लाह त्यसलाई हेरिराखेको छ, र त्यो त्यसका दृश्य अदृश्य जाहेर र गोप्य

www.alukah.net إهداء من شبكة الألوكة

कुराहरूको ज्ञाता पनि हो, र कुनै यस्तो कुरा छैन जुन त्यसबाट गुप्त होस् ।*

त जुन भक्त यस दर्जामा पुगी आफ्नो प्रतिपालकको पूजा निष्ठाको साथ गर्छ र त्यस अल्लाह बाहेक कसै आर्कोतर्फ प्रवृत्त हुँदैन त त्यो कसैको प्रशंसाको अभिलाषी हुँदैन नत कसैको निन्दासित डर मान्छ, किनकि त्यसको इच्छा त मात्र यो हुन्छ कि त्यसको प्रतिपालक त्यससित प्रसन्न भएर त्यसको प्रशंसा गरोस् ।

त यस्तो भक्तको जाहेर र गोप्य एकनास भइहाल्छ र त्यो एकान्त र सार्वजनिक ठाउँमा अल्लाहको पूजामा दृढ रहन्छ यस श्रद्धा र दृढ विश्वासको साथ कि अल्लाह त त्यसका हृदयमा भएका रहस्य र आत्माको असमंजसको पनि ज्ञाता हो, आस्थाले त्यसको हृदयमाथि वर्चस्व प्राप्त गरिसकेको छ, र आफूमाथि आफ्नो प्रतिपालकको संरक्षणलाई महसूस गर्छ, अनि त्यसका समस्त इन्द्रियहरू त्यसको प्रतिपालकलाई नतमस्तक भइहाले, यसर्थ आफ्नो प्रतिपालकलाई नतमस्तक भई तिनीद्वारा मात्र त्यही कार्य गर्छ जसबाट

* हेर्नुस् : जामेउल् उलूम वल् हेकम पे. १२८ ।

त्यसको प्रतिपालक प्रसन्न होस् र त्यसलाई प्रेम गर्न थालोस् ।

र जब त्यसको हृदय अल्लाहसित संलग्न भइहाल्छ त त्यो कुनै सृष्टिसित सहायताको याचना गर्दैन किनकि त्यो अल्लाहको सहायताबाट प्रफुल्लित र निश्चिन्त भयो, र कुनै मान्छेसित गुनासो गर्दैन किनकि त्यसले आफ्नो अभिप्राय आफ्नो परम् दयालु अल्लाहसित भनिसकेको छ र अल्लाह त्यसको सहायता गर्नुको लागि प्रयाप्त छ, र कुनै ठाउँ वा कुनै मान्छेबाट भय मान्दैन किनकि त्यसलाई यो राम्ररी थाहा छ कि अल्लाह त्यसका समस्त अवस्थाहरूमा त्यसको साथमा छ, र त्यो नै त्यसको सहायताको लागि प्रयाप्त छ, आहा कस्तो राम्रो सहायक त्यसलाई प्राप्त भएको छ, र त्यो कुनै यस्तो कुरा त्याग्दैन जसको अल्लाहले आदेश गरेका छन्, नत कुनै दुष्कर्मको समीपमा जान्छ, किनकि त्यो आफ्नो अल्लाहसित लज्जा मान्छ, र यो मनपराउँदैन कि त्यो त्यस कार्यलाई परित्याग गरोस् जसको हुकुम त्यसको प्रतिपालकले गरेको छ, वा त्यसलाई यस्तो कार्यगर्दा पाओस् जसबाट मनाही गरेको छ, र नत त्यो कुनै सृष्टिमाथि

अतिक्रमण वा अत्याचार गर्छ नत त्यसका हक होकूक हनन् गर्छ, किनकि त्यसलाई यो ज्ञान छ कि अल्लाह त्यसलाई हेरिराखेको छ र त्यसका कर्महरूप्रति हिसाब किताब लिनेछ र सोध्पूछ गर्नेछ । र त्यो धरतीमाथि उपद्रव मचाउँदै हिँड्दैन किनकि त्यसलाई ज्ञान छ कि यस ब्रह्माण्डमा जेजति अल्लाहले सृष्टि गरेको छ त्यो अल्लाहको अधिकारमा छ त्यसलाई आफ्नो सृष्टिको लागि वशीभूत गरिदिएको छ, अनि त्यसबाट आफ्नो आवश्यकता अनुसार लिएर आफ्नो प्रतिपालकको आभार प्रकट गर्छ जसले त्यसको लागि यो सबै ग्रहणीय बनाइदिएको छ ।

* * *

यस किताबमा जति पनि कुराहरू मैले वर्णन गरेको छु वा तपाई समक्ष राखेको छु ती मात्र महत्वपूर्ण कुराहरू हुन्, र इस्लामका प्रमुख र महानतम् आधारहरू हुन्, र यी ती आधारहरू हुन् जसमाथि भक्तले आस्था राखेपश्चात र त्यसै बमोजिम कर्म गरे पश्चात मुसलमान भइहाल्छ, नत्र इस्लाम जस्तोकि मैले वर्णन गरेको छु कि धर्म पनि हो र संसार पनि, पूजा पनि हो र जीवनशैली पनि, र यो अल्लाहको

कानूनको यस्तो विधान हो जसमा ती समग्र कुराहरू वर्णन छन् जसको आवश्यकता मानव विशेष र समाज एवं संसारलाई संसारिक जीवनको सिद्धान्तिक क्षेत्र, राजनैतिक क्षेत्र, आर्थिक र सामुदायिक क्षेत्र र सुरक्षा क्षेत्रमा पर्न सक्छ, र त्यसमा मान्छे यस्ता कानून विधि र आधारहरू पाउँछ जसद्वारा शान्ति र युद्धको अवस्था र हक अधिकारलाई व्यवस्थित गरिन्छ, र जसद्वारा मनुष्यको सम्मान र चराचुँगी, जनावर र त्यसका वरिपरि भएको समाजको सम्मानको सुरक्षा गरिन्छ, र त्यो नै त्यसको लागि मानवको वास्तविकता र मृत्यु एवं जीवनको वास्तविकता र मृत्य पश्चातको जीवनको वास्तविकता बताउँछ, र त्यसैमा त्यसका वरिपरि भएको मान्छेहरूसित गर्ने उच्चतम् व्यवहारको वर्णन पाउँछ । अल्लाहको फर्मान छ :

﴿ وَقُولُواْ لِلنَّاسِ حُسۡنٗا ﴾ البقرة: ٨٣

अर्थ : र मानिसहरूसंग राम्रा कुरा गर्नु । ( सूरतुल् बकर: ८३ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ ٱلَّذِينَ يُنفِقُونَ فِي ٱلسَّرَّآءِ وَٱلضَّرَّآءِ وَٱلْكَـٰظِمِينَ ٱلْغَيْظَ وَٱلْعَافِينَ عَنِ ٱلنَّاسِ ۗ وَٱللَّهُ يُحِبُّ ٱلْمُحْسِنِينَ ١٣٤ ﴾ آل عمران: ١٣٤

अर्थ : जसले सुख र दु:खमा (अल्लाहको मार्गमा) खर्च गर्दछन् र क्रोधलाई नियन्त्रणमा राख्दछन् र मानिसहरूका त्रुटिहरू क्षमा गरिदिन्छन्, अल्लाह ती सत्कर्म गर्नेहरूलाई प्रेम गर्दछ । ( सूरतु आले इम्रान १३४ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَلَا يَجْرِمَنَّكُمْ شَنَـَٔانُ قَوْمٍ عَلَىٰٓ أَلَّا تَعْدِلُوا۟ ۚ ٱعْدِلُوا۟ هُوَ أَقْرَبُ لِلتَّقْوَىٰ ۖ ﴾ المائدة: ٨

अर्थ : र कुनै जातिको शत्रुता तिमीलाई न्यायको मार्गबाट बिचलित न गरोस्, उनीहरूसित न्याय गर्ने गर, किनभने यही नै संयमको नजीक हुन्छ । ( सूरतुल् माइदा ८ )

र अब जबकि हामीले यस धर्मका श्रेष्ठताहरू र प्रत्येक श्रेणीका आधारहरू वर्णन गरिसकें त उचित यो छ कि यस धर्मका केही विशेषताहरू पनि वर्णन गरौं ।

www.alukah.net إهداء من شبكة الألوكة

# इस्लामका विशेषताहरू मध्ये केही विशेषताहरूको वर्णन*

कलम इस्लामका असीमित विशेषताहरूलाई सीमारहित गर्नुबाट असमर्थ छ, र वाक्यहरूद्वारा यस धर्मका परिपूर्ण श्रेष्ठतालाई बखान गर्नु असम्भव छ, र म जुन वर्णन गर्न चाहन्छु त्यो मात्र यसकारण कि यो अल्लाहको सत्य धर्म हो नत्र जसरी अल्लाहलाई कुनै दृष्टि विचारधाराद्वारा पत्तयाउन सक्दैन, र नत ज्ञानद्वारा त्यसको महानता र अस्तित्वलाई जान्नसक्छ त्यस्तै त्यसको धर्मका विशेषताहरूलाई पनि कुनै कलम लेख्न सक्दैन, र इब्नुल कैयिमको भनाई छः “ यदि तिमी यस सोझो र महान धर्ममा भएका स्पष्ट तत्वदर्शितामाथि विचार गर्छौ जुनकि सोझो मार्ग र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको विधान हो, जसलाई वर्णन गर्दा वाक्य त्यसलाई वर्णन गर्नुबाट असमर्थ भइहाल्छ, र जसको विशेषता वर्णन गर्दा त्यो सुन्दरतालाई सुदर्शित गर्न सकिन्न, र त्यसको कल्पना पनि

* विस्तृत जानकारीको लागि हेर्नुस् : अद्दुर्रतुल मुख्तसेरा फि महासेनिद्दीनिल् इस्लामी लेखकः अश्शैख अब्दुर्रहमान अस्सअ्दी, र महासेनुल् इस्लाम लेखकः अश्शैख अब्दुल् अजीज अस्सलमान ।



الجديد و الحصري NEW & EXCLUSIVE

मनीषीहरूको मनीष गर्न सक्दैन, र यदि समस्त परिपूर्ण मनीषलाई एकत्रित गरियोस् र सबैलाई यस्तो गरियोस् मानो ती सबै मिलेर एउटा सर्वश्रेष्ठ मान्छेको सर्वश्रेष्ठ र परिपूर्ण मनीष भइजाओस् अनि त्यसबाट यो अपेक्षा गरियोस् कि त्यो धर्मका विशेषताहरूका सुन्दरतालाई पाओस् र त्यसको श्रेष्ठतालाई दर्शन गरोस् त त्यो यस वास्तविकतालाई नकार्न सक्दैन कि यस संसारमा यस धर्मभन्दा महान र श्रेष्ठ एवं परिपूर्ण अरु कुनै धर्म छैन ..., र यदि सन्देष्टाले यसमाथि अरु कुनै प्रमाण ल्याउदैन्थे तै पनि यसको लागि यो नै प्रमाणको लागि प्रयाप्त थियो कि यो धर्म अल्लाहकै धर्म हो, र यस धर्मका प्रत्येक विधान र निर्देशन एवं विशेषताहरू गवाह हुन् परिपूर्ण ज्ञान र परिपूर्ण तत्वज्ञानद्वारा, र उदार अनुग्रहद्वारा र सदभाव एवं परोपकारद्वारा, र आरम्भ र अन्तको ज्ञानद्वारा, र दृश्य र अदृश्यको ज्ञानद्वारा, र त्यो अल्लाहको ती महान अनुकम्पा मध्येको हो जसद्वारा अल्लाहले आफ्ना भक्तहरूलाई सम्मानित गरेको छ, त अल्लाहले यसभन्दा ठूलो अनुकम्पा भक्तहरूमाथि गरेको छैन जुन यसतर्फ

मार्गदर्शन गरेर गरेको छ, र यस धर्मको अनुयायी बनाएर गरेको छ, र यिनलाई यस धर्मको लागि रोजेको छ, र यसैकारण अल्लाहले भक्तहरूलाई यस धर्मतर्फ मार्गदर्शन गरेबापत उपकार जताएको छ। अल्लाहको फर्मान छ :

﴿ لَقَدْ مَنَّ ٱللَّهُ عَلَى ٱلْمُؤْمِنِينَ إِذْ بَعَثَ فِيهِمْ رَسُولًا مِّنْ أَنفُسِهِمْ يَتْلُوا۟ عَلَيْهِمْ ءَايَـٰتِهِۦ وَيُزَكِّيهِمْ وَيُعَلِّمُهُمُ ٱلْكِتَـٰبَ وَٱلْحِكْمَةَ وَإِن كَانُوا۟ مِن قَبْلُ لَفِى ضَلَـٰلٍ مُّبِينٍ ﴿١٦٤﴾ ﴾ آل عمران: ١٦٤

अर्थ : नि:संदेह अल्लाहको मोमिनहरूमाथि ठूलो अनुकम्पा छ कि उसले तिनीहरूको माझमा तिनीहरू मध्येबाटै एउटा रसूल पठायो जसले कि अल्लाहका आयतहरू पढेर उनीहरूलाई सुनाउँदछ र तिनलाई पवित्र गर्दछ र उनलाई किताब र बुद्धिमत्ता सिकाउँदछ, यिनीहरू यसभन्दा पहिला खुल्ला रूपमा पथविचलित थिए। ( सूरतु आले इम्रान १६४ )

र भक्तहरूलाई सावधान गराउँदै र आफ्नो यस महान अनुकम्पाको सम्झना गराउँदै, र आफ्नो आभारतर्फ प्रोत्साहन गर्दै यो भनेको

छ कि त्यसले उनीहरूलाई यस धर्मको धर्मावलम्बी बनाएको छ। अल्लाहको भनाई छः

﴿ ٱلۡيَوۡمَ أَكۡمَلۡتُ لَكُمۡ دِينَكُمۡ ﴾ المائدة: ٣

अर्थ : आज हामीले तिम्रो निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेका छौं। ( सूरतुल् माइदा ३ ) "*

त यस धर्मको अनुयायी बनाएकोमा त्यसको यस उपकारको आभार ज्ञापन गर्ने उद्देश्यले यसका केही विशेषताहरू वर्णन गर्दैछु।

**१- यो धर्म अल्लाहको धर्म हो :**

अल्लाहले जस धर्मलाई आफ्नो लागि रोजेको छ, र जसलाई दिएर आफ्ना सन्देष्टाहरूलाई पठाएको छ, र आफ्नो सृष्टिलाई यो आदेश दिएको छ कि त्यसै धर्म बमोजिम त्यसको पूजा गरुन्, त जसरी सृष्टि स्रष्टा भैं हुनसक्दैन त्यस्तै त्यसको धर्म भैं जुनकि इस्लाम हो कुनै मानवले बनाएको विधान वा धर्म हुन्सक्दैन, त जसरी पवित्र अल्लाहलाई पूर्णतः निरपेक्षता प्राप्त छ उस्तै त्यसको धर्म इस्लामलाई पनि पूर्ण निरपेक्षता प्राप्त छ, त्यो समस्त विधिलाई प्रस्तुत गर्नुमा जुन समस्त सृष्टिको लागि लाभदायक र उपयोगी छ तिनीहरूका समस्त

* मिफ्ताहो दारुस्सआदा भाग १ पे. ३७४,३७५।

संसारिक र परलौकिक आवश्यकतालाई पूर्ण गर्नुमा, र अल्लाहको अधिकार र भक्तहरूमाथि अनिवार्य गरिएका पूजाको व्यापकताम, र आपसमा एकआर्काका हक अधिकार र कर्तव्यहरूलाई समावेश गर्नुमा ।

**२- व्यापकता** : इस्लामको सर्वश्रेष्ठ विशेषता मध्ये समस्त कुराहरूलाई व्यापक गर्नु पनि हो, अल्लाहको फर्मान छ :

﴿ مَّا فَرَّطۡنَا فِي ٱلۡكِتَٰبِ مِن شَيۡءٖ ﴾ الأنعام: ٣٨

अर्थ : हामीले किताबमा लेख्न कुनै कुरा छाडेका छैनौं । ( सूरतुल् अन्आम ३८ )

त यस धर्मले ती समस्त कुराहरूलाई समावेश गरेको छ जुन अल्लाहसित संलग्न छन् जसरी त्यसका नाम र विशेषता एवं अधिकारहरू, र जेजति सृष्टिसित संलग्न छन् जसरी विधान, कर्तव्यपालन, आचरण र शिष्टाचार एवं व्यवहार ... आदि, र यस धर्मले समावेश गरेको छ विगत र भविष्यका मान्छेहरूको अवस्थालाई, र स्वर्गदूत, दूत र सन्देष्टाहरूको खबरलाई, र यो कुरा गर्छ आकाशमण्डल, पृथ्वीमण्डल, ग्रहमण्डल, तारामण्डल, बोटबिरुवा र ब्रह्माण्डको बारेमा, र यो स्पष्ट पार्छ सृष्टिको उत्पातको कारणलाई र त्यसको

उद्देश्य एवं समाप्तिलाई, र यो वर्णन गर्छ स्वर्गको बारेमा, र आस्थावानहरूको अन्तिम बासस्थानको बारेमा, र वर्णन गर्छ नर्कको बारेमा र अनास्थावानहरूको अन्तिम परिणामको बारेमा ।

**३- यो धर्म सृष्टिलाई स्रष्टासित जोड्छ** : जति धर्महरू मान्छेलाई त्यसै जस्तो मान्छेसित संलग्न गर्छन् मृत्यु दुर्वलता र असमर्थता एवं रोगको कारण, बरु केही मान्छेहरू त यस्ता मान्छेहरूसित जोड्दछन् जुन युगों युगों अघि नै मरेर माटो भइसकेका हुन्छन्..., तर यो इस्लाम धर्मको विशेषता यो हो कि यो मान्छेलाई त्यसको स्रष्टासित डायरेक्ट र प्रत्यक्ष सम्पर्क गराउँछ, त नत यस धर्ममा कुनै पादरीको मध्यस्थताको आवश्यकता छ नत कुनै मर्यादित व्यक्तिको, नत कुनै महिमायुक्त रहस्यको, बरु यस धर्ममा सृष्टि र स्रष्टा बीच प्रत्यक्ष सम्पर्क हुन्छ, यस्तो सम्पर्क जसमा मस्तिष्क प्रत्यक्ष आफ्नो पालनकर्तासित संलग्न भइहाल्छ, अनि प्रकाशमान भइहाल्छ र सुमार्गी एवं सम्मानित भइहाल्छ र परिपूर्णताको अभिलाषी हुन्छ, र त्यो अशुद्धता र अनर्गलका कुराहरू एवं ससाना अवैध कार्यहरूबाट पनि

पन्छिन्छ, त जुन हृदय पनि आफ्नो पालनकर्तासित सम्पर्कहीन भइहाल्छ भने त्यो नजावर भन्दा अधिक र नितांत पथभ्रमित र घृणित भइहाल्छ ।
र यस सृष्टि र स्रष्टा बीचको समपर्कद्वारा नै मानव आफ्नो पालनकर्ताको त्यससित अपेक्षित कुराहरूको ज्ञान ग्रहण गर्छ अनि त्यसको पूजा ज्ञानको आधारमा गर्छ, र त्यस पालनकर्तालाई प्रसन्न गरिने कुराहरूको ज्ञान पाउँछ, अनि त्यसैलाई गर्ने प्रयत्न गर्छ, र त्यसलाई क्रोधित गर्ने कुराको जानकारी पाउँछ अनि त्यसबाट टाढा रहन्छ ।
र यो सम्पर्क हो महान स्रष्टा र मुखापेक्षी दुर्वल सृष्टि बीचको , अनि सृष्टि त्यस महान पालनकर्तासित सहायता उदारता र स्वर्गको अभिलाषी हुन्छ, र यो याचना गर्छ कि परम् पूज्य त्यसलाई समस्त क्षलीहरू र शैतानहरूको कौतुहलताबाट सुरक्षा प्रदान गरोस् ।
**४- लोक परलोकका हितहरूको रियायत गर्छ :** इस्लामीय विधानको जग नै लोक परलोकको हितको रियायत गर्नु र सर्वोत्कृष्ट शिष्टाचार र नैतिकताहरूलाई परिपूर्ण गर्नुमा आधारित छ ।

त रह्यो कुरो परलोकको हितको वर्णनको त यो धर्म त्यसलाई परिपूर्ण तरिकाले वर्णन गरेछ, र त्यस मध्ये केहीलाई पनि शेष छाडे छैन, बरु त्यसलाई व्याख्या गरेर यस्तो स्पष्ट पारेको छ कि कुनै मान्छे पनि त्यसबाट अनभिज्ञ नरहोस्, यसर्थ त्यसका अनुकम्पाहरूलाई विस्तारले वर्णन गरेछ र त्यसमा भएका यातनाहरूको पनि विस्तृत जानकारी गराएको छ ।
र रह्यो कुरो सांसारिक हितको त अल्लाहले आफ्नो यस धर्ममा यस्तो विधान राखेको छ जुन मनुष्यको धर्म, ज्यान, माल, वंश, आत्मसम्मान, इज्जत र मनीषको सुरक्षा गर्छ ।
र रह्यो कुरो सर्वोत्तम शिष्टाचार र नैतिकताको त अल्लाहले जाहेर र गोप्य दुवै अवस्थामा यसलाई गर्नुको आदेश दिएको छ, र त्यस मध्ये घृणित र अमानवीय कार्यहरूबाट रोकेको छ, त दृश्य नैतिकता मध्ये हो: स्वच्छता, पवित्रता, मैलोपना र फोहोरताबाट पवित्र रहनु, र यस धर्मले सुगंध प्रयोग गर्नु, श्रृंगार गर्नुमा जोर दिएको छ, सुन्दरतातर्फ उत्साहित गरेको छ, र समस्त घृणित र अनैतिक कार्यहरूबाट रोकेको छ जसरी व्यभिचार, बलात्कार, मदिरा सेवन, मृतकको

मासु खानु, र रक्त एवं सुँगुरको मासु खानुबाट... आदि, र सुसाध्य र पवित्र कुराहरूलाई खाने आदेश दिएको छ तर यसको साथै अनावश्यक र फुजूल खर्चबाट मनाही गरेको छ ।

र रह्यो कुरो गोप्य स्वच्छताको त त्यो होः अनैतिकताका कार्यहरूबाट बाँच्नु, र प्रशंसनीय र सराहनीय नैतिकताहरूबाट सुसज्जित हुनु, त घृणित अनैतिकता होः झूठ बोल्नु, गाली गलोज गर्नु, क्रोध गर्नु, ईर्ष्या गर्नु, कञ्जुसियायी गर्नु, कुनै जीउलाई हेला गर्नु, प्रतिष्ठा लोभी बन्नु, संसारिक लोभ गर्नु, अभिमानी र आत्मप्रशंसक बन्नु, र क्षलकपट गर्नु... आदि ।

र प्रशंसनीय र सराहनीय नैतिकता हुन्: राम्रो आचरण, सचरित्रता, धरोहरता, सृष्टिहरूसित सुव्यवहार गर्नु, उनीमाथि उपकार गर्नु, अल्लाहको लागि निष्ठावान रहनु, न्याय नम्रता र सत्यता अपनाउनु, जीउको सम्मान गर्नु, अल्लाहमाथि भरोसा राख्नु, र त्यससित डर

मान्दै रहनु, र त्यसको आभार प्रकट गर्नु,... आदि ।*

**५- सरलता र सुगमता :** यो ती विशेषताहरू मध्ये एक हो जसद्वारा इस्लाम अरुभन्दा विशिष्ट छ, यसर्थ यो धर्म आफ्नो अनुष्ठानहरू मध्ये प्रत्येक अनुष्ठानमा सरल र सजिलो एवं सुगमतायुक्त छ, र यसका समस्त पूजाशैलीमा सरलता र सुगमता छ । अल्लाहको फर्मान छ :

﴿ وَمَا جَعَلَ عَلَيْكُمْ فِي الدِّينِ مِنْ حَرَجٍ ﴾ الحج: ٧٨

अर्थ : र धर्मको कुरामा तिमीमाथि कुनै कुरा संकुचित पारेको छैन । ( सूरतुल् हज्ज ७८ )

र त्यो सरलता मध्ये प्रथम हो : जुन व्यक्ति पनि यस धर्ममा प्रवेश गर्न चाहन्छ त त्यसलाई कुनै मनुष्यको मध्यस्थताको आवश्यकता पर्दैन नत आफ्ना विगतका पापहरूको स्वीकृतिको, बरु त्यसमाथि मात्र यो आवश्यक छ कि आफूलाई स्वच्छ र पवित्र एवं सुग्घर पारेर " **लाइलाहा इल्लल्लाहु मुहम्मदुर्रसूलुल्लाह** " अर्थात अल्लाह बाहेक कोही सत्य पूज्य छैन र मुहम्मद सल्लल्लाहो

* हेर्नुस् : अल्एअ्लाम बिमा फि दीनीन्नसारा मिनल् फसादे वल् अवहाम लेखक: कुर्तुबी पे. ४४२-४४५ ।

अलैहे वसल्लम अल्लाहका सन्देष्टा हुन्, को गवाही देओस् र त्यसको अर्थमा दृढ विश्वास गरोस् र त्यसै बमोजिम कर्म गरोस् ।

र इस्लामका प्रत्येक पूजामा सरलता र सुगमता सुदर्शित छ, त जब मान्छे यात्रामा हुन्छ वा विरामी हुन्छ त त्यसको कर्मपत्रीमा त्यस्तै पुण्य लेखिन्छ जस्तो कि त्यसले सामान्य अवस्थामा भएको समयमा लेखिन्थ्यो, बरु यस सुगमताद्वारा मुसलमानको जीवन आनन्दमय र प्रफुल्लित हुन्छ काफिर र नास्तिकको जीवनको तुलनामा, जसको जीवन कष्टमय र व्याकुलतापूर्ण हुन्छ, र यस्तै मुसलमान आस्थावानको मृत्यु पनि सरल हुन्छ त्यसको आत्मा त्यस्तै सरलताको साथ निस्किहाल्छ जसरी पानीको थोपा भाँडाबाट निस्कन्छ, अल्लाहको फर्मान छ :

﴿ ٱلَّذِينَ تَتَوَفَّىٰهُمُ ٱلْمَلَـٰٓئِكَةُ طَيِّبِينَ ۙ يَقُولُونَ سَلَـٰمٌ عَلَيْكُمُ ٱدْخُلُوا۟ ٱلْجَنَّةَ بِمَا كُنتُمْ تَعْمَلُونَ ﴿٣٢﴾ ﴾ النحل: ٣٢

अर्थ : जब फरिश्ताहरूले तिनीहरूका आत्मा निकाल्न थाल्छन् र यिनीहरू (शीर्कबाट) पवित्र हुन्छन्, भन्दछन तिम्रो लागि कुशलता नै कुशलता छ र भन्दछन् कि जुन कार्य तिमीले

गर्ने गर्दथ्यो, त्यसको फलस्वरूप स्वर्गमा प्रवेश गरिहाल । ( सूरतुन्नहल ३२ )
तर अनास्थावान र नास्तिक, त त्यसको मृत्युको समय त्यस समीप कठोर स्वर्गदूतहरू आउँछन् र त्यसलाई कोर्राले हान्छन् । अल्लाहको फर्मान छ :

﴿ وَلَوْ تَرَىٰٓ إِذِ ٱلظَّٰلِمُونَ فِى غَمَرَٰتِ ٱلْمَوْتِ وَٱلْمَلَٰٓئِكَةُ بَاسِطُوٓا۟ أَيْدِيهِمْ أَخْرِجُوٓا۟ أَنفُسَكُمُ ۖ ٱلْيَوْمَ تُجْزَوْنَ عَذَابَ ٱلْهُونِ بِمَا كُنتُمْ تَقُولُونَ عَلَى ٱللَّهِ غَيْرَ ٱلْحَقِّ وَكُنتُمْ عَنْ ءَايَٰتِهِۦ تَسْتَكْبِرُونَ ﴾ الأنعام: ٩٣

अर्थ : र यदि तपाईले ती अन्यायीहरूलाई त्यतिखेर देख्नु भएको भए जब यी अन्यायीहरू मृत्युका कष्टपूर्ण व्यथामा हुन्छन् र फरिश्ताहरू आफ्ना हातहरू बढाइराखेका हुन्छन् यो भन्दै कि आफ्ना प्राणहरू समर्पित गर, आज तिमीहरूलाई अपमानजनक सजाय दिइने छ, किनभने तिमीहरूले अल्लाहको विरोधमा झूठा कुरा गर्ने गर्दथ्यौ र त्यसका आयतहरूलाई तिरस्कारपूर्ण अस्वीकार गर्ने गर्दथ्यौ । ( सूरतुल् अन्आम ९३ )
र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَلَوۡ تَرَىٰٓ إِذۡ يَتَوَفَّى ٱلَّذِينَ كَفَرُواْ ٱلۡمَلَٰٓئِكَةُ يَضۡرِبُونَ وُجُوهَهُمۡ وَأَدۡبَٰرَهُمۡ وَذُوقُواْ عَذَابَ ٱلۡحَرِيقِ ٥٠ ﴾ الأنفال: ٥٠

अर्थ : र काश तिमीले देख्यौ जब फरिश्ताहरूले काफिरहरूको प्राण निकाल्छन् । उनीहरूले तिनीहरूको मुख र पिठ्यूमा प्रहार गर्दछन् (र भन्दछन्): तिमी पोलिनुको यातना चाख । ( सूरतुल् अन्फाल ५० )

**६- न्याय :** इस्लामीय विधानलाई जसले अविष्कार गरेको छ त्यो महान र एकलो अल्लाह हो, र त्यो नै समस्त सृष्टिको स्रष्टा र अविष्कारी हो, कालो र गोरो, महिला र पुरुष, भाले र पोथी सबैको स्रष्टा उही अल्लाह हो, र सबै त्यसको आदेश र कृपा एवं न्याय समक्ष एकनास छन्, र त्यसले स्त्री र पुरुषको लागि त्यो विधि बनाएको छ जुन ती दुवैका लागि अति उत्तम छन्, त यसकारण यो असम्भव छ कि पुरुष सम्बंधित विधिहरूमा त्यसको पक्षपात गरोस् वा महिलालाई परुषमाथि प्रधानता प्रदान गरिदेओस्, वा गोरो मान्छेलाई केही विशेषताद्वारा विशिष्ट गरिदेओस् र त्यसबाट

कालोलाई वंचित गरिदेओस्, यसर्थ अल्लाहको विधान समक्ष सबै एकनास छन् तिनीहरूमा कुनै विभेद छैन, यदि विभाजन छ भने धर्मपरायणता र अल्लाहको आज्ञापालनको आधारमा ।

**७- सुकर्मको आदेश गर्नु र कुकर्मबाट रोक्नु :** यस धर्मको एउटा विचित्र र महान विशेषता छ, र त्यो हो: सुकर्मको आदेश गर्नु र कुकर्म र दुष्टताबाट मनाही गर्नु, त समस्त मुसलमान महिला र पुरुष, बुद्धिमान, व्यस्क र सामर्थ्यवानमाथि यो अनिवार्य छ कि आफ्नो क्षमतानुसार भलाईको आदेश गरोस् र कुकर्मबाट रोकोस् त्यसका दर्जाहरू अनुसार, र दर्जाको अर्थ हो: आफ्नो हातबाट कुकर्मलाई रोक्नु वा सुकर्म गराउनु, र यदि यसमा सूक्ष्म नहोस् भने आफ्नो जिब्रोबाट यस कार्यलाई गरोस्, र यदि यसमा पनि सामर्थ्यवान छैन भने आफ्नो मुटुमा त्यसलाई राम्रो वा नराम्रो ठानोस्, त यसलेगर्दा पूर्ण समाज र समुदाय एकआर्काको निरीक्षक भइहाल्छ, यसर्थ प्रत्येक व्यक्तिमाथि अनिवार्य छ कि त्यो सुकर्मतर्फ आह्वान गरोस् र कुकर्म र दुष्टताबाट रोकोस् ती समस्त व्यक्तिहरूलाई जुन सुकर्म गर्नुमा

कमिकोताही गर्छन् वा कुकर्म गरिरहेका छन्, अब त्यो व्यक्ति चाहे हाकिम होस् वा साधारण व्यक्ति, आफ्नो क्षमतानुसार र इस्लामीय विधानानुसार जुन यसलाई व्यवस्थित गर्छन् यस कार्यलाई अवश्य गरोस् ।

त यो कार्य यस धर्ममा जस्तोकि तपाईले दर्शन गर्नु भयो प्रत्येक व्यक्तिमाथि त्यसको क्षमतानुसार अनिवार्य छ, यस्तो अवस्था र समयमा पनि जब मान्छेहरू वर्तमान राजनैतिक विधानहरूमा अहंकार र अभिमान गरिराखेका छन् कि उनीहरूको यो विधान विरोधी गुटहरूलाई यो सुविधा प्रदान गर्छ कि उनीहरू हुकुमतका गतिविधिहरूको र सरकारी यन्त्रहरूको व्यवस्थापनको निरीक्षण गरिराखुन् ।

त यी केही इस्लामीय विशेषताहरू हुन्, र यदि मैले अरु अधिक वर्णन गर्ने प्रयास गर्थे त ममाथि यो अनिवार्य भइहाल्थ्यो कि प्रत्येक पूजा आदेश र अनुष्ठानमाथि केही नकेही चर्चा गर्थें र प्रत्येक वर्जित कार्य र त्यसमा विद्यमान तत्वदर्शिता र तत्वदर्शितायुक्त विधिहरू र परिपूर्ण सुन्दरतालाई र त्यसको उदाहरणीय कृतिहरूको पनि चर्चा गर्नुमा बाध्य भइहाल्थें, यसैकारण यति मात्र वर्णन गरें, र जुन व्यक्ति

पनि यस धर्मका विधान र विधिहरूमा विचार गर्छ त त्यसमाथि स्पष्ट भइहाल्छ र त्यसलाई दृढ विश्वास भइहाल्छ कि यो धर्म ईश्वरीय धर्म हो, र यो नै त्यो सत्यधर्म हो जसको बारेमा कुनै शंका सन्देह छैन, र यस्तो सुमार्ग हो जसमा कुनै भ्रम छैन ।

त यदि तपाई अल्लाहमा विश्वास गर्न चाहनु हुन्छ र त्यसको विधानको अनुकरण गर्न चाहनु हुन्छ, र त्यसले पठाएका सन्देष्टाहरूको मार्गमा हिँड्न चाहनु हुन्छ त अहिले पनि तपाई समक्ष तौबा (प्रयाश्चित) को ढोका र द्वार खुलेको छ र तिम्रो कृपालु प्रतिपालक तिमीलाई आफ्नो कृपा र दयातर्फ बोलाई रहेछ कि तपाईलाई क्षमादान देओस् र आफ्नो कृपाको रसास्वादन गरोओस् ।

www.alukah.net إهداء من شبكة الألوكة

# तौबा (प्रयाश्चित)

रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " **आदमको प्रत्येक सन्तान दोष गर्नेवाला छ, र सबैभन्दा उत्तम दोषी त्यो हो जुन तुरुन्तै तौबा गरिहालोस्** " ।* र मनुष्य आफ्नो जीउ र इच्छाको दृष्टिले अति कम्जोर र दुर्वल छ, र त्यससित यो सामर्थ्य पनि छैन कि आफ्नो एउटा सानो त्रुटि र पापको भारी बोक्न सकोस्, यसर्थ अल्लाहले त्यसमाथि दया गरेर त्यसको लागि सुगमताको अर्थात तौबाको बाटोलाई खोलिदियो, र तौबाको अर्थ र वास्तविकता हो: पापलाई त्यसको अशुद्धताको कारण त्याग्नु अल्लाहको डरले, र त्यसको त्यो अनुकम्पालाई पाउने अभिलाषामा जुन त्यसले आफ्ना सदाचारी भक्तहरूको लागि तयार पारेर राखेको छ, र जुन पाप त्यसले गरिसकेको छ त्यसमा पछुतो प्रकट गर्दै प्रयाश्चित गर्नु, र त्यसलाई पुनः नगर्ने दृढ प्रतिज्ञा गर्नु, र अगाडि सुकर्म गरेर त्यसको भरपाई गर्नु ।* त यो तौबा

* इमाम अहमदले यस हदीसलाई आफ्नो मुस्नदमा वर्णन गर्नु भएको छ भाग ३ पे. १९८, र इमाम तिर्मिजीले आफ्नो सुनन्मा सिफतुल् कियामह नामक अध्यायमा वर्णन गर्नु भएको छ भाग ४ पे. ४९, र इब्ने माजाले किताबुज्जुहुदमा वर्णन गर्नु भएको छ भाग ४ पे. ४९१ ।

* अल् मुफ्रदात फि गरीबिल् कुरआन पे. ७६ केही संशोधनको साथ ।

जसरी तपाई हेरिराख्नु भएको छ कि हृदययी कार्यहरू मध्येको हो जुन भक्त र त्यसको पालनकर्ता बीच चक्रित रहन्छ, र जसमा कुनै प्रकारको परिश्रम वा थकाई छैन, नत कुनै कष्टमय कार्य हो, बरु यो हृदयको कार्यहरू मध्येको हो, र दोष पापलाई परित्याग गर्नु हो, र पापलाई त्यागनु तपाईको लागि शान्ति र सन्तुष्टि ल्याउँछ ।*

त तपाईलाई यो आवश्यकता छैन कि कुनै मनुष्यको हातमा प्रयाश्चित गर्दै आफ्नो पापलाई स्वीकार गर्नुस् अनि त्यो तपाईको रहस्य सुदर्शित गरी तपाईलाई अपमानित गरोस्, र तपाईको कमिकम्जोरीको लाभ उठाओस्, बरु यो त तपाई र तपाईको पालनकर्ता बीचको कानेखुसी हो जसमा तपाई त्यससित क्षमायाचना गर्दछौ र त्यससित सुमार्गको अभिलाषी हुन्छौ, अनि त्यो तपाईको प्रयाश्चित कबूल गर्छ र तपाईलाई क्षमादान दिइहाल्छ ।

त इस्लाममा कुनै दोष पैतृक हुँदैन नत मनुष्य मध्येको कुनै प्रतिक्षित मुक्तिकर्ता छ, बरु जसरी नमसावी यहूदी मुहम्मद अहमद जसले इस्लाम

---

* अल् फवाइद लेखकः इब्नुल् कैयिम पे. ११६ ।

कबूल गरे र उहाँले जुन इस्लाममा पाए त्यसको वर्णन यसरी गर्छन् : " मैले इस्लाम धर्मको पवित्र ग्रन्थ कुरआनको कुनै ठाउँमा अर्थात कुनै श्लोकमा **अलखलास** अर्थात **मुक्तिकर्ता**को आवश्यकताको वर्णन नै भेटेन, र इस्लाममा कुनै यस्तो पैतृक पापको वर्णन छैन जसले मान्छेको अन्तिम परिणाममाथि प्रभाव पार्नसकोस्, र त्यसको परलौकिक जीवनमा बाधा हाल्न सकोस् र यो यसकारण कि कुरआनमा छ :

﴿ وَأَن لَّيۡسَ لِلۡإِنسَٰنِ إِلَّا مَا سَعَىٰ ﴿٣٩﴾ ﴾ النجم: ٣٩

अर्थ : र यो कि प्रत्येक मानिसको लागी त्यही नै हो जसको निम्ति उसले प्रयास गऱ्यो । ( सूरतुन्नज्म ३९ )

र इस्लाम मान्छेबाट यो चाहदैन कि त्यो कुनै बलि अर्पण गरोस् वा आफ्नो हत्या गरोस् ताकि त्यसको लागि तौबाको द्वार खोलियोस्, अनि त्यो पापमुक्त होस् " ।* बरु इस्लाममा प्रयाश्चित त अल्लाहको यस कथन सरह छ :

﴿ أَلَّا تَزِرُ وَازِرَةٞ وِزۡرَ أُخۡرَىٰ ﴿٣٨﴾ ﴾ النجم: ٣٨

---

* अत्तरीको इलल् इस्लाम लेखक: मुहम्मद असद पे. १४०, केही संशोधनको साथ ।

अर्थ : कुनै पनि व्यक्तिले अरु व्यक्ति (को पाप) को भारी बोक्ने छैन । ( सूरतुन्नज्म ३८ )

<u>तौबाका विशाल प्रभाव र लाभहरू छन् जस मध्ये केही निम्न हुन</u> :

१- ताकि भक्तलाई यो ज्ञान होस् कि अल्लाह कति सहनशील छ र त्यसको कृपा कति अपरम्पार छ कि त्यसले त्यसको पापमाथि आवरण हालिदियो, र यदि त्यसले चाहेको भए त्यसको पापको कारण त्यसलाई दण्डित गरी सर्वसाधारण बीच अपमानित गरिदिन्थ्यो, अनि त्यो तिनीहरू बीच राम्रो र शान्ति एवं प्रसन्नताको साथ जीवन व्यतीत गर्न सक्दैन्थ्यो, तर अल्लाहले त्यसका पापहरूमाथि आवरण हालेर लुकाइदियो र त्यसलाई आफ्नो सहनशीलताले छोपिलियो, र त्यसलाई शक्ति र जीविकाद्वारा सहायता पनि प्रदान गऱ्यो ।

२- ताकि भक्त आफ्नो आत्माको दुर्वलतालाई जानोस्, र यो पनि जानोस् कि आत्मा त कुकर्मतर्फ आकृष्ट र प्रोत्साहित गर्छ, र जुन पाप त्यसबाट भएको छ त्यो नै त्यसको जीउ र ज्यानको दुर्वलता र वर्जित वासनापूर्ति र अधैर्यतामाथि साक्षत प्रमाण हो, र यो पनि कि त्यो अल्लाहबाट एक क्षणको लागि पनि निस्पृह

रहन्सक्दैन ताकि अल्लाह त्यसलाई पवित्र गर्दै रहोस् र सुकर्मको दर्शन गराउँदै रहोस् ।

३- अल्लाहले तौबालाई वैधानिक गरेर भक्तको लागि प्रशान्तिको मार्गको विस्तार गरेको छ ताकि त्यो अल्लाहतर्फ प्रवृत्त होओस् र त्यससित सहायता माँगोस्, र यस्तै अल्लाह तौबाद्वारा त्यसभित्र याचना, स्तुति, गुणगान, पवित्रता, प्रेमभाव, अल्लाहको भय र अल्लाहसित आशा राख्नुलाई सृजित गर्छ, अनि मान्छे आफ्नो पालनकर्ताको विशेष निकट्ता प्राप्त गर्छ जसलाई बिना प्रयाश्चित प्राप्त गर्न सक्दैन्थ्यो र बिना तौबा त्यससित संलग्न हुन सक्दैन्थ्यो ।

४- ताकि अल्लाह त्यसका विगतका पापहरूलाई क्षमा गरिदेओस् । अल्लाहको फर्मान छ :

﴿ قُل لِّلَّذِينَ كَفَرُوٓاْ إِن يَنتَهُواْ يُغۡفَرۡ لَهُم مَّا قَدۡ سَلَفَ ﴾ الأنفال: ٣٨

अर्थ : तपाईले यी काफ़िरहरूसित भनिदिनुस् कि यदि उनीहरूले (आफ्ना क्रियाकलाप) त्यागिदिन्छन् भने उनीहरूका पहिलाका

पापहरू क्षमा गरिदिइनेछ । ( सूरतुल् अन्फाल ३८ )

५- ताकि मानछेको पापलाई पुण्यमा परिणत गरिदेओस् । अल्लाहको फर्मान छ :

﴿ إِلَّا مَن تَابَ وَءَامَنَ وَعَمِلَ عَمَلًا صَٰلِحًا فَأُوْلَٰٓئِكَ يُبَدِّلُ ٱللَّهُ سَيِّـَٔاتِهِمْ حَسَنَٰتٍ ۗ وَكَانَ ٱللَّهُ غَفُورًا رَّحِيمًا ﴿٧٠﴾

﴾ الفرقان: ٧٠

अर्थ : तर ती मानिसहरू बाहेक जसले तौबा (प्रायश्चित) गरे र विश्वास गरे र असल कर्म गरे, त यस्ता मानिसहरूको गुनाहहरूलाई अल्लाह भलो कर्महरूमा परिणत गरिदिनेछ र अल्लाह त अत्यन्त क्षमाशिल दयावान छ । ( सूरतुल् फुर्कान ७० )

६- ताकि मान्छे आफ्नो मानव भाइबन्धुका त्रुटि र दुष्टतामा त्यस्तै व्यवहार गरोस् जसरी आफ्नो दोष पाप एवं त्रुटिमा अल्लाहसित अपेक्षा गर्छ आशान्वित रहन्छ किनकि प्रतिफल कर्म अनुकूल हुनुपर्छ, त जब त्यो मान्छेहरूसित राम्रो व्यवहार गर्छ त आफ्नो पालनकर्ताबाट पनि त्यस्तै राम्रो पुरस्कार पाउने छ, यसर्थ अल्लाह त्यसका पाप

दोषहरूलाई आफ्नो कृपाबाट छोपिदिन्छ जसरी कि त्यसले सृष्टिहरूको दोषलाई क्षमा गरिदिन्थ्यो ।

७- ताकि मान्छेलाई यो थाहा होस् कि त्यसको स्वयम्को जीउ धेरै त्रुटि र दोष गर्नेवाला छ र त्यसको जीउमा धेरै दोषहरू छन्, तसर्थ त्यसलाई अनिवार्य छ कि अरुको त्रुटि र दोषलाई हेरेर आफूलाई ती दोष र त्रुटिहरूबाट जोगाओस् र आफूलाई त्यसबाट स्वच्छ र पवित्र पारोस् ।*

र यस वर्णनलाई म त्यस मान्छेको खबरलाई वर्णन गरेर समाप्त गर्छु जुनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष आएर भन्यो: **हे अल्लाहका रसूल तपाईले त कुनै सुकार्य गर्नुलाई छाड्नु भएन, त मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: के तिमी लाइलाहा इल्लल्लाह मुहम्मदुर्रसूलुल्लाहको साक्ष्य बसेका छैनौ ? र यो वाक्य उहाँ सल्लल्लाहो अलैहे वसल्लमले तीन पटक दोहोऱ्याउनु भयो, त त्यस व्यक्तिले भन्यो: हो, म यसको गवाही दिनेवाला मध्येको हूँ, त उहाँले भन्नु भयो: यो त्यसलाई ल्याउँछ, र**

* हेर्नुस् : मिफ्ताहो दारुस्सआदा भाग १ पे. ३५८,३७० ।

www.alukah.net إهداء من شبكة الألوكة

**आर्को हदीसमा छ कि यो गवाही ती सबैलाई प्रयाप्त छ** (अर्थात ती सबै कार्यभन्दा महान छ)*

र आर्को हदीसमा वर्णन छ कि : " **एउटा मान्छे रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष आएर भन्यो: तपाईको के विचार छ त्यस व्यक्तिप्रति जसले समस्त खालका पापहरू गऱ्यो तर अल्लाहको साथमा कसैलाई साझीदार बनाएन र त्यसको कसैलाई समकक्षी मान्‍न, र त्यसले समस्त घृणित भन्दा घृणित र साना भन्दा साना पापहरूलाई पनि गरिसकेको छ, त के त्यसको लागि प्रयाश्चितको कुनै बाटो छ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: के तिमीले इस्लामलाई अंङ्गीकार गऱ्यौ ? त त्यसले भन्यो: हो म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन र तपाई अल्लाहको सन्देष्टा हुनुहुन्छ, त रसूल**

---

* यस हदीसलाई अबू यअ्लाले आफ्नो मुस्नदमा वर्णन गर्नु भएको छ पे. १५५, र तब्रानीले मुअ्जमुल् अवसतमा वर्णन गर्नु भएको छ भाग ७ पे. १३२, र मुअ्जमुस्सगीरमा भाग २ पे. २०१ मा वर्णन गर्नु भएको छ, र जियाअ्ले मुख्तारहमा वर्णन गर्नु भएको छ भाग ५ र १५१ र १५२, र भन्नु भएको छ कि यस हदीस जस्तै अबू यअ्ला र बज्जारले वर्णन गर्नु भएको छ र तब्रानीले सगीर र अवसतमा वर्णन गर्नु भएको छ, र भन्नु भएको छ कि यस हदीसका समस्त वर्णनकर्ताहरु सत्यनिष्ठ छन् ।



NEW & EXCLUSIVE

www.alukah.net إهداء من شبكة الألوكة

**सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: हो तिम्रो लागि तौबा छ, तिमी यस्तो गर कि आजदेखि सुकर्म गर्दै गर र कुकर्मलाई त्यागिहाल, अनि अल्लाह आफ्नो कृपाले तिम्रा पापहरूलाई पुण्यमा परिणत गरिदिन्छ, त त्यस मान्छेले आश्चर्य मान्दै सोध्यो : मेरो क्षलकपट र समस्त पापलाई पनि ? त उहाँले भन्नु भयो हो, सबैलाई, अनि त्यसले भन्न लाग्यो अल्लाह महान छ अल्लाह महान छ, र यस वाक्यलाई जाप गर्दै हिंडिहाल्यो त त्यसको यस वाक्यको आवाज तबसम्म आउँदै रह्यो जबसम्म त्यो लुप्त भएन** " ।[*]

त इस्लाम विगतका समस्त पापहरूलाई समाप्त पारिदिन्छ र निष्ठायुक्त तौबा पनि विगतका पापहरूलाई नष्ट गरिदिन्छ जसरी कि उपरोक्तको हदीसबाट स्पष्ट भयो ।

[*] इब्ने आसिमले यस हदीसलाई आहाद र मसानीमा वर्णन गर्नु भएको छ भाग ५ पे. १८८, र तब्रानीले कबीरमा भाग ७ पे.५३ र ३१४ मा वर्णन गर्नु भएको छ, र हैसमीले मज्मअ्मा वर्णन गर्नु भएको छ भाग १ पे. ३२, र बज्जार र तब्रानीले यसै जस्तो हदीस वर्णन गर्नु भएको छ , र बज्जारले वर्णन गरेका हदीसका वर्णनकर्ताहरु सत्यनिष्ठ छन् मात्र मुहम्मदबिन हारुन अबी नशीत त्यसभन्दा तलको श्रेणीका छन् तर उनी पनि विश्वासनीय छन् ।



NEW & EXCLUSIVE

# इस्लामलाई अस्वीकृत गर्नेहरूको परिणाम

जस्तो कि तपाई समक्ष यस किताबद्वारा यो प्रष्ट भयो कि इस्लाम नै अल्लाहको सत्य धर्म हो, र यो नै सही धर्म हो, र यो नै त्यो धर्म हो जसलाई लिएर समस्त सन्देष्टाहरू आए, र अल्लाहले त्यस व्यक्तिको लागि नगन्य अनुकम्पाहरू तयार गरेर राखेको छ जसले यसमा आस्था राख्यो, र जसले यसलाई नकार्यौ त्यसलाई कठोर यातना दिने चेतावनी दिएको छ ।

र अल्लाह नै यस समस्त संसारको स्रष्टा र स्वामी एवं प्रचालक हो, र तिमी हे मानव ! तिमी पनि त्यसका सृष्टिहरू मध्ये एक हौ, त्यसले तिमीलाई सृष्टि गऱ्यो अनि तिम्रो सेवाको लागि समस्त ब्रह्माण्डलाई तिम्रो अधीनस्थ गरिदियो, र तिम्रो लागि आफ्नो विधानको अविष्कार गऱ्यो र तिमीलाई त्यसैको अनुशरण गर्ने आदेश गऱ्यो, त यदि तिमीले त्यसको आदेश बमोजिम आज्ञापालक भई जेजति आदेश दिइएको छ त्यसको पालना गऱ्यौ, र जेजति कुराहरूबाट तिमीलाई रोकेको छ त्यसबाट पन्छिहाल्यौ त तिमी परलौकिक जीवनमा सफल भयौ, र पुरस्कृत भयौ ती

समस्त शाश्वत अनुकम्पाहरूद्वारा जुन अल्लाहले तिमीलाई प्रदान गर्ने वचन दिएको छ, र संसारिक जीवनमा पनि सन्तुष्टि प्राप्त गर्नेछौ ती समस्त अनुकम्पा पाएर जुन अल्लाह आफ्नो उदारताले तिमीमाथि अनुग्रहित गरेछ, र तिमी सन्देष्टा र दूत एवं सदाचारीहरू सरह भयौ जुनकि समस्त सृष्टिहरू मध्ये सर्वोत्कृष्ट मनीषी र सर्वोत्कृष्ट पवित्र आत्माका धर्मात्मा थिए ।

र यदि तिमीले इन्कार गऱ्यौ र त्यसको अवज्ञा गऱ्यौ त तिमी दुवैलोकमा घाटा बेहोर्नेवाला भयौ, र दुवै लोकमा त्यसको क्रोध र यातना एवं प्रकोपका पात्र भयौ, र तिमी शैतानहरू, अत्याचारहरू, र उपद्रवी एवं उत्पातीहरू सरह भयौ, जुनकि सबैभन्दा घृणित र अपमानित, र सबैभन्दा बुद्धिहीन एवं हेला योग्य जीउका सृष्टिहरू मध्येका थिए । र यो मैले संक्षेपमा वर्णन गरेको छु, र अब विस्तारको साथ अनास्थाको परिणामको बारेमा चर्चा गर्दछु जुन निम्न हुन् :

**१- भयत्रास र अशान्ति** : अल्लाहले ती मानिसहरूको लागि यस संसारिक जीवनमा र परलौकिक जीवनमा पनि पूर्ण प्रशान्तिको वचन

दिएको छ जुन त्यसमाथि विश्वास गरे र त्यसका सन्देष्टाहरूको अनुशरण गरे । अल्लाहको फर्मान छ :

﴿ ٱلَّذِينَ ءَامَنُوا۟ وَلَمْ يَلْبِسُوٓا۟ إِيمَـٰنَهُم بِظُلْمٍ أُو۟لَـٰٓئِكَ لَهُمُ ٱلْأَمْنُ وَهُم مُّهْتَدُونَ ﴿٨٢﴾ ﴾ الأنعام: ٨٢

अर्थ : जसले आस्था गर्दछन् र आफ्नो ईमानसँग शिर्कका कुराहरू मिसाउँदैनन्, त्यस्ताहरूको निम्ति सुरक्षा छ र तिनैले मार्गदर्शन प्राप्त गर्दछन् । ( सूरतुल् अन्आम ८२ )

र अल्लाह नै शान्ति प्रदान गर्नेवाल अधिपत्यशाली हो, र त्यो नै ब्रह्माण्ड र जेजति त्यसमा छन् सबैको स्वामी हो, त जब कुनै व्यक्तिलाई त्यसको आस्थाको कारण प्रेम गर्छ त त्यसलाई शान्ति सन्तुष्टि प्रदान गरिदिन्छ, र जब मान्छे त्यसको इन्कारी भइहाल्छ त त्यसबाट शान्ति र सन्तुष्टिलाई खोसिदिन्छ, अनि त्यो आफ्नो परलौकिक परिणामप्रति सदैंव चिन्तित रहन्छ र आफूमाथि आइपर्ने विपदा र रोगबाट त्रसित रहन्छ, र त्यो आफ्नो भविष्यप्रति सदैंव चिंतित नै रहन्छ र यसै अशान्तिको कारण त्यो आफ्नो धन

सम्पत्ति र स्वयम् आफ्नो जीउको बीमा गराउँछ, र यसकारण पनि जीवन बीमा गराउँछ किनकि त्यसलाई अल्लाहमा विश्वास र भरोसा नै छैन ।

**२- उत्पीडित जीवन** : अल्लाहले मनुष्यलाई सृष्टि गऱ्यो, र समस्त ब्रह्माण्डमा भएका कुराहरूलाई त्यसको अधीनस्थ गरिदियो, र समस्त सृष्टिलाई त्यसको जीविका वितरण गरिदियो, त तिमी चरालाई हर्छौ कि विहानै आफ्नो घरबाट निस्कन्छ ताकि आफ्नो जीविका प्राप्त गरोस्, अनि त्यो आफ्नो जीविका प्राप्त गरिहाल्छ, र रुखको एउटा हाँगाबाट आर्कोमा फुत्कन्छ र मिठो स्वरमा गाउँदै रमाउँछ । र यो मानव जुनकि यी सृष्टिहरू मध्येबाटै एउटा सृष्टि हो जसको जीविका र मृत्यु पनि निर्धारित छ, त यदि त्यो आफ्नो पालनहारमाथि विश्वास गऱ्यो र त्यसको विधानमा सुदृढ रह्यो, त त्यसलाई पनि अल्लाह स्थिरता र सन्तुष्टि प्रदान गर्छ, र त्यसको समस्याको समाधान गर्छ, यद्यपि त्यसलाई न्यूनतम जीविका किन न प्राप्त भएको होस् ।

र यदि त्यसले आफ्नो पालनकर्ताको इन्कार गऱ्यो र त्यसप्रति अविश्वास व्यक्त गऱ्यो र त्यसको पूजाबाट मुख फर्काई अहंकार गऱ्यो, त त्यसको जीवनलाई अल्लाह दुःखदायी र पीडामय बनाइदिन्छ, र त्यसको लागि व्याकुलता र चिन्तालाई एकत्रित गरिदिन्छ यद्यपि त्यो मान्छेसित समस्त सुखसामग्री किन नहोउन् । के तिमी हेर्दैनौं कि अधिकांश आत्महत्या गर्नेहरू त्यस देशका बासी हुन्छन् जुन देशले आफ्नो जनताको लागि समस्त सुख सामग्री एकत्रित गरिदिएको छ ? के तिमी हेरिराखेका छैनौं कि केकसरी धनलाई अपव्यय गरिन्छ, र विभिन्न तरिकाले यात्रा गरिन्छ, मात्र भोगविलास र मौजमस्ती गर्नुको निम्ति ? त यस अपव्ययता र फुजूलखर्चीतर्फ जुन वस्तु मान्छेलाई धपाउँछ त्यो हो ईमान र आस्थाबाट हृदय रिक्त हुनु र असन्तुष्टि र पीडाको अनुभव, र यस पीडा र असन्तुष्टिलाई अनेकौं नवीन स्रोतहरूबाट हरण र कम गर्नुको जिज्ञासा । र अल्लाहले सत्य नै भनेको छ :

﴿ وَمَنْ أَعْرَضَ عَن ذِكْرِي فَإِنَّ لَهُۥ مَعِيشَةً ضَنكًا وَنَحْشُرُهُۥ يَوْمَ ٱلْقِيَٰمَةِ أَعْمَىٰ ﴿١٢٤﴾ ﴾ طه: ١٢٤

अर्थ : र जसले मेरो स्मृतिबाट विमुख हुनेछ त्यसको जीवन कष्टमय हुनेछ र कियामतको दिन त्यसलाई हामीले अन्धा बनाएर उठाउने छौं । ( सूरतु ताहा १२४ )

**३- त्यो स्वयम् आफूसित र त्यसका वरिपरि भएका समस्त ब्रह्माण्डसित संघर्षरत रहन्छ :**

किनकि त्यसको आत्मालाई एकेश्वरवादमा सृष्टि गरिएको छ । अल्लाहको फर्मान छ :

﴿ فِطْرَتَ ٱللَّهِ ٱلَّتِى فَطَرَ ٱلنَّاسَ عَلَيْهَا ﴾ الروم: ٣٠

अर्थ : अल्लाहको त्यो विशेषता जसमाथि उसले मानिसहरूको सृष्टि गरेको छ । (सूरतुर्रूम ३०)

र त्यसको शरीर आफ्नो पालनकर्तालाई नतमस्तक छ र त्यसैले निर्धारित गरेको व्यवस्थापनमा हिंडिराखेको छ, तै पनि यस मूर्ख काफिर र नास्तिकले आफ्नो प्रकृतिको उल्लंघन नै गऱ्यो, र आफ्नो अख्तियारीमा भएका कुराहरूमा आफ्नो पालनहारको अवज्ञा नै गऱ्यो, किनकि त्यसको शरीर त आज्ञापालक छ तर त्यो मूर्ख नै विद्रोही छ ।

र त्यो आफ्नो वरिपरि भएका ब्रह्माण्डका समस्त सृष्टिहरूसित पनि युद्धरत रहन्छ किनकि यो ब्रह्माण्ड र जेजति त्यसमा ठूला र विशाल तथ्यहरूदेखि सानोतिनो किराहरू सम्म

विद्यमान छन् सबै त्यसै व्यवस्थापनमा चक्रित छन् जुन तिनीहरूको पालनकर्ताले तिनीहरूको लागि निर्धारित गरेको छ । अल्लाहको फर्मान छ :

﴿ ثُمَّ ٱسۡتَوَىٰٓ إِلَى ٱلسَّمَآءِ وَهِيَ دُخَانٞ فَقَالَ لَهَا وَلِلۡأَرۡضِ ٱئۡتِيَا طَوۡعًا أَوۡ كَرۡهٗا قَالَتَآ أَتَيۡنَا طَآئِعِينَ ١١ ﴾ فصلت: ١١

अर्थ : अनि ऊ आकाशतिर उच्च भयो, त्यो धुवाँ थियो त उसले त्यससित र धरतीलाई आदेश दियो, कि दुवै आऊ (चाहे) खुशीले चाहे नाखुशीले । त उनीहरूले भने, कि हामी प्रसन्नतापूर्वक उपस्थित छौं । ( सूरतु फुस्सिलत ११ )

बरु यो ब्रह्माण्ड त्यससित प्रेम गर्न थाल्छ जुन व्यक्ति त्यसै झैं त्यसको पालनकर्तालाई नतमस्तक हुन्छ, र त्यसलाई अप्रिय ठान्दछ जुन त्यसको विरोध गर्छ, त यस पूर्ण ब्रह्माण्डमा अनास्थावान नास्तिक नै त्यो अनोठो विलक्षणी हो जसले आफूलाई आफ्नो प्रतिपालकको विरोध र अवज्ञामा लगाएर त्यसका सीमाहरूको अतिक्रमण गऱ्यो, यसलेगर्दा समस्त सृष्टि आकाश, पाताल पृथ्वी.... आदिलाई यो अधिकार प्राप्त छ कि

यस्तोखालको मान्छेसित घृणा र हेला गरुन् र त्यसको इन्कार र नास्तिकतालाई पनि । अल्लाहको फर्मान छ :

﴿ وَقَالُوا۟ ٱتَّخَذَ ٱلرَّحْمَٰنُ وَلَدًا ﴿٨٨﴾ لَّقَدْ جِئْتُمْ شَيْـًٔا إِدًّا ﴿٨٩﴾ تَكَادُ ٱلسَّمَٰوَٰتُ يَتَفَطَّرْنَ مِنْهُ وَتَنشَقُّ ٱلْأَرْضُ وَتَخِرُّ ٱلْجِبَالُ هَدًّا ﴿٩٠﴾ أَن دَعَوْا۟ لِلرَّحْمَٰنِ وَلَدًا ﴿٩١﴾ وَمَا يَنۢبَغِى لِلرَّحْمَٰنِ أَن يَتَّخِذَ وَلَدًا ﴿٩٢﴾ إِن كُلُّ مَن فِى ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ إِلَّآ ءَاتِى ٱلرَّحْمَٰنِ عَبْدًا ﴿٩٣﴾ ﴾ مريم: ٨٨ - ٩٣

अर्थ : उनीहरूले भन्दछन्: रहमानले (अल्लाह) आफ्नो सन्तान बनाएको छ। निःसन्देह अत्यन्त गम्भीर कुरा हो जुन कि तिमीहरूले ( मन गढन्तरूपमा) रचेर ल्याएका छौ। निकट छ यस कुराबाट आकाशमा विष्फोट भइहालोस् र धरती टुक्रा-टुक्रा भइहालोस् र पहाडहरू क्षतविक्षत भई खसिहालोस्। किनभने तिनीहरूले रहमानको (अल्लाह) सन्तानको दावी गरे। यो कुरा अल्लाहको प्रतिष्ठाको प्रतिकूल छ कि उसले कसैलाई आफ्नो सन्तान बनाओस्। आकाशहरू र धरतीमा जो पनि

छन् सबै अल्लाहका दासका रूपमा आउने वाला छन् । ( सूरतु मरियम ८८-९३ )
र अल्लाहले फिरऔन र त्यसको सेनाको बारेमा भनेको छ :

﴿ فَمَا بَكَتۡ عَلَيۡهِمُ ٱلسَّمَآءُ وَٱلۡأَرۡضُ وَمَا كَانُواْ مُنظَرِينَ ٢٩ ﴾

الدخان: ٢٩

अर्थ : अनि नत आकाश र धरतीले उनीहरूको निम्ति विलाप गरे र नत उनीहरूलाई छुटकारा नै प्राप्त भयो । ( सूरतुद् दुखान २९ )

**४- त्यो अनभिज्ञतामा जीवन व्यतीत गर्छ :**

किनकि नास्तिक र अनास्था नै अनभिज्ञता हो, बरु यो सर्वोच्च अनभिज्ञता हो, किनकि नास्तिक आफ्नो पालनकर्तालाई नै जान्दैन यद्यपि त्यो आफ्नो आँखाले साक्षात यस संसार र त्यसमा जेजति छन् सबैलाई अल्लाहले नै सृष्टि गरेको हेर्छ र त्यसको यस परिपूर्ण निर्माणलाई हेर्छ र स्वयम् आफ्नो शरीरमा पनि यस विचित्र अविष्कृतिलाई हेर्छ, तै पनि यस संसारको स्रष्टाबारे अनभिज्ञ बन्दछ, यसर्थ त्यो मान्छेभन्दा ठूलो मूर्ख र अनभिज्ञ को हुन्सक्छर जुन आफ्नो हवसलाई नै आफ्नो पूज्य बनाएको छ ?

**५- त्यो स्वयम् आफू र आफूसित वरिपरि भएकाहरू माथि अत्याचार गर्छ :**

किनकि त्यसले आफ्नो शरीर र आत्मालाई त्यो कार्यमा खटाएको छ जसको लागि त्यसलाई सृष्टि गरिएको छैन, र आफ्नो प्रतिपालकलाई नपूजिकन् अरुलाई पूज्दछ, र अत्याचारको अर्थ हो: कुनै वस्तुलाई त्यसको ठाउँ बाहेक कुनै आर्को ठाउँमा राख्नु, यसर्थ यसभन्दा ठूलो अत्याचार के होला कि पूजा त्यसको गरियोस् जुन त्यसको हकदार नै छैन, र तत्वज्ञानी हजरत लुक्मानले बहुदेववादको महा अपराधलाई स्पष्ट पार्दै भनेका छन् :

﴿ يَٰبُنَيَّ لَا تُشۡرِكۡ بِٱللَّهِۖ إِنَّ ٱلشِّرۡكَ لَظُلۡمٌ عَظِيمٞ ١٣ ﴾

﴿ لقمان: ١٣

अर्थ : मेरो प्यारो छोरा ! अल्लाहको साथमा कसैलाई साझेदार नठहराउनु, निश्चय नै शिर्क (बहुदेववाद) ठूलो अत्याचार हो । ( सूरतु लुकमान १३ )

र यो अत्याचार हो ती समस्तमाथि जुन त्यसको वरिपरि छन् र यो यसरी कि त्यो हकवालाहरूको हकको ज्ञान नै राख्दैन, यसर्थ प्रलयको दिन प्रत्येक त्यो व्यक्ति वा जनावर

जसमाथि त्यसले अत्याचार गरेको छ त्यसको सामुन्ने आएर उभ्छ र आफ्नो पालनकर्तासित आग्रह गर्नेछ कि यस मान्छेसित मेरो प्रतिशोध दिलाउनुस् ।

**६- त्यसले आफूलाई संसारमा अल्लाहको क्रोध र प्रकोपको पात्र बनायो :**

त त्यो यस्तो केन्द्र भइहाल्छ जसमाथि कष्टहरू अवतरित हुँदै रहन्छन् र विपदा एवं प्रकोपको त्यो नै केन्द्रविन्दु रहन्छ जुनकि सांसारिक जीवनको शीघ्रतम् यातना हो । अल्लाहको फर्मान :

﴿ أَوَأَمِنَ أَهْلُ ٱلْقُرَىٰٓ أَن يَأْتِيَهُم بَأْسُنَا ضُحًى وَهُمْ يَلْعَبُونَ ﴿٩٨﴾ ﴾ الأعراف: ٩٨

अर्थ : र के यी बस्तीका मानिसहरू यस कुराबाट निश्चिन्त भइहालेका छन् कि तिनीहरूमाथि हाम्रो प्रकोप दिउँसो आई हालोस, जबकि उनीहरू आफ्नो खेलहरूमा व्यस्त हुनेछन् ? ( सूरतुल् अअ्राफ ९८ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَلَا يَزَالُ ٱلَّذِينَ كَفَرُواْ تُصِيبُهُم بِمَا صَنَعُواْ قَارِعَةٌ أَوۡ تَحُلُّ قَرِيبًا مِّن دَارِهِمۡ حَتَّىٰ يَأۡتِيَ وَعۡدُ ٱللَّهِۚ إِنَّ ٱللَّهَ لَا يُخۡلِفُ ٱلۡمِيعَادَ ﴾ الرعد: ٣١

अर्थ : कुफ्फारलाई त उनको दुष्टयाईको बदलामा सधैं कुनै न कुनै कडा दण्ड पुगिरहने छ अथवा उनका घरहरूको नजिक पुगिरहनेछ । यहाँसम्म कि अल्लाहको वाचा उनका नजिक आई नपुगोस् । निःसन्देह अल्लाह आफ्नो वाचाको विरुद्ध जाँदैन । ( सूरतुर्रअद ३१)

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ أَفَأَمِنَ ٱلَّذِينَ مَكَرُواْ ٱلسَّيِّـَٔاتِ أَن يَخۡسِفَ ٱللَّهُ بِهِمُ ٱلۡأَرۡضَ أَوۡ يَأۡتِيَهُمُ ٱلۡعَذَابُ مِنۡ حَيۡثُ لَا يَشۡعُرُونَ ٤٥ أَوۡ يَأۡخُذَهُمۡ فِي تَقَلُّبِهِمۡ فَمَا هُم بِمُعۡجِزِينَ ٤٦ أَوۡ يَأۡخُذَهُمۡ عَلَىٰ تَخَوُّفٖ فَإِنَّ رَبَّكُمۡ لَرَءُوفٞ رَّحِيمٌ ٤٧ ﴾ النحل: ٤٥ - ٤٧

अर्थ : के तिनीहरू जसले कि अत्यन्त नराम्रा षडयन्त्र गर्दछन्, यसबाट आफूलाई सुरक्षित ठान्दछन् कि अल्लाहले पृथ्वीमा उनीहरूलाई धंसाइहालोस् अथवा उनीतर्फ यस्तो ठाउँबाट

सजाय आइपुगोस् जसबारे उनलाई अनुमान पनि नहोस् । वा उनीहरूलाई हिंडडुल गर्दा समातिहालोस्, तिनीहरूले अल्लाहलाई कुनै हालतमा पनि हैरान गर्न सक्तैनन् । वा तिनीहरूमा सजायको भय उत्पन्न गराएर समातिहालोस् । निःसन्देह तिम्रो पालनकर्ता अत्यन्त कृपालु (र) परम् दयालु छ । ( सूरतुन्नहल ४५-४७ )

त यो नै परिणाम ती समस्तको हुनेछ जस जसले अल्लाहको अवज्ञा गर्नेछ, र अल्लाहले विगतमा भएका समूहहरू माथि पठाएको कष्ट र विपदाको वर्णन गर्दै भनेको छ :

﴿ فَكُلًّا أَخَذْنَا بِذَنۢبِهِۦ ۖ فَمِنْهُم مَّنْ أَرْسَلْنَا عَلَيْهِ حَاصِبًا وَمِنْهُم مَّنْ أَخَذَتْهُ ٱلصَّيْحَةُ وَمِنْهُم مَّنْ خَسَفْنَا بِهِ ٱلْأَرْضَ وَمِنْهُم مَّنْ أَغْرَقْنَا ۚ وَمَا كَانَ ٱللَّهُ لِيَظْلِمَهُمْ وَلَٰكِن كَانُوٓا۟ أَنفُسَهُمْ يَظْلِمُونَ ﴿٤٠﴾ ﴾ العنكبوت: ٤٠

अर्थ : अन्ततः हामीले सबैलाई उनीहरूको अपराधको अधिकताको कारण समातिहाल्यौं, अनि उनीहरू मध्ये केही (क़ौमेआद) माथि हामीले ढुङ्गा बर्साउने वायु पठायौं, र केही

यस्ता थिए (समूद) जसलाई भयङ्कर आवाजले आइसमात्यो र ती मध्ये केही (कारून) लाई हामीले धरतीमा पुरिदियौं र केही यस्ता थिए ( फिरऔन) जसलाई हामीले डुबाइदियौं । अल्लाह यस्तो होइन कि उनीहरूमाथि अत्याचार गरोस्, किन्तु उनीहरूले आफु स्वयं माथि नै अत्याचार गर्दथे । ( सूरतुल् अन्कबूत ४० )

र जसरी तपाई साक्षात दर्शन गर्दछौ त्यसको उत्पीडनको जुन तपाईको वरिपरि हुन्छ र त्यसमाथि अल्लाहको प्रकोप अवतरित भएको हुन्छ ।

**७- निराशा र घाटा त्यसको भाग्यरेखा भइहाल्छ :**

आफ्नो अत्याचारको कारण त्यो विशाल कुराबाट वंचित नै रहन्छ जसद्वारा समस्त हृदय र आत्माहरू लाभान्वित हुन्छन्, र त्यो कुरो हो: अल्लाहको बारेमा ज्ञान, र त्यससित कानेखुसी गर्ने सौभाग्य, र त्यससित सन्तुष्टि प्राप्त गर्नु, र त्यसले संसारिक जीवनमा घाटा बेहोर्नेवाला यसरी हुन्छ कि त्यो हैरान र दुखित भएर जीवन व्यतीत गर्छ, र सदैंव त्यो आफ्नो शरीरलाई हानिमा नै राख्यो किनकि त्यसलाई

त्यस कार्यमा लगाएन जसको लागि त्यसलाई सृष्टि गरिएको थियो र त्यसद्वारा यस संसारिक जीवनमा लाभ उठाउन सकेन, अनि दुष्टताको साथ जीवन व्यतीत गऱ्यो र दुष्टताको साथ नै त्यसको मृत्यु भयो र त्यो दुष्टहरूको साथ नै पुनः जीवित गरिने छ। अल्लाहको फर्मान छ :

﴿ وَمَنْ خَفَّتْ مَوَٰزِينُهُۥ فَأُو۟لَـٰٓئِكَ ٱلَّذِينَ خَسِرُوٓا۟ أَنفُسَهُم ﴾
الأعراف: ٩

अर्थ : र जुन मानिसको तुला(कर्मका) हलुङ्गो हुनेछ ती मानिसहरू हुन् जसले कि, आफूलाई घाटामा पारे। ( सूरतुल् अअ्राफ ९ )

र त्यसले आफ्नो जहान परिवारलाई हानिमा राख्यो किनकि सबैलाई अल्लाहको अविश्वासमा नै दृढ राख्यो, तसर्थ त्यसै झैं उनीले पनि दुखदायी र पीडामय जीवन व्यतीत गरे, र उनीहरूको ठेगाना पनि नर्क नै हो। अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱلْخَـٰسِرِينَ ٱلَّذِينَ خَسِرُوٓا۟ أَنفُسَهُمْ وَأَهْلِيهِمْ يَوْمَ ٱلْقِيَـٰمَةِ ﴾
الزمر: ١٥

अर्थ : वास्तवमा नोक्सानीवाला तिनै हुन् जसले स्वयम् आफूलाई र आफ्ना परिवारहरूलाई कियामतको दिन घाटामा पारिहाले। ( सूरतुज्जुमर १५,र सूरतुश्शुरा ४५ )

र प्रतिफलको दिन नर्कतर्फ धपाइने छन् र त्यो कति नराम्रो बासस्थान हो । अल्लाहको भनाई छ :

﴿ ۞ ٱحۡشُرُواْ ٱلَّذِينَ ظَلَمُواْ وَأَزۡوَٰجَهُمۡ وَمَا كَانُواْ يَعۡبُدُونَ ٢٢ مِن دُونِ ٱللَّهِ فَٱهۡدُوهُمۡ إِلَىٰ صِرَٰطِ ٱلۡجَحِيمِ ٢٣ ﴾ الصافات: ٢٢ - ٢٣

अर्थ : अत्याचार गर्नेहरूलाई र उनका जीवनसाथीहरूलाई र अल्लाह बाहेक जसका उनीहरूले पूजा गर्दथे । उनीहरू सबैलाई जम्मा गरेर नर्कको बाटो देखाइदेऊ । ( सूरतुस्साफ्फात २२-२३ )

**८- नास्तिक आफ्नो प्रतिपालकमाथि अनास्था र त्यसका अनुकम्पाको इन्कारी भएर जीवन व्यतीत गर्छ :**

नि:सन्देह अल्लाहले त्यसलाई शुन्यबाट अविष्कार गरेको छ र त्यसमाथि आफ्नो उदार अनुग्रह अवतरित गरेको छ, अनि यस पश्चात पनि त्यो कसै आर्कोलाई पूज्दछ, र कसै आर्कोलाई आफ्नो स्वामी र हितैषी ठान्दछ र कुनै आर्कोको आभार प्रकट गर्छ..., त यसभन्दा ठूलो इन्कार के हुन्सक्छ ? र यसभन्दा ठूलो अकृतज्ञता के होला ?

**९- त्यो वास्तविक जीवनबाट वंचित नै रहन्छः**
त्यो मानिस नै आफ्नो जीवनको लक्ष्य पाउँछ जुन आफ्नो प्रतिपालकमाथि आस्था राख्दछ, र आफ्नो अभिप्रायलाई जान्दछ, र आफ्नो अन्तिम परिणामको ज्ञानी छ, र आफ्नो पुनर्जीवनबारे दृढ छ, त यो मान्छे नै समस्त हकवालाहरूको हक अधिकारलाई जान्दछ, यसर्थ कुनै हकवालाको हक हनन् गर्दैन र कुनै सृष्टिलाई पनि कष्ट दिदैन, यसर्थ त्यो प्रशान्त र प्रफुल्लित जीवन व्यतीत गर्छ र लोकपरलोक दुवै ठाउँमा मंगलमय जीवनको उपभोग गर्छ । अल्लाहको फर्मान छ :

﴿ مَنْ عَمِلَ صَٰلِحًا مِّن ذَكَرٍ أَوْ أُنثَىٰ وَهُوَ مُؤْمِنٌ فَلَنُحْيِيَنَّهُۥ حَيَوٰةً طَيِّبَةً ﴾ النحل: ٩٧

अर्थ : जुन व्यक्तिले सत्कर्म गर्दछ, पुरुष होस् वा स्त्री, र त्यो मोमिन पनि छ, त हामीले उसलाई (संसारमा) पवित्र (र) आरामको जीवन प्रदान गर्नेछौं । ( सूरतुन्नहल ९७ )
र परलोकमा :

﴿ وَمَسَٰكِنَ طَيِّبَةً فِى جَنَّٰتِ عَدْنٍ ذَٰلِكَ ٱلْفَوْزُ ٱلْعَظِيمُ ﴿١٢﴾ ﴾
الصف: ١٢

अर्थ : र सफा घरमा जुन सधैंको स्वर्गमा छन्, प्रविष्ट गराउनेछ। यो ठूलो सफलता हो। ( सूरतुस्साफ्फात १२ )
तर जसले यस संसारमा जनावर झैं जीवन व्यतीत गऱ्यो यस अवस्थामा कि आफ्नो पालनहारलाई जान्दैन नत आफ्नो अभिप्रायको नै ज्ञान छ नत यो नै थाहा छ कि त्यसको अन्तिम परिणाम र ठेगाना के हुनेछ ? बरु त्यसको उद्देश्य मात्र खानु पिउनु हो...., त त्यस बीच र जनावर बीच के भिन्नता छ बरु यो मान्छे त जनावर भन्दा अधिक भ्रमित छ : अल्लाहको भनाई छ :

﴿ وَلَقَدْ ذَرَأْنَا لِجَهَنَّمَ كَثِيرًا مِّنَ ٱلْجِنِّ وَٱلْإِنسِ ۖ لَهُمْ قُلُوبٌ لَّا يَفْقَهُونَ بِهَا وَلَهُمْ أَعْيُنٌ لَّا يُبْصِرُونَ بِهَا وَلَهُمْ ءَاذَانٌ لَّا يَسْمَعُونَ بِهَآ ۚ أُو۟لَٰٓئِكَ كَٱلْأَنْعَٰمِ بَلْ هُمْ أَضَلُّ ۚ أُو۟لَٰٓئِكَ هُمُ ٱلْغَٰفِلُونَ ﴿١٧٩﴾ ﴾ الأعراف: ١٧٩

अर्थ : र हामीले यस्ता धेरै जिन्न र मानिसहरू नर्कका निम्ति सृष्टि गरेका छौं, तिनीहरूको हृदय छन् तर त्यसबाट बुझ्दैनन्, र तिनीहरूको आँखा छन्, तर त्यसबाट देख्दैनन्, र उनीहरूको कान छन्, जसबाट सुन्दैनन्। यी

मानिसहरू पशु समान छन् बरु त्यसभन्दा पनि बढी (पथभ्रष्ट) छन् । यिनै अचेत छन् । ( सूरतुल् अअ्राफ १७९ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ أَمْ تَحْسَبُ أَنَّ أَكْثَرَهُمْ يَسْمَعُونَ أَوْ يَعْقِلُونَ ۚ إِنْ هُمْ إِلَّا كَالْأَنْعَامِ ۖ بَلْ هُمْ أَضَلُّ سَبِيلًا ﴿٤٤﴾ ﴾ الفرقان: ٤٤

अर्थ : के तपाईले यही सोच्नु हुन्छ कि उनीहरू मध्ये धेरैले सुन्दछन्, र बुझ्दछन् ? उनीहरू त एकदम चौपायाहरू जस्तै छन्, बरु तिनीहरू भन्दा पनि धेरै पथभ्रष्ट । ( सूरतुल् फुरकान ४४ )

**१०- त्यो सदैंवको लागि यातनाको उपभोग गर्छ :**

किनकि काफिर नास्तिकलाई एकपछि आर्को यातनातर्फ सारिन्छ र यो यसरी कि संसारिक जीवनमा त्यसमाथि विपदा र यातनाको वर्षा हुँदै रहन्छ र जब त्यो परलोकको बाटो लाग्छ अर्थात त्यसको मृत्युको समय आउँछ त प्राण हरण गर्ने फरिश्ताहरू भन्दा अगावैं यातनाका फरिश्ताहरू आइपुग्छन् र त्यसलाई परलौकिक यातनाको रसास्वादन गराउन थाल्छन् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَلَوْ تَرَىٰٓ إِذْ يَتَوَفَّى ٱلَّذِينَ كَفَرُوا۟ ٱلْمَلَٰٓئِكَةُ يَضْرِبُونَ وُجُوهَهُمْ وَأَدْبَٰرَهُمْ ﴾ الأنفال: ٥٠

अर्थ : र काश तिमीले देख्थ्यौ जब फरिश्ताहरूले काफिरहरूको प्राण निकाल्छन् । उनीहरूले तिनीहरूको मुख र पिठ्युँमा प्रहार गर्दछन् । ( सूरतुल् अन्फाल ५० )

फेरि जब त्यसको प्राण निस्किहाल्छ र त्यो चिहानभित्र जान्छ त यसभन्दा कठोर यातना पाउँछ :

﴿ ٱلنَّارُ يُعْرَضُونَ عَلَيْهَا غُدُوًّا وَعَشِيًّا ۖ وَيَوْمَ تَقُومُ ٱلسَّاعَةُ أَدْخِلُوٓا۟ ءَالَ فِرْعَوْنَ أَشَدَّ ٱلْعَذَابِ ﴿٤٦﴾ ﴾ غافر: ٤٦

अर्थ : अर्थात् (नर्क) आगो छ, जसको अगाडि उनीहरू साँझ बिहान, प्रस्तुत गराउँदैछन् र जुन दिन कयामतको समय आउनेछ त्यतिखेर भनिनेछः "फिर्‌औनका मानिसहरूलाई निकृष्टतम यातनामा प्रविष्ट गराऊ ।" ( सूरतु गाफिर ४६ )

र जब प्रलय घटित हुन्छ र समस्त सृष्टिलाई पुनः जीवित गराइन्छ र सबै समक्ष कर्मपत्री सुदर्शित गरिन्छ, र जब काफिरले यो हर्नेछ कि

अल्लाहले त समस्त कर्मलाई यस किताबमा जम्मा पारिदिएको छ जसको बारेमा अल्लाहको भनाई छ :

﴿ وَوُضِعَ ٱلْكِتَٰبُ فَتَرَى ٱلْمُجْرِمِينَ مُشْفِقِينَ مِمَّا فِيهِ وَيَقُولُونَ يَٰوَيْلَتَنَا مَالِ هَٰذَا ٱلْكِتَٰبِ لَا يُغَادِرُ صَغِيرَةً وَلَا كَبِيرَةً إِلَّآ أَحْصَىٰهَا ﴾ الكهف: ٤٩

अर्थ : र कर्मपत्र माझमा राखिनेछ, तब तिमीले त्यसबाट पापीहरूलाई भयभीत भएको देख्नेछौ र तिनीहरूले भन्नेछन् कस्तो अफशोच यो कस्तो किताब हो कि न सानो कुरोलाई छोड्छ न ठूलोलाई । ( सूरतुल् कहफ ४९ )

त यस्तो अवस्थामा काफिर र नास्तिकहरू यो इच्छा गर्ने छन् कि कदाचित हामी माटो भइहाल्थ्यौं । अल्लाहको फर्मान छ :

﴿ يَوْمَ يَنظُرُ ٱلْمَرْءُ مَا قَدَّمَتْ يَدَاهُ وَيَقُولُ ٱلْكَافِرُ يَٰلَيْتَنِى كُنتُ تُرَٰبًۢا ﴿٤٠﴾ ﴾ النبأ: ٤٠

अर्थ : जुनदिन मान्छे आफूले गरेको कमाई देख्नेछ र काफिर भन्ने छन् कि काश हामी माटो भइहालेको भए । ( सूरतुन्नबा ४० )

र त्यस दिनको भव्यता र यातनाको कठोरतालाई हेरेर मान्छे यो इच्छा प्रकट गर्छ कि यदि त्यसको हातमा पूर्ण संसारको स्वमित्व भएको भए ती समग्रलाई दिएर त्यस दिनको यातनाबाट छुट्कारा पाउने प्रयत्न गर्ने थियो । अल्लाहको फर्मान छ :

﴿ وَلَوْ أَنَّ لِلَّذِينَ ظَلَمُوا۟ مَا فِى ٱلْأَرْضِ جَمِيعًا وَمِثْلَهُۥ مَعَهُۥ لَٱفْتَدَوْا۟ بِهِۦ مِن سُوٓءِ ٱلْعَذَابِ يَوْمَ ٱلْقِيَـٰمَةِ ﴾ الزمر: ٤٧

अर्थ : यदि अत्याचारीहरू सँग धरतीमा उपलब्ध सबै कुरा र त्यसको साथै त्यति नै अरु पनि हुनेछ भने, त उनीहरूले कयामतको दिन नराम्रो यातनाबाट बच्नको निम्ति ती सबै कुरा दिहाल्नेछन् । ( सूरतुज्जुमर ४७ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ يُبَصَّرُونَهُمْ ۚ يَوَدُّ ٱلْمُجْرِمُ لَوْ يَفْتَدِى مِنْ عَذَابِ يَوْمِئِذٍۭ بِبَنِيهِ ﴿١١﴾ وَصَـٰحِبَتِهِۦ وَأَخِيهِ ﴿١٢﴾ وَفَصِيلَتِهِ ٱلَّتِى تُـْٔوِيهِ ﴿١٣﴾ وَمَن فِى ٱلْأَرْضِ جَمِيعًا ثُمَّ يُنجِيهِ ﴿١٤﴾ ﴾ المعارج: ١١ - ١٤

अर्थ : (जबकि) एक अर्कालाई अगाडि देखिराखेका हुनेछन् । (त्यस दिन) अपराधीले इच्छा गर्ने छ कि (यातनाको सट्टामा) आफ्ना

छोराहरू (देओस्) । र आफ्ना पत्नी र आफ्ना भाइ, र आफ्नो परिवार जसले उनलाई शरण दिन्थ्यो । र जति मानिसहरू धरतीमा छन् सबै कुरा दिन चाहनेछ जसले उसलाई यातनाबाट मुक्त गराइहालोस् । (सूरतुल् मआरिज ११-१४)

र यो लोक प्रतिफल लोक हो इच्छा अपेक्षा लोक होइन, यसर्थ यसलोकमा प्रत्येक मानिस आफ्नो कर्मको प्रतिफल अवश्य पाउने छ यदि त्यसका कर्महरू राम्रा छन् भने राम्रो प्रतिफल र यदि नराम्रा छन् भने प्रतिफल पनि त्यस्तै नराम्रो हुनेछ, त कति दुर्भाग्यको कुरो हुनेछ जब काफिरलाई नर्कको यातनामा हालिनेछ, जसको यातनालाई अल्लाहले विभिन्न थरीका बनाएका छन् ताकि नास्तिक र अनास्थावान र अविश्वासी आफ्नो कर्मको पूरापूर स्वाद चाखुन् । अल्लाहको फर्मान छ :

﴿ هَٰذِهِۦ جَهَنَّمُ ٱلَّتِي يُكَذِّبُ بِهَا ٱلۡمُجۡرِمُونَ ﴿٤٣﴾ يَطُوفُونَ بَيۡنَهَا وَبَيۡنَ حَمِيمٍ ءَانٖ ﴿٤٤﴾ ﴾ الرحمن: ٤٣ - ٤٤

अर्थ : यही त्यो जहन्नम हो, जसलाई गुनहगारहरूले असत्य भन्दथे । उनीहरू यसको र उम्लिराखकेको तातो पानीको बीचमा चक्कर लगाइरहनेछन् । (सूरतुर्रहमान ४३,४४)

र नर्कीयहरूको पेयपदार्थ र लुगाको बारेमा खबर दिंदै अल्लाहको भनाई छ :

﴿ فَٱلَّذِينَ كَفَرُواْ قُطِّعَتۡ لَهُمۡ ثِيَابٞ مِّن نَّارٖ يُصَبُّ مِن فَوۡقِ رُءُوسِهِمُ ٱلۡحَمِيمُ ١٩ يُصۡهَرُ بِهِۦ مَا فِي بُطُونِهِمۡ وَٱلۡجُلُودُ ٢٠ وَلَهُم مَّقَٰمِعُ مِنۡ حَدِيدٖ ٢١ ﴾ الحج: ١٩ - ٢١

अर्थ : जुन मानिसहरूले कुफ्र गरे तिनीहरूको निमित्त आगोको वस्त्र काटिसकिएको छ। उनीहरूका टाउकोमाथि उम्लिराखेको पानी खन्याइने छ। यसबाट जे जति उनका पेटमा भएका कुराहरू र छालाहरू पनि पग्लिहाल्नेछ। र उनीहरूको दण्डका लागि फलामका हथौडाहरू हुनेछन्। ( सूरतुल् हज्ज १९-२१ )

# समाप्ति

**हे मानवजाति !** तिमी केही पनि थिएनौ शुन्य थियो अल्लाहको फर्मान छ :

﴿ أَوَلَا يَذْكُرُ ٱلْإِنسَٰنُ أَنَّا خَلَقْنَٰهُ مِن قَبْلُ وَلَمْ يَكُ شَيْـًٔا ﴿٦٧﴾ ﴾ مريم: ٦٧

अर्थ : के यो मानिस यति पनि स्मरण गर्दैन कि हामीले उसलाई पहिले पनि सृष्टि गरेका थियौं जबकि ऊ केही पनि थिएन । ( सूरतु मरियम ६७ )

अनि अल्लाहले वीर्यबाट तिम्रो सृष्टि गऱ्यो अनि तिमीलाई सुन्ने र हेर्नेवाला बनाइदियो । अल्लाहको फर्मान छ :

﴿ هَلْ أَتَىٰ عَلَى ٱلْإِنسَٰنِ حِينٌ مِّنَ ٱلدَّهْرِ لَمْ يَكُن شَيْـًٔا مَّذْكُورًا ﴿١﴾ إِنَّا خَلَقْنَا ٱلْإِنسَٰنَ مِن نُّطْفَةٍ أَمْشَاجٍ نَّبْتَلِيهِ فَجَعَلْنَٰهُ سَمِيعًۢا بَصِيرًا ﴿٢﴾ ﴾ الإنسان: ١ - ٢

अर्थ : निःसन्देह मानवमाथि कालखण्डको एउटा यस्तो समय पनि बितेको छ जब कि ऊ कुनै उल्लेख्य कुरा थिएन । हामीले मनुष्यलाई एउटा मिश्रित वीर्यबाट परीक्षाको लागि सृष्टि गर्यौं,

अनि हामीले उसलाई सुन्ने र देख्नेवाला बनाइदियौं। ( सूरतल् इन्सान १,२ )
फेरि तिम्रो बाल्यकालको दुर्वलता पश्चात तिमीलाई शक्ति दिएर वलवान बनायो र फेरि तिमीलाई दुर्वल अवस्थामा नै पुऱ्याउने छ। अल्लाहको फर्मान छ :

﴿ ۞ ٱللَّهُ ٱلَّذِى خَلَقَكُم مِّن ضَعْفٍ ثُمَّ جَعَلَ مِنۢ بَعْدِ ضَعْفٍ قُوَّةً ثُمَّ جَعَلَ مِنۢ بَعْدِ قُوَّةٍ ضَعْفًا وَشَيْبَةً ۚ يَخْلُقُ مَا يَشَآءُ ۖ وَهُوَ ٱلْعَلِيمُ ٱلْقَدِيرُ ﴿٥٤﴾ ﴾ الروم: ٥٤

अर्थ : अल्लाह नै हो, जसले तिमीलाई निर्वल सृष्टि गऱ्यो, अनि निर्वलता पश्चात् शक्ति प्रदान गऱ्यो, अनि शक्ति पश्चात निर्वलता र बृद्धावस्था दियो। (त्यसले) जे चाहन्छ सृष्टि गर्दछ, ऊ सबै जान्नेवाला र सबैमाथि सामर्थ्यवान छ। ( सूरतुर्रूम ५४ )
र यस कुरामा कुनै सन्देह छैन कि तिम्रो समाप्ति मृत्युमा हुनेछ।
र तिमी यी समस्त अवस्थाहरूमा एकपछि आर्को दुर्वलताको परिस्थितिमा पर्दै गयौ, यस अवस्थामा कि तिमी आफूबाट नत हानिलाई हटाउन सामर्थ्य राख्दछौ नत कुनै प्रकारको

लाभ नै पुऱ्याउन सक्दछौ यस अवस्था बाहेक कि तिमी अल्लाहले प्रदान गरेका अनुकम्पा र शक्ति एवं जीविकाको सहायता ग्रहण गर, र तिमी प्राकृतिकतौरले विपन्न र मुखापेक्षी थियौ त यस्ता कतिपय वस्तुहरू थिए जसलाई तिमीले प्राप्त गर्ने इच्छुक भयौ ताकि तिम्रो ज्यान जीवित रहोस् जुनकि तिम्रो हात र वशमा थिएन, त कहिलेकाहिँ तिमीले त्यसलाई प्राप्त गऱ्यौ र कहिलेकाहिँ त्यसबाट वंचित नै रह्यौ, र कतिपय यस्ता कुराहरू छन् जुन तिम्रो लागि लाभदायक छन् यसर्थ तिमीले त्यसलाई पाउने प्रयास गऱ्यौ त कहिले प्राप्त गऱ्यौ र कहिले विफल पनि भयौ, र कतिपय यस्ता कुराहरू छन् जुन तिम्रो लागि हानिकारक छन् र जसलाई आफूभन्दा पर राख्ने तिम्रो प्रयास पनि हुन्छ तर कुनै समय तिमी त्यसलाई आफूबाट पर फाल्नुमा सफल भइहाल्छौ त कहिलेकाहिँ विफल पनि....., त के तिमी आफ्नो दुर्वलता र विपन्नता र अल्लाहको आवश्यकतालाई महसूस गर्दैनौ ? अल्लाहको फर्मान छ :

﴿ ۞ يَٰٓأَيُّهَا ٱلنَّاسُ أَنتُمُ ٱلْفُقَرَآءُ إِلَى ٱللَّهِ ۖ وَٱللَّهُ هُوَ ٱلْغَنِىُّ ٱلْحَمِيدُ ﴿١٥﴾ ﴾ فاطر: ١٥

अर्थ : हे मानिसहरू ! तिमी अल्लाहको मुखापेक्षी (भिखारी) हौ र अल्लाह त निष्पृह, र सर्वगुणवान छ । ( सूरतु फातिर १५ )

र हे मानिस ! एउटा सानो र दुर्वल किटाणु तिम्रो सामुन्ने प्रकट हुन्छ जसलाई तिमी मात्र आफ्नो आँखाले हेर्नसक्दैनौ अनि त्यो तिम्रो शरीरभित्र रोगको विष हालिदिन्छ अनि तिमी त्यसलाई रोक्न सक्दैनौ, फेरि तिमी आफै जस्तो कम्जोर दुर्वल मान्छे समक्ष जान्छौ ताकि तिमीलाई चिकित्सा प्रदान गरोस्, त कहिलेकाहिँ तिमी त्यस मान्छेको औसधीको माध्यमले स्वस्थ भइहाल्छौ र कहिले चिकित्सक पनि तपाईलाई स्वस्थ गर्न सक्दैन त चिकित्सक र रोगी दुवै हैरान र आश्चर्यचकित भइहाल्छौ ।

र हे आदमका सन्तति ! के तिमी अति दुर्वल छैनौ कि यदि एउटा भिंगाले तिम्रो कुनै वस्तु लिएर उडिहालोस् त तिमी त्यसलाई त्यसबाट फिर्ता लिनसक्दैनौ ? र अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ ضُرِبَ مَثَلٞ فَٱسۡتَمِعُواْ لَهُۥٓۚ إِنَّ ٱلَّذِينَ تَدۡعُونَ مِن دُونِ ٱللَّهِ لَن يَخۡلُقُواْ ذُبَابٗا وَلَوِ ٱجۡتَمَعُواْ لَهُۥۖ وَإِن يَسۡلُبۡهُمُ ٱلذُّبَابُ شَيۡـٔٗا لَّا يَسۡتَنقِذُوهُ مِنۡهُۚ ضَعُفَ ٱلطَّالِبُ وَٱلۡمَطۡلُوبُ ٧٣ ﴾ الحج: ٧٣

अर्थ : हे मानिसहरू ! एउटा दृष्टान्त वर्णन गरिन्छ, त्यसलाई ध्यानपूर्वक सुन, कि तिमीले अल्लाह बाहेक जस जसलाई पुकार्दछौ, तिनीहरूले एउटा झिंगा पनि बनाउन सक्दैनन् । यद्यपि त्यसको निम्ति सबै एकत्रित भइहालुन् र यदि झिङ्गाले उनीहरूसित कुनै कुरा खोसेर लिएर जान्छ भने त्यसबाट तिनीहरूले त्यसलाई छोडाउन पनि सक्दैनन् । जो याचक छ ऊ पनि असमर्थ छ र जसबाट (तिनीहरूले) याचना गर्दछन् ऊ पनि असहाय छ । ( सूरतुल् हज्ज ७३ )

त यदि तिमी झिंगाबाट आफ्नो कुनै वस्तु फिर्ता ल्याउन सक्दैनौ भने तिमी आफ्नो कुन चीजका स्वामी हौ ? सत्य त यो हो कि तिम्रो निधार अल्लाहको हातमा छ र तिम्रो शरीर अल्लाहको वशमा छ, र तिम्रो हृदय अल्लाहका दुवै औंलाबीच छ त्यो जसरी चाहन्छ त्यसलाई

चक्र दिन्छ, र तिम्रो जीवन र मृत्यु त्यसैको हातमा छ, र तिम्रो लाभ हानि, शान्ति अशान्ति त्यसैको हातमा छ, र तिम्रो बोलवार्ता र हिंडडुल त्यसैको इचछामा निर्भर छ, तसर्थ तिमी तबसम्म केही गर्न वा हिंडडुल गर्न सक्दैनौ जबसम्म त्यो परम् पूज्य नचाहोस्, र यदि तिमीलाई तिम्रै अधीनस्थ गरिदिओस् भने तिमीलाई असहायता, दुर्वलता, अतिक्रमणता, र उदण्डताको अधीनस्थ गरे सरह हुने थियो, र यदि तिमीलाई तिमी बाहेक कुनै अरुको अधीन गरेको भए त यस्ताको अधीन गर्ने सरह हुनेथियो जुन नत तिम्रो हानिलाभको सामर्थ्य रमख्दथ्यो नत तिम्रो जीवन मृत्यु वा पुनर्जन्ममाथि नै त्यसको कुनै वश चल्थ्यो, यसर्थ तिमी त्यस अल्लाहका मुखापेक्षी हौ र तिमीलाई हर क्षण त्यसको आवश्यकता छ, बरु तिमी त आफ्नो प्रत्येक पटक स्वाँस लिनुमा पनि त्यसै अल्लाहका मुखापेक्षी हौ, त हे मानव यो कस्तो विचित्र कुरो हो कि त्यस अल्लाहले तिमीलाई आफ्नो समस्त प्रकारका अनुकम्पाद्वारा धन्य गरिदियो र तिमी प्रत्येक क्षण त्यसको अधीन भए पनि त्यसको सम्मुख दुष्टता गर्दछौ, र त्यसको इन्कार गर्दछौ, र

त्यसलाई बिर्सिदिन्छौ, जबकि तिमीलाई फेरि त्यसैतर्फ फर्किनु छ, र त्यसै समक्ष उभिनु पर्नेछ, यसर्थ आफ्नो यस व्यवारमाथि निष्ठापूर्वक विचार गर ।*

हे मानवगण ! तिम्रो असहायता विपन्नता र दुर्वलतालाई हेरेर र तिम्रो आफ्नै दुष्टताको भारी बोक्ने क्षमता नभएको कारण जस्तोकि अल्लाहको फर्मान छ :

﴿ يُرِيدُ ٱللَّهُ أَن يُخَفِّفَ عَنكُمْۚ وَخُلِقَ ٱلْإِنسَٰنُ ضَعِيفًا ﴾ ٢٨ النساء: ٢٨

अर्थ : अल्लाह चाहन्छ कि तिमीहरू माथिको भार हलुको पारोस्, किनभने मानिस कमजोर सृष्टि गरिएको हो । ( सूरतुन्निसा २८ )

अल्लाहले आफ्ना सन्देष्टाहरू पठायो र ग्रन्थहरू अवतरित गऱ्यो र विधान अविष्कार गऱ्यो, र तिम्रो साम्मु सोझो मार्गलाई स्थापित गरिदियो, र त्यसमाथि चमत्कार र चिन्ह एवं स्पष्ट प्रमाणहरू पनि प्रस्तुत गऱ्यो, यहाँसम्म कि त्यसले प्रत्येक वस्तुमा आफ्नो एकत्व र स्वामित्व एवं ईश्वरत्वका चिन्ह एवं प्रमाणहरू

---

* अल् फवाइद लेखक: इब्नुल् कैयिम पे. ५६, केही थपघटको साथ ।

राखिदियो, तै पनि तिमी सत्यलाई असत्यद्वारा नकार्दछौ र अल्लाह बाहेक शैतानलाई आफ्नो स्वामी र हितैषी ठान्दछौ । अल्लाहको फर्मान छ :

﴿ وَكَانَ ٱلْإِنسَٰنُ أَكْثَرَ شَيْءٍ جَدَلًا ﴿٥٤﴾ ﴾ الكهف: ٥٤

अर्थ : र मानिस सब भन्दा बढी झगडालु छ । ( सूरतुल् कहफ ५४ )

के तिमीलाई ती अनुकम्पाहरूले जसमा तिमी साँझविहान भोगविलास गर्दछौ तिम्रो आरम्भ र अन्त्यलाई बिर्साइदियो ! के तिमीलाई यो याद रहेन कि तिमी वीर्यबाट सृष्टि गरिएका हौ ? र तिमी एउटा खाल्टोमा नै फर्काइने छौ ? र तिम्रो ठेगाना स्वर्ग वा नर्क नै हो ? अल्लाहको फर्मान छ :

﴿ أَوَلَمْ يَرَ ٱلْإِنسَٰنُ أَنَّا خَلَقْنَٰهُ مِن نُّطْفَةٍ فَإِذَا هُوَ خَصِيمٌ مُّبِينٌ ﴿٧٧﴾ وَضَرَبَ لَنَا مَثَلًا وَنَسِيَ خَلْقَهُۥ ۖ قَالَ مَن يُحْيِ ٱلْعِظَٰمَ وَهِيَ رَمِيمٌ ﴿٧٨﴾ قُلْ يُحْيِيهَا ٱلَّذِيٓ أَنشَأَهَآ أَوَّلَ مَرَّةٍ ۖ وَهُوَ بِكُلِّ خَلْقٍ عَلِيمٌ ﴿٧٩﴾ ﴾ يس: ٧٧ - ٧٩

अर्थ : के मानिसलाई यति पनि ज्ञान छैन कि हामीले उसलाई पानीको थोपाबाट सृष्टि गर्‍यौं

? अनि त्यो प्रत्यक्ष झगडालु बनिहाल्यो । र उसले हाम्रो बारेमा तुलना गर्न थाल्यो र आफ्नो पैदाइश (सृष्टि) लाई बिर्सिहाल्यो । भन्नथाल्यो कि: (जब) "हाँडहरू सडिगलि सक्नेछन् तब यिनलाई कसले जीवित गरिसक्नेछ ?" तपाईं जवाफ दिनुस् कि: "उनीहरूलाई उसले जीवित पार्ने छ, जसले उनीहरूलाई पहिलो पटक सृष्टि गरेको छ । जो प्रत्येक सृष्टिलाई राम्ररी जान्दछ । ( सूरतु यासीन ७७-७९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلۡإِنسَٰنُ مَا غَرَّكَ بِرَبِّكَ ٱلۡكَرِيمِ ۝٦ ٱلَّذِي خَلَقَكَ فَسَوَّىٰكَ فَعَدَلَكَ ۝٧ فِيٓ أَيِّ صُورَةٖ مَّا شَآءَ رَكَّبَكَ ۝٨ ﴾

الانفطار: ٦ - ٨

अर्थ : हे मानव ! कुन कुराले तिमीलाई आफ्नो उदार पालनकर्ताको विषयमा भ्रममा पारेको छ ?(त्यही नहो) जसले तिमीलाई सृष्टि गऱ्यो र फेरि (तिम्रा अङ्ग-प्रत्यङ्गहरूलाई) ठीक-ठीक पारी तिमीलाई सन्तुलित बनायो । र जुन रूपमा चाह्यो, तिमीलाई जोडेर तयार गऱ्यो । ( सूरतुल् इन्फितार ६-८ )

हे मानवजाति ! तिमी आफूलाई किन अल्लाहको सामीप्यताको स्वादबाट वंचित गरिरहेका छौ कि तिमी त्यस समक्ष उभेर त्यससित कानेखुसी गरी भन कि त्यो तिम्रो विपन्नतालाई समाप्त गरिदेओस् र तिम्रो रोग निको पारिदेओस्, र तिम्रो कष्टलाई हटाइदेओस्, र तिम्रो पापलाई क्षमा गरिदेआस्, र तिमीमाथि आइपरेको विपत्तिलाई हटाइदेओस्, र तिम्रो सहायता गरोस् यदि तिमीमाथि अत्याचार गरिएको छ, र तिमीलाई पथप्रदर्शन गरोस् यदि तिमी पथभ्रमित होऊ, र तिमीलाई ज्ञान देओस् यदि तिमी अनभिज्ञ छौ, र तिमीलाई निर्भीक गरोस् यदि तिमी त्रसित छौ, र तिम्रो दर्वलताको अवस्थामा तिमीमाथि दया गरोस्, र तिमीसित तिम्रा शत्रुहरूलाई हटाइदेओस्, र तिमीलाई प्रशस्त जीविका प्रदान गरोस् ।*

हे सर्वश्रेष्ठ जीवधारी ! इस्लाम पश्चात जुन सर्वोत्कृष्ट अनुकम्पा अल्लाहले तिमीलाई प्रदान गरेको छ त्यो हो मनीष, बुद्धि, अकल ताकि मान्छे त्यसद्वारा ती समग्र कुराहरूलाई अलग गरोस् जुन त्यसलाई हानि वा लाभ पुऱ्याउन

* हेर्नुस् : मिफ्ताहो दारुस्सआदा भाग १ पे. २५१ ।

सक्दछन्, र ताकि अल्लाहले गरेको आदेशहरूमा हलाल (ग्राह्य) हराम (वर्जित) बुझोस्, र ताकि आफ्नो सृष्टिको प्रमुख उद्देश्यलाई बुझोस् जुन हो अल्लाहको पूजा अराधना गर्नु र त्यसको साथमा कसैलाई सहभागी र साझीदार नबनाउनु । अल्लाहको फर्मान छ :

﴿ وَمَا بِكُم مِّن نِّعْمَةٍ فَمِنَ ٱللَّهِ ۖ ثُمَّ إِذَا مَسَّكُمُ ٱلضُّرُّ فَإِلَيْهِ تَجْـَٔرُونَ ﴿٥٣﴾ ثُمَّ إِذَا كَشَفَ ٱلضُّرَّ عَنكُمْ إِذَا فَرِيقٌ مِّنكُم بِرَبِّهِمْ يُشْرِكُونَ ﴿٥٤﴾ ﴾ النحل: ٥٣ - ٥٤

अर्थ : असल कुराहरू जे जति तिमीले पाएका छौ सबै अल्लाहबाटै प्रदान गरिएका हुन् । अहिले पनि जब तिमीलाई कुनै कष्ट पुग्दछ तब उसैको अगाडि प्रार्थना गर्दछौ । अनि जब उसले तिमीलाई कष्टबाट मुक्त गरिदिन्छ त तिमीहरू मध्ये केहीले अल्लाहको साझेदार ठहराउन थाल्छन् । ( सूरतुन्नहल ५३,५४ )

हे मनुष्य ! नि:सन्देह बद्धिमान र मनीषी मान्छे सर्वोत्तम कुराहरूलाई नै रुचाउँछ र घृणित कुराहरूलाई मनपारउँदैन, र त्यसको इच्छा हुन्छ कि समस्त सदाचारी, निष्ठावान, धैर्यवान,

कृपालु र सन्देष्टाहरूको पद्धतिमा हिंडोस्, र यो प्रयत्न गर्छ कि उनीहरूको श्रेणीसम्म पुग्न सकोस् यद्यपि तिनीहरूलाई त्यसले हेर्न सकेको छैन, त त्यो मार्ग त त्यही हो जसतर्फ अल्लाहले सबैलाई आमन्त्रण गरेको छ । अल्लाहको फर्मान छ :

﴿ إِن كُنتُمۡ تُحِبُّونَ ٱللَّهَ فَٱتَّبِعُونِي يُحۡبِبۡكُمُ ٱللَّهُ ﴾ آل عمران: ٣١

अर्थ : यदि तिमी अल्लाहलाई प्रेम गर्दछौ भने मेरो अनुशरण गर, अल्लाहले तिमीलाई प्रेम गर्नेछ । ( सूरतु आले इम्रान ३१ )

त जब मान्छे अल्लाहको यस भनाईको अनुशरण गरिहाल्छ त अल्लाह त्यसलाई सन्देष्टा सदाचारी र शहीदहरूको श्रेणी र संगत प्रदान गर्छ, अल्लाहको फर्मान छ :

﴿ وَمَن يُطِعِ ٱللَّهَ وَٱلرَّسُولَ فَأُوْلَٰٓئِكَ مَعَ ٱلَّذِينَ أَنۡعَمَ ٱللَّهُ عَلَيۡهِم مِّنَ ٱلنَّبِيِّـۧنَ وَٱلصِّدِّيقِينَ وَٱلشُّهَدَآءِ وَٱلصَّٰلِحِينَۚ وَحَسُنَ أُوْلَٰٓئِكَ رَفِيقٗا ٦٩ ﴾ النساء: ٦٩

अर्थ : जुन मानिसहरू अल्लाह र उसको रसूल( स.)को आज्ञापालन गर्दछन्, तिनीहरू ती मानिसहरूको साथमा हुनेछन् जसलाई कि

अल्लाहले पुरस्कृत गरेको छ । उदाहरणको लागि नबी र सत्य-निष्ठ र शहीद र सत्यकर्मीहरू । यिनीहरू सर्वोतम साथी हुन् । ( सूरतुन्निसा ६९ )

हे मानव ! म तिमीलाई यसकारण उपदेश दिइराखेको छु ताकि तिमी आफ्नो मोह र हवसको जालबाट बाहिर निस्केर त्यस सत्यमाथि विचार गर जुन तिमी समक्ष पुगिसकेको छ, र त्यसका प्रमाण एवं चिन्हहरूमा चिन्तन् मनन् गर, त यदि तिम्रो दृष्टिमा त्यो सत्य छ भने त्यसको अनुशरण गरिहाल, र तिमी रीतिरिवाजको बन्दी नबन, र यादराख कि तिम्रो जीउ र ज्यान तिम्रो लागि तिम्रा दाजुभाइ र साथी एवं तिम्रा पुर्खाहरूका विरासत भन्दा अति प्रिय छ, र अल्लाहले यसैको सम्बन्धमा काफिरहरूलाई उपदेश दिदै निन्दा गरेको छ :

﴿ قُلْ إِنَّمَا أَعِظُكُم بِوَاحِدَةٍ أَن تَقُومُوا لِلَّهِ مَثْنَىٰ وَفُرَادَىٰ ثُمَّ تَتَفَكَّرُوا مَا بِصَاحِبِكُم مِّن جِنَّةٍ إِنْ هُوَ إِلَّا نَذِيرٌ لَّكُم بَيْنَ يَدَيْ عَذَابٍ شَدِيدٍ ﴿٤٦﴾ ﴾ سبأ: ٤٦

अर्थ : भनिदिनुस्: "म तिमीलाई एउटै कुराको उपदेश गर्दछु कि अल्लाहको निम्ति दुई-दुई र एक-एक गरी उभिहाल, अनि विचार गर। तिम्रो यस साथीलाई कुनै उन्माद छैन। ऊ त एउटा कठोर यातना हुनु भन्दा अगाडि तिमीलाई सचेत गर्नेवाला नै हो"। ( सूरतु सबा ४६ )

हे मानवजाति ! जब तिमी इस्लाममा प्रवेश गर्छौ त तिम्रो कुनै हानि हुनेवाला छैन, अल्लाहको फर्मान छ :

﴿ وَمَاذَا عَلَيْهِمْ لَوْ ءَامَنُوا۟ بِٱللَّهِ وَٱلْيَوْمِ ٱلْءَاخِرِ وَأَنفَقُوا۟ مِمَّا رَزَقَهُمُ ٱللَّهُ ۚ وَكَانَ ٱللَّهُ بِهِمْ عَلِيمًا ﴿٣٩﴾ ﴾ النساء: ٣٩

अर्थ : साँच्चै के विग्रन्थ्यो यिनीहरूको यदि तिनीहरूले अल्लाह र कियामतको दिनमाथि आस्था राखेको भए र अल्लाहले जे जति प्रदान गरेको छ, त्यसमध्येबाट खर्च गरेको भए ? र अल्लाहले तिनीहरूलाई राम्ररी जान्दछ । ( सूरतुन्निसा ३९ )

र इमाम इब्ने कसीरको भनाई छ : " र कुन घाटामा उनीहरू पर्ने छन् यदि अल्लाहमाथि आस्था ल्याउन्, र सर्वोत्तम मार्गमा लागुन्, र अल्लाहमा यस आशाको साथ ईमान ल्याउन्

कि त्यो तिनीहरूलाई त्यो समग्र अनुकम्पा प्रदान गरोस् जसको परलौकिक जीवनको लागि वचन दिएको छ कि जसले सुकर्म गर्छ त्यसलाई यी अनुकम्पाहरू प्रदान गरिन्छ, र जुन धन अल्लाहले उनीलाई प्रदान गरेको छ त्यसबाट यस्ता ठाउँमा खर्च गरुन् जसबाट अल्लाह प्रसन्न होस् र तिनीहरूसित राजी भइजाओस्, र त्यो सबैको नीयतको निष्ठा अनिष्ठाबारे ज्ञानवान छ, र त्यो ज्ञानवान छ त्यस व्यक्तिबारे जुन त्यसको कृपा योग्य छ, अनि त्यसमाथि कृपा गरेर त्यसलाई सुमार्गमा लगाइदिन्छ, र त्यसलाई यस्ता सुकार्यतर्फ प्रोत्साहित गर्छ जसलेगर्दा त्यससित प्रसन्न भइहाल्छ, र त्यो त्यसलाई पनि जान्दछ जुन त्यसको तिरस्कार योग्य छ, र जसलाई त्यस महामहीम सर्वगुण सम्पन्नको दरबारबाट तिरस्कृत गरेर धपाइयो त त्यो दुवै लोकमा तिरस्कृत र घाटा बेहोर्नेहरू मध्येको भइहाल्यो " ।* यसर्थ हे भाइ ! तिमीले इस्लाम कबूल गरेमा त्यो तिमी र तिम्रो त्यो इच्छा बीच बाध्य हुँदैन जसलाई तिमी अल्लाहले हलाल गरेका मध्येबाट गर्न चाहन्छौ, बरु अल्लाहले

* तफ्सीरुल् कुरआनुल् अजीम भाग १ पे. ४९७ ।

तिमीलाई तिम्रा समस्त गतिविधि र क्रियाकलापमा पुरस्कृत गर्नेछ यदि तिमीले त्यो कार्य अल्लाहको प्रसन्नता र दया पाउनको लागि गरेका हौ, चाहे त्यो कार्य तिम्रो स्वार्थ र संसारिक हितको लागि होस् वा संसारिक धन समपत्ति र दर्जामा वृद्धिको लागि होस्, बरु यदि तिमी मात्र यस उद्देश्यले त्यो हलाल कार्य गर्छौ कि अल्लाहले यसलाई मेरो लागि वैध गरेका छ यसैकारण म यसलाई गरिरहेको छु त यसमा पनि तपाईलाई अल्लाहसित पुरस्कार मिल्नेछ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ : " **तिमीले आफ्नो स्वास्नीसित गरेको सम्भोग पनि दान हो, त सहाबाहरूले भने : कि के एउटा मान्छे आफ्नो वासनापूर्ति गर्छ त्यसमा पनि त्यसलाई पुण्य मिल्छ ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: तिमीहरूको के विचार छ यदि त्यसले आफ्नो वासनापूर्ति अवैध तरिकाले गरेको भए त्यसमाथि दोष लाग्दैन्थ्यो ? त यस्तै त्यसले वैधानिक तरिकाले वासनापूर्ति गरेकोमा त्यसलाई पुण्य अवश्य मिल्छ** " ।*

---

* यस हदीसको संदर्भ पहिला नै वर्णन गरिएको छ ।

हे मानवगण ! नि:सन्देह सन्देष्टाहरू सत्य लिएर आएका हुन्, र अल्लाहको अभिप्रायलाई स्पष्टरूपले वर्णन गरिसकेका हुन्, र मानवलाई अल्लाहको विधानको ज्ञानको आवश्यकता छ ताकि यस संसारिक जीवनमा त्यो ज्ञानको आधारमा अगाडि हिंडोस्, र परलोकमा सफलता प्राप्त गर्नेहरू मध्येको भइजाओस् । अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ قَدۡ جَآءَكُمُ ٱلرَّسُولُ بِٱلۡحَقِّ مِن رَّبِّكُمۡ فَـَٔامِنُواْ خَيۡرٗا لَّكُمۡۚ وَإِن تَكۡفُرُواْ فَإِنَّ لِلَّهِ مَا فِي ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِۚ وَكَانَ ٱللَّهُ عَلِيمًا حَكِيمٗا ١٧٠ ﴾ النساء: ١٧٠

अर्थ : हे मानिसहरू ! अल्लाहको पैगम्बर तिमीहरू छेउ सत्य कुरा लिएर आएका छन् तसर्थ तिमीहरू ईमान ल्याऊ यही नै तिम्रो निम्ति हितकर छ । र यदि तिमी काफिर भयो भने (याद राख) कि जे जति आकाशहरूमा र जमिनमा छन् सबै अल्लाहकै हुन् । र अल्लाह सर्वज्ञ एवं तत्वदर्शी छ । ( सूरतुन्निसा १७० )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ قُلْ يَٰٓأَيُّهَا ٱلنَّاسُ قَدْ جَآءَكُمُ ٱلْحَقُّ مِن رَّبِّكُمْ ۖ فَمَنِ ٱهْتَدَىٰ فَإِنَّمَا يَهْتَدِى لِنَفْسِهِۦ ۖ وَمَن ضَلَّ فَإِنَّمَا يَضِلُّ عَلَيْهَا ۖ وَمَآ أَنَا۠ عَلَيْكُم بِوَكِيلٍ ﴿١٠٨﴾ ﴾ يونس: ١٠٨

अर्थ : तपाई भनिदिनुस् कि हे मानिसहरू तिम्रो पालनकर्ताबाट तिम्रो छेउमा सत्य आइसकेको छ, तसर्थ जो मार्गदर्शन प्राप्त गर्न चाहन्छ, उसले पथ प्रदर्शनबाट आफ्नै निम्ति भलो गर्दछ र जसले मार्ग बिचलनको बाटो अपनाउँछ उसले पथबिचलनबाट आफ्नै नोक्सानी गर्दछ र म तिम्रो हाकिम होइन । ( सूरतु यूनुस १०८ )

हे मानवजाति ! यदि तिमीले इस्लाम स्वीकार्दछौ त आफू बाहेक कसैलाई लाभ पुऱ्याउने छैनौ, र यदि मुख फर्काएर इन्कारी भयौ त आफू बाहेक कसैलाई हानिमा पारिरहेका हैनौ, अल्लाह त आफ्ना समस्त भक्तहरूबाट निस्पृह छ, यसर्थ दोषीहरूको दोषले त्यसलाई कुनै हानि पुऱ्याउँदैन नत आज्ञाकारीहरूको आज्ञाकारिताले नै त्यसलाई कुनै लाभ पुऱ्याउँछ, त त्यसको अवज्ञा गर्नु पनि त्यसको ज्ञानमा छ र त्यसको आज्ञापालन

पनि त्यसको आदेश बिना गरिदैन, र अल्लाहको फर्मान छ जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो शब्दमा यसरी वर्णन गर्नु भएको छ : " अल्लाह भन्छ: **हे मेरा भक्तहरू मैले आफूमाथि अत्याचारलाई हराम (वर्जित) गरिलिएको छु र तिमीहरूमाथि पनि त्यसलाई हराम गरिदिएको छु, यसर्थ तिमीहरू आपसमा एकआर्का माथि अत्याचार नगर, हे मेरा भक्तहरू तिमी सबै पथविचलित छौ त्यस बाहेक जसलाई मैले मार्गदर्शन प्रदान गरें यसर्थ मसित मार्गदर्शनको याचना गर, म तिमीलाई पनि मार्गदर्शन गर्नेछु, हे मेरा भक्तहरू तिमी सबै भुखा हौ त्यस बाहेक जसलाई मैले भोजन गराएँ, यसर्थ मसित भोजनको याचना गर, मतिमीलाई पनि खुवाउने छु, हे मेरा भक्तहरू तिमी सबै नि:वस्त्र छौ त्यस बाहेक जसलाई मैले वस्त्रवान बनाएँ, यसर्थ मसित वस्त्र प्रदान गर्नुको विन्ती गर, म तिमीलाई पनि वस्त्रवान बनाइदिने छु, हे मेरा भक्तहरू तिमीहरू रातदिन पाप गरिरहन्छौ तर म पापलाई क्षमा गर्नेवाला हूँ, यसर्थ मसित क्षमायाचना गर म तिम्रा समस्त दोषपापलाई क्षमा गरिदिने छु, हे मेरा भक्तहरू**



NEW & EXCLUSIVE

तिमीमा यो सामर्थ्य छैन कि मलाई हानि पुऱ्याउन सक नत यो सामर्थ्य नै छ कि मलाई लाभ पुऱ्याउन सक, हे मेरा भक्तहरू यदि तिमीहरूका पहिला एवं पछिका मानव र दानवजातिहरू एकत्र भएर समपूर्ण एउटै मानिस झैं सदाचारी भइजाऊ तै पनि त्यसद्वारा मेरो स्वामित्व र सत्तामा एक कणको पनि वृद्धि हुन्न, र यदि तिमीहरूका पहिला र पछिका समस्त मानव र दानवजातिहरू एउटै मानिस सरह भएर पापी भइजाऊ त यस कार्यबाट पनि मेरो स्वामित्व र सत्तामा कुनै प्रकारको कमी हुनेवाला छैन, हे मेरा भक्तहरू यदि तिमीहरूका पहिला एवं पछिका मानव र दानवजातिहरू एकै ठाउँमा एकत्रित भएर एकै चोटि समस्तले मसित जेजसलाई इच्छा होस् माँगोस् भने म सबैलाई त्यसको माँग अनुसार प्रदान गर्नेछु र यस कार्यले जुन मसित छ त्यसमा त्यति पनि कमी गर्दैन जतिकि एउटा सियोलाई समुन्द्रमा हालेर निकाले पश्चात समुन्द्रको पानीमा हुन्छ (अर्थात सियोलाई समुन्द्रबाट निकाले पश्चात जति पानी त्यसमा लिप्त भएर आउँछ त्यति पानी जति पनि कमी हुँदैन) हे मेरा भक्तहरू यो तिमीहरूका कर्महरू

**हुन् जसको म आँकलन गरिरहेको छु, फेरि तिमीलाई यसको पूरापूर प्रतिफल प्रदान गर्नेछु, त जसले भलाई प्राप्त गऱ्यो त्यसलाई चाहियो कि अल्लाहको कृतज्ञता प्रकट गरोस्, र जसले भलाई बाहेक केही अरु प्राप्त गऱ्यो त त्यसले आफू बाहेक कसैलाई तिरस्कृत नगरोस्** " ।*

र समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जुन समस्त संसारको प्रतिपालक हो, र अल्लाहको शान्ति अवतरित होस् सर्वश्रेष्ठ सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरू माथि ।

***समाप्त***

* यस हदीसलाई मुस्लिमले किताबुल् बिर्रे वस्सिलामा अध्याया तहरीमुज्जुल्म अन्तर्गत वर्णन गर्नु भएको छ हदीस नं. २५७७ ।

www.alukah.net إهداء من شبكة الألوكة

# विषयसूचि

| विषय | पृष्ठ |
|---|---|
| प्रस्तावना | ४ |
| अनुवादकको भनाई | १४ |
| मार्ग कता छ ? | १७ |
| पवित्र अल्लाहको अस्तित्व र त्यसको स्वामित्व ... | १९ |
| ब्रह्माण्डको अविष्कार | ५६ |
| ब्रह्माण्डको अविष्कारको तत्वदर्शिता | ६६ |
| मनुष्यको सृष्टि र त्यसको सम्मान | ७७ |
| महिलाको दर्जा र स्थान | ९३ |
| मानव सृष्टिको तत्वदर्शिता | १०४ |
| मानवलाई धर्मको आवश्यकता | १११ |
| सत्य धर्मका नियमहरू | १२३ |
| धर्मका थरीहरू | १३९ |
| विद्यमान धर्महरूको अवस्था | १४५ |
| दूतत्वको वास्तविकता | १६० |
| दूतत्वका चिन्ह एवं निशानीहरू | १७३ |
| समस्त मानवजातिलाई सन्देष्टाहरूको आवश्यकता | १८० |
| अन्तिम ठेगाना | १९२ |
| सन्देष्टाहरूको आमन्त्रणका आधारहरू | २०५ |
| बाँकी रहीरहनेवाला आमन्त्रण | २१३ |
| दूतत्वको समापन | २३५ |
| इस्लामको परिभाषा | २४२ |
| इस्लामका मूल आधार र स्रोतहरू | २५८ |
| धर्मका श्रेणीहरू र पहिलो श्रेणी | २८२ |
| इस्लाममा पूजा | २९३ |



الجديد و الحصري NEW & EXCLUSIVE

दोस्रो श्रेणी २९७
तेस्रो श्रेणी ३३७
इस्लामका विशेषताहरू ३४३
१- यो धर्म अल्लाहको धर्म हो ३४६
२- व्यापकता ३४७
३- यो धर्म सृष्टिलाई स्रष्टसित जोड्छ ३४८
४- लोक परलोकका हितहरूको रियायत गर्छ ३४९
५- सरलता र सुगमता ३५२
६- न्याय ३५५
७- सुकर्मको आदेश गर्नु र कुकर्मबाट रोक्नु ३५६
तौबा (प्रयाश्चित) ३५९
इस्लामलाई अस्वीकृत गर्नेहरूको परिणाम ३६८
१ भयत्रास र अशान्ति ३६९
२- उत्पीडित जीवन ३७१
३- त्यो स्वयम् आफूसित र त्यसका वरिपरि भएका समस्त ब्रह्माण्डसित संघर्षरत रहन्छ ३७३
४- त्यो अनभिज्ञतामा जीवन व्यतीत गर्छ ३७६
५- त्यो स्वयम् आफू र आफूसित वरिपरि भएकोहरू माथि अत्याचार गर्छ ३७७
६- त्यसले आफूलाई संसारमा अल्लाहको क्रोध र प्रकोपको पात्र बनायो ३७८
७- निराशा र घाटा त्यसको भाग्य भइहाल्छ ३८१
८- नास्तिक आफ्नो प्रतिपालकमाथि अनास्था र त्यसका अनुकम्पाको इन्कारी भएर जीवन व्यतीत गर्छ ३८९
९- त्यो वास्तविक जीवनबाट वंचित नै रहन्छ ३८४
१०-त्यो सदैंवको लागि यातनाको उपभोग गर्छ ३८६
समाप्ति ३९२

www.alukah.net إهداء من شبكة الألوكة